# महालेखापरीक्षकको आठौं वार्षिक प्रतिवेदन

२०८३

# बागमती प्रदेश



महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाडौं
नेपाल

# महालेखापरीक्षकको
# आठौँ वार्षिक प्रतिवेदन
## २०८३

# बागमती प्रदेश



## महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाडौँ
नेपाल

## दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)



स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)



| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौँ, नेपाल
पोष्ट, बक्स नं. १३३२८


पत्र सङ्ख्या : २०८२।८३

च.नं.: 65

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

**विषय : वार्षिक प्रतिवेदन।**

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
बागमती प्रदेश, हेटौंडा, मकवानपुर।

नेपालको संविधानको धारा २४१ बमोजिम बागमती प्रदेशको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु।

भवदीय,

(तोयम राया)
**महालेखापरीक्षक**

२०८३ साल जेठ १ गते, शुक्रवार
नेपाल सम्वत् ११४६


फोन नम्बर : ०१-५९१९१६३, ईमेलः oagnep@ntc.net.np/ag@oagnep.gov.np, वेबसाइटः www.oag.gov.np

# विषय-सूची


| परिच्छेद | शीर्षक | पृष्ठ |
|---|---|---|
| **महालेखापरीक्षकको भनाइ** | | |
| **लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति** | | |
| **एकीकृत वित्तीय विवरणमा राय** | | |
| **परिच्छेद १** | **लेखापरीक्षण गरिएका निकायको विवरण** | १ |
| **परिच्छेद २** | **लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति** | ५ |
| **परिच्छेद ३** | **लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश** | ९ |
| | **खण्ड - १ : मन्त्रालय र निकायगत बेहोरा** | |
| | १. प्रदेश सभा सचिवालय | १९ |
| | २. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २० |
| | ३. आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २६ |
| | ४. आर्थिक मामिला तथा योजना मन्त्रालय | ३० |
| | ५. उद्योग, वाणिज्य, भूमी तथा प्रशासन मन्त्रालय | ४६ |
| | ६. कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ५२ |
| | ७. खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय | ५९ |
| | ८. भौतिक पूर्वाधार विकास मन्त्रालय | ६५ |
| | ९. वन तथा वातावरण मन्त्रालय | ७१ |
| | १०. श्रम, रोजगार तथा यातायात मन्त्रालय | ७९ |
| | ११. संस्कृति तथा पर्यटन मन्त्रालय | ८३ |
| | १२. सामाजिक विकास मन्त्रालय | ८७ |
| | १३. स्वास्थ्य मन्त्रालय | ९२ |
| | १४. सहकारी तथा गरिबी निवारण मन्त्रालय | ९९ |
| | १५. युवा तथा खेलकुद मन्त्रालय | १०२ |
| | १६. प्रदेश नीति तथा योजना आयोग | १०५ |
| | १७. प्रदेश लोक सेवा आयोग | १०९ |
| | १८. मुख्य न्यायाधिवक्ताको कार्यालय | ११२ |
| | **खण्ड - २ : स्थानीय तह** | ११५ |
| **परिच्छेद ४** | **लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति** | १२१ |
| **परिच्छेद ५** | **भविष्यमा गर्नुपर्ने सुधार** | १२३ |
| | **अनुसूचीहरु** | १२७ |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ मा सङ्घ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालय तथा सरकारको पूर्ण स्वामित्वमा रहेका सङ्गठित संस्था वा निकायको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण गरिने उल्लेख छ। नेपालको संविधानको धारा २९४(३) र लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुखसमक्ष वार्षिक प्रतिवेदन पेस गर्न सक्ने व्यवस्था रहेको छ।

प्रचलित कानुन एवं लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, विषयगत लेखापरीक्षण निर्देशिका, वार्षिक लेखापरीक्षण योजना २०८२, लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिका २०८२।८३ तथा सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा अवलम्बन गरिएका अन्तर्राष्ट्रिय असल अभ्यासका आधारमा बागमती प्रदेशका निकाय तथा कार्यालयहरूको आर्थिक वर्ष २०८१।८२ को विनियोजन, राजस्व, धरौटी र अन्य कोषसमेतको लेखापरीक्षण सम्पन्न गरी यस प्रदेशको आठौँ वार्षिक प्रतिवेदन तयार गरिएको छ।

एकीकृत वित्तीय विवरणमा राय, लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति, प्रमुख बेहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको अवस्था र भविष्यमा गर्नुपर्ने सुधारका विषयहरू समावेश गरी यो प्रतिवेदन प्रस्तुत गरिएको छ।

लेखापरीक्षण कार्य नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत व्यवस्थापन गरिएको छ। लेखापरीक्षण गर्दा सूचकका आधारमा जोखिम विश्लेषण गरी निकाय तथा कार्यालयहरूलाई उच्च र न्यून जोखिममा वर्गीकरण गरिएको छ। उच्च जोखिमयुक्त निकाय/कार्यालयको विस्तृत रूपमा स्थलगत लेखापरीक्षण र न्यून जोखिमयुक्त निकाय/कार्यालयको प्रमाणित वित्तीय विवरण तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ।

लेखापरीक्षणको गुणस्तर कायम गर्न प्रभावकारी सुपरीवेक्षण, गुणस्तर व्यवस्थापन र अडिट ल्याबको व्यवस्था गरिएको छ। सोको अतिरिक्त एफ.एम. रेडियो तथा कार्यालयको वेबसाइटमार्फत सूचना प्रसारण गर्नुका साथै भर्चुअल बैठकमार्फत सरोकारवालासँग छलफल, टोल फ्री नम्बर र इमेलमार्फत गुनासो सङ्कलन र सुनुवाइको व्यवस्था मिलाइएको छ। लेखापरीक्षणमा प्रवेश र बहिर्गमन बैठकमार्फत जिम्मेवार पदाधिकारीसँग छलफल गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। सो प्रतिवेदन उपर प्राप्त जवाफको सम्बोधन पश्चात लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ। प्रतिक्रियाबाट फर्स्यौट नभएका विषय लेखाउत्तरदायी अधिकृत र सम्बन्धित मन्त्रीलाई जानकारी गराइएको छ।

यस आर्थिक वर्षमा प्रदेशका मन्त्रालय र मातहतका सरकारी कार्यालय एवम् निकाय, समिति तथा अन्य संस्थासमेत २०९ निकाय तथा कार्यालयको रु.८३ अर्ब १५ करोड ६३ लाख ७८ हजारको लेखापरीक्षण सम्पन्न भई रु.६९ करोड ३७ लाख ९४ हजार बेरुजु कायम भएको छ। कुल लेखापरीक्षण रकमको तुलनामा बेरुजु ०.८३ प्रतिशत रहेको छ।

यस प्रदेशअन्तर्गतका १३ निकाय तथा कार्यालयले २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलन र घटनाको कारण स्रेस्ता पेस गर्न र लेखापरीक्षण गराउन नसकिने बेहोराको पत्र पेस गरेकाले रु.६ अर्ब ६४ करोड ४ लाख ८३ हजारको लेखापरीक्षण गरिएको छैन।

कानुनको पालना, स्रोत साधनको प्राप्ति र परिचालन, सार्वजनिक निर्माण, सेवा प्रवाह, लेखापालन एवं वित्तीय प्रतिवेदन, खरिद तथा आयोजना व्यवस्थापन, जनशक्ति व्यवस्थापन, सङ्गठनात्मक संरचना, जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासनलगायतका विषयहरू लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएको छ।

आर्थिक कारोबार गर्दा कानुनको परिपालना नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, प्रदेशको आन्तरिक आय न्यून हुँदा सङ्घीय अनुदानमा निर्भरता बढेको, चालु खर्चमा वृद्धि भइरहेको, उत्पादनशील क्षेत्रमा बजेट परिचालन न्यून रहेको, आयोजना बैङ्कको प्रभावकारी कार्यान्वयन नभएको, जटिल प्रकृतिका तथा प्राविधिक ज्ञान र सीप आवश्यक पर्ने कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको एवं तीन तहबिच खर्चको दोहोरोपना कायम रहेको, सङ्गठन संरचना फेरबदल हुँदा जिम्मेवारी र जवाफदेहिता यकिन गर्न कठिनाई भएको, समयमै खरिद कार्य सम्पन्न नभई पटक-पटक म्याद थप गरेको, स्रोत बेगर योजनाहरूको बजेट सुनिश्चितता प्रदान गरेको तथा निर्माण कार्यको गुणस्तर नियन्त्रण र परीक्षण कमजोर रहेको जस्ता बेहोराहरू यो वर्षको लेखापरीक्षणमा औँल्याइएको छ।

लेखापरीक्षणबाट औँल्याइएका बेहोरा कार्यान्वयन गर्नु लेखाउत्तरदायी अधिकृत र सम्बन्धित निकाय प्रमुखको जिम्मेवारी हो। लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन पक्ष कमजोर हुँदा एकै प्रकृतिको बेहोराहरू बर्सेनि पुनरावृत्ति भएका छन्। लेखापरीक्षणका वार्षिक प्रतिवेदनहरू प्रदेश सभाअन्तर्गतको सार्वजनिक लेखा समितिमा समयमै छलफल भई आवश्यक कारबाही हुनुपर्नेमा विगतका केही प्रतिवेदनहरू समयमा छलफल हुन सकेका छैनन्। लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन गरी वित्तीय अनुशासन कायम गर्न सबै सम्बन्धित पक्षबिच कार्यगत समन्वय र सहकार्य आवश्यक रहेको छ। यस प्रतिवेदनको कार्यान्वयनले सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्धनमा सहयोग पुग्ने विश्वास लिएको छु।

अन्तमा, लेखापरीक्षण कार्यमा सुझाव दिइ सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, प्रदेश सभाका माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, माननीय मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू तथा सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका समस्त कर्मचारीहरू प्रति धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**वैशाख, २०८३** **महालेखापरीक्षक**

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्नु तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवम् दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवम् स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित ऐन कानुनको परिपालना गरेको एवम् पुष्ट्याइँ गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोबार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको।

३. **क्षेत्र -** यो वर्ष प्रदेश मन्त्रालय, प्रदेश कार्यालय र समिति तथा अन्य संस्था लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्याङ्कसमेत सङ्कलन गरी अध्ययन एवम् विश्लेषण गरिएको छ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षणमान, वित्तीय, कार्यमूलक, प्रकोप व्यवस्थापन तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ । समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई जोखिम मूल्याङ्कनको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त १८९ निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त २० निकायको दूर लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरिएको छ। विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको सफ्टवेयरमार्फत लेखापरीक्षण गरिएको छ।

यसका अलावा लेखापरीक्षणबाट देखिएका बेहोराउपर सम्बन्धित निकायका प्रमुखसँग छलफल गरेपश्चात लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सोउपर निकायबाट प्राप्त जवाफ/प्रतिक्रियासमेतलाई आधार मानी यो प्रतिवेदन तयार गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, लेखापरीक्षण सम्पन्न फाइल तथा प्रतिवेदनको पुनरावलोकन र छनोट भएका लेखापरीक्षण फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ। नीतिगत विषयमा राय लिन लेखापरीक्षण सल्लाहकार समिति गठन गरिएको र विभिन्न क्षेत्रका विषय विज्ञसमेत संलग्न गराइएको छ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको काम कारबाहीको सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्थाअनुसार यो प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा ५ परिच्छेद तथा १५ अनुसूची रहेका छन्। परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, परिच्छेद ४ मा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति र परिच्छेद ५ मा भविष्यमा गर्नुपर्ने सुधार उल्लेख गरिएको छ।

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल / अनामनगर, काठमाडौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal
(शासकीय व्यवस्था लेखापरीक्षण विभाग)


पत्र सङ्ख्याः २०८२।८३ मितिः २०८३।१।२८
च.नं.: ६०६ नेपाल सम्वत् ११४६

श्री प्रदेश सचिवज्यू,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
बागमती प्रदेश, हेटौंडा।

विषयः एकीकृत वित्तीय विवरणमा राय।

१. **कैफियतसहितको राय** - हामीले बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति तथा भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट तथा गैर बजेट निकाय), बजेटको तुलनात्मक विवरण (बजेट निकाय), सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियतसहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति तथा भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ लगायत प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. प्रदेश सरकारका मन्त्रालय र मातहतको विनियोजनतर्फ रु.४३ अर्ब ९० करोड २० लाख ८१ हजार,राजस्वतर्फ रु.२६ अर्ब ७९ करोड २ लाख ४८ हजार, धरौटीतर्फ रु.४ अर्ब ४ करोड ९७ लाख ४२ हजार र अन्य कारोबारतर्फ रु.२ अर्ब १० करोड ९७ लाख ४६ हजार र समिति र संस्थातर्फ रु.६ अर्ब ३० करोड ४५ लाख ६१ हजार समेत रु.८३ अर्ब १५ करोड ६३ लाख ७८ हजारको लेखापरीक्षण गरिएकोमा रु.६९ करोड ३७ लाख ९४ हजार बेरुजु देखिएको छ । सो मध्ये असुल गर्नुपर्ने रु.४ करोड ३९ लाख ८२ हजार, नियमित गर्नुपर्ने रु.४५ करोड १ लाख ८५ हजार र पेस्की बाँकी रु.१९ करोड ९६ लाख २७ हजार रहेको छ।

२.२. प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकार र मातहतमा रु.८ अर्ब ३५ करोड ९ लाख ७५ हजारको जिन्सी तथा सम्पत्ति रहेको खुलासा गरेको छ। उक्त खुलासा गरेको मध्ये २०८२ भाद्र २२ र २३ मा भएको आन्दोलनको क्रममा नष्ट भएको जिन्सी तथा सम्पत्तिको हिसाब मिलान हुन बाँकी छ। जिन्सी तथा सम्पत्तिको अवस्था र स्वामित्व खुल्ने गरी अभिलेख अद्यावधिक गरेको छैन।

२.३. प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण मार्फत ११९ स्थानीय तहहरूलाई सशर्त, समपूरक र विशेष अनुदानबापत रु.४ अर्ब ८० करोड ३९ लाख ४० हजार निकासा गरेको छ। उक्त रकममध्ये प्रदेश लेखा

नियन्त्रक कार्यालयले २०८२ आषाढ मसान्तसम्म स्थानीय तहबाट खर्च नभै बाँकी रकमको अभिलेख राखेको छैन।

२.४. नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसारको एकीकृत वित्तीय विवरणको टिप्पणीमा लिन/उठ्न बाँकी रकमको विवरण समावेश छैन। प्रदेश तथा स्थानीय तहको साझा अधिकार क्षेत्रभित्रका स्थानीय तहबाट असुल गरी स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने मनोरञ्जन कर, विज्ञापन र दहत्तर बहत्तर कर एवं प्रदेश आफैंले प्राप्त गर्ने, सवारी साधन शुल्क, सबारी चालक अनुमति पत्र लगायतको नवीकरण शुल्क तथा जरिबाना लगायतकरको अद्यावधिक अभिलेख नभएकोले लिन/उठ्न बाँकी रकमको हिसाब यकिन भएन।

२.५. प्रदेशअन्तर्गतका १३ निकाय तथा कार्यालयले २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलन र घटनाको कारण स्रेस्ता पेस गर्न र लेखापरीक्षण गराउन नसकिने बेहोराको पत्र पेस गरेकाले रु.६ अर्ब ६४ करोड ४ लाख ८३ हजारको लेखापरीक्षण गरिएको छैन।

३. **अन्य बेहोरा** - यो वर्षको आर्थिक क्रियाकलाप मूल्याङ्कन गर्दा शासकीय प्रबन्ध, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सम्पत्ति व्यवस्थापन, विकास व्यवस्थापन, सार्वजनिक प्रशासन, सूचना प्रविधि र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएको छ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४२ बमोजिम लेखा राख्ने, खर्च गर्ने तथा बेरुजु फर्स्यौट गर्ने गराउनेलगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी हुने उल्लेख छ । नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी प्रदेश सरकार र मातहतका जिम्मेवार व्यक्तिमा रहेको छ। मन्त्रालयका लेखा उत्तरदायी अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. **वित्तीय विवरणको परीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्ततालेउच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

.....

(बिन्दु बिष्ट)
उपमहालेखापरीक्षक

परिच्छेद

# १



# लेखापरीक्षण गरिएका निकायको विवरण

# परिच्छेद-१

# लेखापरीक्षण गरिएका निकायको विवरण

## १. समष्टिगत लेखापरीक्षण

(रु.हजारमा)

| क्र.सं. | लेखापरीक्षण गरिएका निकाय | सङ्ख्या | रकम |
|---|---|---|---|
| १. | प्रदेश मन्त्रालय तथा निकाय | १९१ | ७६८५१८१७ |
| २. | समिति तथा अन्य संस्था | १८ | ६३०४५६१ |
| | **जम्मा** | **२०९** | **८३१५६३७८** |

***द्रष्टव्यः*** *अन्तरसरकारी अख्तियारीका कार्यालयको कारोबारसमेत लेखापरीक्षण अङ्कमा समावेश छ।*

यो वर्ष प्रदेश मन्त्रालय र मातहतसमेत १९१ निकायको रु.७६ अर्ब ८५ करोड १८ लाख १७ हजार र १८ समिति र अन्य संस्थाको रु.६ अर्ब ३० करोड ४५ लाख ६१ हजार समेत रु.८३ अर्ब १५ करोड ६३ लाख ७८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका निकायहरूको विवरण **अनुसूची -१, १(क), १(ख), २ र ३** मा उल्लेख छ।

१.१. **प्रदेश मन्त्रालय तथा निकाय -** यो वर्ष १९१ सरकारी निकायको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबारतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

| क्र.सं. | कारोबार | लेखापरीक्षण सम्पन्न रकम |
|---|---|---|
| १. | विनियोजन खर्च | ४३९०२०८१ |
| २. | राजस्व | २६७९०२४८ |
| ३. | धरौटी | ४०४९७४२ |
| ४. | अन्य कारोबार | २१०९७४६ |
| **जम्मा** | | **७६८५१८१७** |

लेखापरीक्षण रकमको विवरण **अनुसूची -२** मा उल्लेख छ।

१.२. **समिति तथा अन्य संस्था -** यो वर्ष १८ समिति तथा अन्य संस्थाको रु.६ अर्ब ३० करोड ४५ लाख ६१ हजारको लेखापरीक्षण गरिएको छ। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा परिच्छेद-३ को मन्त्रालय तथा निकायगत बेहोरामा समावेश छ। लेखापरीक्षण गरिएका निकायको विस्तृत विवरण **अनुसूची -४** मा उल्लेख छ।

१.३. **लेखापरीक्षण नभएको -** २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाको कारण पेस नभएकोले १० कार्यालयको रु.४ अर्ब ७६ करोड ५० लाख ३२ हजार र ३ अन्य संस्थातर्फ रु.१ अर्ब ८७ करोड ५४ लाख ५१ हजारको गरी जम्मा रु.६ अर्ब ६४ करोड ४ लाख ८३ हजारको लेखापरीक्षण गरिएको छैन। यससम्बन्धी विवरण **अनुसूची-२(क)** मा उल्लेख छ।

## २. सरकारी बजेट विनियोजन, खर्च र राजस्व

२.१. **शीर्षकगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७९।८० र २०८०।८१ को यथार्थ खर्च तथा २०८१।८२ को बजेट अनुमान र यथार्थ खर्च (सङ्घीय कार्यालयमा भएको खर्चसमेत) निम्नानुसार छ।

(रु.हजारमा)

| क्र. सं. | शीर्षक/क्षेत्र | २०७९।८० को यथार्थ खर्च | २०८०।८१ को यथार्थ खर्च | २०८१।८२ को | | |
|---|---|---|---|---|---|---|
| | | | | बजेट अनुमान | यथार्थ खर्च | प्रतिशत |
| १. | चालु (वित्तीय हस्तान्तरणसमेत) | १७९८२४०० | १५९७२५०३ | २५७२४९५९ | १७०१०१७६ | ६६.१२ |
| २. | पुँजीगत | २८२७९५६८ | २८५४०७०० | ३७३१५४७२ | २९३९३१३५ | ७८.७६ |
| ३. | वित्तीय व्यवस्था | ६००००० | - | १५००००० | | - |
| | **कुल जम्मा** | **४६८६१९६८** | **४४५१३२०३** | **६४५४०४३१** | **४६४०३३११** | **७१.९०** |

२.२. **निकायगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्षको कुल खर्च (चालु र पुँजीगत) को विवरण निम्नानुसार छः

(रु.लाखमा)

| क्र. सं | मन्त्रालय/निकाय | अन्तिम कायम बजेट | | | | यथार्थ खर्च | | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | वित्तीय | जम्मा | चालु | पुँजीगत | वित्तीय | जम्मा | |
| १ | प्रदेश सभा सचिवालय | २७४२ | ५१६ | ० | ३२५८ | २१०६ | ४४९ | ० | २५५५ | ७८.४२ |
| २ | प्रदेश लोक सेवा आयोग | १०१२ | ९१ | ० | ११०३ | ६६५ | ७२ | ० | ७३७ | ६६.८४ |
| ३ | मुख्य न्यायाधिवक्ताको कार्यालय | २१५ | १३ | ० | २२८ | १८४ | १३ | ० | १९७ | ८६.२७ |
| ४ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४६५३ | १६५ | ० | ४८१८ | २३२९ | १४० | ० | २४७० | ५१.२५ |
| ५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | २०२० | ५३३ | ० | २५५३ | ११८८ | ३६९ | ० | १५५७ | ६०.९८ |
| ६ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ६०२२ | १३५७ | ० | ७३७९ | ४१९४ | १०६६ | ० | ५२६० | ७१.२८ |
| ७ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २१५२४ | ३५४१ | ० | २५०६५ | १४९२२ | १९४२ | ० | १६८६४ | ६७.२८ |
| ८ | खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय | ४१०३ | ७०६०६ | ० | ७४७०९ | ३०५८ | ६६४६७ | ० | ६९५२५ | ९३.०६ |
| ९ | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २७४२ | १९६९ | ० | ४७११ | २२२१ | १५६० | ० | ३७८१ | ८०.२५ |
| १० | संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालय | ४२३२ | २२१८१ | ० | २६४१३ | २२९८ | १८३७३ | ० | २०६७१ | ७८.२६ |
| ११ | वन तथा वातावरण मन्त्रालय | ११५४० | २२३५२ | ० | ३३८९२ | ८३८२ | १८२६२ | ० | २६६४४ | ७८.६१ |
| १२ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ४३९७ | २२६९३९ | ० | २३१३३६ | २९७४ | १७०४६४ | ० | १७३४३८ | ७४.९७ |
| १३ | युवा तथा खेलकुद मन्त्रालय | ३०५५ | ५१५४ | ० | ८२०८ | २६०९ | ३९०० | ० | ६५०९ | ७९.२९ |
| १४ | सामाजिक विकास मन्त्रालय | ३४४४६ | ४९५३ | ० | ३९३९९ | २६७४५ | ३४२३ | ० | ३०१६८ | ७६.५७ |
| १५ | स्वास्थ्य मन्त्रालय | ३४१७६ | ७४३४ | ० | ४१६१० | २७३१४ | ५६५३ | ० | ३२९६६ | ७९.२३ |
| १६ | श्रम, रोजगार तथा यातायात मन्त्रालय | ६३३२ | ३१३६ | ० | ९४६९ | ३९७९ | १७५९ | ० | ५७३८ | ६०.६० |
| १७ | प्रदेश नीति तथा योजना आयोग | ४३२ | २९ | ० | ४६१ | २७० | २० | ० | २९० | ६२.८१ |
| १८ | वित्तीय व्यवस्था तथा शेयर लगानी | ० | ० | १५००० | १५००० | ० | ० | ० | ० | ०.०० |
| १९ | अर्थ - विविध | ३०१४२ | २१८५ | ० | ३२३२६ | ० | ० | ० | ० | ०.०० |
| २० | स्थानीय तह | ८३४६५ | ० | ० | ८३४६५ | ६४६६४ | ० | ० | ६४६६४ | ७७.४७ |
| | **जम्मा** | **२५७२५०** | **३७३१५५** | **१५०००** | **६४५४०४** | **१७०१०२** | **२९३९३१** | **०** | **४६४०३३** | **७१.९०** |

२.३. **स्रोतगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको २०७९।८० र २०८०।८१ को यथार्थ खर्च तथा २०८१।८२ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

| स्रोत | २०७९।८० को यथार्थ खर्च | २०८०।८१ यथार्थ को खर्च | २०८१।८२ को | | | अनुमानको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | अनुमान | प्राप्ति | यथार्थ खर्च | |
| **१. सङ्घीय सरकार अनुदान** | | | | | | |
| १.१ समानीकरण अनुदान | ६७५०७३४ | ६०१००१३ | ८२४३४०० | ७५६४१४४ | ६७४१९१६ | ८१.७८ |
| १.२ सशर्त अनुदान | ५३८९१९३ | ३९००६९६ | ३९८५९०० | २८२१६४५ | २६७६८९५ | ६७.१५ |
| १.३ विशेष अनुदान | ४१८१६९ | ५७४१८६ | ९९१३०० | ९४१७३५ | ५६४५७३ | ५६.९५ |
| १.४ समपूरक अनुदान | ४०८५८९ | ९४५४८२ | ८५५००० | ६४१२५० | ६६१२०९ | ७७.३३ |
| **जम्मा** | **१२९६६६८७** | **११४३०३७७** | **१४०७५६००** | **११९६८७७४** | **१०६४४५९३** | **७५.६२** |
| २. प्रदेश सरकार | ३३८९५२८१ | ३३०८२८२६ | ४८८२५८९७ | ४९२४०४६७ | ३५७५८७१८ | ७३.२३ |
| **कुल जम्मा** | **४६८६१९६८** | **४४५१३२०३** | **६२९०१४९७** | **६१२०९२४१** | **४६४०३३११** | **७३.७७** |

२.३.१. यो वर्ष प्रदेश सरकारको कुल खर्च रु.४६ अर्ब ४० करोड ३३ लाख ११ हजारमध्ये सङ्घीय सरकारको अनुदानबाट २२.९४ प्रतिशत र प्रदेश सरकारको राजस्व र गत वर्षको बचतसमेतबाट ७७.०६ प्रतिशत खर्च गरेको छ।

२.३.२. सङ्घीय सरकारबाट प्राप्त हुने अनुदान बजेट अनुमानभन्दा १४.९७ प्रतिशत घटी प्राप्त भएको छ। गत वर्षको बैङ्क मौज्दात रु.१९ अर्ब ९५ करोड ८६ लाख ६० हजार मध्ये यस वर्ष रु.५ अर्ब ६६ करोड १९ लाख ८१ हजार (समग्र खर्चको १२.२० प्रतिशत) मौज्दात रकमबाट खर्च गरेको छ।

२.४. **राजस्व असुली** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७९।८० र २०८०।८१ को यथार्थ असुली तथा २०८१।८२ को अनुमान र यथार्थ असुलीको अवस्था निम्नानुसार छ। यो वर्षको राजस्व असुली विवरण **अनुसूची -८** मा छ।

(रु.हजारमा)

| क्र. सं. | स्रोत | २०७९।८० को यथार्थ असुली | २०८०।८१ को यथार्थ असुली | २०८१।८२ को | | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | | अनुमान | प्राप्ति | |
| १. | कर राजस्व | २१०३०४०५ | २०७०४८३३ | २७३३५७०० | २३४३४१६१ | ८५.७२ |
| २. | अन्य राजस्व, बेरुजु र अन्य प्राप्ति | ६३६७०९५ | ५५४७१५६ | ७२४५८९९ | ५०५६०१२ | ६९.७७ |
| | **जम्मा** | **२७३९७५००** | **२६२५१९८९** | **३४५८१५९९** | **२८४९०१७३** | **८२.३८** |

यो वर्ष राजस्व प्रक्षेपणको तुलनामा १७.६२ प्रतिशत न्यून असुली गरेको छ। आर्थिक वर्ष २०८१।८२ को राजस्व असुलीमा गत वर्षको बैङ्क मौज्दात रु.१९ अर्ब ९५ करोड ८६ लाख ६० हजार र सङ्घीय सरकारबाट प्राप्त अनुदान रु.११ अर्ब ९६ करोड ८७ लाख ७४ हजारसमेत रु.३१ अर्ब ९२ करोड ७४ लाख ३४ हजार समावेश छैन।

३. **वित्तीय हस्तान्तरण** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्नानुसार छः

(रु.हजारमा)

| स्रोत | बजेट | हस्तान्तरण | खर्च प्रगति प्रतिशत |
|---|---|---|---|
| समानीकरण अनुदान | १६६२५०० | १६६२५०० | १०० |
| सशर्त अनुदान | ३४८१३७८ | २८४९५४० | ८१.८५ |
| समपूरक अनुदान | २४८०८५० | १४९१२८४ | ६०.११ |
| विशेष अनुदान | ७२१८०० | ४६३११७ | ६४.१६ |
| **जम्मा** | **८३४६५२८** | **६४६६४४१** | **७७.४७** |

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो वर्ष ११९ स्थानीय तहमा रु.६ अर्ब ४६ करोड ६४ लाख ४१ हजार उपलब्ध गराएको छ। यो वर्ष हस्तान्तरित अनुदानमध्ये समानीकरण अनुदानको हिस्सा २५.७० प्रतिशत रहेकोले समानीकरण अनुदानको हिस्सा बढाउनु पर्दछ।

४. **अन्तर सरकारी अख्तियारी -** बागमती प्रदेश विनियोजन ऐन, २०८१ को दफा ५ मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पुँजीगततर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकायमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारको सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा सङ्घीय विनियोजन ऐनबमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकायमार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्न सक्ने व्यवस्था छ। अन्तरसरकारी अख्तियारीतर्फ प्रदेश सरकारले १०४ कार्यालयलाई रु.१ अर्ब १५ करोड १९ लाख १७ हजार बजेट विनियोजन गरेकोमा रु.८८ करोड ३८ लाख ५८ हजार खर्च गरेको छ। उक्त रकमको लेखापरीक्षणबाट देखिएका बेहोराहरू सम्बन्धित निकायको प्रतिवेदनमा समावेश गरिएको छ। यससम्बन्धी विवरण **अनुसूची -१२** मा समावेश छ।

५. **अन्य कोष -** यो वर्ष लेखापरीक्षण गरिएका अन्य कोषहरूमा गत वर्षको जिम्मेवारी रु.७६ करोड ३० लाख २ हजार र यो वर्षको आम्दानी रु.१ अर्ब ७२ करोड ९५ लाख ५४ हजार समेत रु.२ अर्ब ४९ करोड २५ लाख ५६ हजार आम्दानी भएकोमा रु.१ अर्ब ६० करोड ४७ लाख खर्च भई वर्षान्तमा रु.८८ करोड ७८ लाख ५६ हजार मौज्दात रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-१३** मा छ।

परिच्छेद

२



# लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

## परिच्छेद-२

# लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

१. **बेरुजु** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) मा प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याइ कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ।

सोही ऐनले बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ। नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र सोधभर्ना नलिएको गरी ४ समूहमा वर्गीकरण गरिएको छ।

यो वर्ष प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजु रु.६९ करोड ३७ लाख ९४ हजार रहेको छ। सो बेरुजु अङ्कको वर्गीकरण निम्नानुसार छः

(रु.हजारमा)

| वर्गीकरण | सरकारी कार्यालय | समिति तथा अन्य संस्था | जम्मा | कुल बेरुजुको प्रतिशत |
|---|---|---|---|---|
| **१. असुल गर्नुपर्ने** | **४२०६१** | **१९२१** | **४३९८२** | **६.३४** |
| **२. नियमित गर्नुपर्ने** | **४३७७१८** | **१२४६७** | **४५०१८५** | **६४.८९** |
| • अनियमित भएको | १७४२१२ | ३३३३ | १७७५४५ | २५.५९ |
| • प्रमाण कागजात पेस नभएको | २६३५०६ | ९१३४ | २७२६४० | ३९.३० |
| • सोधभर्ना नलिएको | ० | ० | ० | ० |
| **३. पेस्की** | **१९८९५२** | **६७५** | **१९९६२७** | **२८.७७** |
| **जम्मा बेरुजु** | **६७८७३१** | **१५०६३** | **६९३७९४** | **१००** |

द्रष्टव्यः *उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।*

बेरुजु वर्गीकरणको विवरण **अनुसूची ९ र १०** मा छ।

२. **लेखापरीक्षण अङ्कमा बेरुजु** - यो वर्ष प्रदेश मन्त्रालय र अन्य संस्था तथा समितिसमेत २०९ निकायको रु.८३ अर्ब १५ करोड ६३ लाख ७८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। जसमा बेरुजु रु.६९ करोड ३७ लाख ९४ हजार बेरुजु कायम भएको छ, जुन लेखापरीक्षण अङ्कको ०.८३ प्रतिशत हुन आउछ।

(रु.हजारमा)

| क्र.सं. | लेखापरीक्षण गरिएका निकाय र विषय | सङ्ख्या | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|
| १. | प्रदेश मन्त्रालय तथा निकाय | १९१ | ७६८५१८१७ | ६७८७३१ | ०.८८ |
| २. | समिति र अन्य संस्था | १८ | ६३०४५६१ | १५०६३ | ०.२३ |
| | **जम्मा** | **२०९** | **८३१५६३७८** | **६९३७९४** | ०.८३ |

३. **अद्यावधिक बेरुजु -** प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाहरूतर्फ अद्यावधिक बेरुजु रु.५ अर्ब २८ करोड ६ लाख ९४ हजार कायम भएको छ। अद्यावधिक बेरुजु गत वर्ष भन्दा १५.१२ प्रतिशतले बढेको छ। यससम्बन्धी विवरण **अनुसूची-११** मा रहेको छ।

(रु.हजारमा)

| क्र.सं. | विवरण | विगतको बेरुजु | सम्परीक्षबाट थप | फर्स्यौट तथा सम्परीक्षण | विगतको खुद बाँकी | चालु वर्षको थप बेरुजु | अद्यावधिक बाँकी बेरुजु |
|---|---|---|---|---|---|---|---|
| १. | प्रदेश सरकारी निकायहरू | ४४५३९०८ | १८२ | २७८१०८ | ४१७५९८२ | ६७८७३१ | ४८५४७१३ |
| २. | समिति तथा अन्य संस्थाहरू | ४१५०५८ | ० | ४१४० | ४१०९१८ | १५०६३ | ४२५९८१ |
| **जम्मा** | | **४८६८९६६** | **१८२** | **२८२२४८** | **४५८६९००** | **६९३७९४** | **५२८०६९४** |

४. **बेरुजु विश्लेषण -** प्रदेश सरकारी कार्यालय, अन्य संस्था र समितिको बेरुजुको अवस्था निम्नानुसार रहेको छ :

४.१ प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३८ मा बेरुजु फर्स्यौट गर्ने जिम्मेवारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतको हुने व्यवस्था छ। सोही ऐनको दफा ३५(४) मा औंल्याइएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौट गर्ने र फर्स्यौट नगरेमा महालेखापरीक्षकले लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने उल्लेख छ। सोही व्यवस्थाबमोजिमको प्रक्रिया पूरा गर्दासमेत २०८१।८२ को बेरुजु फर्स्यौट नभएकाले उक्त बेहोरा वार्षिक प्रतिवेदनमा समावेश गरिएको छ। यससम्बन्धी विवरण **अनुसूची-१५** मा रहेको छ।

४.२ यो वर्ष रकमगत आधारमा मन्त्रालयहरूको बेरुजु निम्नानुसार छः

(रु.हजारमा)

| क्र.सं. | मन्त्रालय/निकायको नाम | लेखापरीक्षण अङ्क | बेरुजु | | | जम्मा | कुल बेरुजु प्रतिशत | लेखापरीक्षण अङ्कको तुलनामा बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | पेस्की | | | |
| १ | भौतिक पूर्वाधार विकास मन्त्रालय | १७६२०३५६ | ३२५४८ | १६२१६१ | १८४४०० | ३७९१०९ | ५५.८५ | २.१५ |
| २ | खानेपानी, उर्जा तथा सिँचाइ मन्त्रालय | ७९२०११८ | २७४२ | १५१७५४ | ५५०० | १५९९९७ | २३.५७ | २.०२ |
| ३ | वन तथा वातावरण मन्त्रालय | ३१७१५३० | ११२२ | ६७६१७ | २७४ | ६९०१२ | १०.१७ | २.१८ |
| ४ | स्वास्थ्य मन्त्रालय | ४८०७४९० | १३५ | २४८२५ | १४५३ | २६४१२ | ३.८९ | ०.५५ |
| ५ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २०५०५१६ | ३९७८ | ९६४६ | ६७२५ | २०३४८ | २.९९ | ०.९९ |
| ६ | श्रम, रोजगार तथा यातायात मन्त्रालय | १९७५८७१ | २ | ९९५९ | ० | ९९६१ | १.४७ | ०.५० |
| ७ | अन्य ११ मन्त्रालय तथा निकाय | ३९३०५९३६ | ४१६४ | ११७५६ | ६०० | १३८९२ | २.०६ | ०.०४ |
| | **जम्मा** | **७६८५१८१७** | **४२०६१** | **४३७७१८** | **१९८९५२** | **६७८७३१** | **१००** | **०.८८** |

सरकारी कार्यालयतर्फ बढी बेरुजु हुनेमा भौतिक पूर्वाधार विकास मन्त्रालय पहिलो, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय दोस्रो, वन तथा वातावरण मन्त्रालय तेस्रो, स्वास्थ्य मन्त्रालय चौथो र कृषि तथा पशुपन्छी विकास मन्त्रालय पाँचौ नम्बरमा रहेका छन्।

४.३ यो वर्ष १९१ प्रदेश कार्यालयको लेखापरीक्षण गरेकोमा ९७ कार्यालयमा लगती बेरुजु देखिएको छैन। समिति तथा अन्य संस्था १८ मध्ये ५ कार्यालयमा लगती बेरुजु देखिएको छैन।

४.४ यो वर्ष प्रदेश मातहतका निकाय र अन्य संस्था तथा समितितर्फ ३ हजार ५४१ दफामध्ये प्रतिक्रियाबाट ५११ दफा फर्स्यौट भई ३ हजार ३० दफा बेरुजु बाँकी देखिएकोमा २ हजार १२२ दफा सैद्धान्तिक र ९०८ दफा लगती बेरुजु कायम भएको छ।

४.५ यो वर्ष प्रदेश मातहत निकायको रु.७७ करोड २४ लाख ८८ हजार लगती बेरुजुसहितको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएकोमा रु.९ करोड ३८ लाख ५ हजार प्रतिक्रियाबाट फर्स्यौंट तथा रु.४८ हजार थप भई रु.६७ करोड ८७ लाख ३१ हजार बाँकी रहेको छ। अन्य संस्था तथा समितितर्फ रु.२ करोड ७५ लाख ४३ हजारमा प्रतिक्रियाबाट रु.१ करोड २४ लाख ८० हजार फर्स्यौंट भई रु.१ करोड ५० लाख ६३ हजार बेरुजु बाँकी रहेको छ।यस सम्बन्धी विवरण **अनुसुची-९ र १०** मा छ।

४.६ प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ गत वर्षसम्मको पेस्की रु.१ अर्ब ३ करोड ४४ लाख ९५ हजारमा यो वर्ष रु.२ करोड ८५ लाख १६ हजार फर्स्यौंट भई गत वर्ष सम्मको बाँकी रु.१ अर्ब ५९ लाख ७९ हजारमा यो वर्ष रु.१९ करोड ९६ लाख २७ हजार थप भएकोले वर्षको अन्त्य सम्म म्याद नाघेको पेस्की रु.१ अर्ब २० करोड ५६ लाख ६ हजार रहेको देखिन्छ। पेस्की बाँकीको अद्यावधिक विवरण **अनुसूची-५** मा रहेको छ।

४.७ लेखापरीक्षणबाट सरकारी कार्यालय, समिति र अन्य संस्थातर्फ यो वर्ष लेखापरीक्षण अवधिमा रु.३९ लाख ८४ हजार र प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.२ करोड १२ लाख ८ हजार र सम्परीक्षणको क्रममा रु.२१ लाख ३९ हजारसमेत रु.२ करोड ७३ लाख ३१ हजार असुल भई राजस्व दाखिला भएको छ। यस सम्बन्धी विवरण **अनुसुची-६** मा छ।

४.८ सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फ ४ निकायको रु.१ लाख २ हजार अग्रिम कर कट्टी नगरेकोमा २ निकायबाट रु.१७ हजार असुल भई रु.८५ हजार असुल गर्न बाँकी छ। यससम्बन्धी विवरण **अनुसूची-७** मा छ।

४.९ प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको ८ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.हजारमा)

| प्रतिवेदन | आर्थिक वर्ष | लेखापरीक्षण अङ्क | बेरुजु अङ्क | प्रतिशत | पेस्की बाहेकको बेरुजु | पेस्की बाहेकको बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|
| पहिलो, २०७५ | २०७४।७५ | २७४६२९ | ९७२ | ०.३५ | ९७२ | ०.३५ |
| दोस्रो, २०७७ | २०७५।७६ | ३९४७५४०१ | ९८७३१५ | २.५० | ५१०७१० | १.२९ |
| तेस्रो, २०७८ | २०७६।७७ | ५१०९०५८३ | ७२५२२९ | १.४२ | ६५५८४९ | १.२८ |
| चौथों, २०७९ | २०७७।७८ | ६८३३७९७७ | १०९४४१० | १.६० | ८५०७६० | १.२४ |
| पाँचौं, २०७९ | २०७८।७९ | ७६९०४७२२ | १०५३१०४ | १.३७ | ७०४९३९ | ०.९१ |
| छैटौं, २०८१ | २०७९।८० | ८४२२८२०२ | ९६४९१४ | १.१४ | ७७९५६७ | ०.९३ |
| सातौं, २०८२ | २०८०।८१ | ८२८२३५८१ | ८५१७८२ | १.०३ | ७४०८७२ | ०.८९ |
| आठौं, २०८३ | २०८१।८२ | ८३१५६३७८ | ६९३७९४ | ०.८३ | ४९४१६८ | ०.५९ |

परिच्छेद

# ३



# लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

## परिच्छेद -३

# लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

१. **कानुन निर्माण** - बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालयलाई शान्ति सुरक्षा, विपद व्यवस्थापन, कानुन तर्जुमा, सूचना तथा सञ्चार लगायतका कार्यजिम्मेवारी तोकिएकोमा कानुन निर्माणतर्फ कुल ८५ ऐन निर्माण भई राजपत्रमा प्रकाशन भएको र यो वर्ष ४१ कानुनहरू (ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका) तर्जुमाका लागि राय सहमति प्रदान गरेको छ।

२. **सङ्गठन संरचना र जनशक्ति व्यवस्थापन** - प्रदेश स्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सेवा प्रवाहका लागि आवश्यक जनशक्ति निर्धारण गरी पदपूर्ति गर्नुपर्दछ। प्रदेश स्थापना हुँदा सङ्घीय सरकारबाट प्रदेश अन्तर्गतका कार्यालयहरूको लागि ३ हजार ९०६ जनाको स्थायी दरबन्दी रहेकोमा २०८१।८२ सम्म दरबन्दी थप गरी ५ हजार १६८ स्थायी दरबन्दी कायम भएको छ। यस वर्ष विभिन्न मन्त्रालय र आयोगका लागि ५१६ जनाको अस्थायी दरबन्दी सिर्जना गरिएकोले प्रदेश सरकारको प्रशासनिक खर्च बढेको छ। प्रशासनिक मितव्ययिता कायम गर्न अस्थायी दरबन्दी सिर्जना गर्ने कार्य नियन्त्रण गर्नुपर्ने तथा कार्य विवरणमा आधारित रही सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी यकिन गर्नुपर्दछ।

३. **आन्तरिक नियन्त्रण प्रणाली** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० अनुसार प्रदेश तहका सबै लेखाउत्तरदायी अधिकृतहरूले आफ्नो र मातहतका सबै सरकारी कार्यालयहरूमा आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, विभिन्न मन्त्रालयहरूले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन। यस विषयमा विगत वर्षहरूमा समेत बेहोरा औँल्याइएकोमा सुधार भएको छैन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **कानुनको परिपालना** - सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ मा खरिद कार्यविधि पारदर्शी र प्रतिस्पर्धात्मक हुनुपर्ने व्यवस्था छ। प्रदेश कार्यालयहरूले खरिद योजना तथा गुरुयोजना तयार नगरेको, आवश्यकता पहिचान तथा प्रतिस्पर्धात्मक प्याकेजिङ नगरेको, निर्माणस्थल तयारी बिना सम्झौता गरेको, सम्झौताअनुसार कार्य सम्पन्न नगर्ने व्यवसायीलाई कारबाही नगरेको, जनशक्ति तथा आवश्यकताको मूल्याङ्कन बिना परामर्श सेवा खरिद गरेको, पर्याप्त तयारी वेगर बजेट विनियोजन गर्ने, स्वीकृत दरभन्दा फरक आधारमा मूल्य समायोजन भुक्तानी गरेको प्राविधिक पुष्ट्याइँ बेगर भेरिएसन गर्ने तथा निर्माण व्यवसायीको ढिलाइमा क्षतिपूर्ति नलिई म्याद थप गरेको जस्ता कमजोरीहरू देखिएका छन्। सार्वजनिक खरिदसम्बन्धी कानुनी प्रावधानहरूको पूर्ण पालना गरी खरिद प्रक्रिया पारदर्शी र प्रभावकारी बनाउनुपर्दछ।

५. **तलबी प्रतिवेदन** - प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६(४) र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९ को उपदफा ५ मा स्थानीय तहहरूले प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा लेखा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गराइ तलब भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यो वर्ष प्रदेश मातहत कर्मचारीको पारिश्रमिक तथा सुविधा शीर्षकमा

रु.२ अर्ब ६६ करोड ३२ लाख खर्च भएकोमा लेखापरीक्षणको क्रममा विभिन्न जिल्ला अन्तर्गत रहेका प्रदेश लेखा नियन्त्रक इकाइ कार्यालयबाट तलबी प्रतिवेदन पास नगरी तलब भत्ता भुक्तानी गरेको देखियो। प्रदेश सरकारको स्वीकृत दरबन्दी ५ हजार १६८ रहेकोमा यो वर्षसम्म ३ हजार ७९९ पद दर्ता भई १ हजार ३७० पद दर्ता हुन बाँकी रहेको साथै ६० स्थानीय तहहरूबाट पद दर्ताको लागि पेस भएकोमा पद दर्ता नभएको अवस्था छ। कानुनमा भएको व्यवस्थाअनुरूप पद दर्ता गरी कर्मचारीहरूको तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च गर्नुपर्दछ।

६. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४९सम्म विभिन्न पदाधिकारीको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको तोकिएबमोजिम जवाफदेहिता वहन गर्नुपर्ने, सरकारी नगदी, जिन्सी दुरूपयोग एवं मस्यौट भए कारबाही गरिने र विवरण अद्यावधिक गरी वित्तीय एंव अन्य प्रतिवेदन सार्वजनिक गर्नुपर्ने लगायतका वित्तीय जिम्मेवारी र जवाफदेहिता उल्लेख गरिएको छ। प्रदेशले यो वर्ष रु.४६ अर्ब ४० करोड ३३ लाख ११ हजार खर्च गरेकोमा लक्ष्यअनुसार वित्तीय प्रगति हासिल नगरेको, पुँजीगत बजेट खर्च न्यून रहेको, सम्पत्तिहरूको उचित उपयोग, संरक्षण व्यवस्थापन नगरेको अवस्था छ। प्रदेशका कार्यालयहरूलाई वित्तीय जिम्मेवारी र जवाफदेहिताको पालना गराइ आर्थिक अनुशासन कायम गराउनु पर्दछ।

७. **मन्त्रालय सङ्ख्या हेरफेर -** अधिकार सम्पन्न सङ्घीय प्रशासनिक पुनर्संरचना समितिको प्रतिवेदन, २०७४ ले सबै प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेश मन्त्रालयको सङ्ख्या ७ रहने गरी सिफारिस गरेको छ। बागमती प्रदेशमा प्रारम्भमा ७ मन्त्रालय रहेकोमा विभिन्न समयमा संशोधन भई गत वर्षसम्म १३ मन्त्रालय रहेकोमा यो वर्ष १४ कायम भएको छ। मन्त्रालय थप गर्दा प्रशासनिक खर्च बढेको र कार्यक्षेत्रमा दोहोरोपना रहेकोले उपयुक्त र मितव्ययी संरचना निर्माण गर्नुपर्दछ।

८. **तहगत दोहोरो संरचना -** नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहले गर्ने एकल र सङ्घ र प्रदेश, सङ्घ प्रदेश र स्थानीयतहले गर्ने साझा कार्य सम्बन्धमा उल्लेख छ। समान कार्यप्रकृति र कार्यक्षेत्र भएका पूर्वाधार, सिँचाइ, खानेपानी, भवनसम्बन्धी कार्यहरू सम्बन्धित तहमा हस्तान्तरण नगरी सङ्घ र प्रदेश दुवैले कार्यालय स्थापना गरेर र स्थानीय तहलेसमेत त्यस्ता कार्यहरू सम्पादन गरेका छन्। यसबाट समग्र शासकीय प्रणालीको प्रशासनिक खर्च बढेको र कार्यक्षेत्रमा समेत दोहोरोपना रहेको छ।

९. **वार्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकारले प्रदेश प्रमुखमार्फत यो वर्षको लागि सभामा प्रस्तुत नीति तथा कार्यक्रममध्ये स्थानीय तहका कर्मचारीहरूको वैयक्तिक अभिलेख प्रणाली सञ्चालन गर्ने, प्रादेशिक पर्यटन गुरुयोजना तयार गरी दीर्घकालीन रणनीतिक कार्यक्रमहरू कार्यान्वयन गर्ने, सिन्धुपाल्चोक जिल्लाको जुगल हिमाल क्षेत्रलाई पर्वतीय आरोहण प्रशिक्षण स्थलको रूपमा विकास गर्न सहयोग गर्ने, प्रदेशको क्षेत्राधिकारमा पर्ने सहकारी संस्थाहरूमा देखिएका समस्याहरूको समाधान गर्न आवश्यक नीतिगत, कानुनी तथा संरचनागत प्रबन्धलाई थप प्रभावकारी बनाई सहकारीमा रहेको नागरिकको बचत तथा लगानी सुरक्षाको प्रत्याभूति दिलाउँने व्यवसाय दर्ता, नवीकरण लगायतका कार्यलाई आगामी आर्थिक वर्षदेखि अनलाइन प्रणालीमा आबद्ध गर्ने, हेटौंडामा प्रदेशस्तरीय खाद्य गुणस्तर परीक्षण प्रयोगशाला स्थापना, प्रादेशिक महत्त्वका आयोजनाहरूलाई गौरवको आयोजनाको रूपमा छनोट गरी

कार्यान्वयन गर्न प्रदेश गौरव आयोजना मापदण्ड तर्जुमा, आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याउने, प्रदेशभित्रका विपद् जोखिम क्षेत्रहरूको पहिचान तथा नक्साङ्कन गरी उक्त क्षेत्रहरूमा बहुप्रकोप पूर्वसूचना प्रणालीको स्थापना र विकास, प्रदेशस्तरको डाटा सेन्टर निर्माणको सम्भाव्यता अध्ययन, डाटा सर्भर खरिद, जडान र सञ्चालन गर्ने, सार्वजनिक, निजी, सहकारी, सामुदायिक क्षेत्रसँगको साझेदारीमा काष्ठ सिजनिङ्ग प्लान्ट सञ्चालन गर्ने, यातायात कार्यालयहरूबाट प्रदान गरिने सेवालाई अनलाइन प्रवाह गर्न नगदरहित डिजिटल सेवा प्रणाली निर्माण गर्ने, चालक अनुमतिपत्रको स्मार्ट कार्ड छपाइ तथा वितरण कार्य प्रदेशबाटै गर्ने, प्रादेशिक खेलकुद प्रतियोगिता सञ्चालन गर्ने, प्रदेश जनसङ्ख्या नीति तर्जुमा गर्ने, ७० वर्षभन्दा माथिका विपन्न ज्येष्ठ नागरिकलाई निमोनिया खोप निःशुल्क उपलब्ध गराउने र स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू कार्यान्वयन गरेको देखिएन। नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

१०. **अनुगमन र मूल्याङ्कन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी अन्तर्गत प्रदेश सरकारको नीति कार्यान्वयन अनुगमन र मूल्याङ्कन एवं प्रदेश मन्त्रालयहरूको कार्यको अनुगमन गरी सोको प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष सञ्चालित कार्यक्रमको अनुगमनमा रु.१ करोड ५० लाख विनियोजन भई रु.१ करोड ७ लाख १८ हजार खर्च भएकोमा अनुगमन सूचकाङ्क तयार गरी सोही अनुसार अनुगमन र मूल्याङ्कन एवं प्रतिवेदन तयार गरेको छैन। सूचकाङ्कसहितको अनुगमन मूल्याङ्कन प्रणालीको विकास एवं प्रतिवेदन तयार गरी देखिएका कमजोरी सुधार गर्नुपर्दछ।

११. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) बमोजिम बीसलाख रुपैयाँ भन्दा बढी लागत अनुमानको बोलपत्र मार्फत खरिद गर्ने व्यवस्था छ। यो वर्ष ७ खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयहरूले रु.११ करोड ९९ लाख ४ हजारको एकै प्रकृतिका पाइप तथा फिटिङ्गस सोझै खरिद गरेको देखिन्छ। कानुनी व्यवस्था अनुसार प्रतिस्पर्धात्मक विधिबाट खरिद कार्य गर्नुपर्दछ।

१२. **टुक्रे आयोजना** - आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा ६ मा पूर्वाधार आयोजनाको हकमा सङ्घबाट रु.३ करोड र प्रदेशबाट रु.१ करोड भन्दा कम लागतका नयाँ आयोजना कार्यान्वयन नगरिने उल्लेख छ। यो वर्ष संस्कृति तथा पर्यटन मन्त्रालय अन्तर्गतका पर्यटन विकास आयोजना, मकवानपुर र इकाई कार्यालय, काठमाडौंले पर्यटन प्रवर्धन तथा पूर्वाधार विकास कार्यक्रमको लगि १ हजार २९७ योजनामा रु.१ अर्ब ९९ करोड ३० लाख बजेट विनियोजन गरेकोमा अधिकांश साना र टुक्रे योजना रहेको पाइयो।कुल योजनामा रु.५ लाख देखि १० लाख सम्मका ६११ योजना (४७ प्रतिशत) रहेको र रु.५० लाख भन्दा माथिको १५ योजना मात्र रहेको पाइयो। स-साना आकारका योजना सञ्चालन गर्दा सञ्चालन खर्च वृद्धि भई अपेक्षित लाभ नहुने हुँदा मापदण्ड अनुसार योजना छनोट गरी कार्यान्वयन गर्नुपर्दछ।

१३. **कन्टिन्जेन्सी खर्च** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा लागत अनुमानको वर्क चार्ज स्टाफमा २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी खर्च

गर्न सकिने व्यवस्था छ। यो वर्ष ७ खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले रु.८ करोड ७३ लाख ६६ हजार र १२ जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयले रु.७ करोड ११ लाख ४८ हजार कन्टिन्जेन्सी खर्च गरेकोमा योजनागत अभिलेख अद्यावधिक नगरेको र सम्बन्धित ठेक्काको नापी किताबमा समेत खर्च प्रविष्ट गरेको पाइएन। कार्यविधि तयार गरी कन्टिन्जेन्सी खर्चको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

१४. **सहकारी नियमन** - बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० तथा बागमती प्रदेश सहकारी ऐन, २०७६ अनुसार सहकारी संस्थाको दर्ता, नियमन र अनुगमन कार्यको जिम्मेवारी सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई रहेको छ। प्रदेशको नियमन क्षेत्राधिकार भित्र दर्ता भएका सहकारी संस्था ३ हजार २३० मध्ये १ हजार २ सय ६१ अर्थात ३९ प्रतिशतले मात्र नविकरण गरेको देखियो। उजुरी परेका ३ सय ५५ मध्ये ९३ संस्था सम्पर्कविहीन रहेकोले कारबाहीको लागि नेपाल प्रहरीमा लेखी पठाएको देखिन्छ। समस्याग्रस्त घोषित ५ सहकारी संस्थाको सम्पत्ति व्यवस्थापन र दायित्व भुक्तानी सम्बन्धी अनुगमन गरेको देखिएन। ऐनबमोजिम सहकारी संस्थाको नियमित अनुगमन, अभिलेख अद्यावधिक तथा आवश्यक कारबाही प्रक्रिया प्रभावकारी रूपमा अघि बढाउनुपर्दछ।

१५. **प्रविधि हस्तान्तरण** - प्रविधि हस्तान्तरण कार्यविधि, २०८१ को दफा ८ मा उद्यमीले प्राप्त गरेको प्रविधिको उचित सदुपयोग नभएमा वा नगरेमा कार्यालयले त्यस्तो मेसिन जफत गर्ने वा सो मेसिन बापत प्रदान गरिएको रकम असुल गर्ने, एक पटक प्रविधि हस्तान्तरण गरिएका उद्यमीलाई तीन वर्ष व्यतित नभई पुनः प्रविधि सम्बन्धी अनुदान कार्यक्रममा सहभागी नगराइने उल्लेख छ। यो वर्ष उद्योग तथा वाणिज्य कार्यालय, काठमाडौं, भक्तपुर, ललितपुर लगायत ९ कार्यालयले प्रविधि हस्तान्तरणमा रु.२ करोड ४२ लाख २१ हजार खर्च गरेका छन्। वितरित अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गरी खर्चमा पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि अनुदान प्राप्त गर्ने अनुदानग्राहीको अभिलेख अद्यावधिक गरी सार्वजनिक गर्नुपर्दछ।

१६. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्य (सन् २०१६-२०३० सम्म) कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीयतहलाई स्रोत व्यवस्थापन, संस्थागत प्रवन्ध, अनुगमन तथा मूल्याङ्कन समेतमा मार्गदर्शन उपलब्ध गराएको छ। यो वर्ष विनियोजन भएको रु.६४ अर्ब ५४ करोड ४ लाखमध्ये रु.४१ अर्ब ६८ करोड ५४ लाख (६४.५९ प्रतिशत) बजेटको दिगो विकास लक्ष्य अनुरूपको सांकेतीकरण गरेको देखिएन। दिगो विकास लक्ष्य अनुसार बजेट सांकेतिकरण, सूचक निर्धारण तथा आन्तरिकीकरण गरी बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१७. **आवधिक योजना** - प्रदेशको दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) कार्यान्वयनमा रहेको देखिन्छ। दोस्रो योजनामा आर्थिक वृद्धि, प्रति व्यक्ति आय, गरिबी दर, मानव विकास सूचकांक लगायतका सूचकहरू निर्धारण गरिएको भएपनि ती लक्ष्यहरूको पहिलो योजना अवधिमा भएको यथार्थ उपलब्धिको मापन तथा विश्लेषण गरेको देखिएन। आवधिक योजना तर्जुमा गर्दा अघिल्लो योजनाको उपलब्धि मापन गरी वास्तविक प्रगतिको आधारमा मात्र अर्को योजनाको लक्ष्य निर्धारण गर्नुपर्ने तथा विषयगत नतिजा खाका संलग्न गर्नुपर्नेमा दोस्रो योजनाको पहिलो वर्ष समाप्त हुँदासम्म पहिलो योजनाको यथार्थ प्रगति समीक्षा र मूल्याङ्कन गरेको छैन। क्रियाकलाप र परिणामबीचको तादाम्यताको

लागि नतिजा खाका तर्जुमा गरी आवधिक योजनाको यथार्थ लक्ष्य निर्धारण हुनुपर्ने र तद्अनुरूप उपलब्धि मापन गर्नुपर्दछ।

१८. **आयोजना बैङ्क -** प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ६(क)(४) मा लाभ लागत लगायत विविध विश्लेषणका आधारमा आयोजना बैङ्क निर्माण गर्ने व्यवस्था छ। आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली सञ्चालन दिग्दर्शन, २०८० जारी भएको तथा आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीको कार्य सुरुवात गरेकोमा यो वर्षसम्म बैङ्कमा ३ हजार ४ सय २२ आयोजना प्रविष्टी भएकोमा ती मध्ये ७ सय २२ आयोजना सम्बन्धित मन्त्रालयबाट स्वीकृत भएका तथा १ सय ९९ वटा आयोजना कैफियत जनाएर पुनः मन्त्रालयमा पठाएको देखिन्छ। प्रदेश सरकारको योजना तर्जुमा र छनोट प्रणालीलाई व्यवस्थित, एकीकृत र तथ्यपरक बनाउन आयोजना बैङ्कलाई पूर्णरूपमा कार्यान्वयनमा ल्याउनुपर्दछ।

१९. **प्रदेश रूपान्तरणकारी आयोजना -** दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) मा काभ्रेपलाञ्चोक, रामेछाप र सिन्धुली जिल्लाका केही पालिकाका क्षेत्रहरू समेटेर हरित क्षेत्र आयोजना, सिन्धुली, काभ्रेपलाञ्चोक, ललितपुर, काठमाडौं र मकवानपुरमा पर्ने महाभारत शृङ्खलाहरूको संरक्षण, पर्यापर्यटन प्रवर्धन र जडीबुटी खेती विस्तार, प्रदेश गौरवको योजनाको रूपमा पाँचपोखरी, गोसाईकुण्ड, गणेश हिमाल, जुगल हिमालको पर्यापर्यटकीय र पारिस्थितिक प्रणाली स्थापना र उपयोग योजना र कार्यान्वयन, सहकारीमार्फत कोदो उत्पादन तथा प्रशोधन विशेष आयोजना, कोदो, फापर लगायतका उच्च मूल्यका रैथाने बालीहरूको ब्रान्डिङ लगातयका ११ योजनालाई प्रदेश रूपान्तरणकारी योजनाको रूपमा उल्लेख गरेको छ। रूपान्तरणकारी योजनाको रूपमा उल्लिखित योजनाको पूर्व-सम्भाव्यता र सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन, लागत-लाभ विश्लेषण लगायत नगरेको एवं अधिकांश योजनामा यो वर्ष बजेट समेत विनियोजन भएको देखिएन। योजना तर्जुमा गर्दा पर्याप्त अध्ययन तथा पूर्व तयारी गरेर मात्र गर्नुपर्ने एवं नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्दा आवधिक योजनासँग तादाम्यता कायम गरी कार्यान्वयन गर्नुपर्दछ।

२०. **बजेट सीमा र तर्जुमा** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६ मा स्रोत अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्ने, दफा ७ मा बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचाको व्यवस्था र दफा १० मा प्रस्तावित बजेट मूल्याङ्कन र विश्लेषण गरी विनियोजन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष स्रोत अनुमान समितिबाट मन्त्रालयलाई प्राप्त बजेट सीमा भन्दा युवा तथा खेलकुद मन्त्रालयलाई १०२.९७ प्रतिशत बढी विनियोजन र आर्थिक मामिला तथा योजना मन्त्रालयलाई ३३.५प्रतिशत न्यून विनियोजन भएको देखिन्छ। विभिन्न मितिमा निर्णय गरी कुल बजेट सीमामा ६ निकायको बजेट रकम सीमाभन्दा घटी र ११ निकायको कुल बजेट सीमाभन्दा बढी रहेको देखिन्छ। समितिले उपलब्ध गराएको सीमाभन्दा समष्टिमा ३७ प्रतिशत बढी बजेट विनियोजन भएको छ। स्रोत अनुमान समितिले दिएको बजेट सीमाको अधिनमा रही बजेट परिचालन गर्नुपर्दछ।

२१. **सङ्घीय वित्तीय हस्तान्तरण** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ देखि ११ सम्म नेपाल सरकारबाट प्रदेश सरकारलाई वित्तीय हस्तान्तरण निर्धारण तथा वितरण सम्बन्धी व्यवस्था छ। सङ्घीय सरकारबाट वित्तीय समानीकरण समेत यो वर्ष रु.१४ अर्ब ७ करोड ५६ लाख अनुदान प्राप्ति

गर्ने लक्ष्य राखेकोमा रु.११ अर्ब ९६ करोड ८७ लाख ७४ हजार (८५.०३ प्रतिशत) प्राप्त भएको देखिन्छ। सङ्घीय सरकारबाट सशर्त, विशेष र समपूरक अनुदानतर्फ कुल रु.४ अर्ब ४० करोड ४६ लाख ३० हजार प्राप्त भएकोमा कुल रु.३ अर्ब ९० करोड २६ लाख ७७ हजार खर्च भइ रु.५० करोड १९ लाख ५३ हजार सङ्घीय सञ्चितकोष फिर्ता गरेको छ। प्राप्त अनुदानमध्ये ११.४० प्रतिशत अनुदान रकम फिर्ता भएकोले खर्च प्रकृयामा सुधार गरी लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ।

२२. **अर्थ विविध** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २०(१) मा सरकारी रकमखर्च गर्दा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न स्वीकृत सीमाभित्र भएको विषय सुनिश्चित गरी खर्च गर्नुपर्ने उल्लेख छ। यो वर्ष स्पष्ट प्रयोजन, लक्ष्य तथा अपेक्षित प्रतिफल समेत नतोकिएको अर्थ विविध शीर्षक अन्तर्गत एकमुष्ट रु.३ अर्ब २३ करोड २४ लाख ३६ हजार बजेट विनियोजन गरी ३२ कार्यक्रममा ७६ पटक रु.२ अर्ब २५ करोड ४५ लाख ४९ हजार रकमान्तर गरेको छ। उक्त अर्थ विविधमा अवण्डा बजेट व्यवस्था गरी तदर्थ र पटके निर्णयका आधारमा खर्च गर्दा बजेटमा संसदीय निगरानी नहुँने भएकोले वित्तीय अनुशासन कायम गरी खर्चमा पारदर्शिता कायम गर्न अवण्डा बजेट नियन्त्रण गर्नुपर्दछ।

२३. **त्रैमासिक पुँजीगत खर्च** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारको पुँजीगततर्फ रु.३७ अर्ब ३१ करोड ५४ लाख ७२ हजार विनियोजन भएकोमा रु.२९ अर्ब ३९ करोड ३१ लाख ३५ हजार (७८.७७ प्रतिशत) खर्च भएकोमा पहिलो त्रैमासिकमा ३.६२, दोस्रो त्रैमासिकमा ९.४०, तेस्रो त्रैमासिकमा २२.६७ प्रतिशत खर्च गरेको छ। चौथो त्रैमासिकमा पुँजीगत खर्चको ६४.३१ र आषाढ महिनामा ४१.८३ प्रतिशत खर्च भएको छ। नगद प्रवाह सन्तुलित हुने गरी खर्च व्यवस्थापन हुनुपर्दछ।

२४. **भुक्तानी दायित्व** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१(६) मा विशेष कारण एवं परिस्थितिबस चालु वर्षको बजेटले नखामेको रकम भुक्तानी दिन बाँकीको कच्चावारी प्रमाणित गरी राख्ने र उपनियम ७ बमोजिम भुक्तानी गर्न सकिने व्यवस्था छ। कार्यालयहरूले समयमै भुक्तानी नगर्दा गत वर्षको बाँकी दायित्व रु.४ करोड ३७ लाख १९ हजार रहेकोमा यस वर्ष समेत रु.३ करोड ८९ लाख ४५ हजार भुक्तानी बाँकी रहेको देखिन्छ। मन्त्रालयहरूले बजेट तथा कार्यक्रम संसोधन एवं रकमान्तर गर्ने एवं समयमा भुक्तानी नदिई भुक्तानी दिन बाँकी राखेको उपयुक्त देखिएन। आगामी वर्षमा दायित्व सिर्जना गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

२५. **बजेट समर्पण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ उपदफा २ मा प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रमको आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म पनि सन्तोषजनक रूपमा कार्यान्वयन नभएको वा हुन नसक्ने ठहर भएमा लेखाउत्तरदायी अधिकृतले त्यस्तो रकम आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ६ मन्त्रालयले रु.७२ करोड २९ लाख ८५ हजार बजेट समर्पण गरेकोमा ५ मन्त्रालयले तोकिएको अवधि पश्चात् रु.६९ करोड ३६ लाख ४५ हजार बजेट समर्पण गरेका छन्। कानुनले तोकेको अवधि पश्चात् बजेट समर्पण गर्दा स्रोतको उपयोग नहुने भएकोले समयभित्रै बजेट समर्पण गर्नुपर्दछ।

२६. **ऋण लगानी अनुगमन** - उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, २०७९ अनुसार ऋणको उपयोग तथा परिचालनको नियमित अनुगमन र प्रतिवेदन गर्नुपर्ने उल्लेख छ। प्रदेश सरकारले कृषि विकास बैङ्क लिमिटेडलाई रु.१ अर्ब ६६ करोड र साना किसान विकास लघुवित्त संस्थालाई रु.१ अर्ब ६४ करोड गरी रु.३ अर्ब ३० करोड बढीमा पाँच वर्ष अवधिको लागि लगानी गर्न सहुलियतपूर्ण ऋण उपलव्ध गराएकोमा ऋण लगानीमध्ये यो वर्षको अन्त्यमा रु.१ अर्ब ३८ करोड ९२ लाख ४२ हजार फिर्ता हुन बाँकी रहेकोमा ऋण उपयोग, क्षेत्रगत परिचालन तथा प्रगति सम्बन्धी अनुगमन र आवधिक प्रतिवेदन प्राप्त भएको देखिएन। ऋणको प्रभावकारी उपयोग सुनिश्चित गर्न नियमित अनुगमन गर्नुपर्दछ।

२७. **अन्तर सरकारी अख्तियारी** - प्रदेश विनियोजन ऐन, २०८१ को दफा ७(१) मा प्रदेशबाट विनियोजन भएको कार्यक्रम नेपाल सरकारअन्तर्गतका निकायमार्फत कार्यान्वयन गर्दा आवश्यक स्वीकृति लिई स्पष्ट कार्यक्षेत्र तथा उत्तरदायित्व निर्धारण गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारले विभिन्न १०४ निकायलाई रु.१ अर्ब १५ करोड १९ लाख १७ हजार विनियोजन गरी रु.८८ करोड ३८ लाख ५८ हजार खर्च गर्दा अर्थ मन्त्रालयसँग स्वीकृति लिएको देखिएतापनि खर्चको आवश्यकता, कार्यक्षेत्रको स्पष्टता एवं खर्चमा दोहोरोपन नहुने गरी उत्तरदायित्व र नतिजा सुनिश्चित हुने गरी मात्र खर्च गर्नुपर्दछ।

२८. **सार्वजनिक सम्पत्तिको अभिलेख** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ (३) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकार अन्तर्गत सबै कार्यालयको एकीकृत जिन्सी प्रतिवेदन तयार गरी आश्विन मसान्तभित्र पठाउनुपर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको सम्पत्ति रु.८ अर्ब ३५ करोड ९ लाख ७५ हजार रहेको छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट तयार गरेको विवरणमा सबै सम्पत्तिहरू समावेश हुन नसकेको, मन्त्रालय थपघट हुँदा विवरण अद्यावधिक नगरेको देखिएको छ। प्रदेश अन्तर्गतका सबै कार्यालयको सार्वजनिक सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

२९. **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ मा प्रदेश सरकार अन्तर्गतका कार्यालयहरू तथा स्थानीय तहको आर्थिक कारोबारको प्रत्येक चौमासिक समाप्त भएको एक महिनाभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको प्रदेश लेखा इकाई कार्यालयबाट आन्तरिक लेखापरीक्षण हुने उल्लेख छ। यो वर्ष प्रदेश माताहतका १४ मन्त्रालय तथा प्रदेश सरकारले अख्तियारी दिएका कार्यालय तथा स्थानीय तह समेत गरी ३४८ कार्यालयको आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन गरेकोमा असुल गर्नुपर्ने रु.७९ लाख १३ हजार, नियमित गर्नुपर्ने रु.१४ करोड ९ लाख ४५ हजार र पेस्की बाँकी रु.१६ करोड ५० लाख १३ हजार समेत रु.३१ करोड ३८ लाख ७१ हजार बेरुजु औंल्याएकोमा सो मध्ये फर्स्यौट रकमको विवरण खुलाएको छैन। उक्त बेरुजु अन्तिम लेखापरीक्षण अगावै फर्स्यौट गर्नुपर्दछ।

३०. **शीत भण्डार** - प्रदेश सरकारले साझेदार संस्थाहरूसँगको सहकार्यमा आर्थिक वर्ष २०७५।७६ देखि एक जिल्ला एक शीत भण्डार निर्माण कार्यक्रम अन्तर्गत पहिलो चरणमा आठ, दोस्रो चरणमा दुई र तेस्रो चरणमा दुई गरी जम्मा १२ शीत भण्डार निर्माणका लागि रु.१ अर्ब ६ करोड लगानी रहने गरी निर्माणका लागि सम्झौता भएकोमा सात स्थानमा निर्माण सम्पन्न भएका तर हस्तान्तरण नभएकोले

सञ्चालनमा नआएका, टिओडी मिटर जडान हुन नसकी दुई सञ्चालनमा आउन नसकेको, एक शीत भण्डार निर्माण स्थलको विवादले कार्य सुरु नभएको र दुई निर्माणाधीन अवस्थामा रहेका छन्। बाँकी कार्य सम्पन्न गरी शीत भण्डार सञ्चालनमा ल्याउनुपर्दछ।

३१. **बीउपुँजी -** बीउपुँजी परिचालन कार्यविधि, २०८० को परिच्छेद ३ को बुँदा नं ८ (२) मा कृषि व्यवसाय सम्बन्धी उत्पादन तथा प्रशोधन कार्यको लागि व्यावसायिक योजनाको आधारमा ३ किस्तामा रु.१ करोडसम्म सहुलियतपूर्ण ऋण उपलब्ध गराउन सकिने उल्लेख छ। आर्थिक वर्ष २०७९।८० र २०८०।८१ मा बीउपुँजी परिचालनको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतका कार्यालय र प्रदेश दुग्ध विकास बोर्डबाट समेत १८२ व्यवसायीलाई रु.१२ करोड २२ लाख ५१ हजार अनुदान दिएकोमा २०८१।८२ सम्म रु.३२ लाख ९५ हजार फिर्ता भएको देखिन्छ। विवरण अद्यावधिक नगरेकोले यो वर्षमा फिर्ता हुनुपर्ने रकम एकिन भएको छैन। बीउपुँजी लगानी र ऋणको एकीकृत अभिलेख अद्यावधिक गरी तोकिएको अवधि पश्चात फिर्ता गर्नुपर्दछ।

३२. **राहत तथा क्षतिपूर्ति -** कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०७९ बमोजिम कृषि तथा पशुपन्छी क्षेत्रमा प्रतिकूल असर पार्ने प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट असर पुगेका कृषि पेशालाई पुर्नस्थापना गर्न र पीडित कृषक परिवारलाई राहत उपलब्ध गराउने व्यवस्था छ। यो वर्ष कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यक्रममा ४५ पशुपन्छी फर्म, कृषक समूह तथा कृषकलाई रु.६१ लाख ३७ हजार र ३०१ कृषक, कृषि समूह तथा कृषि फर्मलाई रु.६० लाख ७४ हजार गरी रु.१ करोड २२ लाख ११ हजार राहत वितरण गरेको छ। वितरित राहत रकमबाट क्षति पुर्नस्थापना भई व्यवसायिक निरन्तरता भएको तथा कृषि बिमाबाट समेत कृषकले रकम प्राप्त गरी दोहोरो परे/नपरेको अवस्था सहित मन्त्रालयले अनुगमन मूल्याङ्कन गरेको छैन। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि राहत प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम सार्वजनिकीकरण गर्नुपर्दछ।

३३. **अनुदान वितरण -** एकीकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को बुँदा २५ मा कृषि अनुदान वितरण कार्यक्रमको अनुगमन गर्नुपर्ने व्यवस्था छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतका कार्यालयबाट यो वर्ष ३ हजार ६ सय ८८ कृषक, कृषक समूह/सहकारी/फर्म तथा सहकारी संस्थालाई रु.६३ करोड २८ लाख अनुदान वितरण गरेको छ। उक्त अनुदान रकम मन्त्रालय र अन्तर्गतका कार्यालयहरूको कुल खर्च रु.१ अर्ब ६८ करोड ६३ लाखको ३७ प्रतिशतभन्दा बढी हुन आउँछ। वार्षिकरूपमा उपलब्ध गराएको अनुदानबाट प्राप्त उपलब्धि सम्बन्धमा मन्त्रालयले अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन। अनुदानको उपयोग र प्राप्त उपलब्धीको सूचकसहित अनुगमन मूल्याङ्कन हुनुपर्दछ।

३४. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१)क मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। यो वर्ष विस्तृत परियोजना प्रतिवेदन तयार गर्न पूर्वाधार विकास कार्यालयको ४२ योजनाको लागि रु.३ करोड ६९ लाख ५५ हजार, ३ खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले १७७ योजनामा रु.६ करोड ५५ लाख ९४ हजार, १० सिँचाइ विकास डिभिजन कार्यालयले ४३ योजनाको रु.१ करोड ७४ लाख ७८ हजार परामर्श सेवा खरिदमा भुक्तानी गरेको देखिन्छ। परामर्श सेवा खरिदको लागि

नर्म्स निर्धारण नगरेको र लागत अनुमानको हाराहारीमा नै सोझै खरिद गरेकोले खरिद प्रतिस्पर्धी तथा मितव्ययी भएको देखिएन। उपलब्ध जनशक्तिबाट गराउन नसकिने कार्यहरू मात्र परामर्शदाताबाट गराउनुपर्दछ।

३५. **गैर सरकारी संस्थाको भवन निर्माण -** बागमती प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ अनुसार आयोजना स्वीकृति अघि सम्भाव्यता अध्ययन तथा आर्थिक, प्राविधिक र प्रतिफलको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष शहरी विकास तथा भवन कार्यालयहरूबाट विभिन्न १०० गैर सरकारी संस्थाका भवन निर्माणमा रु.१५ करोड ३० लाख ९० हजार खर्च गरेकोमा सञ्चालन कार्यविधि तयार नगरेको तथा सामूहिक हितमा प्रयोग भए/नभएको अनुगमन गरेको देखिएन। यस्ता आयोजना स्वीकृति पूर्व प्रतिफल विश्लेषण गरी मात्र कार्यान्वयन गर्नुपर्दछ।

३६. **वनक्षेत्रको अतिक्रमण -** प्रदेश राष्ट्रिय वन ऐन, २०७६ मा वन क्षेत्र संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्नुपर्ने जिम्मेवारी वन तथा वातावरण मन्त्रालय मातहतका डिभिजन वन कार्यालयहरूको हुने उल्लेख छ। मन्त्रालयको अभिलेख अनुसार २०८१ असारसम्म प्रदेशमा कुल १० लाख ९० हजार ८ सय ७६ हेक्टर वन क्षेत्रमध्ये १३ हजार ६११.८५ हेक्टर वन अतिक्रमण भएको उल्लेख छ। प्रदेश अन्तरगत १३ जिल्लामध्ये सिन्धुली जिल्लामा सबैभन्दा बढी वन ७ हजार ५३.२५ हेक्टर क्षेत्र अतिक्रमण भएको देखिन्छ। कानुनबमोजिम वन अतिक्रमण रोक्नुपर्दछ।

३७. **स्मार्ट कार्ड छपाइ उपकरण -** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खरिदपूर्व आवश्यकताको स्पष्ट पहिचान र यथार्थपरक लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। श्रम रोजगार तथा यातायात मन्त्रालयले सवारी चालक अनुमतिपत्र छपाइको लागि ५ थान स्मार्ट कार्ड छपाइ उपकरण रु.५ करोड ४० लाख ९७ हजारमा खरिद गरेकोमा सुरक्षण मुद्रणसम्बन्धी ऐन, २०८१ को दफा २७ अनुसार सम्बन्धित कार्य सुरक्षण मुद्रण केन्द्रबाट गर्नुपर्ने व्यवस्था भए पनि सङ्घ सरकारसँग आवश्यक समन्वय गरेको देखिएन। साथै उपकरणको दीर्घकालीन मर्मत योजना नभएको र आपूर्ति भई जिन्सीमा दाखिला भएतापनि सञ्चालनमा नआएकोले लगानीको अपेक्षित लाभ प्राप्त भएको छैन। खरिद भएका उपकरण सञ्चालनमा ल्याउनुपर्दछ।

३८. **विद्युतीय सवारी चार्जर -** सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खरिदपूर्व आवश्यकताको स्पष्ट पहिचान र यथार्थपरक लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। यो वर्ष श्रम रोजगार तथा यातायात मन्त्रालयले विद्युतीय सवारी चार्ज गर्न २४ थान चार्जर खरिदका लागि रु.४ करोड १४ लाख २५ हजारमा सम्झौता भई आपूर्ति भए पनि जडान तथा सञ्चालन नगरी भुक्तानी गरेको छ। पूर्वतयारी, स्थान पहिचान र सञ्चालन मोडालिटीको अभावका कारण उपकरण प्रयोगमा नआएको तथा मर्मत अवधिसमेत घट्दै गएको देखिन्छ। सम्झौताअनुसार चार्जर जडान गरी सञ्चालनमा ल्याउनुपर्दछ।

३९. **बिमा सोधभर्ना -** स्वास्थ्य बिमा नियमावली, २०७५ को नियम २१ मा सेवा प्रदायकले ऐनबमोजिम भुक्तानी दावी गर्दा बिमा व्यवस्थापन सूचना प्रणालीमार्फत दावी प्रविष्ट गर्नुपर्ने व्यवस्था छ। यो वर्ष स्वास्थ्य मन्त्रालय अन्तर्गतका १३ अस्पतालहरूको रु.१ अर्ब ३८ करोड ६८ लाख ७० हजार बिमा दावी स्वीकृत गरेकोमा बिमा बोर्डबाट रु.८६ करोड ८८ हजार प्राप्त भई रु.५२ करोड ६७ लाख ८२ हजार प्राप्त गर्न बाँकी रहेको देखिन्छ। बाँकी रकम सोधभर्ना गर्नुपर्दछ।

खण्ड

१

# मन्त्रालय र निकायगत बेहोरा

# प्रदेश सभा सचिवालय

प्रदेश सभाको काम कारबाही सञ्चालन र व्यवस्थापन गर्न नेपालको संविधानको धारा १९५ बमोजिम प्रदेश सभा सचिवालय स्थापना भएको हो। प्रदेश सभाको प्रमुख कार्य सरकार निर्माण गर्नु, प्रादेशिक कानुन बनाउनु, प्रदेश सरकारको काम कारबाहीको निगरानी गर्नु र प्रादेशिक जनसरोकारको विषयमा प्रदेश सभा छलफल गर्नु रहेको छ।

१. **लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउने व्यवस्था छ। कार्यालयको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ को घटनाको कारण क्षति भई पेस हुन नआएकोले विनियोजनतर्फ रु.२५ करोड ५५ लाख ३८ हजार, राजस्वतर्फ रु.१० लाख २१ हजार र धरौटीतर्फ रु.४४ लाख ३० हजार समेत रु.२६ करोड ९ लाख ८९ हजारको लेखापरीक्षण गरिएको छैन।

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त सचिवालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| **चालु खर्च** | | | | |
| २११०० पारिश्रमिक/सुविधा | २०२४०७ | २०२४०७ | १६३३८४ | ८०.७१ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ४७० | ४७० | १७१ | ३६.३८ |
| २२१०० सेवा महसुल | ३६५० | ३६५० | ३१९१ | ८७.४२ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | १६४०६ | १६४०६ | १२६८६ | ७७.३२ |
| २२३०० कार्यालय सामान तथा सेवा | ७०१७ | ७०१७ | ४४२७ | ६३.६८ |
| २२४०० सेवा तथा परामर्श खर्च | १३९८६ | १३९८६ | १०१२७ | ७२.४ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्च | १५२५० | १५२५० | ९३३८ | ६६.७६ |
| २२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च | ६५०० | ६५०० | १५४४ | २३.७५ |
| २२७०० विविध खर्च | ६०२० | ६०२० | ३४०८ | ५६.६१ |
| २७३०० सामाजिक लाभ | १०० | १०० | ८३ | ८३ |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | २४०० | २४०० | २२४४ | ९३.५ |
| **जम्मा** | **२७४२०६** | **२७४२०६** | **२१०६०३** | **७६.८०** |
| **पुँजीगत खर्च** | | | | |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | ५१६४२ | ५१६४२ | ४४९३५ | ८७.०१ |
| **कुल जम्मा** | **३२५८४८** | **३२५८४८** | **२५५५३८** | **७८.४२** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ७६.८०, पुँजीगततर्फ ८७.०१ र समग्रमा ७८.४२ प्रतिशत खर्च भएको छ।

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार कार्यालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्बन्धी,
- प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
- प्रदेश सरकारको कार्यविभाजन तथा कार्य सञ्चालन,
- प्रदेश सरकारको नीति तर्जुमा र स्वीकृति,
- प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन,
- प्रदेश मन्त्रिपरिषद्को निर्णयको कार्यान्वयन र अनुगमन,
- प्रदेश मन्त्रिपरिषद्मा पेस हुने नियम र आदेशको तर्जुमा, स्वीकृति तथा प्रमाणीकरण,
- प्रदेशभित्रको राजनीतिक, आर्थिक, सामाजिक, शान्ति सुव्यवस्था एवं प्रशासनिक गतिविधिहरूको अद्यावधिक जानकारी र सम्बोधन,
- सुशासन, भ्रष्टाचार नियन्त्रण र शासकीय सुधार,
- संवैधानिक निकाय तथा आयोग, प्रदेश लोक सेवा आयोग र अन्य सङ्घीय तथा प्रादेशिक आयोगसँगको सम्पर्क र समन्वय,
- सङ्घीय सरकारको स्वीकृति बमोजिम द्विपक्षीय वा बहुपक्षीय स्तरमा भएका सन्धि, सम्झौता वा सहमति,
- प्रदेश प्रमुखको सम्पर्क सम्बन्धी विषय (प्रतिवेदन समेत),
- अन्तरप्रदेश परिषद् र सङ्घ तथा अन्य प्रदेश र स्थानीय तहसँगको समन्वय र अन्तरसम्बन्ध,
- प्रदेशस्तरका आयोग तथा निकायहरूको गठन एवम् सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवम् सेवा, सुविधा सम्बन्धी।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको निम्नानुसार रु.२४ करोड ९२ लाख ८२ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| २४६९५३ | २७१ | २०५८ | ० | २४९२८२ |

यो वर्ष १ समिति तथा अन्य संस्थातर्फ रु.१० करोड ४ लाख ८३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त कार्यालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| **चालु खर्च** | | | | |
| २११०० पारिश्रमिक सुविधा | ९७९५८ | १००६४२ | ८३२५४ | ८२.७२ |
| २१२०० कर्मचारी सामाजिक सुरक्षा | ३१३ | ३१३ | ४२ | १३.५५ |
| २२१०० सेवा महशुल | ५९९६ | ५९९७ | ३१४२ | ५२.४ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन र मर्मत | २९९८८ | ३२१८८ | २६०९२ | ८१.०६ |
| २२३०० कार्यालय सामान तथा सेवा | १५०२५ | १८८२५ | १४७७६ | ७८.४९ |
| २२४०० सेवा तथा परामर्श | ९८६१ | ११०६६ | ९९६२ | ९०.०२ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्च | २२००२६ | २०७४३६ | ७००८४ | ३३.७९ |
| २२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | १७३०० | १७८०० | १२४७६ | ७०.०९ |
| २२७०० विविध खर्च | ५७५० | ११८५० | १०९२५ | ९२.१९ |
| २६१०० अनुदान | ८८१२० | ५७९९९ | १४३६ | २.४८ |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | १२०० | १२०० | ७५८ | ६३.१७ |
| **जम्मा** | **४९१५३७** | **४६५३१६** | **२३२९४७** | **५०.०६** |
| **पुँजीगत खर्च** | | | | |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | १४९०० | १६५०० | १४००६ | ८४.८८ |
| **कुल जम्मा** | **५०६४३७** | **४८१८१६** | **२४६९५३** | **५१.२५** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ५०.०६ प्रतिशत, पुँजीगततर्फ ८४.८८. प्रतिशत र समग्रमा ५१.२५ प्रतिशत खर्च भएको देखिन्छ।

३. **नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन -** प्रदेश सरकारले घोषणा गरेका वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा तोकिएका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ। प्रदेश सरकारको २०८१।८२ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भएको कार्यक्रमको कार्यान्वयन अवस्था देहाय बमोजिम रहेको छः

| कार्यक्रम | कार्यान्वन अवस्था |
|---|---|
| प्रदेश सुशासन केन्द्रलाई प्रादेशिक प्रशिक्षण तथा तालिम केन्द्रका रूपमा विकास गरिने, केन्द्र मार्फत प्रदेश र स्थानीय तहका जनप्रतिनिधि, पदाधिकारी र कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्नुका साथै अध्ययन अनुसन्धान गर्ने | प्रादेशिक प्रशिक्षण तथा तालिम केन्द्रको रूपमा विकास गर्न सो सम्बन्धी तयारीको क्रममा रहेको |
| सार्वजनिक सेवा प्रवाहलाई सुशासनयुक्त बनाउन छिटो छरितो, मितव्ययी र प्रभावकारी रूपमा विद्युतीय शासनलाई अवलम्बन गर्दै प्रदेशका सबै कार्यालयहरूमा स्वःचालित प्रणाली लागु गर्ने | सबै मन्त्रालय तथा निकायहरूमा एकीकृत सरकारी कार्यालय व्यवस्थापन प्रणाली लागु गरेको |
| प्रदेश किताबखानाको संस्थागत सुदृढीकरण गरी कर्मचारीको सिटरोल, सम्पत्ति विवरण र तलबी प्रतिवेदन व्यवस्थापन साथै स्थानीय तहका कर्मचारीहरूको वैयक्तिक अभिलेख प्रणाली सञ्चालन गर्ने | कार्यान्वयन हुन नसकेको |
| आगामी आर्थिक वर्ष प्रदेश निजामती सेवा तथा स्थानीय सेवासँग सम्बन्धित नियमावली तर्जुमा गर्ने, प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरूको वृत्ति विकास अनुमानयोग्य बनाई कर्मचारी सरुवालाई प्रदेशको भौगोलिक विशिष्टताको अनुभव प्राप्त हुने गरी चक्रीय प्रणालीमा आबद्ध गर्ने | निजामती सेवा नियमावली र सरुवा मापदण्ड तर्जुमा प्रकृयामा रहेको |
| भ्रष्टाचार न्यूनीकरणका लागि प्रवर्द्धनात्मक, निरोधात्मक तथा उपचारात्मक उपाय सहित प्रादेशिक रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने | रणनीतिक कार्ययोजना तयार नभएको |

नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरू कार्यान्वयन हुनुपर्दछ।

४. **कार्यक्रम कार्यान्वयन -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक निकायले तोके अनुसारको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी तालुक निकायमा पठाउनु पर्ने र नियम २७ मा नियम २६ बमोजिम चौमासिक प्रगति विवरण प्राप्त भएपछि तालुक निकायले भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ। कार्यालयले सो अनुसार प्रगति विवरण तयार गरी सो को समीक्षा गरेको पाइएन। कार्यालयको यसवर्ष स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएका प्रदेश तथा स्थानीय तहका कर्मचारीहरूको एकीकृत विवरण तथा सरुवा व्यवस्थापन प्रणाली विकास, नवप्रवर्तन साझेदारी कोष कार्यक्रम सञ्चालन, हेलो मुख्यमन्त्री कक्ष सञ्चालन तथा प्रणाली व्यवस्थापन, स्थानीय तहका कानुनहरूको पुनरावलोकन लगायतका विभिन्न ४० कार्यक्रममा रु.७ करोड ५० लाख ५० हजार बजेट विनियोजन भएकोमा उक्त कार्यक्रमहरू कार्यान्वयन भएका छैनन्। स्वीकृत कार्यक्रम कार्यान्वयन गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ।

५. **व्यवस्थापन परीक्षण -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारीमा प्रदेशस्तरका सरकारी निकायहरूको व्यवस्थापन परीक्षण गर्ने उल्लेख छ। प्रदेश सरकारको व्यवस्थापन परीक्षण कार्यविधि, २०७७ को दफा ४ मा व्यवस्थापन परीक्षणका विषय क्षेत्र तोकिएको छ। प्रदेश तथा स्थानीय तहका कार्यालयहरूको व्यवस्थापन परीक्षणको लागि यस वर्ष रु.८ लाख बजेट व्यवस्था भएकोमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट व्यवस्थापन परीक्षण भएको देखिएन। कानुनी व्यवस्थाको पालना हुनुपर्दछ।

६. **पद दर्ता -** प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ७ (५) बमोजिम सङ्गठन संरचना वा दरबन्दी स्वीकृत भएपछि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश किताबखानामा पद दर्ता गरी पदपूर्तिको प्रक्रिया अगाडि बढाउने तथा दफा ७ (६) मा कुनै नयाँ पद सिर्जना भएकोमा उपदफा (५) बमोजिम प्रदेश किताबखानामा पद दर्ता भएपछि मात्र त्यस्तो पदमा पदपूर्ति गर्न सकिने व्यवस्था छ। मन्त्रिपरिषद् कार्यालयले २०८०।१२।३२ देखि प्रदेशस्तर तथा स्थानीय स्तरको कर्मचारीको सङ्केत नम्बर वितरणको कार्य सुरु गरेकोमा प्रदेश कार्यालयका कर्मचारीको पद दर्ता हुने क्रममा रहे तापनि स्थानीय तहको पद दर्ता भएको छैन। कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको स्वीकृत दरबन्दी ५ हजार १६८ रहेकोमा हालसम्म ३ हजार ७९९ पद दर्ता भई १ हजार ३६९ पद दर्ता हुन बाँकी देखिन्छ।

प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा २४(२) मा स्थानीय सेवाका कर्मचारीले नियुक्त भएको १ महिनाभित्र वैयक्तिक विवरण (सिटरोल फाराम) कार्यालयबाट प्रमाणित गरी प्रदेश किताबखानामा पठाउनुपर्ने तथा दफा २४(४) मा स्थानीय तहमा समायोजन भई सिटरोल प्राप्त हुन नसकेका कर्मचारीहरूले प्रदेश किताबखानाबाट सङ्केत नम्बर प्राप्त गर्नुपर्ने व्यवस्था छ। प्रदेश निजामती किताबखानामा ६० स्थानीय तहहरूबाट पद दर्ताको लागि पेस भएकोमा हालसम्म पनि पद दर्ता गरेको पाइएन। कानुन अनुसार पद दर्ता गरिनुपर्दछ।

७. **प्रदेश समन्वय परिषद् -** सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ मा मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। प्रदेश समन्वय परिषद् सञ्चालनसम्बन्धी कार्यविधि, २०८१ मा परिषद्को बैठक कम्तीमा वर्षको १ पटक बस्नुपर्ने

उल्लेख छ। सो अनुसार यो वर्ष २०८१।१०।३ को प्रदेश समन्वय परिषद्को पाँचौ बैठकले १६ निर्णय गरेकोमा र ७ विषयमा राष्ट्रिय समन्वय परिषद्मा सिफारिस गर्नुपर्ने उल्लेख गरेको देखिन्छ। बैठकले प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरूको सरुवा तथा काजको मापदण्ड तर्जुमा गर्ने तथा प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ सँग सम्बन्धित नियमावली तर्जुमा गर्ने, बागमती प्रदेशअन्तर्गत प्रदेश तथा स्थानीय तहका कार्यरत कर्मचारीहरूको वैयक्तिक विवरण दर्ता तथा व्यवस्थापनका लागि सूचना प्रणालीको स्थापना तथा सञ्चालन गर्ने, योगदानमा आधारित एकीकृत निवृत्तिभरण कोषको सञ्चालन तथा व्यवस्थापनका लागि कानुनमा व्यवस्था गरी कार्यान्वयन गर्ने र राजस्व बाँडफाँटको मोडालिटी विषयगत मन्त्रालयले तयार गर्ने लगायतका निर्णय भएकोमा सो को कार्यान्वयन अवस्थाको समीक्षा गरेको पाइएन। परिषद्को निर्णय कार्यान्वयनको सुनिश्चितता हुनुपर्दछ।

८. **मन्त्रालय सङ्ख्या हेरफेर -** अधिकार सम्पन्न सङ्घीय प्रशासनिक पुनः संरचना समितिको प्रतिवेदन, २०७४ ले सबै प्रदेशहरूमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित प्रदेश मन्त्रालयको सङ्ख्या ७ रहने गरी सिफारिस गरेको छ। प्रदेश सभाको पहिलो निर्वाचनपश्चात गठन भएको प्रदेश सरकारले २०७४।११।३ मा प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार ७ मन्त्रालय स्थापना गरेकोमा प्रदेश सरकारले उक्त नियमावलीमा संशोधन गरी २०७८।५।२३ मा ८, २०७८।८।१५ मा १४, २०७९।१०।१० मा ११, २०८०।५।५ मा १२, २०८१।२।२ मा १३ मन्त्रालय कायम गरेकोमा २०८१।७।२७ को निर्णयले सहकारी तथा गरिबी निवारण मन्त्रालय थप गरी १४ मन्त्रालय कायम भएको छ। मन्त्रालय थप गर्दा प्रशासनिक खर्च बढ्नुको साथै, कार्यक्षेत्रमा हेरफेर, जनशक्ति एवम् भौतिक पूर्वाधार व्यवस्थापनमा कठिनाइ हुने देखिएकोले उपयुक्त र मितव्ययी संरचना निर्माण गर्नुपर्दछ।

९. **अस्थायी दरबन्दी सिर्जना -** बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारीमा प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने रहेको छ। प्रदेश सरकारको यो वर्षको बजेट वक्तव्यको बुँदा नं. २८ मा प्रदेश सरकारको लागि अत्यावश्यक बाहेक दरबन्दी सिर्जना र सङ्गठन संरचना थप नगरिने उल्लेख छ। बागमती प्रदेश स्थापना हुँदा सङ्घीय सरकारबाट प्रदेश अन्तर्गतका कार्यालयहरूको लागि ३ हजार ९०६ जनाको स्थायी दरबन्दी रहेकोमा २०८१।८२ सम्म दरबन्दी थप गरी ५ हजार १६८ स्थायी दरबन्दी कायम भएको छ। कार्यालयबाट प्राप्त विवरणअनुसार यस वर्ष मन्त्रिपरिषद्को विभिन्न मितिको निर्णयानुसार १० मन्त्रालय/आयोग र मातहतका निकायको लागि विभिन्न ५१६ जनाको अस्थायी दरबन्दी सिर्जना गरेको पाइयो। अस्थायी दरबन्दी स्वीकृत गरी कर्मचारी भर्ना गर्दा प्रदेश सरकारको खर्च बढेको देखिन्छ।

प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजनाको लागि यस वर्ष २१ जनाको अस्थायी दरबन्दी सिर्जना भएकोमा मन्त्रालयले ७ जना कर्मचारीसँग करार सम्झौता गरी अन्यत्र कार्यालयमा पठाएको र सम्बन्धित कार्यालयले हाजिर पठाएको पत्रका आधारमा आयोजनाबाट यस वर्ष रु.२८ लाख ८४ हजार तलब भत्ता भुक्तानी भएको छ। यसरी कार्यालयका लागि आवश्यकता नभई अस्थायी दरबन्दी सिर्जना गर्ने र मन्त्रालयले नियुक्ति गरी वर्षभरि अन्य कार्यालयमा पठाउनु उपयुक्त देखिदैन। यसमा नियन्त्रण हुनुपर्दछ।

१०. **अनुगमन मूल्याङ्कन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० मा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी अन्तर्गत प्रदेश सरकारको नीति कार्यान्वयन अनुगमन र मूल्याङ्कन एवं प्रदेश मन्त्रालयहरूको कार्यको अनुगमन गरी सोको प्रतिवेदन समेत पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष सञ्चालित कार्यक्रमको अनुगमनमा रु.१ करोड ५० लाख विनियोजन भई रु.१ करोड ७ लाख १८ हजार खर्च भएकोमा अनुगमन सूचकाङ्क तयार गरी सोही अनुसार अनुगमन र मूल्याङ्कन एवं प्रतिवेदन तयार गरेको छैन। सूचकाङ्क सहितको अनुगमन मूल्याङ्कन प्रणालीको विकास एवं प्रतिवेदन तयार गरी देखिएका कमजोरी सुधार गर्नुपर्दछ।

११. **तहगत दोहोरो संरचना -** नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीयतहले गर्ने एकल र सङ्घ र प्रदेश, सङ्घ प्रदेश र स्थानीयतहले गर्ने साझा कार्य सम्बन्धमा उल्लेख छ। समान कार्यप्रकृति र कार्यक्षेत्र भएका पूर्वाधार, सिँचाइ, खानेपानी, भवनसम्बन्धी कार्यहरू सम्बन्धित तहमा हस्तान्तरण नगरी सङ्घ र प्रदेश दुवैले कार्यालय स्थापना गरेर र स्थानीय तहलेसमेत त्यस्ता कार्यहरू सम्पादन गरेका छन्। यसबाट समग्र शासकीय प्रणालीको प्रशासनिक खर्च बढेको र कार्यक्षेत्रमा समेत दोहोरोपना रहेको बेहोरा गतवर्षको प्रतिवेदनमा औंल्याइएकोमा स्थिति सुधार भएको छैन।

१२. **आन्तरिक नियन्त्रण प्रणाली -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३० मा प्रदेश तहका सबै लेखाउत्तरदायी अधिकृतहरूले आफ्नो र मातहतका सबै सरकारी कार्यालयहरूमा सम्पादन गरिने कार्यहरू मितव्ययी, प्रभावकारी र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन, प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कामको प्रकृतिअनुसार आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने र उक्त प्रणाली कार्यान्वयनको अनुगमन सम्बन्धित लेखा उत्तरदायी अधिकृतबाट गर्नुपर्ने व्यवस्था छ। ऐनमा उल्लेखित व्यवस्था बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको देखिएन। यससम्बन्धी बेहोरा गत विगत वर्षको प्रतिवेदनमा समेत औंल्याइएकोमा सुधार भएको छैन। आन्तरिक नियन्त्रण प्रणाली तयार गरी मन्त्रालय र मातहत कार्यालयहरूबाट सम्पादन हुने कार्य प्रभावकारी बनाउनु पर्दछ।

## अन्य संस्था

### प्रदेश सुशासन केन्द्र

प्रदेश सरकारले तहगत सरकारको सहकारिता, सहअस्तित्व र समन्वय गर्न एवं प्रदेश तथा स्थानीय तहका निर्वाचित, मनोनित वा नियुक्त पदाधिकारी तथा कर्मचारीहरूलाई प्रशासनिक एवं व्यवस्थापनसम्बन्धी दक्षता अभिवृद्धि गर्न प्रशिक्षणको व्यवस्था गर्ने उद्देश्यले २०७७।६।५ गते प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७ जारी गरी केन्द्रको स्थापना भएको हो। केन्द्रमा यो वर्ष रु.९ करोड ६० लाख ९३ हजार बजेट व्यवस्था भएकोमा रु.४ करोड ९७ लाख ७३ हजार खर्च भएको छ।

१३. **पाठ्यक्रम स्वीकृत -** प्रदेश सुशासन केन्द्र (स्थापना तथा कार्य सञ्चालन) आदेश, २०७७ को दफा १२ मा केन्द्रले सञ्चालन गर्ने क्षमता विकाससम्बन्धी कार्यक्रमको पाठ्यक्रम, प्रशिक्षण विषयवस्तु, मूल्याङ्कन विधि तथा अध्ययन अनुसन्धान प्रतिवेदनको स्वीकृतिका लागि सञ्चालक समिति समक्ष सिफारिस गर्ने र सञ्चालक समितिले स्वीकृत गरी पाठ्यक्रम अनुसार तालिम सञ्चालन गर्नुपर्ने उल्लेख छ। केन्द्रले यस वर्ष बायो-इन्जिनियरिङ, जलवायु परिवर्तन, दिगो विकास तथा विपद् व्यवस्थापन,

योजना तर्जुमा, राजस्व व्यवस्थापन तथा सिफारिस, पञ्जीकरण, विद्यालय प्रशासन, भू-उपयोग तथा बस्ती विकास, मध्यमकालीन खर्च संरचना तयारी लगायतका विषयमा तालिम सञ्चालन गरेकोमा पाठ्यक्रम सञ्चालक समितिले स्वीकृत गरेको देखिएन। पाठ्यक्रम स्वीकृत गरेर मात्र तालिम सञ्चालन गर्नुपर्दछ।

१४. **कार्यक्रम कार्यान्वयन -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक निकायले तोके अनुसारको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी तालुक निकायमा पठाउनु पर्ने र नियम २७ मा सो को भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ। यस वर्षको स्वीकृत वार्षिक कार्यक्रममा सामाजिक परीक्षणसम्बन्धी स्थानीय तहका जनप्रतिनिधिहरूको लागि अभिमुखीकरण, स्थानीय तहबाट सञ्चालन भएका असल अभ्याससम्बन्धी अन्तरक्रिया, मध्यमकालीन खर्च संरचना तयारीसम्बन्धी प्रदेश सरकारका कर्मचारीहरूलाई अभिमुखीकरण लगायतका विभिन्न १६ कार्यक्रम सञ्चालन गर्न रु.२३ लाख बजेट विनियोजन भएकोमा उक्त कार्यक्रमहरू कार्यान्वयन भएका छैनन्। स्वीकृत कार्यक्रम कार्यान्वयन गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कार्यक्रम कार्यान्वयन, अनुगमन मूल्याङ्कन, मन्त्रालय हेरफेर, पद दर्ता, तहगत दोहोरो संरचना लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लेखापरीक्षणबाट लगती बेरुजु देखिएको छैन। यससम्बन्धी विवरण **अनुसूची -९** मा रहेको छ ।
  - अन्य संस्थातर्फ १ निकायको लगती बेरुजु देखिएको छैन। यससम्बन्धी विवरण **अनुसूची-१०** मा छ।

# आन्तरिक मामिला तथा कानुन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा देहायबमोजिमका मुख्य कार्य क्षेत्रहरूको नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन नियमन, निर्देशन, सुपरीवेक्षण, मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी कार्य रहेको छन्:

- प्रदेश शान्ति योजना र सुव्यवस्थासम्बन्धी सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा उक्त विषयमा सङ्घसँगको समन्वय र सहकार्य,
- अतिविशिष्ट व्यक्ति, महत्त्वपूर्ण भौतिक संरचना, संवेदनशील सार्वजनिक स्थल तथा समारोहको सुरक्षा,
- सङ्घीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क सम्बन्ध, सूचना आदान प्रदान र सङ्घीय कानुनबमोजिम प्रदेश प्रहरी सञ्चालन र व्यवस्थापन,
- प्रदेशभित्रको अपराध अनुसन्धान, सूचना सङ्कलन र रोकथाम,
- कानुन, न्याय तथा प्रदेश सभा मामिला, विधेयक तर्जुमा र प्रमाणीकरण,
- प्रादेशिक कारागार तथा हिरासतको व्यवस्थापन सुरक्षा, थुनुवा तथा कैदीहरूको मानव अधिकारको संरक्षण र प्रदेशबाट अर्को प्रदेशमा अभियुक्त, थुनुवा वा कैदीको स्थानान्तर,
- प्रदेशभित्रका गैरसरकारी सङ्घ, संस्थाहरूको अभिलेख,
- पारिवारिक मामिला (विवाह, सम्पत्ति हस्तान्तरण, सम्बन्ध विच्छेद, टुहुरा, धर्मपुत्र, धर्मपुत्री उत्तराधिकार र संयुक्त परिवार),
- विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, विपद् तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम नक्साङ्कन र बस्ती स्थानान्तरणसम्बन्धी,
- प्रदेश सरकारले दिने उपाधि, सम्मान तथा बिभूषणको सिफारिस र सार्वजनिक समारोह, उत्सव उर्दी आदिको व्यवस्थापन,
- प्रदेशस्तरमा दिगो शान्ति व्यवस्थापन तथा द्वन्द्वबाट पीडित तथा विस्थापित व्यक्तिको पुनर्स्थापना एवं सत्य निरूपण तथा मेलमिलाप र बेपत्ता पारिएका व्यक्ति सम्बन्धी,
- प्रदेशस्तरको विद्युतीय सञ्चारमाध्यम सञ्चालन (रेडियो, एफ.एम. तथा टेलिभिजनसमेत) अनुमति, इजाजत र नवीकरण,
- प्रदेशस्तरमा तारयुक्त र तारराहित ब्रोडब्याण्ड पूर्वाधारको विकास, सूचना प्रविधिको प्रवर्धन, सूचना प्रविधि पार्क निर्माण र सञ्चालन आदि।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतसमेत २ निकायको निम्नानुसार रु.६२ करोड १५ लाख १ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| ३७८०५० | ९२२६ | ४८६७३ | १८५५५२ | ६२१५०१ |

उल्लिखित लेखापरीक्षण अङ्कमा नेपाल प्रहरी १५, सशस्त्र प्रहरी ७ र जिल्ला कारागार कार्यालय ३ गरी २५ अन्तरसरकारी निकायलाई दिएको अख्तियारी बमोजिमको खर्च रु.१७ करोड १० लाख ४३ हजार समेत समावेश छ।

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| **चालु खर्च** | | | | |
| २११०० पारिश्रमिक / सुविधा | ३३५६५ | ३३५६५ | २११३९ | ६२.९७ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ६२९ | ६२९ | २३४ | ३७.२० |
| २२१०० सेवा महसुल | ४१८१ | ४१८१ | २०९३ | ५०.०३ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | ८३०३ | ८३०३ | ६९२१ | ८३.३५ |
| २२३०० कार्यालय सामान तथा सेवा | ६३५० | ६३५० | ५४५९ | ८५.९६ |
| २२४०० सेवा तथा परामर्श खर्च | १३०६६ | १३०६६ | ११७९५ | ९०.२७ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्च | १९७०५० | १९७०५० | १६५५६२ | ८४.०२ |
| २२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | २६१५ | २६१५ | १५६२ | ५९.७३ |
| २२७०० विविध खर्च | १६०० | १६०० | १३८७ | ८६.६८ |
| २७२०० सामाजिक सहायता | ४७०० | ४७०० | ४१३७ | ८८.०२ |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | २१८० | २१८० | १८०६ | ८२.८४ |
| **जम्मा** | **२७४२३९** | **२७४२३९** | **२२२०९६** | **८०.९९** |
| **पुँजीगत खर्च** | | | | |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | १९६८६८ | १९६८६८ | १५५९५४ | ७९.२२ |
| **कुल जम्मा** | **४७११०७** | **४७११०७** | **३७८०५०** | **८०.२५** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ८०.९९, पुँजीगततर्फ ७९.२२ र समग्रमा ८०.२५ प्रतिशत खर्च गरेको छ।

३. **आवधिक योजना -** प्रदेशको दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) मा यस मन्त्रालयसँग सम्बन्धित विभिन्न नीति, रणनीति एवं क्षेत्रगत २५ कार्यहरू पाँच वर्षमा कार्यान्वयनमा ल्याउने उल्लेख छ। यो वर्ष प्रदेश सुरक्षा नीति तर्जुमा गर्ने, लागुपदार्थ ओसारपसार तथा सेवन विरुद्धको कार्यक्रम, सवारी दुर्घटना न्यूनिकरणको लागि योजना तर्जुमा, विद्युतीय अपराध न्यूनीकरणका लागि कानुन तर्जुमा, विषयगत मन्त्रालयको समन्वयमा ट्रमा सेन्टरको स्थापना, निर्माण भएका कानुनहरूको कार्यान्वयन अवस्थाको अध्ययन तथा आवश्यक परिमार्जन लगायतका २० वटा कार्यहरू गर्ने उल्लेख भए तापनि प्रदेश सुरक्षा नीति तर्जुमा, विद्युतीय अपराध न्यूनीकरणका लागि कानुन निर्माण, तर्जुमा भएका कानुनहरूको कार्यान्वयन अवस्थाको अध्ययन तथा आवश्यक परिमार्जन, लगायतका कार्यहरू गरेको देखिएन। आवधिक योजनामा भएका क्रियाकलापहरूलाई कार्ययोजना बनाई कार्यान्वयन गर्नुपर्दछ।

४. **नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन -** प्रदेश सरकारको वार्षिक नीति तथा बजेट वक्तव्यमा उल्लेख भएका मध्ये यस मन्त्रालयसँग सम्बन्धित कार्यहरूको कार्यान्वयनको अवस्था देहायबमोजिम रहेको छः

| बुँदा नं. | विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १८८ | प्रदेशभित्रका विपद् जोखिम क्षेत्रहरूको पहिचान तथा नक्साङ्कन गरी उक्त क्षेत्रहरूमा बहुप्रकोप पूर्वसूचना प्रणालीको स्थापना र विकास गर्ने। | बहुप्रकोपीय विपद् जोखिम नक्साङ्कन प्रतिवेदन तयार भए तापनि पूर्व सूचना प्रणाली स्थापना नभएको। |
| १९२ | प्रदेश अनुसन्धान ब्यूरो गठन गर्ने। | बजेट समर्पण भएको। |
| १९६ | प्रत्येक जिल्ला सदरमुकाममा सार्वजनिक नागरिक प्रदर्शन स्थल निर्माण गर्ने। | बजेट समर्पण भएको। |
| २०० | मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्धन तथा फैसला कार्यान्वयनका लागि आवश्यक व्यवस्था गर्ने। | फैसला कार्यान्वयन सम्बन्धी कार्यक्रम नभएको। |
| २०१ | प्रदेशस्तरको डाटा सेन्टर निर्माणको सम्भाव्यता अध्ययन, डाटा सर्भर खरिद, जडान र सञ्चालन गर्ने। | डाटा सेन्टरको सम्भाव्यता अध्ययन कार्य भएतापनि डाटा सर्भर खरिद तथा जडान कार्य नभएको। |

वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा भएका लक्ष्य तथा कार्यक्रमहरूको कार्यान्वयन हुनुपर्दछ।

५. **कानुन निर्माण** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार यस मन्त्रालयलाई शान्ति सुरक्षा, विपद व्यवस्थापन, कानुन तर्जुमा, सूचना तथा सञ्चार लगायतका कार्यजिम्मेवारी तोकिएकोमा कानुन निर्माणतर्फ कुल ८५ ऐन निर्माण भई राजपत्रमा प्रकाशन भएको र यो वर्ष ४१ कानुनहरू (ऐन, नियम, कार्यविधि, मापदण्ड, निर्देशिका) तर्जुमाका लागि राय सहमति प्रदान गरेको छ।

६. **अन्तर सरकारी अख्तियारी -** प्रदेश विनियोजन ऐन, २०८१ को दफा ७ (१) मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको पुँजीगततर्फको कुनै आयोजना वा कार्यक्रम नेपाल सरकारका निकायमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा प्रदेश सरकारको सम्बन्धित निकायले आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमतिमा सङ्घीय विनियोजन ऐनबमोजिम नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई नेपाल सरकारका निकायमार्फत् कार्यान्वयन गर्न सक्ने व्यवस्था अनुसार २०८१।८।९ मा नेपाल सरकार अर्थ मन्त्रालय र २०८१।८।१३ मा गृह मन्त्रालयको सहमति लिई यो वर्ष जिल्ला प्रहरी कार्यालय, सशस्त्र प्रहरी बल, कारागार कार्यालय सहित सङ्घीय सरकारअन्तर्गतका २५ कार्यालयलाई रु.१७ करोड १० लाख ४३ हजारको अख्तियारी दिएको छ।

७. **प्रदेश विपद् व्यवस्थापन कोष -** प्रदेश विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि, २०८० को दफा १७ मा विपद्को लागि प्रदान गरिएको रकमको खर्च विवरण सम्बन्धित निकायले तोकिएको ढाँचामा मन्त्रालयमा पेस गर्नुपर्ने तथा मन्त्रालयले प्राप्त विवरणको एकीकृत विवरण अभिलेखको रूपमा राख्नुपर्ने उल्लेख छ। मन्त्रालयले यो वर्ष जिल्ला प्रशासन कार्यालय तथा स्थानीय तहसहित ७८ निकायलाई रु.१० करोड ७६ लाख ३५ हजार रकम निकासा गरेको छ। उक्त निकायहरूबाट गरेको खर्चको एकीकृत विवरण तयार गरेको पाइएन। विपद् व्यवस्थापन बापतको रकम सदुपयोग भएको सुनिश्चित गर्नुपर्दछ।

८. **निजी आवास अनुदान -** विपद् प्रभावित निजी आवास प्रवलिकरण, पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०८१ को दफा २४ र २६ मा अनुदान सम्झौता गरेको २ वर्षभित्रमा निर्माण सम्पन्न

गर्नुपर्ने र सम्झौताबमोजिम लाभग्राहीहरूले २ वर्षभित्र सम्पन्न नगरेमा उक्त रकम सरकारी बाँकी सरह असुलउपर हुनुपर्ने व्यवस्था छ। उक्त कार्यविधिअनुसार प्रदेश सरकारको योगदान बापत दोलखा जिल्लामा रु.८ लाख १० हजार र मकवानपुर जिल्लामा रु.२६ लाख २५ हजार गरी कुल रु.३४ लाख ३५ हजार सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिलाई प्रदान गरेकोमा प्रगति विवरण पेस भएको छैन। मनसुनजन्य विपद्को रकमबाट भएका निर्माण संरचनाको प्रगति र विगतको अभिलेख राखी रकम सदुपयोगको सुनिश्चितता हुनुपर्दछ।

९. **सामग्री खरिद -** आपतकालिन कार्यसञ्चालन केन्द्रसँग आवद्ध भएका स्थानीय तहलाई कम्प्युटरजन्य सामग्री वितरणको लागि मिति २०८२ असारमा खरिद भएका रु.९ लाख ९८ हजार को १० थान कम्प्युटर र १० थान प्रिन्टर स्थानीय तहलाई हस्तान्तरण गरेको देखिएन। मन्त्रालयमा रहेका उक्त सामग्रीहरू २०८२।५।२४ मा भएको आगलागीमा क्षति भएको मन्त्रालयले जनाएको छ। स्थानीय तहलाई वितरण गर्न खरिद गरेका सामग्रीहरू दुई महिना सम्म हस्तान्तरण नगरी मन्त्रालयमा राख्ने कार्य मनासिव देखिएन।

१०. **प्रदेशस्तरीय पत्रकार तथा सञ्चार अनुदान -** प्रदेशस्तरीय पत्रकार तथा सञ्चार माध्यममा कार्यरत पत्रकारहरूका सङ्घ सङ्गठनहरूलाई अनुदान वितरणसम्बन्धी कार्यविधि, २०८१ को दफा १४ मा मन्त्रालयले प्रदान गरेको अनुदानको एकीकृत प्रगति प्रतिवेदन र प्रचलित कानुन बमोजिम अनुदान खर्चको लेखापरीक्षण गरी लेखापरीक्षण प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था छ। यो वर्ष ७ संस्थालाई रु.३५ लाख अनुदान प्रदान गरेकोमा प्रगति प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन पेस भएको छैन।

## सञ्चार रजिष्ट्रारको कार्यालय

११. **बजेट तथा खर्च -** कार्यालयमा यो वर्ष रु.४ करोड १६ लाख ८५ हजार विनियोजन रहेकोमा चालुतर्फ रु.२ करोड ७७ लाख २६ हजार (६९.८६ प्रतिशत) र पुँजीगततर्फ रु.१२ लाख ४० हजार (६२ प्रतिशत) गरी जम्मा रु.२ करोड ८९ लाख ६६ हजार खर्च भई समग्रमा ६९.४९ प्रतिशत वित्तीय प्रगति देखिएको छ।

१२. **दर्ता र नवीकरण -** कार्यालयबाट प्राप्त विवरणअनुसार गत वर्षसम्म ४६५ र यो वर्ष ५९ समेत ५२४ सञ्चार संस्था दर्ता भएकोमा २४१ सञ्चार संस्थाले नवीकरण गरेका छैनन्। साथै १ हजार २२३ पत्रकार परिचयपत्र जारी भएकोमा ७५३ ले नवीकरण गरेको देखिएन। तोकिएको समयभित्र नवीकरण गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कानुन निर्माण, बजेट वक्तव्य,लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** मन्त्रालयमा रु.३८ लाख ८७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट फर्स्यौट नभएकोले रु.३८ लाख ८७ हजार बेरुजु देखिएको छ।यस सम्बन्धी विवरण **अनुसूची९** मा रहेको छ।

# आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदनसम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीति, प्रादेशिक वित्त सन्तुलनसम्बन्धी नीति, प्रदेश राजस्व सम्बन्धी नीति, प्रदेश सार्वजनिक खर्च सम्बन्धी नीति तथा कानुनको तर्जुमा,
- प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन, सङ्घीय नीति अनुरूप सहवित्तीयकरण तथा स्थानीय तह अनुदान,
- प्रदेशस्थित सरकारी सम्पत्तिको एकीकृत विवरण र सरकारी बाँकी रकमको लगत तथा असुलउपर, सङ्घको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ति, उपयोग, लेखाङ्कन र प्रतिवेदनसम्बन्धी,
- प्रदेशस्थित विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रम सम्बन्धी,
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास आयोजनाको समन्वय र सशर्त अनुदानको सदुपयोग,
- प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानुन निर्माण,
- प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एवम् कर्मचारी व्यवस्थापन,
- प्रदेश पूरक अनुमान तथा पेस्की खर्च र प्रदेश आकस्मिक कोष, प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- प्रदेशगत विनियोजन, राजस्व, धरौटी, कार्यसञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखापरीक्षण,
- घर जग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि आयमा लाग्ने कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिबाना सङ्कलन, बाँडफाँट र उपयोगसम्बन्धी रोयल्टी अन्तःशुल्क सङ्कलन नियमन र हस्तान्तरण,
- राजस्व चुहावट नियन्त्रणसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा,
- सङ्घसँगको अन्तरसरकारी वित्तीय सम्पर्क, सम्बन्ध र सहकार्य,
- तथ्याङ्क, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन तथा सङ्घ र स्थानीय तहसँग समन्वय र सहकार्य।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतसमेत १२ निकायको रु.१८ अर्ब ६४ करोड २६ लाख ५८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| १५५६८९ | १८४५९०२४ | १६५७६ | ११३६९ | १८६४२६५८ |

**(द्रष्टव्यः** माथिको लेखापरीक्षण अङ्कमा स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरेको रु.६ अर्ब ४६ करोड ६४ लाख ४१ हजार समावेश गरिएको छैन।)

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| **चालु खर्च** | | | | |
| २११०० पारिश्रमिक। सुविधा | ६४२६१ | ६४९२६ | ३९१२६ | ६०.२६ |
| २१२००कर्मचारीको सामाजिक सुरक्षा | ५१० | ५१० | २२८ | ४४.७२ |
| २२१०० सेवा महसुल | ४१८४ | ४१६३ | २१७५ | ५२.२५ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | १३०५० | १२९६५ | ८४४५ | ६५.१४ |
| २२३०० कार्यालय सामान तथा सेवाहरू | १३४२६ | १३८१७ | ११७६७ | ८५.१६ |
| २२४०० सेवा तथा परामर्श खर्च | १४४४७ | १४०९७ | १११२२ | ७८.९ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | ५६४३० | ५५८३० | १८५४३ | ३३.२१ |
| २२६०० अनुगमन , मूल्याङ्कन र भ्रमण खर्च | ६६१० | ६६१० | ३४१६ | ५१.६७ |
| २२७०० विविध खर्च | ४२६६ | ४२६६ | ३२०६ | ७५.१४ |
| २६४०० सामाजिक सेवा अनुदान | ० | १५११७ | १५११७ | १०० |
| २८१००सम्पत्ति सम्बन्धी खर्च | १०८०० | ९७०० | ५६६८ | ५८.४३ |
| **जम्मा** | **१८७९८४** | **२०२००१** | **११८८१३** | **५८.८२** |
| **पुँजीगत खर्च** | | | | |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च पुँजीगत खर्च | ५२२२५ | ५३३२५ | ३६८७६ | ६९.१५ |
| **कुल जम्मा** | **२४०२०९** | **२५५३२६** | **१५५६८९** | **६०.९८** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ५८.८२, पुँजीगततर्फ ६९.१५ र समग्रमा ६०.९८ प्रतिशत खर्च भएको देखिन्छ।

३. **वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले पेस गरेको वित्तीय विवरणमा यस वर्षसम्मको सम्पत्ति रु.९ करोड ५५ लाख १९ हजार उल्लेख गरी मातहतका कार्यालयको सम्पत्ति विवरण नसमेटेको, मन्त्रालयले पेस गरेको बहुवर्षीय योजनाको स्रोत सुनिश्चिततातर्फ ५०५ योजनाको लागि कुल प्रतिबद्धता रकम रु.४३ अर्ब २१ करोड ८८ लाख रहेकोमा वित्तीय विवरणको टिप्पणी नं. १५ मा योजनाको सङ्ख्या उल्लेख नगरी प्रतिबद्धता रकम रु.१ करोड १४ लाख ५० हजार मात्र उल्लेख गरेको देखिँदा वित्तीय विवरणले यथार्थ चित्रण गरेको देखिएन।

४. **दिगो विकास लक्ष्य** - दिगो विकास लक्ष्य (सन् २०१६-२०३० सम्म) कार्यान्वयनका लागि राष्ट्रिय योजना आयोगले प्रदेश तथा स्थानीयतहलाई स्रोत व्यवस्थापन, संस्थागत प्रबन्ध, अनुगमन तथा मूल्याङ्कन समेतमा मार्गदर्शन उपलब्ध गराएको छ। यो वर्ष विनियोजित भएको रु.६४ अर्ब ५४ करोड ४ लाखमध्ये रु.४१ अर्ब ६८ करोड ५४ लाख (६४.५९ प्रतिशत) बजेट साङ्केतिकरण गरेको देखिएन। बजेट विनियोजन गरेको १४ लक्ष्यमध्ये ९ लक्ष्यमा १ प्रतिशतभन्दा न्यून बजेट, २ लक्ष्यमा २ प्रतिशतभन्दा कम, अन्य २ लक्ष्यमा ३ प्रतिशतभन्दा कम र असमानता न्यूनीकरणको

लक्ष्यतर्फ २४.०८ प्रतिशत बजेट विनियोजन गरेको देखिन्छ। मन्त्रालयले दिगो विकास लक्ष्य प्राप्तिको लागि लक्ष्यअनुसारको सूचक निर्धारण तथा आन्तरिकीकरण गरी प्रादेशिक लक्ष्य निर्धारण गर्नुपर्नेमा तयार गरेको पाइएन। दिगो विकास लक्ष्यअनुसार बजेट सांकेतिकरण, सूचक निर्धारण तथा आन्तरिकीकरण कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५. **आवधिक योजना** - आर्थिक समृद्धि र समतामूलक समाज निर्माणको दिर्घकालीन सोच र सुशासन अभिवृद्धि गर्दै समृद्ध तथा समतामूलक प्रदेश निर्माण गर्ने लक्ष्य अनुरूप दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) ले १२ उद्देश्य, ९ रणनीति, ९ प्राथमिकताका क्षेत्र र ११ प्रदेश रुपान्तकारी आयोजना तय गरेको छ। बागमती प्रदेशको दोस्रो आवधिक योजना र सङ्घीय सरकारको सोह्रौ योजनाको केही लक्ष्य देहायअनुसार रहेको छः

| क्र.सं | सूचक | एकाइ | २०८०।८१ अनुमान | दोस्रो योजनाको लक्ष्य २०८५।८६ | सोह्रौं योजनाको लक्ष्य २०८५।८६ |
|---|---|---|---|---|---|
| १ | औसत आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ३.६ | ४.५ | ७.३ |
| २ | प्राथमिक क्षेत्रको वृद्धिदर (औसत) | प्रतिशत | २.३ | ४.५ | ३.६ |
| ३ | द्वितीय क्षेत्रको वृद्धिदर (औसत) | प्रतिशत | १.२ | ७.० | ९.४ |
| ४ | सेवा क्षेत्रको वृद्धिदर (औसत) | प्रतिशत | ४.४ | ६.० | ७.१ |
| ५ | कुल राष्ट्रिय उत्पादन (प्रचलित मूल्यमा) | रु.अर्ब | २०५४.४ | ३१२३.० | १०५१२.५ |
| ६ | कुल लगानी (प्रचलित मूल्यमा) | रु.अर्ब | २१२५.५ | | ११९०३.६ |
| ७ | प्रतिव्यक्ति आय | अमेरिकी डलर | १४८५ | ३४५० | २९१३ |
| ८ | गरिबी रेखामुनिको जनसङ्ख्या | प्रतिशत | १२.६ | ७.६ | १२ |
| ९ | औसत आयु | वर्ष | ७२.४ | ७५ | ७३ |
| १० | मानव विकास सूचकाङ्क | | ०.६६९ | ०.६८५ | ०.६५० |

*(**स्रोतः** प्रदेशको दोस्रो आवधिक योजना)*

उल्लिखित विवरणअनुसार प्रदेशको दोस्रो आवधिक योजना र सङ्घीय सरकारको सोह्रौं योजनामा समावेश केही प्रमुख सूचकहरू आर्थिक वृद्धिदर, क्षेत्रगत वृद्धिदर, प्रतिव्यक्ति आय, मानव विकास सूचकाङ्क लगायतका लक्ष्यहरूमा भिन्नता रहेको एवं केही सूचकमा प्रदेशको लक्ष्य सङ्घीय लक्ष्यभन्दा कम रहेको देखिन्छ। साथै मन्त्रालयले २०८१।८२ को कार्यान्वयन अवस्था खुल्ने प्रगति विवरण तयार गरेको छैन। प्रदेश सरकारले आवधिक योजनाका लक्ष्यहरू निर्धारण गर्दा सङ्घीय सरकारको योजनासँग तादाम्यता कायम गरी एकीकृत लक्ष्य निर्धारण गर्नुपर्ने एवं वार्षिक लक्ष्य अनुरूपको कार्यान्वयन स्थिति खुल्ने प्रगति विवरण तयार गर्नुपर्दछ।

६. **वार्षिक नीति तथा कार्यक्रम** - प्रदेश सरकारको २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रममा मन्त्रलायसँग सम्बन्धित विषयहरूमध्ये रूपान्तरणकारी तथा उच्च प्रतिफलयुक्त ठूला आयोजनाको पहिचान र विकास गर्ने एवं प्रदेश योजना बैङ्क स्थापना गर्ने उल्लेख भएकोमा कार्यान्वयन नभएको, प्रदेश गौरवका आयोजना छनोट गर्ने मापदण्ड तर्जुमा गरी ठूला, बहुवर्षीय र क्रमागत आयोजनाहरू तोकिएको समयभित्रै सम्पन्न गर्ने व्यवस्था मिलाइने उल्लेख भएकोमा प्रदेश गौरवका आयोजना छनोट मापदण्ड तर्जुमा नभएको तथा विषयगत मन्त्रालयमा बहुवर्षीय योजनाहरूको समयमा कार्य सम्पन्न भएको देखिएन। वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका विषयहरू कार्यान्वयन हुनुपर्दछ।

७. **बजेट वक्तव्यको कार्यान्वयन -** यस वर्षको बजेट वक्तव्यमा उल्लेख भएका कार्यक्रमहरू मध्ये सवारी

साधन खरिद गर्ने कार्यलाई निरुत्साहित गरिने उल्लेख भएकोमा मन्त्रालय स्वयंले रु.१ करोड १५ लाखको सवारी साधन खरिद गरेको, ७ मन्त्रालय र मातहका कार्यालयलाई १६ वटा सवारी साधन खरिद गर्न सहमति दिएको, व्यवसायिक उत्पादन वृद्धि तथा थप रोजगारी सिर्जनाको उद्देश्यअनुरूप सुरु भएको सहुलियतपूर्ण ऋण प्रवाह कार्यक्रमलाई निरन्तरताको लागि रु.१ अर्ब ५० करोड विनियोजन गरेकोमा उक्त रकम खर्च भएको देखिएन। स्वीकृत भएको बजेट तथा कार्यक्रम बमोजिम कार्यान्वयन हुनुपर्दछ।

८. **बजेट सीमा र तर्जुमा** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६ मा स्रोत अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्ने, दफा ७ मा बजेट सीमा र बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा ढाँचाको व्यवस्था र दफा १० मा प्रस्तावित बजेट मूल्याङ्कन र विश्लेषण गरी विनियोजन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष स्रोत अनुमान समितिबाट मन्त्रालयलाई प्राप्त बजेट सीमाभन्दा युवा तथा खेलकुद मन्त्रालयलाई १०२.९७ प्रतिशत बढी विनियोजन र आर्थिक मामिला तथा योजना मन्त्रालयलाई ३३.५ प्रतिशत न्यून विनियोजन भएको देखिन्छ। विभिन्न मितिमा निर्णय गरी कुल बजेट सीमामा ६ निकायको बजेट रकम सीमाभन्दा घटी र ११ निकायको कुल बजेट सीमाभन्दा बढी रहेको देखिन्छ। समितिले उपलब्ध गराएको सीमाभन्दा समष्टिमा ३७ प्रतिशत बढी बजेट विनियोजन भएको छ। स्रोत अनुमान समितिले दिएको बजेट सीमाको अधिनमा रही बजेट परिचालन गर्नुपर्दछ।

९. **रकमान्तर** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ अनुसार विनियोजन ऐनमा तोकिएको बजेट उपशीर्षकमा रकम नपुग भएमा एक वा बढी उपशीर्षकमा बचत हुने रकमबाट विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही रकमान्तर गर्न सक्ने उल्लेख छ। मन्त्रालयलाई सुरुमा रु.२४ करोड २ लाख ९ हजार बजेट विनियोजन गरेकोमा रकमान्तरबाट ६.२९ प्रतिशत थप गरेर रु.२५ करोड ५३ लाख २६ हजार अन्तिम बजेट कायम गरेको देखिन्छ। मन्त्रालयले सामाजिक सेवा अनुदानतर्फ सुरुमा बजेट विनियोजन नभएकोमा रकमान्तरबाट रु.१ करोड ५१ लाख १७ हजार बजेट कायम गरी खर्च गरेको देखिन्छ। सुरु विनियोजन नगरेको शीर्षकमा रकमान्तर गर्ने कानुनी व्यवस्था नरहेकोले यस्तो कार्यमा सुधार गर्नुपर्दछ।

१०. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४९ सम्म विभिन्न पदाधिकारीको काम, कर्तव्य, अधिकार र जिम्मेवारीको तोकिएबमोजिम जवाफदेहिता वहन गर्नुपर्ने, सरकारी नगदी, जिन्सी दुरूपयोग एवं मस्यौंट भए कारबाही गरिने र विवरण अद्यावधिक गरी वित्तीय एंव अन्य प्रतिवेदन सार्वजनिक गर्नुपर्ने लगायतका वित्तीय जिम्मेवारी र जवाफदेहिता उल्लेख छ। यस वर्ष मन्त्रालय र मातहत निकायको विनियोजित अन्तिम बजेट रु.२५ करोड ५३ लाख २६ हजार रहेकोमा रु.१५ करोड ५६ लाख ८९ हजार खर्च भएको छ। मन्त्रालयले पुँजीगततर्फ रु.५ करोड ३३ लाख २५ हजार अन्तिम बजेट कायम भएकोमा रु.३ करोड ६८ लाख ७६ हजार (६९.१५ प्रतिशत) खर्च भएकोले वित्तीय जिम्मेवारीको पूर्ण पालना भएको देखिएन। वर्षान्तमा रकमान्तर गर्ने, समयमा बजेट समर्पण नगर्ने, पुँजीगत बजेट खर्च न्यून रहेको देखिँदा वित्तीय जिम्मेवारी र जवाफदेहिताको पालना गराइ आर्थिक अनुशासन कायम गराउनु पर्दछ।

११. **बजेट र खर्चको प्रवृत्ति** - प्रदेश सरकारको विगत ५ वर्षको विनियोजन र खर्च देहायबमोजिम रहेको छः

(रु.लाखमा)

| आर्थिक वर्ष | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| २०७७।७८ | ५१४२७४ | ३५५९९१ | ६९.२२ |
| २०७८।७९ | ५७७२०९ | ३७९९५० | ६५.८३ |
| २०७९।८० | ७०९३९३ | ४६८६२० | ६६.०६ |
| २०८०।८१ | ६२७०९१ | ४४५१३३ | ७०.९८ |
| २०८१।८२ | ६४५४०४ | ४६४०३३ | ७१.९ |
| **जम्मा** | **३०७३३७१** | **२११३७२७** | **६८.७७** |

उल्लिखित तालिकाअनुसार बजेटको तुलनामा २०७७।७८ देखि २०८१।८२ सम्म क्रमशः ६९.२२, ६५.८३, ६६.०६, ७०.९८ र ७१.९ प्रतिशत खर्च भएको छ। विगत ५ वर्षमा औसतमा ६८.७७ प्रतिशत खर्च भएको देखिन्छ। विनियोजन दक्षता र खर्च गर्ने क्षमता वृद्धि गर्नुपर्दछ।

१२. **खर्चको संरचना** - प्रदेश सरकारको २०८१।८२ को विनियोजित बजेट रु.६४ अर्ब ५४ करोड ४ लाख ३१ हजार भएकोमा यो वर्ष भएको खर्चको संरचना देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| सि.नं. | शीर्षक | विनियोजन | | खर्च | |
|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | चालु | २५७२४९५९ | ३९.८६ | १७०१०१७६ | ३६.६६ |
| २ | पुँजीगत | ३७३१५४७२ | ५७.८२ | २९३९३१३५ | ६३.३४ |
| ३ | वित्तीय व्यवस्था | १५००००० | २.३२ | ० | ० |
| | **जम्मा** | **६४५४०४३१** | **१००** | **४६४०३३११** | **१००** |

उल्लिखित विवरणअनुसार प्रदेश सरकारको कुल खर्च रु.४६ अर्ब ४० करोड ३३ लाख ११ हजार मध्ये चालु खर्च रु.१७ अर्ब १ करोड १ लाख ७६ हजार र पुँजीगत खर्च रु.२९ अर्ब ३९ करोड ३१ लाख ३५ हजार भएको देखिन्छ भने वित्तीय व्यवस्थातर्फ रु.१ अर्ब ५० करोड बजेट विनियोजन भएकोमा सो रकम खर्च भएको छैन। कुल खर्चको चालु र पुँजीगततर्फ क्रमशः ३६.६६ प्रतिशत र ६३.३४ प्रतिशत रहेको छ। बजेट तथा कार्यक्रमको परिचालन एवं पुँजीगत खर्च गर्ने क्षमता अभिवृद्धि गर्नुपर्दछ।

१३. **अर्थ विविध** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २०(१) मा सरकारी रकम खर्च गर्दा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न स्वीकृत सीमाभित्र भएको विषय सुनिश्चित गरी खर्च गर्नुपर्ने उल्लेख छ। यो वर्ष स्पष्ट प्रयोजन, लक्ष्य तथा अपेक्षित प्रतिफलसमेत नतोकिएको अर्थ विविध शीर्षक अन्तर्गत एकमुष्ट रु.३ अर्ब २३ करोड २४ लाख ३६ हजार बजेट विनियोजन गरी ३२ कार्यक्रममा ७६ पटक रु.२ अर्ब २५ करोड ४५ लाख ४९ हजार रकमान्तर गरेको छ। उक्त अर्थ विविधमा अवण्डा बजेट व्यवस्था गरी तदर्थ र पटके निर्णयका आधारमा खर्च गर्दा बजेटमा संसदीय निगरानी नहुँने भएकोले वित्तीय अनुशासन कायम गरी खर्चमा पारदर्शिता कायम गर्न अवण्डा बजेट प्रणाली नियन्त्रण गर्नुपर्दछ।

१४. **त्रैमासिक खर्च** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रमको प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारको पुँजीगततर्फको यो वर्षको त्रैमासिक खर्चको स्थिति देहाय अनुसार रहेको छः

(रु.हजारमा)

| पुँजीगत बजेट | कुल वार्षिक खर्च | प्रथम त्रैमासिक खर्च | दोस्रो त्रैमासिक खर्च | तेस्रो त्रैमासिक खर्च | चौथो त्रैमासिक खर्च | आषाढ महिना खर्च |
|---|---|---|---|---|---|---|
| ३७३१५४७२ | २९३९३१३५ | १०६४९०७ | २७६३२११ | ६६६२५९४ | १८९०२४२३ | १२२९६२३९ |
| **खर्च प्रतिशत** | **१००** | **३.६२** | **९.४०** | **२२.६७** | **६४.३१** | **४१.८३** |

पुँजीगततर्फ रु.२९ अर्ब ३९ करोड ३१ लाख ३५ हजार खर्च भएकोमा पहिलो त्रैमासिकमा ३.६२, दोस्रो त्रैमासिकमा ९.४०, तेस्रो त्रैमासिकमा २२.६७ प्रतिशत खर्च गरेको छ। चौथो त्रैमासिकमा पुँजीगत खर्चको ६४.३१ र आषाढ महिनामा ४१.८३ प्रतिशत खर्च भएको छ। नगद प्रवाह सन्तुलित हुने गरी खर्च व्यवस्थापन हुनुपर्दछ।

१५. **सङ्घीय वित्तीय हस्तान्तरण** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ देखि ११ सम्म नेपाल सरकारबाट प्रदेश सरकारलाई वित्तीय हस्तान्तरण निर्धारण तथा वितरणसम्बन्धी व्यवस्था छ। यो वर्ष प्रदेश सरकारलाई प्राप्त हुने अनुदानको प्राप्ति, खर्च र फिर्ताको स्थिति देहायअनुसार रहेको छः

(रु.हजारमा)

| अनुदानको प्रकार | बजेट अनुमान | प्राप्ति | प्राप्ति प्रतिशत | जम्मा खर्च | फिर्ता गरेको | खर्च प्रतिशत | फिर्ता प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| वित्तीय समानीकरण | ८२४३४०० | ७५६४१४४ | ९१.७६ | ६७४१९१६ | - | ८९.१२ | - |
| सशर्त अनुदान | ३९८५९०० | २८२१६४५ | ७०.७९ | २६७६८९५ | १४४७५२० | ९४.८७ | ५.१३ |
| समपूरक अनुदान | ८५५००० | ६४१२५० | ७५ | ५६४५७३ | ७६६७७ | ८८.०४ | ११.९६ |
| विशेष अनुदान | ९९१३०० | ९४१७३५ | ९५ | ६६१२०९ | २८०५२६ | ७०.२१ | २९.७९ |
| **जम्मा** | **१४०७५६००** | **११९६८७७४** | **८५.०३** | **१०६४४५९३** | **५०१९५३** | **८८.६०** | **११.४०** |

प्राप्त विवरणअनुसार ४ प्रकारका अनुदानमा यो वर्ष रु.१४ अर्ब ७ करोड ५६ लाख बजेट प्राप्ति गर्ने लक्ष्य राखेकोमा रु.११ अर्ब ९६ करोड ८८ लाख (८५.०३ प्रतिशत) प्राप्त भएको देखिन्छ। सङ्घीय सरकारबाट सशर्त, विशेष र समपूरक अनुदानतर्फ कुल रु.४ अर्ब ४० करोड ४६ लाख ३० हजार प्राप्त भएकोमा कुल रु.३ अर्ब ९० करोड २६ लाख ७७ हजार खर्च भई रु.५० करोड १९ लाख ५३ हजार सङ्घीय सञ्चित कोष फिर्ता गरेको छ। प्राप्त अनुदानमध्ये ११.४० प्रतिशत अनुदान रकम फिर्ता भएकोले खर्च प्रकृयामा सुधार गरी लक्ष्य अनुसार प्रगति हासिल गर्नुपर्दछ।

१६. **सङ्घीय राजस्व बाँडफाँट** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम बाँडफाँट गर्न सङ्घीय विभाज्य कोषको व्यवस्था छ। प्रदेश सरकारलाई सङ्घीय सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँटको लक्ष्य र प्राप्तिको विवरण देहायअनुसार रहेको छ:

(रु.हजारमा)

| क्र.सं. | राजस्व शीर्षक | वार्षिक लक्ष्य | प्राप्ति | प्राप्ति प्रतिशत |
|---|---|---|---|---|
| १. | मूल्य अभिवृद्धि कर | ८६१८५४० | ८०९४१८१ | ९४ |
| २. | अन्त: शुल्क | ३६९३६६० | २८९६१११ | ७८ |
| ३. | वन रोयल्टी | १५७५१३ | १०३९७४ | ६६ |
| ४. | खानी तथा खनिज सम्बन्धी रोयल्टी | ४११३२ | ४२३६४ | १०३ |
| ५. | विद्युत सम्बन्धी रोयल्टी | ३५६७५४ | ४०३६५५ | ११३ |
| ६. | पर्वतारोहण बापतको रोयल्टी | १८८०२ | १८३७६ | ९८ |
| **जम्मा** | | **१२८८६४००** | **११५५८६६१** | **९०** |

प्राप्त विवरणअनुसार प्रदेश सरकारलाई सङ्घीय सरकारबाट बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवद्धि करबाट लक्ष्यको तुलनामा ९४ प्रतिशत, अन्तःशुल्क लक्ष्यको तुलनामा ७८ प्रतिशत र बाँडफाँट भई प्राप्त हुने वन रोयल्टी लक्ष्यको तुलनामा ६६ प्रतिशत प्राप्त भएको छ। समग्रमा बाँडफाँट प्राप्त हुने राजस्व लक्ष्यको ९० प्रतिशत प्राप्त भएको देखिन्छ।

१७. **स्रोतगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको २०७९।८० र २०८०।८१ को यथार्थ खर्च २०८१।८२ को अनुमान र खर्चको तुलनात्मक विवरण निम्न बमोजिम रहेको छः

(रु.हजारमा)

| क्र.सं. | स्रोत | २०७९।८० को यथार्थ खर्च | २०८०।८१ को यथार्थ खर्च | २०८१।८२ | | गत वर्षको तुलनामा वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | | अनुमान | खर्च | |
| **१** | **सङ्घीय सरकारतर्फ** | **१२९६६६८७** | **११४३०३७७** | **१४०७५६००** | **१०६४४५९३** | **(६.८७)** |
| १.१ | समानीकरण अनुदान | ६७५०७३५ | ६०१००१३ | ८२४३४०० | ६७४१९१६ | १२.१८ |
| १.२ | ससर्त अनुदान | ५३८९१९३ | ३९००६९६ | ३९८५९०० | २६७६८९५ | (३१.३७) |
| १.३ | समपूरक अनुदान | ४०८५८९ | ९४५४८२ | ८५५००० | ५६४५७३ | (४०.२९) |
| १.४ | विशेष अनुदान | ४१८१६९ | ५७४१८६ | ९९१३०० | ६६१२०९ | १५.१६ |
| **२** | **प्रदेश सरकारतर्फ** | **३३८९५२८३** | **३३०८२८२६** | **३४८३१५९९** | **३५७५८७१७** | **८.०९** |
| | **कुल जम्मा** | **४६८६१९६९** | **४४५१३२०३** | **४८९०७१९९** | **४६४०३३१०** | **४.२५** |

स्रोतगत विश्लेषण गर्दा सङ्घीय सरकारतर्फको खर्च २०७९।८० मा रु.१२ अर्ब ९६ करोड ६६ लाख ८७ हजार रहेकोमा २०८०।८१ मा रु.११ अर्ब ४३ करोड ३ लाख ७७ हजार भएको र २०८१।८२ मा गत वर्षको तुलनामा ६.८७ प्रतिशतले घटी भई रु.१० अर्ब ६४ करोड ४५ लाख ९३ हजार खर्च भएको छ। सशर्त तथा समपूरक अनुदानमा क्रमशः ३१.३७ र ४०.२९ प्रतिशत खर्च घटेको देखिएकोले सङ्घीय अनुदान अपेक्षाअनुसार खर्च हुन सकेको देखिएन। प्रदेश सरकारतर्फको आन्तरिक स्रोतबाट हुने खर्च २०८०।८१ मा रु.३३ अर्ब ८ करोड २८ लाख २६ हजार रहेकोमा यो वर्ष ८.०९ प्रतिशतले वृद्धि भई रु.३५ अर्ब ७५ करोड ८७ लाख १७ हजार पुगेको छ।

यसरी स्रोतगत खर्चमा सङ्घीय अनुदान घट्दो र आन्तरिक स्रोतमा निर्भरता बढ्दो देखिएकाले यथार्थपरक स्रोत प्रक्षेपण एवं प्राथमिकता निर्धारण गरी बजेट व्यवस्थापन गर्नुपर्दछ।

१८. **भुक्तानी दायित्व** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१(६) मा विशेष कारण एवं परिस्थितिवश चालु वर्षको बजेटले नखामेको पारिश्रमिक, भत्ता सरुवा भ्रमण खर्च, भाडा एवं सम्झौता बमोजिमको रकम भुक्तानी दिन बाँकीको कच्चाबारी प्रमाणित गरी राख्ने र उपनियम ७ बमोजिम भुक्तानी गर्न सकिने व्यवस्था छ। कार्यालयहरूले समयमा अनिवार्य दायित्व अन्तर्गतको रकम भुक्तानी नगरेकोले गत वर्षको भुक्तानी दायित्व रु.४ करोड ३७ लाख १९ हजार रहेकोमा यो वर्ष चालुतर्फ रु.६ लाख ६२ हजार र पुँजीगततर्फ रु.३ करोड ८२ लाख ८३ हजार गरी जम्मा रु.३ करोड ८९ लाख ४५ हजार भुक्तानी दिन बाँकी रहेको देखिन्छ। मन्त्रालयहरूले एकातर्फ बजेट तथा कार्यक्रम संशोधन एवं रकमान्तर गर्ने र अर्कोतर्फ समयमा भुक्तानी नदिई भुक्तानी दिन बाँकी राखेको उपयुक्त देखिएन। आगामी वर्षको बजेटलाई असर पर्ने गरी दायित्व सिर्जना गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

१९. **बजेट समर्पण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १८ उपदफा २ मा प्रदेश विनियोजन ऐनमा समावेश भएको कुनै रकम र सो रकमबाट सञ्चालन हुने कार्यक्रमको आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म पनि सन्तोषजनक रूपमा कार्यान्वयन नभएको वा हुन नसक्ने ठहर भएमा लेखाउत्तरदायी अधिकृतले त्यस्तो रकम आर्थिक मामिला तथा योजना मन्त्रालयमा समर्पण गर्नुपर्ने व्यवस्था छ। यो वर्ष ६ मन्त्रालयले रु.७२ करोड २९ लाख ८५ हजार बजेट समर्पण गरेकोमा ५ मन्त्रालयले तोकिएको अवधि पश्चात् रु.६९ करोड ३६ लाख ४५ हजार बजेट समर्पण गरेका छन्। कानुनले तोकेको अवधि पश्चात् बजेट समर्पण गर्दा स्रोतको उपयोग नहुने भएकोले समयभित्रै बजेट समर्पण गर्नुपर्दछ।

२०. **ऋण लगानी अनुगमन** - उत्पादन तथा रोजगारी सिर्जनाका लागि सहुलियतपूर्ण ऋण लगानी कार्यविधि, २०७९ मा मन्त्रीको संयोजकत्वमा निर्देशक समिति, सचिवको संयोजकत्वमा अनुगमन समिति, प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला अनुगमन समिति रहने व्यवस्था उल्लेख छ। मन्त्रालयले कृषि विकास बैङ्क लिमिटेडलाई रु.१ अर्ब ६६ करोड र साना किसान विकास लघुवित्त संस्थालाई रु.१ अर्ब ६४ करोड गरी रु.३ अर्ब ३० करोड बढीमा पाँच वर्ष अवधिको लागि लगानी गर्न सहुलियतपूर्ण ऋण उपलव्ध गराएको छ। मन्त्रालयले २०७७।७८ देखि सहुलियतपूर्ण कर्जा उपलब्ध गराएकोमा यो वर्ष रु.७८ करोड २४ लाख ५५ हजार फिर्ता भई कुल ऋण लगानीमध्ये रु.१ अर्ब ३८ करोड ९२ लाख ४२ हजार फिर्ता हुन बाँकी रहेको छ। कार्यविधि अनुसार ऋणको उपयोग तथा परिचालनको सम्बन्धमा अनुगमन नगरेको तथा बैङ्क तथा वित्तीय संस्थाले सम्बन्धित आर्थिक वर्षमा गरेको लगानी र बाँकी राखेको रकमको अभिलेखिकरण गरी आवधिक प्रतिवेदन पेस गर्नुपर्नेमा त्यस्तो प्रतिवेदन प्राप्त भएको छैन। ऋण प्राप्त गर्नको लागि कृषि, पर्यटन, व्यापार, वन तथा वातावरण, महिला तथा दलित समुदायको विकास र फोहोरमैला व्यवस्थापनको क्षेत्र तोकिएकोमा ऋण परिचालन भएको क्षेत्र एवं सोको उपयोग सम्बन्धमा अनुगमन हुनुपर्दछ।

२१. **स्रोत सुनिश्चितता -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व सहमति बेगर कुनै पनि कार्यालयले बहुवर्षीय दायित्व सिर्जना हुने गरी खर्चको प्रतिबद्धता जनाउनु नहुने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकार मातहतका कार्यालयबाट सञ्चालित बहुवर्षीय आयोजनाहरू खरिद प्रक्रियामा गएर २०८१।८२ सम्म बहुवर्षीयतर्फ ६२ र स्रोत सुनिश्चिततातर्फ ४४३ समेत ५०५ योजनाको लागि कुल प्रतिबद्धता रकम रु.४३ अर्ब २१ करोड ८८ लाखमध्ये यस वर्षसम्ममा रु.१६ अर्ब ५४ करोड ५६ लाख भुक्तानी गरी रु.२६ अर्ब ६७ करोड ३२ लाख दायित्व बाँकी रहेको छ। यस्तो भुक्तानी दायित्व गत वर्षको अन्त्यमा रु.१६ अर्ब २९ करोड ८७ लाख ६४ हजार दायित्व बाँकी रहेकोमा केही सम्झौता अन्त्य गरेको र बाँकी बहुवर्षीय तथा प्रतिबद्धताको रकम रु.१६ अर्ब ५१ करोड ३१ लाख बाँकी रहेको छ।

(रु.लाखमा)

| आयोजना/कार्यक्रमको नाम | सङ्ख्या | लागत अनुमान(स्रोत सुनिश्चितता प्राप्त रकम) | स्वीकृत ठेक्का रकम | २०८१।८२ सम्मको खर्च | बाँकी दायित्व | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | २०८२।८३ | | | २०८३।८४ | २०८४।८५ |
| | | | | | विनियोजन हुनुपर्ने | भएको | नपुग | | |
| बहुवर्षीय | ६२ | १३०६२४ | ७५२९७ | ३२४६९ | ३७२३५ | २४४०६ | १२८२९ | ११८९१ | २२८५ |
| स्रोत सुनिश्चितता | ४४३ | ३०१५६५ | २५५२९१ | १३२९८८ | १०४११२ | ६८१९८ | ३५९१५ | १५५१४ | १०७७ |
| **जम्मा** | **५०५** | **४३२१८८** | **३३०५८८** | **१६५४५६** | **१४१३४८** | **९२६०४** | **४८७४४** | **२७४०६** | **३३६२** |

उल्लिखित दायित्व सिर्जनाको विश्लेषण गर्दा यस वर्षको कुल बजेट रु.६४ अर्ब ५४ करोड ४ लाखको २५.५९ प्रतिशत स्रोत सुनिश्चततातर्फको योजनामा खर्च भएको छ। बढी दायित्व सिर्जना हुने गरी कार्य गर्दा आगामी वर्षको नीति, बजेट तथा कार्यक्रमलाई असर पर्ने हुँदा स्रोत सुनिश्चितताको रकम वाञ्छित सीमामा राखी स्रोत सहमति प्रदान गरिएका आयोजना सम्पन्न गर्नुपर्दछ।

२२. **अन्तरसरकारी अख्तियारी** - प्रदेश विनियोजन ऐन, २०८१ को दफा ७(१) मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिई प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले त्यस्तो आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारले जिल्ला समन्वय समिति, मालपोत कार्यालय, नापी कार्यालय, जिल्ला अस्पताल एवं प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् अन्तर्गतका प्राविधिक विद्यालय लगायत विभिन्न १०४ कार्यालयलाई रु.१ अर्ब १५ करोड १९ लाख १७ हजार बजेट विनियोजन गरेकोमा रु.८८ करोड ३८ लाख ५८ हजार खर्च गर्दा अर्थ मन्त्रालयसँग स्वीकृति लिएको देखिए तापनि खर्च गर्दा खर्च गर्ने कार्यको आवश्यकता, कार्यक्षेत्रको स्पष्टता एवं खर्चमा दोहोरोपन नहुने गरी उत्तरदायित्व र नतिजा सुनिश्चित हुने गरी मात्र खर्च गर्नुपर्दछ ।

२३. **अनुदानको अनुगमन** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४२ को उपनियम ३ मा कुनै सङ्घ वा संस्थालाई दिएको रकम जुन कामको लागि दिइएको हो सो काममा लक्ष्यअनुसार खर्च गरे वा नगरेको र त्यस्तो रकमको कानुन बमोजिम लेखापरीक्षण भए वा नभएको अनुगमन गरी वार्षिक विवरण तयार गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारले यो वर्ष विभिन्न निकाय, समिति एवं बोर्डहरूलाई सशर्त चालु एवं निःशर्त समेत रु.१ अर्ब ६२ करोड ३४ लाख ६७ हजार अनुदान शीर्षकमा निकासा गरेको छ। सहायता तथा अनुदान प्रदान गरेको रकमको नियमावलीमा उल्लिखित व्यवस्थाअनुसार वार्षिक विवरण तयार गरेको नदेखिएकोले कानुन बमोजिम खर्च भएको सुनिश्चित हुनुपर्दछ।

२४. **आकस्मिक कोष** - प्रदेश आकस्मिक कोष ऐन, २०७५ को दफा ३ देखि ७ सम्म आकस्मिक कोषको स्थापना तथा सञ्चालनको जिम्मेवारी मन्त्रालयको हुने उल्लेख छ। आगलागी, महामारी, भुकम्प, बाढी, पहिरो लगायतका प्राकृतिक तथा गैर प्राकृतिक विपद् लगायतका आकस्मिक वा अप्रत्याशित कारणबाट सिर्जना भएको विशेष परिस्थितिमा तत्काल गरिने आकस्मिक कार्यको लागि उक्त कोष स्थापना गरिने उल्लेख भएकोमा मन्त्रालयले आकस्मिक कोषको व्यवस्था नगरी मन्त्रिपरिषद्को २०८१।६।१९ को बैठकको निर्णयानुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा प्रदेश विपद् व्यवस्थापन कोषमा अर्थ विविधतर्फबाट रु.१० करोड निकासा गरेको छ। आकस्मिक कोष स्थापना नगरी मन्त्रीपरिषद्को निर्णयबाट अन्य कोषमा रकम निकासा गरेकोमा कानुनले तोकेको व्यवस्था अनुसारको कोष मार्फत आकस्मिक खर्च गर्नुपर्दछ।

२५. **राजस्व प्राप्ति** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त प्रदेश सरकारको कर र अन्य राजस्व प्राप्तितर्फको ३ वर्षको असुली देहायअनुसार रहेको छ:

(रु.हजारमा)

| क्र. सं. | स्रोत | २०७९।८० को यथार्थ असुली | २०८०।८१ को यथार्थ असुली | २०८१।८२ को | | प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | | अनुमान | प्राप्ति | |
| १. | कर राजस्व | २१०३०४०५ | २०७०४८३३ | २७३३५७०० | २३४३४१६१ | ८५.७२ |
| २. | अन्य राजस्व, बेरुजु र अन्य प्राप्ति | ६३६७०९५ | ५५४७१५६ | ७२४५८९९ | ५०५६०१२ | ६९.७७ |
| | **जम्मा** | **२७३९७५००** | **२६२५१९८९** | **३४५८१५९९** | **२८४९०१७३** | **८२.३८** |

यो वर्ष प्रक्षेपणको तुलनामा १७.६२ प्रतिशत न्यून राजस्व असुली गरेको देखिन्छ। यससम्बन्धी थप बेहोरा देहायअनुसार रहेको छः

२५.१. **कृषि आयमा कर** - प्रदेश आर्थिक ऐन, २०८१ को दफा ७(१) मा स्वघोषणा गरी आफ्नो कृषि आय प्रस्तुत गर्नेका लागि कृषि आयमा कर लगाई असुल गरिने र करको नियमन तथा प्रशासन प्रदेश सरकारको कृषि क्षेत्र हेर्ने मन्त्रालय अन्तर्गतको निकायले गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारको एकल अधिकार क्षेत्र रहेको कृषि क्षेत्रको कर रु.१० लाख सङ्कलन गर्ने लक्ष्य राखेकोमा रु.१४ हजार अर्थात् लक्ष्यको तुलनामा १.४ प्रतिशत मात्र सङ्कलन गरेको छ।

२५.२. **वातावरणीय सेवा शुल्क** - प्रदेश आर्थिक ऐन, २०८१ को दफा १० मा प्रदेशभित्र प्लाष्टिकजन्य वस्तुहरूको प्रयोग गर्ने उद्योगहरूबाट अनुसूची-७ बमोजिमको दरमा वातावरणीय सेवा शुल्क डिभिजन वन कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्ने व्यवस्था छ। विभिन्न सामग्रीको प्याकिङ्गमा प्रयोग हुने प्लाष्टिकको प्रति थान ५ पैसा र खाद्य तथा पेय पदार्थ प्याकेजिङ्गमा प्रयोग हुने प्लाष्टिक जारमा प्रति थान १० पैसा सङ्कलन गर्ने उल्लेख गरेकोमा उक्त व्यवस्थाको कार्यान्वयन भएको छैन।

२५.३. **घरजग्गा रजिष्ट्रेसन दस्तुर** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ (१ख) मा स्थानीय तहले घर जग्गा रजिष्ट्रेसन शुल्क उठाउँदा प्रदेशले लगाएको घर जग्गा रजिष्ट्रेसन शुल्क समेत उठाउने व्यवस्था छ। यो वर्ष रजिष्ट्रेसन शुल्क बापत रु.७ अर्ब ७० करोड प्राप्त गर्ने लक्ष्य लिएकोमा रु.६ अर्ब १५ करोड ३० लाख ३ हजार (७९.९१ प्रतिशत) सङ्कलन भएको देखिन्छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले मालपोत कार्यालयबाट बाँडफाँट भई प्राप्त भएको रकमको आधारमा आम्दानी जनाएको एवं मालपोत कार्यालयहरूमा उक्त शीर्षकमा सङ्कलित रकमको अनुगमन संयन्त्र विकास नगरेकोले वास्तविक राजस्व लेखाङ्कन तथा प्रतिवेदन भएको देखिएन।

२५.४. **विभाज्य कोष** - प्रदेश आर्थिक ऐन, २०८१ को दफा ५, ६ र ९ बमोजिम सङ्कलन हुने कर तथा शुल्क सम्बन्धित स्थानीय तहले स्थानीय विभाज्य कोषमा जम्मा गर्ने र सङ्कलित रकममध्ये ४० प्रतिशतले हुन आउने रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यो वर्ष प्रदेश अन्तर्गत स्थानीय तहबाट देहायबमोजिम प्रदेश सञ्चित कोषमा रु.६० करोड ४९ लाख १९ हजार दाखिला भएको छ।

(रु.हजारमा)

| राजस्व शीर्षक | विवरण | गत वर्ष प्राप्त रकम | यो वर्ष प्राप्त रकम | वृद्धि। (घटी) प्रतिशत |
|---|---|---|---|---|
| ११४७१ | बाँडफाँटबाट प्राप्त हुने मनोरन्जन कर | ७००४२ | ६४७०६ | (७.६२) |
| ११४७२ | बाँडफाँटबाट प्राप्त हुने विज्ञापन कर | १७७६६ | ५२६३६ | १९६.२८ |
| १४१५७ | बाँडफाँटबाट प्राप्त हुने दहत्तर वहत्तर शुल्क | ६४३१८२ | ४८७५७७ | (२४.१९) |
| | **जम्मा** | **७३०९९०** | **६०४९१९** | **(१७.२५)** |

मनोरञ्जन कर गत वर्ष रु.७ करोड ४२ हजार सङ्कलन भएकोमा यस वर्ष रु.६ करोड ४७ लाख ६ हजार सङ्कलन भई गत वर्षको तुलनामा ७.६२ प्रतिशत, दहत्तरबहत्तर शुल्कमा २४.१९ प्रतिशत र समग्रमा १७.२५ प्रतिशत न्यून प्राप्ति भएको छ। सुत्र प्रणालीअनुसार विभिन्न २८ स्थानीय तहको २०८१।८२ को विभाज्यकोषमा रु.४ करोड ४५ लाख ८९ हजार राजस्व बाँडफाँट हुन बाँकी रहेकोले सो को ४० प्रतिशतले हुने रु.१ करोड ७८ लाख ३५ हजार प्रदेश सञ्चितकोषमा प्राप्त हुन बाँकी रहेको छ। मन्त्रालयले कानुनमा भएको व्यवस्थाअनुसार स्थानीय तहबाट प्राप्त हुनुपर्ने कर तथा शुल्क प्रदेश सञ्चित कोषमा दाखिला गरे नगरेको सम्बन्धमा यकिन गर्ने अनुगमन संयन्त्र विकास गरी बाँकी रकम प्राप्त गर्नुपर्दछ।

२६. **बजेटको वार्षिक मूल्याङ्कन -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २० मा बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ। मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदन अनुसार प्रदेशको खर्चको आवश्यकता र क्षमताको अनुपातमा प्रदेशलाई प्राप्त हुने राजस्व बाँडफाँट र वित्तीय समानीकरण अनुदानको रकम न्यून रहेको, प्रदेशको आन्तरिक आयको दायरा सीमित भएको, राजस्व असुल गर्ने निकायहरूबीच सूचना आदान प्रदान र समन्वयको कमी रहेको, कार्यान्वयन क्षमता नहेरी बजेट विनियोजन भएको सङ्घ, प्रदेश र स्थानीय तहका कार्यक्रममा दोहोरोपना भएको, दायित्व भुक्तानीमा ठूलो रकम खर्च गर्नुपरेकोले नयाँ आयोजनामा पर्याप्त विनियोजन हुन नसकेको र विगतमा सिर्जित दायित्वको भुक्तानी गर्न बजेट व्यवस्था नगरी थप रकम माग गर्ने प्रवृत्ति रहेको, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बजेट तथा कार्यक्रमबीच तादाम्यता कायम नभएको जस्ता कमी कमजोरी रहेको बेहोरा उल्लेख गरेको छ। बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन उच्च प्राथमिकताका ठूला योजनामा स्रोतको परिचालन, पुँजीगत खर्चमा सुधार, दायित्व व्यवस्थापन तथा राजस्व सङ्कलनलाई सुदृढ गरी बजेट कार्यान्वयन प्रभावकारी बनाउनुपर्दछ।

## प्रदेश लेखा नियन्त्रक कार्यालय

२७. **प्रदेश सञ्चितकोष** - प्रदेश सरकारको २०८१।८२ को प्राप्ति तथा भुक्तानीको सञ्चित कोषको तुलनात्मक विवरण देहायअनुसार छः

(रु.हजारमा)

| विवरण | २०८१।८२ | २०८०।८१ |
|---|---|---|
| **१. राजस्व, अनुदान र अन्य प्राप्ति** | **३९९५६९९४** | **३७६१११५८४** |
| १.१. राजस्व | २८३०५९१५ | २५५०४३९३ |
| १.२. अनुदान | ११४६६८२१ | ११३५९१६९ |
| १.३. बेरूजु तथा अन्य प्राप्ति | १८४२५८ | ७४७५९६ |
| २. वित्तीय व्यवस्थाबाट प्राप्ति | ७८४३३६ | ७०२७०० |
| २.१. ऋण लगानी फिर्ता | ७८४३३६ | - |
| **३. यस वर्षको खुद प्राप्ति (१+२)** | **४०७४१३३०** | **३८३१३८५८** |
| **४. भुक्तानी** | **४६४०३३११** | **४४५१३२०३** |
| ४.१. सञ्चित कोष माथि व्ययभार हुने रकमबाट खर्च | १४०३८ | १३६२७ |
| ४.२. विनियोजन ऐनद्वारा भएको खर्च | ४६३८९२७२ | ४४४९९५७६ |
| क. चालु खर्च | १६९९६१३८ | १५९५८८७६ |
| ख. पुँजीगत खर्च | २९३९३१३५ | २८५४०७०० |

| | | |
|---|---|---|
| ५. विनिमय दर वा अन्य समायोजन | - | - |
| **६. यस वर्षको जम्मा भुक्तानी (४+५)** | **४६४०३३११** | **४४५१३२०३** |
| **७. यस अवधिको कोषमा भएको थप घट (+।-) (३-६)** | **(५६६१९८१)** | **(६१९९३४४)** |
| **८. आर्थिक वर्षको सुरूवातको मौज्दात** | **१९९५८६६०** | **२६१५८००४** |
| **९. आर्थिक वर्षको अन्त्यको मौज्दात (७+८)** | **१४२९६६७९** | **१९९५८६६०** |

गत वर्ष प्राप्ति रु.३८ अर्ब ३१ करोड ३८ लाख ५८ हजार भएकोमा यो वर्ष रु.४० अर्ब ७४ करोड १३ लाख ३० हजार अर्थात् रु.२ अर्ब ४२ करोड ७४ लाख ७२ हजार (६.३४ प्रतिशत) बढी प्राप्ति र खर्चतर्फ गत वर्ष रु.४४ अर्ब ५१ करोड ३२ लाख ३ हजार खर्च भएकोमा यो वर्ष रु.४६ अर्ब ४० करोड ३३ लाख ११ हजार अर्थात् ४.२५ प्रतिशत बढी खर्च भएको देखिन्छ। सञ्चितकोष तर्फ देखिएका थप केही बेहोरा देहायअनुसार रहेको छ।

२७.१. **वर्षान्तको मौज्दात -** सञ्चित कोषको विवरणअनुसार २०८०।८१ मा रु.१९ अर्ब ९५ करोड ८६ लाख ६० हजार रहेकोमा उक्त मौज्दातबाट यो वर्ष रु.५ अर्ब ६६ करोड १९ लाख ८१ हजार खर्च भई यो वर्षको अन्त्यमा रु.१४ अर्ब २९ करोड ६६ लाख ७९ हजार मौज्दात रहेको देखिएको छ। गत वर्षको मौज्दातमध्ये २८.३६ प्रतिशत खर्च गरेको छ।

२७.२. **हसवली राजस्व -** प्रदेश सञ्चित कोषको एकीकृत वित्तीय विवरणअनुसार कर तथा अन्य राजस्व रु.२८ अर्ब ४९ करोड १ लाख ७३ हजार असुल भएको छ। सङ्कलित राजस्व रकममध्ये लगती तथा हसवली राजस्व यकिन नगरेकोले तोकिएबमोजिम लेखा अद्यावधिक गर्नुपर्दछ।

२७.३. **रोयल्टी -** सङ्घीय सरकारको बाँडफाँटबाट प्राप्त हुने २०८१।८२ को विभिन्न शीर्षकका वन, खानी तथा खनिज, विद्युत र पर्वतारोहणसम्बन्धी रोयल्टी प्रदेश सञ्चित कोषमा जम्मा नभएको तथा सञ्चितकोषमा उल्लिखित रु.५६ करोड ८३ लाख ६९ हजार रोयल्टी २०८०।८१ को रहेको छ।

२७.४. **वन क्षेत्रको रोयल्टी -** सङ्घीय विभाज्य कोषमा जम्मा गर्नुपर्ने वन क्षेत्रको रोयल्टी रु.१२ करोड ८१ लाख ८७ हजार सञ्चित कोषमा समावेश नभई उक्त रकम सङ्घीय विभाज्य कोषमा हस्तान्तरण गरेको छ।

२८. **एकीकृत वित्तीय विवरण -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २६ मा प्रदेश लेखा नियन्त्रक कार्यालयले आफ्नो कार्यक्षेत्रभित्रका कार्यालयको कारोबारको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र आर्थिक मामिला तथा योजना मन्त्रालय र महालेखा नियन्त्रक कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। कार्यालयले पेस गरेको प्रदेश सरकारको एकीकृत वित्तीय विवरण देहायअनुसार रहेको छः

(रु.लाखमा)

| क्र.सं. | विवरण | चालु आ.व.को कारोबार | गत आ.व. को कारोबार |
|---|---|---|---|
| **१** | **प्राप्ति** | | |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | ३९९५७० | ३७६११२ |
| | लगानी तथा वित्तीय प्राप्ति | ७८४३ | ७०२७ |
| | **कुल प्राप्ति** | **४०७४१३** | **३८३१३९** |
| **२** | **भुक्तानी** | **०** | **०** |
| **३** | **कुल जम्मा भुक्तानी** | **४६४०३३** | **४४५१३२** |

| क्र.सं. | विवरण | चालु आ.व.को कारोबार | गत आ.व. को कारोबार |
|---|---|---|---|
| ४ | बचत/कमी | (५६६२०) | (६१९९३) |
| ५ | अन्य कोषको मौज्दातको थप/घट (+/-) | ४३०४ | २३४० |
| ६ | यस आ.व.को नगद तथा बैङ्क मौज्दात (बचत/(कमी)) | (५२३१६) | (५९६५३) |
| ७ | गत आ.व.को नगद तथा बैङ्क मौज्दात | २३४८८२ | २९४५३५ |
| ८ | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | ० | ० |
| ९ | आ.व. अन्तको बाँकी नगद तथा बैङ्क मौज्दात | १८२५६६ | २३४८८२ |

उल्लिखित विवरणअनुसार यो वर्षको रु.४० अर्ब ७४ करोड १३ लाख प्राप्ति रहेकोमा भुक्तानी रु.४६ अर्ब ४० करोड ३३ लाख भएको देखिन्छ। प्रदेशको अन्य कोषको मौज्दात थप/घट रु.४३ करोड ४ लाख रहेको छ। गत वर्षको अन्त्यमा रु.२३ अर्ब ४८ करोड ८२ लाख बैङ्क मौज्दात रहेकोमा यो वर्षको अन्त्यमा मौज्दात रु.१८ अर्ब २५ करोड ६६ लाख रहेको छ।

यो वर्ष कृषि विकास बैङ्क लिमिटेडबाट रु.६८ करोड २४ लाख ५६ हजार र साना किसान विकास बैकबाट रु.१० करोड समेत रु.७८ करोड २४ लाख ५६ हजार ऋण लगानीको साँवा फिर्ता गरेकोमा वित्तीय विवरणको टिप्पणी नं.२.२ मा प्रविष्टी नगरी म्यानुअल हिसाब राखेको, टिप्पणी नं. १४ मा खर्चको प्रतिबद्धताको रकम प्रविष्टि नगरेको र टिप्पणी नं. १५ मा लिन/उठ्न बाँकी रकमको विवरण प्रविष्ट नगरेकोले वित्तीय विवरणले यर्थाथ चित्रण गरेको छैन।

२९. **सम्पत्तिको एकीकृत विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४९ (३) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकार अन्तर्गत सबै कार्यालयको एकीकृत जिन्सी प्रतिवेदन तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा आश्विन मसान्तभित्र पठाउनुपर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको सम्पत्ति रु.८ अर्ब ३५ करोड ९ लाख ७५ हजार रहेको छ। सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट तयार गरेको विवरणमा सबै सम्पत्तिहरू समावेश हुन नसकेको, मन्त्रालय थपघट हुँदा विवरण अद्यावधिक नगरेको, स्वास्थ्य क्षेत्रसँग सम्बन्धित औषधिजन्य सामग्रीको प्रविष्टी छुट्टै प्रणालीमा हुने गरेको, प्रदेश सरकारले उपयोग गरेपनि घरजग्गा नामसारी नभएकोजस्ता कारणले घरजग्गा अभिलेख व्यवस्थित नगरेको अवस्था छ। प्रदेश अन्तर्गतका सबै कार्यालयको सार्वजनिक सम्पत्तिको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

३०. **कार्यसञ्चालन तथा विविध कोष** - प्रदेश अन्तर्गतका कार्यालयहरूको कार्यसञ्चालन तथा विविध कोष विवरणअनुसार गत वर्षको मौज्दात रु.७६ करोड ३० लाख २ हजार रहेकोमा यस वर्षको आम्दानी रु.१ अर्ब ७२ करोड ९५ लाख ५३ हजार समेत जम्मा आय रु.२ अर्ब ४९ करोड २५ लाख ५५ हजार भएकोमा रु.१ अर्ब ६० करोड ४७ लाख खर्च भई रु.८८ करोड ७८ लाख ५५ हजार मौज्दात देखिन्छ। कार्य सञ्चालन कोषमा रहेको रकममध्ये रु.३७ करोड ७५ लाख ६६ हजार (४२.५३ प्रतिशत) सामाजिक विकास मन्त्रालय अन्तर्गतका कार्यालयको रहेको देखिन्छ। मन्त्रालय तथा अन्य कार्यालयमा प्रयोजन विहिन रहेको तथा कानुन बमोजिम राजस्व खातामा जम्मा गर्नुपर्ने रकम यकिन गरी सदरस्याहा गर्नुपर्दछ। यससम्बन्धी विवरण **अनुसूची-१३** मा छ।

३१. **धरौटी** - प्रदेश अन्तर्गतका कार्यालयहरूको धरौटीको आम्दानी र खर्च विवरणअनुसार गत वर्षको मौज्दात रु.२ अर्ब ७६ करोड ६५ लाख ५५ हजार रहेकोमा यो वर्ष प्राप्त रु.१ अर्ब ६९ करोड ६४

लाख ४८ हजार समेत रु.४ अर्ब ४६ करोड ३० लाख ३ हजार रहेको देखिन्छ। यो वर्ष फिर्ता भएको रु.१ अर्ब ३९ करोड ८ लाख ९१ हजार घटाउँदा रु.३ अर्ब ७ करोड २१ लाख १२ हजार धरौटी रहेको छ। प्रदेश मातहत रहेको १७ मन्त्रालय तथा निकायमा यो वर्षको अन्त्यमा रहेको मौज्दात रकममध्ये रु.१ अर्ब ४९ करोड ३२ लाख ३३ हजार (४८.६१ प्रतिशत) भौतिक पूर्वाधार विकास मन्त्रालयको रहेको देखिन्छ। प्रयोजन विहिन रहेको तथा कानुन बमोजिम राजस्व खातामा जम्मा गर्नुपर्ने राजस्व रकम यकिन गरी सदरस्याहा गर्नुपर्दछ।

३२. **आन्तरिक लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३२ मा प्रदेश सरकार अन्तर्गतका कार्यालयहरू तथा स्थानीय तहको आर्थिक कारोबारको प्रत्येक चौमासिक समाप्त भएको एक महिनाभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सो कार्यालयले तोकेको प्रदेश लेखा इकाई कार्यालयबाट आन्तरिक लेखापरीक्षण हुने उल्लेख छ। यो वर्ष प्रदेश माताहतका १४ मन्त्रालय तथा प्रदेश सरकारले अख्तियारी कार्यालय तथा स्थानीय तह समेत गरी ३४८ कार्यालयको आन्तरिक लेखापरीक्षण गरी प्रतिवेदन गरेकोमा असुल गर्नुपर्ने रु.७९ लाख १३ हजार, नियमित गर्नुपर्ने रु.१४ करोड ९ लाख ४५ हजार र पेस्की बाँकी रु.१६ करोड ५० लाख १३ हजार समेत रु.३१ करोड ३८ लाख ७२ हजार बेरुजु औंल्याएकोमा सो मध्ये फर्स्यौंट रकमको विवरण खुलाएको छैन। उक्त बेरुजु अन्तिम लेखापरीक्षण अगावै फर्स्यौंट गर्नुपर्दछ।

३३. **तलबी प्रतिवेदन** - प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६(४) मा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९ को उपदफा ५ मा स्थानीय तहहरूले प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा लेखा इकाई कार्यालयबाट तलबी प्रतिवेदन पारित गराइ तलब भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यो वर्ष प्रदेश मातहत कर्मचारी पारिश्रमिक तथा सुविधा शीर्षकमा रु.२ अर्ब ६६ करोड ३२ लाख खर्च भएकोमा लेखापरीक्षणको क्रममा विभिन्न जिल्ला अन्तर्गत रहेका प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयबाट तलबी प्रतिवेदन पास नगरी केही प्रदेश कार्यालय तथा स्थानीयतहका कर्मचारीको तलब भत्ता भुक्तानी गरेको देखियो। कानुनमा भएको व्यवस्था बमोजिम कर्मचारीहरूको तलबी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च गर्नुपर्दछ।

३४. **स्थानीय तहबाट फिर्ता रकम** - प्रदेश विनियोजन ऐन, २०८१ को दफा ६ (१०) मा सशर्त, समपूरक र विशेष अनुदानको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा त्यस्तो बचत रकम सम्बन्धित स्थानीय तहले सोही वर्ष फिर्ता गर्नुपर्ने व्यवस्था छ। यो वर्ष प्रदेश सरकारले प्रदेशभित्रका ११९ वटा स्थानीय तहलाई सशर्त, समपूरक र विशेष अनुदान समेत रु.४ अर्ब ८० करोड ३९ लाख ४१ हजार निकासा गरेकोमा सुत्र प्रणालीअनुसार २०८१।८२ मा ११९ वटा स्थानीय तहबाट खर्च नभइ बाँकी रहेको रु.१ अर्ब ४० करोड ५२ लाख ४४ हजार फिर्ता गर्नुपर्ने देखिएकोमा रु.१ अर्ब ४३ करोड ५४ लाख ८१ हजार अर्थात् फिर्ता गर्नुपर्नेभन्दा रु.३ करोड २ लाख ३८ हजार बढी र वर्षान्तपश्चात् रु.३ करोड ५९ लाख ५० हजार फिर्ता गरेको देखिन्छ। विगत वर्षमा फिर्ता हुन बाँकी रकम समेत यो वर्ष फिर्ता गरेको देखिन्छ। सालबसालीरूपमा सशर्त, विशेष र समपूरकतर्फको खर्च नभई बचत भएको रकमको अभिलेखीकरण गरी सोही वर्षान्तमा रकम फिर्ता गरेको सुनिश्चित गर्नुपर्दछ।

३५. **मन्त्रालयगत निकासा र खर्च** - मन्त्रालयगत/निकायगत निकासा र खर्चको विवरण अनुसार प्रदेशले यो वर्ष रु.४६ अर्ब ४० करोड ३३ लाख ११ हजार खर्च गरेकोमध्ये निकायगत र मन्त्रालयगत निकासा र खर्चको विवरण निम्नानुसार छः

(रु.हजारमा)

| मन्त्रालय।निकाय | निकासा।खर्च | | | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | चालु | पुँजीगत | जम्मा | |
| प्रदेश सभा सचिवालय | २१०६०३ | ४४९३५ | २५५५३८ | ०.५५ |
| प्रदेश लोक सेवा आयोग | ६६५०८ | ७२३२ | ७३७४० | ०.१६ |
| मुख्य न्यायाधिवक्ताको कार्यालय | १८४११ | १२६६ | १९६७७ | ०.०४ |
| मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २३२९४७ | १४००६ | २४६९५३ | ०.५३ |
| आर्थिक मामिला तथा योजना मन्त्रालय | ११८८१३ | ३६८७६ | १५५६८९ | ०.३४ |
| उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय | ४१९३७३ | १०६६३१ | ५२६००५ | १.१३ |
| कृषि तथा पशुपन्छी विकास मन्त्रालय | १४९२१९६ | १९४१९९ | १६८६३९५ | ३.६३ |
| खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय | ३०५८२७ | ६६४६७०३ | ६९५२५३० | १४.९८ |
| आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २२२०९६ | १५५९५४ | ३७८०५० | ०.८१ |
| संस्कृति,पर्यटन तथा सहकारी मन्त्रालय | १७५६५२ | १८२८८२१ | २००४४७३ | ४.३२ |
| सहकारी तथा गरिबी निवारण मन्त्रालय | ५४१३६ | ८४६४ | ६२६०० | ०.१३ |
| वन तथा वातावरण मन्त्रालय | ८३८१५९ | १८२६१९३ | २६६४३५२ | ५.७४ |
| भौतिक पूर्वाधार विकास मन्त्रालय | २९७३७२ | १७०४६४२१ | १७३४३७९२ | ३७.३८ |
| युवा तथा खेलकुद मन्त्रालय | २६०९०० | ३८९९६५ | ६५०८६५ | १.४ |
| सामाजिक विकास मन्त्रालय | २६७४५१४ | ३४२२८१ | ३०१६७९६ | ६.५ |
| स्वास्थ्य मन्त्रालय | २७३१३५० | ५६५२९६ | ३२९६६४५ | ७.१ |
| श्रम, रोजगार तथा यातायात मन्त्रालय | ३९७९२३ | १७५८६३ | ५७३७८६ | १.२४ |
| प्रदेश नीति तथा योजना आयोग | २६९५३ | २०२९ | २८९८३ | ०.०६ |
| स्थानीय तह | ६४६६४४२ | ० | ६४६६४४२ | १३.९४ |
| **जम्मा** | **१७०१०१७६** | **२९३९३१३५** | **४६४०३३११** | **१०० |

उपर्युक्त अनुसार सबैभन्दा बढी विनियोजित बजेटको ३७.३८ प्रतिशत भौतिक पूर्वाधार विकास मन्त्रालयले र सबैभन्दा घटी ०.०४ प्रतिशत मुख्य न्यायाधिवक्ताको कार्यालयले खर्च गरेको देखिन्छ।

३६. **जिल्लागत निकासा र खर्च**- यो वर्षको जिल्लागत निकासा र खर्चको बेहोरा देहायअनुसार रहेको छः

(रु.हजारमा)

| जिल्ला | बजेट | बजेट प्रतिशत | चालु खर्च | पुँजीगत खर्च | जम्मा खर्च | कुल खर्च अनुसार खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| दोलखा | २३१४६८३ | ३.५९ | ७२५१५३ | ११६१११२ | १८८६२६५ | ४.०६ |
| रामेछाप | २७२४६७७ | ४.२२ | ६७७८७६ | १४४२०३४ | २११९९१० | ४.५७ |
| सिन्धुली | ३६७४४९३ | ५.६९ | ९४७८६९ | २०४५२४१ | २९९३११० | ६.४५ |
| काभ्रेपलान्चोक | ५३३४४९२ | ८.२७ | १६३६१४१ | २५३७४८४ | ४१७३६२६ | ८.९९ |
| सिन्धुपाल्चोक | ४०९४५०४ | ६.३४ | ९०२०५१ | २३४३२४८ | ३२४५२९९ | ६.९९ |
| रसुवा | १०२२७३४ | १.५८ | २९६३८९ | ५७४५८१ | ८७०९७० | १.८८ |
| नुवाकोट | ५०८२१९० | ७.८७ | १००७५६४ | ३२२८५८१ | ४२३६१४५ | ९.१३ |
| धादिङ | ४३३५८४६ | ६.७२ | १३३१३६६ | २१९८१८५ | ३५२९५५१ | ७.६१ |

| जिल्ला | बजेट | बजेट प्रतिशत | चालु खर्च | पुँजीगत खर्च | जम्मा खर्च | कुल खर्च अनुसार खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| चितवन | ३६१९८८० | ५.६१ | १२६५१०१ | १६१७९२९ | २८८३०३१ | ६.२१ |
| मकवानपुर | २०००००० | ३०.९९ | ४९१४७६२ | ६४५८७५७ | ११००००० | २३.७१ |
| भक्तपुर | २९१२४९१ | ४.५१ | ६८१७१४ | १५१४३१६ | २१९६०३१ | ४.७३ |
| ललितपुर | ४५७५३९५ | ७.०९ | १२६६०६८ | २११२७७६ | ३३७८८४४ | ७.२८ |
| काठमाडौं | ४७५४४५७ | ७.३७ | १३५८१२१ | २१५८८८८ | ३५१७०१० | ७.५८ |
| **जम्मा** | **६४५४०४३१** | **१००** | **१००१०१७६** | **२९३९३१३५** | **४६४०३३११** | **१००** |

उल्लिखित विवरणअनुसार सबैभन्दा बढी विनियोजन भएको जिल्लाहरूमा क्रमशः मकवानपुर, नुवाकोट र काभ्रेपलाञ्चोक र सबैभन्दा न्यून विनियोजन भएको जिल्ला रसुवा रहेको छ। स्रोतको बाँडफाँट र परिचालन गर्दा आवश्यकता, जनसङ्ख्या, विकासको अवस्था र क्षेत्रगत सन्तुलनको पक्षलाई ध्यान दिनुपर्दछ।

३७. **बेरुजुको लगत** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३६ मा आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तिर्नु बुझाउनुपर्ने भनी ठहऱ्याइएको बेरुजुको एकीकृत लगत प्रदेश लेखा नियन्त्रक कार्यालयले राख्नुपर्ने उल्लेख छ।कार्यालयले पेस गरेको बेरुजु विवरण अनुसार २०७४।७५ देखि २०८१ आषाढ मसान्तसम्म प्रदेश अन्तर्गत रु.३ अर्ब २४ करोड बेरुजु फर्स्यौंट हुन बाँकी उल्लेख छ। महालेखापरीक्षकको सातौं वार्षिक प्रतिवेदनमा रु.४ अर्ब ८६ करोड ८९ लाख ६६ हजार बेरुजु रहेकोमा रु.२८ करोड २२ लाख ४८ हजार सम्परीक्षण भई सम्परीक्षणबाट कायम रु.१ लाख ८२ हजारसमेत विगतको रु.४ अर्ब ५८ करोड ६९ लाख हजार बेरुजु बाँकी रहेको देखिन्छ। कार्यालयले राखेको लगत र यथार्थ बेरुजुको विवरण भिडान भएको देखिएन। निकायहरूले बेरुजुको लगत अद्यावधिक नगरेको तथा सम्बन्धित निकायमा बेरुजुको यथार्थ विवरण नरहेको कारण बेरुजु फर्स्यौंट एवं सम्परीक्षणको कार्यमासमेत प्रभाव परेको छ। ऐनको व्यवस्थाबमोजिम बेरुजुको लगत व्यवस्थापन, फर्स्यौंट अभिलेख, तथा सम्परीक्षण गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा उल्लेख भएको वर्षको अन्तमासमेत रकमान्तर गरेको, नीति तथा कार्यक्रम पुर्णरूपमा कार्यान्वयन नभएको, रकमान्तरलाई कानुनको सीमाभित्र नराखेको, लक्ष्यअनुसार राजस्व असुली नभएको, कार्यक्षेत्रअनुसार बजेट विनियोजन नगरी सङ्घीय कार्यालयलाई समेत बजेट विनियोजन गरेको, बजेट कार्यान्वयन नभएको लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण-** मन्त्रालय र मातहतसमेत १२ निकायमा लगती बेरुजु देखिएको छैन। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

# उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन, नियमन र प्रतिवेदनसम्बन्धी कार्यहरू गर्दछ।

- व्यापार/वाणिज्य र बजार प्रतिस्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन एवं नियमन र सिन्डिकेट तथा कार्टेलिङ्ग नियन्त्रण,
- प्रादेशिक व्यापार पूर्वाधार निर्माण, प्रवर्धन, सहजिकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण अध्ययन तथा अनुसन्धान र नियमन,
- खानी तथा खनिज पदार्थको अन्वेषण एवम् पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, नगद सङ्कलन, अभिलेखाङ्कन, अन्वेषण र व्यवस्थापन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र सङ्घसँग समन्वय,
- भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सासम्बन्धी,
- कलकारखाना, औद्योगिकीकरण सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,
- उद्योग दर्ता, अनुमति, नवीकरण एवम् औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन,
- प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास तथा औद्योगिक क्षेत्र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार,
- मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण नियमन र सो सम्बन्धमा सङ्घ र स्थानीय तहसँग समन्वय,
- उपभोक्ता अदालत गठन र सञ्चालन,
- उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्धन, उपभोक्ता जागरण कार्यक्रम एवं सो सम्बन्धमा सङ्घ र स्थानीय तहसँग समन्वय,
- भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दीसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन,
- निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन,
- जग्गादर्ता, रजिष्ट्रेसन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरणसम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
- सुरक्षित बसोबास र जग्गा एकीकरणसम्बन्धी नीति कार्यान्वयन,
- गुठी तथा गुठी जग्गा व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा ।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेत १५ निकायको निम्नानुसार रु.७ अर्ब ११ करोड ७१ लाख ९५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| ५२६००५ | ६५२७४९४ | १८६९४ | ४५००२ | ७११७१९५ |

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| **चालु खर्च** | | | | |
| २११०० पारिश्रमिक सुविधा | १०६७१३ | १०७१०९ | ६०३३५ | ५६.३३ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ११२६ | ११२६ | ३५० | ३१.०८ |
| २२१०० सेवा महशुल | ५६७५ | ५७२७ | ४२४१ | ७४.०५ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन र मर्मत | १९४५६ | १९९०६ | १७१९९ | ८६.४० |
| २२३०० कार्यालय सामान तथा सेवा | १२६६७ | १२३८० | ११३५९ | ९१.७५ |
| २२४०० सेवा तथा परामर्श खर्च | ४९७६३ | ४९२६५ | ३७७७८ | ७६.६८ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्च | ३०२०३६ | ३०४५६७ | २२६१६१ | ७४.२६ |
| २२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | ८७५५ | ८८०४ | ७२१२ | ८१.९२ |
| २२७०० विविध खर्च | ४६४१ | ५२४७ | ५१५७ | ९८.२८ |
| २६००० अन्य | ८४१०० | ८२३०० | ४३९५६ | ५३.४१ |
| २७००० उपदान तथा सेवा | ० | ३६७८० | ३६७८० | १००.०० |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | २०७४ | २०७४ | १९४६ | ९३.८३ |
| **जम्मा** | **५९७००६** | **६०२१८४** | **४१९३७३** | **६९.६४** |
| **पुँजीगत खर्च** | | | | |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | १३१४९४ | १३५७३३ | १०६६३१ | ७८.५६ |
| **कुल जम्मा** | **७२८५००** | **७३७९१७** | **५२६००५** | **७१.२८** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ६९.६४ प्रतिशत, पुँजीगततर्फ ७८.५६ प्रतिशत र समग्रमा ७१.२८ प्रतिशत मात्र खर्च भएको देखिन्छ।

३. **आवधिक योजना -** प्रदेशको दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) मा उद्योगग्राम, औद्योगिक क्षेत्र र यातायात सुविधा पुगेका उपयुक्त स्थानहरूमा उद्योगहरूको क्लस्टरिङ, सम्भाव्यताका आधारमा रामेछाप, सिन्धुली, दोलखा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, रसुवा, धादिङ र मकवानपुरमा जडीबुटीमा आधारित औषधीजन्य वस्तुको प्रशोधन, उत्पादन र निर्यातमा सहयोग, व्यावसायिक उत्पादनको सम्भावना भएका खनिजको उत्खनन गर्न तीन तहका सरकारसँग सहकार्य, नवप्रवर्तनलाई प्रवर्धन गर्ने नवप्रवर्तन कोष स्थापना र सञ्चालन, एक स्थानीय तह एक विशेष उत्पादन प्रवर्धन, महिला, दलित, विपन्न समुदायले सञ्चालन गरेका उद्योगहरूको लागि सहुलियतपूर्ण कर्जाको व्यवस्था, गोदामघर तथा शीतभण्डार निर्माणमा सहयोग, व्यापारिक केन्द्रहरूमा मुख्य वस्तुहरूको मूल्यसम्बन्धी तथ्याङ्क सङ्कलन गरी डिजिटाइजेसन गर्ने कार्यहरू यो वर्ष गर्ने उल्लेख भएकोमा उक्त कार्यक्रम कार्यान्वयन भएको पाइएन। आवधिक योजनामा उल्लेख भएका कार्यक्रमलाई नीति तथा कार्यक्रम र बजेटमा व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन** - प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ। प्रदेश सरकारको यो वर्षको नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख यस मन्त्रालयसँग सम्बन्धित कार्यहरूको कार्यान्वयन अवस्था देहाय बमोजिम रहेको छः

| विषय | कार्यान्वयन अवस्था |
|---|---|
| प्रादेशिक औद्योगिक नीति तथा वाणिज्य नीति तर्जुमा गर्ने। | प्रादेशिक औद्योगिक नीति तथा वाणिज्य नीति मस्यौदा छलफलको चरणमा रहेको। |
| प्रदेश लगानी बोर्ड गठनको लागि आवश्यक नीतिगत र कानुनी व्यवस्था गरी संस्थागत संरचना विकास गर्ने। | कार्यान्वयन नभएको। |
| स्टार्टअप र नवप्रवर्तन कार्यक्रमलाई निजी शैक्षिक क्षेत्रसँग सहकार्य गरी आवश्यक प्राविधिक सहयोग र बीउपुँजी उपलब्ध गराउने। | कार्यान्वयन नभएको। |
| प्रदेशमा सञ्चालित सूचना प्रविधिसँग सम्बन्धित कम्पनीहरूलाई आइ.टी. पार्कभित्र वर्कस्टेशन सञ्चालन गर्न निःशुल्क स्थान उपलब्ध गराउने र त्यस्तो वर्कस्टेसनमा सूचीकृत भई काम गर्ने आइ.टी. कम्पनीहरूबाट उत्पादित वस्तु तथा सेवा बिक्रीको आधारमा प्रोत्साहन सुविधा उपलब्ध गराउने। | कार्यान्वयन नभएको। |
| व्यवसाय दर्ता, नवीकरण लगायतका कार्यलाई आगामी आर्थिक वर्षदेखि अनलाइन प्रणालीमा आवद्ध गर्ने। | कार्यान्वयन नभएको। |
| एक स्थानीय तह, एक उद्योग ग्राम कार्यक्रमको कार्यान्वयन गर्ने र सम्भाव्यता अध्ययन पूरा भइसकेका औद्योगिक ग्रामहरूको पूर्वाधार निर्माण सुरु गर्ने। | एक स्थानीय तह, एक उद्योग ग्राम कार्यक्रमको कार्यान्वयनको लागि कार्यविधि तर्जुमा गर्ने क्रममा रहेको। |
| हेटौंडामा प्रदेशस्तरीय खाद्य गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गर्ने। | कार्यान्वयन नभएको। |
| ललितपुर जिल्लामा हस्तकला ग्राम स्थापना गरी सञ्चालन गर्ने, नुवाकोट जिल्लामा औद्योगिक क्षेत्र स्थापनाको लागि सम्भाव्यता अध्ययन गर्ने। | प्रदेश हस्तकलाग्राम स्थापना तथा सञ्चालन ऐन २०८१ तर्जुमा भएको अन्य कार्यान्वयन नभएको। |
| सार्वजनिक-निजी साझेदारीमा धादिङ, रसुवा, सिन्धुपाल्चोक, दोलखा र रामेछाप जिल्लाका हिमाली भेगको पानीको प्रशोधन, उत्पादन र निर्यात गर्न सम्भाव्यता अध्ययन गर्ने। | कार्यान्वयन नभएको। |
| वैज्ञानिक भू-उपयोग नीति अनुरूप सरकारी, सार्वजनिक, गुठी र व्यक्ति विशेषका जग्गाहरूको व्यवस्थित डिजिटल अभिलेख तयार गर्ने, स्थानीय तहसँगको सहकार्यमा प्रदेश भित्र जग्गा एकीकरण तथा चक्लाबन्दी कार्यक्रम सुरु गर्ने | सार्वजनिक जग्गाहरूको अभिलेखिकरणको लागि प्रादेशिक स्पाटियल डाटा सिस्टम तयार गरेको र तथ्याङ्क अद्यावधिक को क्रममा रहेको, स्थानीय तहसँगको सहकार्यमा प्रदेशभित्र जग्गा एकीकरण तथा चक्लाबन्दी कार्यक्रम नभएको |

नीति तथा कार्यक्रम अनुसार बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ।

५. **कार्यक्रम कार्यान्वयन** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक निकायले तोके अनुसारको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी तालुक निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने र नियम २७ मा चौमासिक प्रगति विवरण प्राप्त भएपछि तालुक नियकायले त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयलये सो अनुसार प्रगति विवरण तयार गरी समीक्षा गरेको छैन। मन्त्रालयको यो वर्षको वार्षिक स्वीकृत कार्यक्रममा उद्योग तथा वाणिज्य दर्ता फाइल डिजिटाइजेसन, मन्त्रालयबाट स्वीकृत भएका वातावरणीय अध्ययन प्रतिवेदनको कार्यान्वयन अवस्था अध्ययन, चक्लाबन्दी र जग्गा एकीकरण गर्ने स्थानीय तहको सहकार्यमा नमुना कार्यक्रम सञ्चालन, सूचना प्रविधि वर्क स्टेशन सञ्चालनसम्बन्धी सम्भाव्यता अध्ययन लगायतका ९ कार्यक्रम कार्यान्वयनको लागि रु.१ करोड ७५ लाख बजेट विनियोजन भएकोमा उक्त कार्यक्रमहरू कार्यान्वयन भएका छैनन्। स्वीकृत कार्यक्रम कार्यान्वयन गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ।

६. **उद्योगको अभिलेख** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० बमोजिम उद्योग दर्ता, अनुमति, नवीकरण एवं खारेजी मन्त्रालयको कार्यक्षेत्र रहेको छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार यस वर्ष मन्त्रालय मातहत कार्यालयहरूबाट ४ हजार ७२२ उद्योग र २ हजार ३८८ वाणिज्य दर्ता गरेकोमा नवीकरण, अनुमति एवं खारेजीको विवरण तयार गरेको छैन। मन्त्रालयको वार्षिक कार्यक्रममा उद्योग तथा वाणिज्य दर्ता फाइल डिजिटाइज कार्यको लागि रु.१५ लाख बजेट विनियोजन भएकोमा डिजिटाइजेसनको कार्य भएको छैन। मन्त्रालयले उद्योग दर्ता, नवीकरण, अनुमति एवं खारेजीको अभिलेख अद्यावधिक गर्नुपर्दछ।

७. **संस्था छनोट** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २० (१) मा प्रत्येक कार्यालयले बजेट तर्जुमा दिग्दर्शन र परिपत्रको अधीनमा रही उपयुक्त कार्यक्रम गर्न लक्ष्य निर्धारण गरी सोको आधारमा आगामी वर्षको बजेट पेस गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ (२) मा सार्वजनिक निकायले १० लाख रुपैयाँसम्मको काम गराउनको लागि मौजुदा सूचीमा समावेश गैरसरकारी संस्थालाई सूचना प्रकाशन एवं प्रस्ताव माग गरी छनोट गर्ने तथा उपनियम ८ बमोजिम १० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको काम गराउनको लागि खुलारूपमा आशयपत्र माग गरी परामर्श सेवा खरिदको प्रक्रिया अवलम्बन गर्नुपर्नेमा संस्था तोकेर बजेट विनियोजन गरी ती निकायबाटै विना प्रतिस्पर्धा सीप विकास तालिम कार्यक्रम सञ्चालन गरेको पाइयो। यसका केही उदाहरण निम्न छन्;

(रु.हजारमा)

| कार्यालय | कार्यक्रमको नाम | विनियोजित बजेट |
|---|---|---|
| उद्योग वाणिज्य कार्यालय, काठमाडौं | फुटवेयर म्यानुफ्याक्चर्स एशोसियसन अफ नेपालको सहकार्यमा कालिगढ जुता तालिम | २००० |
| | सुन चाँदी व्यवसायी महासङ्घको सहकार्यमा कालिगढ तालिम | २००० |
| | मोतीदेवि स्मृति केन्द्रको सहकार्यमा महिला सशक्तिकरणको लागि उद्यमशीलता तालिम | १००० |
| | प्रगतिशील महिला समाज महिला उद्यमशीलता तालिम | ६०० |
| | कीर्तिपुर नगर महिला उद्यम समाजको सहकार्यमा महिला उद्यम सीप विकास तालिम | १००० |
| | सीतापाइला जेसिजको सहकार्यमा उद्यमशीलता तथा ई कमर्श तालिम | ५०० |
| उद्योग वाणिज्य कार्यालय, चितवन | बागमती उद्योग परिषद महिला समितिको सहकार्यमा हस्तकला उद्यमशीलता विकास तालिम | ८०० |
| | रत्ननगर उद्योग वाणिज्य महासङ्घको सहकार्यमा नयाँ उद्यमीलाई व्यावसायिक तालिम | ६०० |
| उद्योग वाणिज्य कार्यालय, ललितपुर | बागमती प्रदेश हस्तकला सङ्घको समन्वयमा काष्ठकला, हस्तकला प्रर्वधन तालिम | २००० |
| | फुटवेयर म्यानुफ्याक्चर्स एशोसियसन अफ नेपालको सहकार्यमा जुता कालिगढ तालिम | २०० |
| उद्योग वाणिज्य कार्यालय, मकवानपुर | लघु उद्यमीसङ्घ मकवानपुरको सहकार्यमा स्वेदशी नेपाली कागज उत्पादन सम्बन्धी तालिम | ८०० |
| उद्योग वाणिज्य कार्यालय, भक्तपुर | फुटवेयर म्यानुफ्याक्चर्स एशोसियसन अफ नेपालको सहकार्यमा कालीगढ जुत्ता तालिम | २००० |
| उद्योग वाणिज्य कार्यालय, काभ्रेपलाञ्चोक | बागमती प्रोस्कुनको सहकार्यमा महिला उद्यमशीलता विकास तालिम | १५०० |

गैर सरकारी संस्थाको नाममा बजेट विनियोजन गरी प्रतिस्पर्धा बेगर कार्यक्रम सञ्चालन गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

## उद्योग तथा वाणिज्य कार्यालयहरू

८. **प्रविधि हस्तान्तरण** - प्रविधि हस्तान्तरण कार्यविधि, २०८१ को दफा ८ मा उद्यमीले प्राप्त गरेको प्रविधिको उचित सदुपयोग नभएमा वा नगरेमा कार्यालयले त्यस्तो मेसिन जफत गर्ने वा सो मेसिन बापत प्रदान गरिएको रकम असुल गर्ने, एक पटक प्रविधि हस्तान्तरण गरिएका उद्यमीलाई तीन वर्ष व्यतित नभई पुनः प्रविधिसम्बन्धी अनुदान कार्यक्रममा सहभागी नगराइने उल्लेख छ। यो वर्ष उद्योग तथा वाणिज्य कार्यालय, काठमाडौं, भक्तपुर, ललितपुर लगायत ९ कार्यालयले प्रविधि हस्तान्तरणमा रु.२ करोड ४२ लाख २१ हजार खर्च गरेका छन्। विगत वर्षहरूमा समेत यस्ता कार्यक्रम रहेकोमा अनुदानग्राहीको अभिलेख अद्यावधिक नगरेको र यस्तै प्रकारको अनुदान स्थानीय र सङ्घीय सरकारबाट समेत वितरण हुने भएकोले दोहोरो पर्नजाने देखिन्छ। वितरित अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गरी खर्चमा पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि अनुदान प्राप्त गर्ने अनुदानग्राहीको अभिलेख अद्यावधिक गरी अनुदानको किसिम तथा रकम सार्वजनिकरण गर्नु गराउनुपर्दछ।

९. **सहभागी छनोट** - प्रदेश तालिम सञ्चालनसम्बन्धी कार्यविधि, २०८१ को दफा ४ बमोजिम सीप विकास तालिम सञ्चालन गर्नुअघि उद्योग स्थापनाको सम्भाव्यता, आवश्यकता तथा बजार मागको आधारमा तालिमको विषय पहिचान गर्नुपर्ने तथा दफा १२ बमोजिम कम्तीमा १५ दिने सार्वजनिक सूचना प्रकाशन गरी पारदर्शीरूपमा प्रशिक्षार्थी छनोट गर्नुपर्ने व्यवस्था छ। उद्योग तथा वाणिज्य कार्यालय, काठमाडौंले यस वर्ष ६६ तालिम प्रदायक संस्था मार्फत विभिन्न विषयमा २ हजार ७२७ जनालाई सीप विकास तालिम प्रदान गरेकोमा कार्यविधिमा तोकिएको छनोट प्रक्रिया अवलम्बन नगरी नगरपालिका तथा वडा कार्यालयको सिफारिसका आधारमा तोकिएको संस्थासँग प्रस्ताव माग गरी तालिम सञ्चालन गरेको देखिन्छ। यसरी निर्धारित प्रक्रिया पुरा नगरी तालिम सञ्चालन गर्दा पारदर्शिता, समान अवसर तथा प्रतिस्पर्धा नहुने र लक्षित वर्गको यथार्थ छनोट नहुन सक्ने देखिन्छ। अतः कार्यविधिमा तोकिए बमोजिमको प्रक्रिया पुरा गरी तालिम सञ्चालन गर्नुपर्दछ।

१०. **जनशक्ति व्यवस्थापन** - उद्योग तथा वाणिज्य कार्यालय, ललितपुरले यस वर्ष हस्तकला सामग्री तथा विभुषण उत्पादनबाट रु.२ लाख १५ हजार आम्दानी र हस्तकलाका २३ जना प्राविधिक कालीगढ तथा कर्मचारीको पारिश्रमिक, ज्याला एवं प्रशासनिक खर्चसमेत रु.८५ लाख ६० हजार खर्च गरेको छ। निजामती सेवा ऐन, २०४९ को दफा ३३(१) अनुसार ५८ वर्ष उमेर पुरा भएको कर्मचारीले निजामती सेवाबाट स्वतः अवकाश पाउने व्यवस्था छ। कार्यालयबाट प्राप्त विवरणअनुसार इकाइमा कार्यरत २३ हस्तकलाका प्राविधिक कालीगढ तथा कर्मचारीमध्ये १३ जनाको उमेर ५९ वर्षदेखि ८३ वर्ष सम्मको रहेको र २०३१ सालदेखि हालसम्म कार्यरत रहेको पाइयो। प्रशासनिक खर्चको व्ययभार बढ्दै गएको, आम्दानी घट्दै गएको अवस्थामा कार्यबोझको आधारमा जनशक्तिको व्यवस्थापन हुनुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा बजेटको कार्यान्वयन, नीति तथा कार्यक्रम कार्यान्वयन लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - मन्त्रालय तथा मातहतका समेत ४ निकायमा रु.२९ लाख ३४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१ लाख ६३ हजार फर्स्यौंट गरेकोले रु.२७ लाख ७१ हजार बेरुजु देखिएको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदनसम्बन्धी कार्यहरू गर्दछ।

- कृषि, पशु विकास तथा खाद्य पोषण सम्बन्धी,
- कृषि औद्योगीकरण, कृषि औजार कारखाना तथा पशुपन्छी उद्योग व्यवसायको विकास तथा प्रवर्धन,
- कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार,
- कृषि तथा पशुरोग निदान प्रयोगशाला व्यवस्थापन,
- कृषिउपज, कृषिजन्य वस्तु, पशुपन्छी, पशुपन्छीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउविजन एवम् नश्लसम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीकरण र प्रमाणीकरण,
- प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर,
- कृषि तथा पशुपन्छी एवं खाद्य प्रविधिसम्बन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण,
- कृषि मल, बिउ र विषादी आपूर्ति व्यवस्था,
- कृषिउपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन,
- कृषि तथा पशुपन्छी बिमासम्बन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन,
- कृषि बजार, पूर्वाधार र कृषि फार्म/केन्द्रहरूको विकास, विस्तार तथा सञ्चालन,
- राष्ट्रिय नीति र मापदण्डबमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण र खारेजी,
- चरन तथा खर्क सम्बन्धी।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतसमेत ३७ निकायको निम्नानुसार रु.२ अर्ब ५ करोड ५ लाख १६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| १६८६३९५ | ४४४८५ | ११५५७९ | २०४०५७ | २०५०५१६ |

यो वर्ष १ अन्य संस्थातर्फ रु.७ करोड ३ लाख ६२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

२. **बजेट तथा खर्च** – प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| **चालु खर्च** | | | | |
| २११०० पारिश्रमिक / सुविधा | ३६४७१९ | ३६४७१९ | २५१५०८ | ६८.९५ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ५७७५ | ५७७५ | ३०३८ | ५२.६० |
| २२१०० सेवा महसुल | १९१०६ | १९१०६ | १४४७१ | ७५.७४ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | ७०२८९ | ७०२८९ | ६११४० | ८६.९८ |
| २२३०० कार्यालय सामान तथा सेवा | २७८१० | २७८१० | २५१५६ | ९०.४५ |
| २२४०० सेवा तथा परामर्श खर्च | १०६४१० | १०६४१० | ८८६०७ | ८३.२६ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्च | १४०४०७९ | १४०४०७९ | ९८३३९१ | ७०.०३ |
| २२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च | ३०३३७ | ३०३३७ | २६५१३ | ८७.३९ |
| २२७०० विविध खर्च | १०६७३ | १०६७३ | ९३९१ | ८७.९८ |
| २६४०० सामाजिक सेवा अनुदान | ९३१९० | १३००० | १२४३७ | ९५.६६ |
| २७२०० सामाजिक सहायता | ११६८० | ११६८० | १०५१८ | ९०.०५ |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | ८२९३ | ८२९३ | ६०२६ | ७२.६६ |
| **जम्मा** | **२१५२३६१** | **२१५२३६१** | **१४९२१९६** | **६९.३२** |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | ३५४१०५ | ३५४१०५ | १९४१९९ | ५४.८४ |
| **कुल जम्मा** | **२५०६४६६** | **२५०६४६६** | **१६८६३९५** | **६७.२८** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ६९.३२ पुँजीगततर्फ ५४.८४ र समग्रमा ६७.२८ प्रतिशत खर्च भएको छ।

३. **आवधिक योजना -** प्रदेशको दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) मा मन्त्रालयसँग सम्बन्धित यो वर्ष गर्नुपर्ने ५७ कार्य तोकिएकोमा ४६ सम्पन्न भएका छन्। मसिनो तथा बास्नादार धान प्रवर्धन कार्यक्रम, चक्लाबन्दी र जग्गा एकीकरणसम्बन्धी कार्यक्रम, जलवायु परिवर्तन अनुकूल खेती प्रवर्धन कार्यक्रम, कृषिमूल्य सूचना प्रणालीको स्थापना र सञ्चालन, बजार प्रवर्धन तथा न्यूनतम समर्थन मूल्यका कृषि उपज खरिद बिक्री कार्यक्रम, आधुनिक पशु वधशाला निर्माण, प्रदेशस्तरीय पशुपन्छी र कृषि क्वारेन्टाइन पोस्ट सञ्चालन, प्रदेश कृषि अनुसन्धान कोषको स्थापना, वैदेशिक रोजगारीबाट फर्केका युवालक्षित कृषि तथा पशुपन्छी विकास कार्यक्रम लगायतका ११ कार्यक्रम सञ्चालन हुन सकेका छैनन्। आवधिक योजनामा उल्लेख भएका कार्यक्रमहरू सञ्चालन गरी लक्ष्य हासिल गर्नुपर्दछ।

४. **नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन -** सरकारको वार्षिक नीति, तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित मन्त्रालयसँग सम्बन्धित प्रमुख कार्यहरूको कार्यान्वयनको अवस्था देहायबमोजिम रहेको छः

| बुँदा नं. | विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ३९ | प्रादेशिक कृषि थोक बजार सम्पन्न गरी सञ्चालनमा ल्याउने, वनेपा नगरपालिकामा सञ्चालित कृषि बजारमा तरकारी तथा फलफूल विषादी अन्वेषण प्रयोगशाला सञ्चालनमा ल्याउने र निर्माण सम्पन्न भएका शीतभण्डारहरू सञ्चालनमा ल्याउन आवश्यक व्यवस्था गर्ने। | प्रादेशिक कृषि थोक बजार निर्माण सम्पन्न भए तापनि सञ्चालनमा नआएको तरकारी तथा फलफूल विषादी अन्वेषण प्रयोगशाला र शीतभण्डारहरू सञ्चालनमा नआएको। |
| ४१ | धुलो दुध कारखाना सञ्चालन गर्ने। | दुध प्लान्टको सञ्चालन कार्यविधि तयार |

| बुँदा नं. | विषय | कार्यान्वयनको अवस्था |
|---|---|---|
| | | नभएको, निर्माण भएको कारखाना प्रदेश सरकारले सञ्चालन नगरी अन्य निकायलाई सञ्चालन गर्न दिएको। |
| ४४ | एक प्रदेश सभा सदस्य निर्वाचन क्षेत्र, एक प्राङ्गारिक मल कारखाना स्थापना कार्यक्रमलाई स्थानीय तह र निजी क्षेत्रको साझेदारीमा थप विस्तार गर्ने। | चार साझेदारसँग प्राङ्गारिक मल कारखाना निर्माणका लागि समझदारी पत्रमा हस्ताक्षर भएको। |
| ४६ | निजी क्षेत्र तथा सहकारीहरूको समन्वयमा प्रत्येक जिल्लामा सूचना प्रविधिमा आधारित कृषि उपज बजार केन्द्रहरू सञ्चालन गर्ने। | कृषि तथा पशुपन्छी उपज बजार केन्द्र स्थापना नभएको। |
| ५० | मौसम पूर्वानुमान सूचना प्रणाली विकास गरी मोवाइल एपबाट कृषकसम्म पूर्व सूचना पुग्ने व्यवस्था मिलाउने। | मौसम पूर्व सूचना प्रणाली विकास नभएको। |
| ५५ | बाँझो जमिनमा सामुदायिक तथा करार खेती सहयोग कार्यक्रमको कार्यान्वयन गर्ने। | कार्यक्रम कार्यान्वयन नभएको। |

वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भएका लक्ष्य तथा कार्यक्रमहरूको कार्यान्वयन हुनुपर्दछ।

५. **शीत भण्डार -** प्रदेश सरकारले साझेदार संस्थाहरूसँगको सहकार्यमा २०७५।७६ देखि एक जिल्ला एक शीतभण्डार निर्माण कार्यक्रम अन्तर्गत पहिलो चरणमा आठ, दोस्रो चरणमा दुई र तेस्रो चरणमा दुई गरी जम्मा बाह्र शीतभण्डार निर्माणका लागि रु.१ अर्ब ६ करोड लगानी रहने गरी निर्माणका लागि सम्झौता भएकोमा सात स्थानमा निर्माण सम्पन्न भएका तर हस्तान्तरण नभएकोले सञ्चालनमा नआएका, टिओडी मिटर जडान हुन नसकी दुई सञ्चालनमा आउन नसकेको, एक निर्माण स्थलको विषयमा उत्पन्न समस्याले सुरु हुन नसकेको र दुई निर्माणाधीन अवस्थामा रहेका छन्। शीत भण्डार निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याउनुपर्दछ।

६. **बीउपुँजी** - बीउपुँजी परिचालन कार्यविधि, २०८० को परिच्छेद ३ को बुँदा नं ८ (२) मा कृषि व्यवसायसम्बन्धी उत्पादन तथा प्रशोधन कार्यको लागि व्यावसायिक योजनाको आधारमा ३ किस्तामा रु.१ करोडसम्म सहुलियतपूर्ण ऋण उपलब्ध गराउन सकिने उल्लेख छ। बीउपुँजी परिचालनको लागि २०७९।८० र २०८०।८१ मा मन्त्रालय मातहतका कार्यालय र प्रदेश दुग्ध विकास बोर्डबाट समेत १८२ व्यवसायीलाई रु.१२ करोड २२ लाख ५१ हजार अनुदान दिएकोमा २०८१।८२ सम्म रु.३२ लाख ९५ हजार फिर्ता भएको देखिन्छ। विवरण अद्यावधिक नगरेकोले यो वर्षमा फिर्ता हुनुपर्ने रकम यकिन भएको छैन। बीउपुँजी लगानी र ऋणको एकीकृत अभिलेख अद्यावधिक गरी तोकिएको अवधि पश्चात फिर्ता गर्नुपर्दछ।

७. **अनुदान वितरण -** एकीकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को दफा २५ मा कृषि अनुदान वितरण कार्यक्रमको मन्त्रालय, निर्देशनालय तथा कार्यालयहरूबाट अनुगमन हुने उल्लेख छ। मन्त्रालय अन्तर्गतका कार्यालयबाट यो वर्ष ३ हजार ६ सय ८८ कृषक, कृषक समूह/सहकारी/फर्म तथा सहकारी संस्थालाई रु.६३ करोड २८ लाख अनुदान वितरण गरेको छ। उक्त अनुदान रकम मन्त्रालय र अन्तर्गतका कार्यालयहरूको कुल खर्च रु.१ अर्ब ६८ करोड ६३ लाखको ३८ प्रतिशतभन्दा बढी हुन आउँछ। वार्षिकरूपमा उपलब्ध गराएको अनुदानबाट प्राप्त

उपलब्धि सम्बन्धमा मन्त्रालयले अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन। अनुदानको उपयोग र प्राप्त उपलब्धीको सूचकसहित अनुगमन मूल्याङ्कन हुनुपर्दछ।

८. **राहत तथा क्षतिपूर्ति -** कृषि क्षेत्रमा विपद्बाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यविधि, २०७९ बमोजिम कृषि तथा पशुपन्छी क्षेत्रमा प्रतिकूल असर पार्ने प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट असर पुगेका कृषि पेसालाई पुनर्स्थापना गर्न र पीडित कृषक परिवारलाई राहत उपलब्ध गराउन यो वर्ष कृषि क्षेत्रमा विपदबाट क्षति पुगेका कृषकलाई राहत वितरण कार्यक्रममा ४५ पशुपन्छी फर्म, कृषक समूह तथा कृषकलाई रु.६१ लाख ३७ हजार र ३०१ कृषक, कृषि समूह तथा कृषि फर्मलाई रु.६० लाख ७४ हजार गरी रु.१ करोड २२ लाख ११ हजार राहत वितरण गरेको छ। कृषकलाई वितरीत राहत रकमबाट क्षति पुनर्स्थापना भई व्यवसायिक निरन्तरता भएको तथा कृषि बिमाबाट समेत कृषकले रकम प्राप्त गरी दोहोरो परे/नपरेको अवस्थाको मन्त्रालयले अनुगमन मूल्याङ्कन गरेको छैन। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि राहत प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम सार्वजनिकीकरण गर्नुपर्दछ।

९. **एक वडा एक पशु स्वास्थ्य क्लिनिक -** एक वडा एक पशु स्वास्थ्य क्लिनिक कार्यक्रमअन्तर्गत २०७९।८० देखि २६ पशु स्वास्थ्य क्लिनिकको संरचनामा रु.१० करोड ५० लाख ९ हजार खर्च गरेकोमा ४ निर्माणाधीन अवस्थामा रहेका तथा २२ निर्माण सम्पन्न भई हस्तान्तरण भएकोमा सञ्चालनमा आउन सकेको देखिँदैन। मन्त्रालयबाट अनुगमन गरी क्लिनिक सञ्चालनमा ल्याउनुपर्दछ।

१०. **कार्य सञ्चालन कोष -** कार्यसञ्चालन कोषतर्फको मौज्दात रु.७ करोड १६ लाख ५८ हजार गत विगतदेखि निष्क्रिय रहेकोमा सञ्चित कोषमा दाखिला गर्नुपर्ने सुझाव दिएकोमा कार्यान्वयन भएको छैन। उक्त निष्क्रिय रकम सञ्चित कोषमा दाखिला हुनुपर्दछ।

## कृषि विकास निर्देशनालय

११. **बीउपुँजी -** बीउपुँजी परिचालन कार्यविधि, २०८० को परिच्छेद ३ को बुँदा नं. ८ (२) मा कृषि व्यवसायसम्बन्धी उत्पादन, प्रशोधन र बजारीकरणको लागि अधिकतम रु.१ करोडसम्म बीउपुँजी उपलब्ध गराउन सकिने तथा स्वीकृत बीउपुँजी लाभग्राहीलाई व्यावसायिक योजनाको आधारमा ३ किस्तामा सहुलियतपूर्ण ऋण उपलब्ध गराउने उल्लेख छ। यस निर्देशनालयबाट ९ कृषि समूह तथा संस्थालाई २०८०।८१ मा रु.१ करोड ५५ लाख २०८५।८६ मा फिर्ता गर्नुपर्ने गरी बीउपुँजी दिएकोमा अनुदान रकमको फिर्ता तालिका अनुसार असुल गर्नुपर्दछ।

१२. **अनुदान -** निर्देशनालयले यो वर्ष कृषि पशुपन्छी तथा मत्स्यजन्य उपजहरूको मूल्य श्रृङ्खला विकास कार्यक्रम, कृषि ज्ञान रत्न प्रवर्धन कार्यक्रम, जग्गा भाडामा लिई केरा खेती गर्ने कृषकका लागि जग्गा भाडामा अनुदान, स्वदेशी उद्योगबाट उत्पादित कृषि औजार र प्रविधिमा प्रोत्साहन कार्यक्रम लगायतका ८ कार्यक्रममा १४६ व्यक्ति, संस्था, फर्म तथा सहकारीलाई रु.५ करोड १९ लाख ४५ हजार अनुदान दिएको छ। लक्षित वर्गले अनुदान प्राप्त गरे/नगरेको, लक्षित वर्गको जीवनस्तरमा सुधार भए/नभएको, वितरित अनुदानले आय आर्जनमा वृद्धि भएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

१३. **प्रादेशिक कृषि थोक बजार** - निर्देशनालय र हेटौडा उपमहानगरपालिकाबीच २०७६।९।१७ मा भएको सम्झौताअनुसार उपमहानगरपालिकाको ३० र निर्देशनालयको ७० प्रतिशत लागत साझेदारीमा ३ वर्षमा निर्माण सम्पन्न हुने गरी रु.४१ करोड २४ लाख ६१ हजारको प्रादेशिक कृषि थोक बजारको लागि २०७८ सालमा रु.२८ करोड ३६ लाख ५५ हजारमा सम्झौता भएकोमा भेरिएसनसहित रु.२९ करोड २६ लाख ८५ हजार भुक्तानी भई २०८१ कार्तिकमा निर्माण सम्पन्न भएको छ। दुईपक्षीय समझदारी पत्रको बुँदा नं. ७ मा बजार निर्माणपश्चात् उपमहानगरपालिकालाई हस्तान्तरण गर्ने उल्लेख भएकोमा २०८१।८२ सम्मपनि हस्तान्तरण भएको छैन भने सञ्चालन मोडालिटी तयार नभएको कारण सञ्चालनमा आएको छैन। थोक बजार सञ्चालनमा ल्याउनुपर्दछ।

## पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

१४. **वार्षिक लक्ष्य प्रगति** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-३ बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी तालुक निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पेस गर्नुपर्ने उल्लेख छ। निर्देशनालयको लागि यो वर्ष रु.१४ करोड ४६ लाख ८९ हजार विनियोजन भएकोमा रु.९ करोड ५४ लाख ८७ हजार खर्च भई बजेटको ६५.९९ प्रतिशत वित्तीय प्रगति भएको छ। सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन, मातहत कार्यालयहरूको तथ्याङ्क एवं अभिलेख प्रविष्ट गर्ने सफ्टवेयर निर्माण, पशुपन्छी तथा मत्स्य उपजको मूल्य श्रृङ्खला विकास, रेम्वोट्राउट पूर्वाधार विकास लगायत ८ कार्यक्रममा कुनै प्रगति भएको छैन। वार्षिकरूपमा निर्धारित लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

१५. **अनुदान** - एकीकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ को दफा ४४ मा तीन तहको सरकारमा दोहोरो नपर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। निर्देशनालयले यो वर्ष कृषि ज्ञान रत्न, मूल्य श्रृङ्खला विकास, प्रविधि तथा पूर्वाधार विकास, साझेदारीमा पशु स्रोत केन्द्र स्थापना लगायतका ८ कार्यक्रममा १०२ कृषक समूह/संस्थालाई रु.७ करोड ३९ लाख ८० हजार अनुदान उपलव्ध गराएको छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनका लागि सूचक सहित अनुगमन गरी अनुदानग्राहीको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।

## कृषि विकास कार्यालय, धादिङ

१६. **सम्पत्ति व्यवस्थापन र सुरक्षा** - भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयको २०७८।१।१६ को पत्रानुसार नेपाल सरकारबाट प्राप्त जग्गा सार्वजनिक संस्थाले नेपाल सरकारको पूर्व स्वीकृति बेगर बेचविखन वा सट्टापट्टा गर्न, लिजमा दिन वा कुनै प्रकारको सम्झौताबाट अन्य व्यक्ति, संस्था वा निकायलाई प्रयोग गर्न दिन वा कुनै प्रकारले आंशिक वा पुरै हस्तान्तरण गर्न र धितो बन्धक राख्न नपाउने व्यवस्था छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७७।८।१६ को पत्रबाट सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण सम्बन्धमा सरकारी सम्पत्तिको हक हस्तान्तरण, बेच बिखन, वितरण र उपयोग जस्ता कार्य नगराउन स्थानीय तह र जिल्ला समन्वय समितिहरूलाई परिपत्र गरेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तयार गरेको सहकारी बजार सञ्चालन मापदण्ड, २०७८ मा कृषि विकास कार्यालय धादिङको नाममा रहेको कि.नं. ९२ निलकण्ठ ५/ङ को क्षेत्रफल ३ रोपनीको पूर्वतर्फको करिब १ रोपनी जग्गामा बनेको भवन धादिङ जिल्ला सहकारी सङ्घलाई प्रयोग गर्न दिएको छ। कृषि विकास

कार्यालयको स्वामित्वको जग्गा र सोमा बनेको भवन धादिङ जिल्ला सहकारी सङ्घ लिमिटेडलाई विना प्रतिफल प्रदान गर्नु कानुनसम्मत देखिएन।

## प्रदेश दुग्ध विकास बोर्ड

सरकारी, निजी तथा सहकारी क्षेत्रको सहभागितामा दुग्ध उत्पादन तथा दुग्धजन्य पदार्थको प्रशोधन तथा बजारीकरणमार्फत दिगो आर्थिक समृद्धि हासिल गर्नको लागि प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ तथा प्रदेश दुग्ध विकास बोर्ड नियमावली, २०७६ बमोजिम प्रदेश दुग्ध विकास बोर्डको स्थापना र सञ्चालन भएको छ।

१७. **आम्दानी र खर्च -** प्रदेश दुग्ध विकास बोर्डले पेस गरेको यो वर्षको आय-व्यय स्थिति निम्नानुसार छः

(रु.हजारमा)

| गत वर्षको जिम्मेवारी | यो वर्षको आम्दानी | जम्मा आम्दानी | यो वर्षको खर्च | वर्षान्तको मौज्दात |
|---|---|---|---|---|
| ६६५९ | ३२५४७ | ३९२०६ | ३७८१५ | १३९१ |

१८. **वार्षिक लक्ष्य प्रगति -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ को अनुसूची- ३ मा वार्षिक लक्ष्यअनुसार प्रगतिको समीक्षा गर्नुपर्ने र चौमासिकरूपमा तोकिएको लक्षित कार्यक्रम समयमै सम्पन्न गर्नुपर्ने व्यवस्था छ। बोर्डलाई यो वर्षका लागि रु.६ करोड ९८ लाख ३६ हजार बजेट विनियोजन भएकोमा रु.३ करोड ७८ लाख १५ हजार खर्च गरी ५४.१४ प्रतिशत वित्तीय प्रगति भएको छ। स्वीकृत भएका बागमती धुलो दुध कारखाना थप निर्माण कार्य, दुग्धजन्य पदार्थ निर्यातमा प्रोत्साहन अनुदान, तथ्याङ्क व्यवस्थापनका लागि सफ्टवेयर खरिद लगायतको कार्य भएको छैन। बोर्डले वार्षिकरूपमा निर्धारित लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

१९. **अनुदान वितरण -** बोर्डबाट यो वर्ष यन्त्र सहयोग कार्यक्रम, मिल्क कलेक्सन बैङ्क स्थापना, साईलेज प्रोत्साहन तथा प्रवर्धन कार्यक्रमको लागि रु.२ करोड १४ लाख ९९ हजार विभिन्न कृषि सहकारी, समूह तथा निजी संस्थालाई अनुदान वितरण गरेकोमा लाभग्राहीले दोहोरो अनुदान नलिएको स्वघोषणा गरेको साथै कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम सार्वजनिकिकरण गरेको छैन। खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनका लागि अनुदानग्राहीको विवरण सार्वजनिकीकरण गर्ने, अनुदानको ढाँचा परिवर्तन गरी उत्पादनका आधारमा नगद अनुदानको कार्यान्वयनमार्फत प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ।

२०. **दुग्ध प्रशोधन उद्योग -** उद्योग स्थापना पूर्व सञ्चालन मोडिलिटी स्वीकृति गरी स्थापना गर्नुपर्दछ। गत वर्ष रु.४७ करोड २५ लाख ५९ हजार लागतमा दुग्ध प्रशोधन कारखाना निर्माण भएकोमा सञ्चालन मोडालिटी मस्यौदा तयार गरेको तर थप प्रगति नगरेकोमा यो वर्ष नयाँ मोडालिटी तयारीको लागि रु.३ लाख ८० हजार खर्च भए तापनि तयार भएको छैन। बोर्डले सञ्चालन नगरी नेपाल दुग्ध विकास संस्थानलाई सम्झौता बेगर जिम्मा दिएको, संस्थानले सञ्चालन गर्दा प्रदेश सरकारलाई प्रतिफल उपलब्ध नगराएको, सञ्चालन अवधि वा जिम्मेवारीबारे स्पष्ट अभिलेख नरहेको बारे गत वर्षको प्रतिवेदनमा समेत उल्लेख भएकोमा सुधार भएको देखिएन। निर्माण भएको कारखाना सञ्चालन मोडालिटी तयार गरी सञ्चालन गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा नीति तथा कार्यक्रम, बजेट कार्यान्वयन, बीउपुँजी परिचालन, अनुदान, शीतभण्डार बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय र मातहतसमेत ७ निकायमा रु.२ करोड १० लाख १० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६ लाख ६२ हजार फर्स्यौंट गरेकोले रु.२ करोड ३ लाख ४८ हजार बेरुजु देखिएको छ। सोमध्ये रु.६७ लाख २५ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।
  - अन्य संस्थातर्फ १ निकायको रु.५९ लाख ९५ हजार बेरूजु देखिएकोमा प्रतिक्रियाबाट रु.५२ लाख ७९ हजार फर्स्यौंट भएकोले रु.७ लाख १६ हजार बेरुजु देखिएको छ ।यस सम्बन्धी विवरण **अनुसूची-१०** मा संलग्न छ।

# खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदनसम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेश स्तरको ऊर्जा, विद्युत, सिँचाइ, खानेपानी, जलउत्पन्न प्रकोप व्यवस्थापनसम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना, योजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत सम्भार, समन्वय र नियमन,
- प्रदेशस्तरमा ऊर्जा, विद्युत, सिँचाइ तथा खानेपानीसम्बन्धी सेवाको गुणस्तर र सेवाशुल्कको आधार निर्धारण र नियमन,
- ऊर्जा, विद्युत, सिँचाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्धनसम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,
- राष्ट्रिय जलस्रोत नीति र सङ्घीय योजना बमोजिम प्रदेश सीमा नदीका जलउत्पन्नसम्बन्धी आयोजनाको पहिचान, निर्माण, सञ्चालन, सम्भार र व्यवस्थापन,
- प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षणसम्बन्धी योजना तथा गुरुयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,
- प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरूको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन अनुगमन र सञ्चालनमा समन्वय,
- मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन,
- जलगुण तथा वायुगुणसम्बन्धी प्रयोगशाला व्यवस्थापन,
- प्रदेशस्तरको खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, सम्भार र नियमन,
- खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलव्धता र खानेपानी सरसफाइ तथा स्वच्छतामा पिछडिएको वर्गको पहुँच सुनिश्चितता गर्ने।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय मातहत २३ निकायको निम्नानुसार रु.७ अर्ब ९२ करोड १ लाख १८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| ६९१३८३२ | २१४४७ | ९७४४२५ | १०४१४ | ७९२०११८ |

२. **लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३(१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउने व्यवस्था छ। मन्त्रालयको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ को घटनाको कारण स्रेस्ता पेस नभएकोले विनियोजनतर्फ रु.३ करोड ८६ लाख ९८ हजार राजस्वतर्फ रु.७४ हजार र धरौटीतर्फ रु.७ लाख ४० हजारसमेत जम्मा रु.३ करोड ९५ लाख १२ हजारको लेखापरीक्षण गरिएको छैन।

३. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त वित्तीय प्रतिवेदन अनुसार मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| **चालु खर्च** | | | | |
| २११०० पारिश्रमिक/सुविधा | २४५४२७ | २४५९६१ | १८१०३८ | ७३.६० |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ५५७६ | ५६२६ | २१४६ | ३८.१४ |
| २२१०० सेवा महसुल | ९९८३ | १०५०६ | ६९६० | ६६.२४ |
| २२२०० पूँजीगत सम्पत्तिको सञ्चालन र | ३१०६८ | ३२८५४ | २७१०६ | ८२.५० |
| २२३०० कार्यालय सामान तथा सेवा | ११६६३ | १२२८३ | ९७६८ | ७९.५३ |
| २२४०० सेवा तथा परामर्श खर्च | ६०२२६ | ६२३९६ | ५४६८४ | ८७.६४ |
| २२५००कार्यक्रम सम्बन्धी खर्च | १६७०० | १६७०० | ३२३३ | १९.३६ |
| २२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | ९०७१ | ९७०३ | ८५७३ | ८८.३६ |
| २२७०० विविध खर्च | ५६९७ | ६१४७ | ५२९४ | ८६.१२ |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | ७५९८ | ८०७८ | ७०२६ | ८६.९७ |
| **जम्मा** | **४०५३०९** | **४१०२५४** | **३०५८२७** | **७४.५५** |
| **पुँजीगत खर्च** | | | | |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | ६५२७५६८ | ७०६०५९७ | ६६४६७०३ | ९४.१४ |
| **कुल जम्मा** | **६९३२८७७** | **७४७०८५१** | **६९५२५३०** | **९३.०६** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ७४.५५ प्रतिशत पुँजीगततर्फ ९४.१४ प्रतिशत र समग्रमा ९३.०६ प्रतिशत खर्च भएको देखिन्छ।

## खानेपानी तथा सरसफाइ डिभिजन/सबडिभिजन कार्यालयहरू

४. **पाइप तथा फिटिङ्गस मौज्दात** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(१)(क) मा सार्वजनिक निकायले कुनै खरिद कारबाहीको तयारी गर्दा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने उल्लेख छ। कार्यालयहरूले स्वीकृत कार्यक्रम बमोजिम पुरानो मौज्दात एवं जडान समेतलाई विचार गरी पाइप तथा फिटिङ्गस खरिद गर्नुपर्नेमा यो वर्ष खानेपानी तथा सरसफाइ डिभिजन, धादिङले रु.१ करोड १६ लाख ५४ हजार, सिन्धुपाल्चोकले रु.२ करोड १८ लाख ९७ हजार, रामेछापले रु.५ करोड २४ लाख ७३ हजार, भक्तपुरले रु.२ करोड ९ लाख २५ हजार र खानेपानी तथा सरसफाइ सबडिभिजन, दोलखाले रु.६५ लाख ८२ हजार समेत रु.११ करोड ३५ लाख ३१ हजारको पाइप

तथा फिटिङ्गस खरिद गरी मौज्दात राखेको देखिन्छ। वर्षान्तमा मौज्दात रहनेगरी पाइप तथा फिटिङ्गस खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

५. **पाइप जडान** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) को खण्ड (ख) मा नापजाँचपश्चात नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी दिन मिल्ने व्यवस्था छ। यो वर्ष खानेपानी तथा सरसफाइ डिभिजन, मकवानपुरले रु.२५ लाख ६९ हजारका १८ हजार २७८ मिटर, धादिङले रु.८ लाख ५३ हजारका १५ हजार ४८६ मिटर, सिन्धुपाल्चोकले रु.१ लाख ४७ हजारका १ हजार ८०० मिटर, रामेछापले रु.८२ लाख १९ हजारका १ लाख २५ हजार ५०२ मिटर, भक्तपुरले रु.१९ लाख ७४ हजारका ९ हजार २७५ मिटर, नुवाकोटले रु.४८ लाख ४४ हजारका २ हजार २०२ मिटर र सबडिभिजन दोलखाले रु.७ लाख ५५ हजारका ११ हजार ६३१ मिटर समेत रु.१ करोड ९३ लाख ६१ हजारका १ लाख ८४ हजार १७४ मिटर पाइप जिन्सी खातामा खर्च लेखेको भन्दा नापी किताबमा घटी जडान भएको देखिन्छ। जिन्सी खाताबाट खर्च लेखिएका पाइप सम्बन्धित योजनामा जडान भएको सुनिश्चित हुनुपर्दछ।

६. **पाइप सापटी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३(१)(क) मा सार्वजनिक निकायले कुनै खरिद कारबाहीको तयारी गर्दा खरिद आवश्यकताको पहिचान गर्नुपर्ने उल्लेख छ। कार्यालयले पाइप तथा फिटिङ्गस/औजार खरिद गर्दा गत विगतको मौज्दातको यकिन गरी सोको उपयोग गर्ने, आवश्यक भएमा खरिद गर्ने, नापी किताबबाट खपत भएको आधारमा मात्र जिन्सी खाताबाट मौज्दात घटाउनुपर्नेमा खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, मकवानपुरले विभिन्न १० योजनाको रु.१९ लाख २९ हजार र सिन्धुपाल्चोकले ५ योजनामा रु.५ लाख ४७ हजार समेत रु.२४ लाख ७६ हजारको पाइप एक योजनाले अर्को योजनामा सापटी दिएको उल्लेख गरी खर्च देखाएका छन्। साइज र स्पेसिफिकेसन अनुसार पाइप तथा फिटिङ्गसको योजनागत प्राप्ति, खर्च तथा मौज्दात देखिने गरी सापटी अभिलेख व्यवस्थित राखी वर्षान्तमा सोको हिसाब मिलान गर्नुपर्दछ।

७. **उपभोक्ताको न्यून जनसहभागिता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा सार्वजनिक निकायले उपभोक्ता समितिको जनसहभागितामा कार्य गराउने व्यवस्था छ। प्रदेश सरकारको मुख्यमन्त्रीस्तरको २०७६।९।२४ को निर्णयानुसार उपभोक्ता समितिले सम्झौता रकमको न्यूनतम १० प्रतिशत नगद वा श्रमदान बेहोर्नु पर्नेगरी निर्णय भएकोमा यो वर्ष खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, सिन्धुपाल्चोकले ६ योजनामा रु.१३ लाख ५२ हजार र भक्तपुरले २२ योजनामा रु.४ लाख ३९ हजार समेत रु.१७ लाख ९१ हजार न्यून जनसहभागिता भएको अवस्थामा समेत कार्य स्वीकार गरी उपभोक्तालाई भुक्तानी दिएकोले उक्त रकम असुल हुनुपर्दछ।

८. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(१) बमोजिम बीसलाख रुपैयाँभन्दा बढी लागत अनुमानको बोलपत्र मार्फत खरिद गर्ने व्यवस्था छ। यो वर्ष खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, मकवानपुरले रु.५९ लाख ३६ हजार, भक्तपुरले रु.२७ लाख ७२ हजार, रामेछापले रु.४ करोड ४७ लाख ९८ हजार, धादिङ्गले ४५ लाख ९९ हजार, सिन्धुपाल्चोकले रु.८५ लाख १५ हजार, नुवाकोटले रु.४ करोड ५ लाख १७ हजार र सब डिभिजन कार्यालय, दोलखाले रु.१ करोड २७ लाख ६७ हजार समेत रु.११ करोड ९९ लाख

४ हजारको एकै प्रकृतिका पाइप तथा फिटिङ्गस सोझै खरिद गरेको देखिन्छ। कानुनी व्यवस्था अनुसार प्रतिस्पर्धात्मक विधिबाट खरिद कार्य गर्नुपर्दछ।

९. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धालाई सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २९(१)(क) अनुसार सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्ने व्यवस्था छ। यो वर्ष खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, धादिङ्गले ३८ योजनामा रु.१ करोड २९ लाख ६३ हजार, भक्तपुरले २२ योजनामा रु.१ करोड ४७ लाख ६६ हजार, रामेछापले २८ योजनामा रु.९४ लाख ६७ हजार, नुवाकोटले ६९ योजनामा रु.२ करोड ५ लाख १८ हजार, सिन्धुपाल्चोकले ६ योजनामा ४१ लाख ७१ हजार र सब डिभिजन कार्यालय, दोलखाले १४ योजनामा रु.३७ लाख ९ हजार समेत १७७ योजनामा परामर्श सेवामा रु.६ करोड ५५ लाख ९४ हजार खर्च गरेको देखिन्छ।

खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, नुवाकोटको ६९ वटा योजनाहरूको विस्तृत परियोजना प्रतिवेदन/सर्भेक्षणबाट योजनाहरूको कुल लागत रु.१ अर्ब ८२ करोड ६५ लाख ७७ हजार भएकोमा ५१ वटा योजनाको आंशिकरूपमा मात्र कार्यान्वयन गरी रु.४ करोड ९० लाख ६३ हजार खर्च गरेको र १८ वटा योजना कार्यान्वयनमा गएको देखिएन। अत्यावश्यक कार्यमा मात्र परामर्श सेवा लिई नियमित कार्यको लागि परामर्शदाता माथिको निर्भरता घटाइ प्रतिस्पर्धा सुनिश्चित गरी खरिद गर्ने र तयार भएका प्रतिवेदन कार्यान्वयन सुनिश्चितता हुनुपर्दछ।

१०. **सीमाभन्दा बढीको कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा ९७(१) मा रु.१ करोडसम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सक्ने र लागत अनुमानमा मुल्य अभिवृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश समेतको रकम समावेश हुने उल्लेख छ। यो वर्ष खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, भक्तपुरले ४ योजनामा मुल्य अभिवृद्धि कर, ओभरहेड र कन्टिन्जेन्सी समेत रु.४ करोड ५० लाख ९६ हजारको लागत अनुमान तयार गरी उपभोक्ता समितिबाट निर्माण कार्य गराइ रु.३ करोड २० लाख २१ हजार भुक्तानी भएको छ। नियमले तोकेको सीमाभन्दा बढी लागतको कार्य उपभोक्ता समितिबाट गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

११. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा अनुसूची-१ बमोजिम लागत अनुमानको वर्कचार्ज स्टाफमा २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ। मन्त्रालयले कन्टिन्जेन्सी खर्चसम्बन्धी कार्यविधि तयार गरेको छैन। यो वर्ष खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, मकवानपुर, भक्तपुर नुवाकोट, लगायतका ७ कार्यालयले रु.८ करोड ७३ लाख ६६ हजार कन्टिन्जेन्सी खर्चको योजनागत अभिलेख अद्यावधिक नगरेको र सम्बन्धित ठेक्काको नापी किताबमा समेत खर्च प्रविष्टि गरेको पाइएन। कार्यविधि तयार गरी कन्टिन्जेन्सीको खर्चको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

## जलस्रोत तथा सिँचाइ डिभिजन कार्यालयहरू

१२. **योजना कार्यान्वयन -** आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा ६ मा एकल अधिकारको विषयमा नेपाल सरकारद्वारा स्वीकृत अन्य मापदण्डले सङ्घ वा प्रदेशबाट कार्यान्वयन गर्नुपर्ने गरी तोके बाहेकका पूर्वाधार आयोजनाको हकमा सङ्घबाट तीन करोड रुपैँया र प्रदेशबाट एक करोड रुपैँयाभन्दा कम लागतका नयाँ आयोजना कार्यान्वयन नगरिने उल्लेख छ। यस वर्ष जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, ललितपुरले ६३ योजना कार्यान्वयन गरेकोमा सबै योजना १ करोडभन्दा कम लागतका, भक्तपुरले ५६ योजना कार्यान्वयन गरेकोमा ४३ योजना २० लाखभन्दा कम लागतका, सिन्धुलीले १९५ योजना कार्यान्वयन गरेकोमा १७० योजना २० लाखभन्दा कम लागतका र दोलखाले १४१ योजना कार्यान्वयन गरेकोमा १२८ योजना २५ लाखभन्दा कम लागतका देखिन्छन्। अन्य सिँचाइ कार्यालयहरूमा पनि सोही प्रकृतिले योजना कार्यान्वयन गरेको देखिन्छ। स-साना योजना कार्यान्वयन गर्दा सञ्चालन खर्च वृद्धि भई अपेक्षित लाभ नहुने हुँदा मापदण्ड बमोजिम योजना कार्यान्वयन गर्नुपर्दछ।

१३. **योजना हस्तान्तरण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा निर्माण कार्य सम्पन्न भएपश्चात सो को रेखदेख तथा मर्मत सम्भार समेतको जिम्मेवारी तोकी योजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन, काठमाडौं लगायतका १३ डिभिजनबाट उपभोक्ता समितिमार्फत निर्माण सम्पन्न गरेका सिँचाइ योजनाहरू सम्पन्न भएपश्चात् आयोजनाको रेखदेख तथा मर्मत सम्भार समेतको जिम्मेवारी सहित हस्तान्तरण हुने गरेको देखिएन। निर्मित संरचनाको मर्मत सम्भार गर्ने व्यवस्था सहित हस्तान्तरण गर्नुपर्दछ।

१४. **परामर्श सेवा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धालाई सीमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २९(१)(क) अनुसार सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्ने व्यवस्था छ। यो वर्ष सिँचाइ विकास डिभिजन कार्यालय, ललितपुर, नुवाकोट, मकवानपुर, सिन्धुली लगायत १० कार्यालयले ४३ आयोजनामा विस्तृत परियोजना प्रतिवेदन तयारीको लागि परामर्श सेवामा रु.१ करोड ७४ लाख ७८ हजार खर्च गरेको देखिन्छ। कार्यालयको जनशक्तिबाट सम्पादन हुन नसक्ने कामको लागि मात्र बाह्य क्षेत्रबाट प्रतिस्पर्धात्मक विधिबाट परामर्श सेवा लिने व्यवस्था गरी तयार भएका प्रतिवेदनहरू कार्यान्वयन सुनिश्चतता गर्नुपर्दछ।

१५. **कन्टिन्जेन्सी खर्च -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) मा अनुसूची-१ बमोजिम लागत अनुमानको वर्कचार्ज स्टाफमा २ प्रतिशत र सानातिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ। मन्त्रालयले कन्टिन्जेन्सी खर्च सम्बन्धी कार्यविधि तयार गरेको छैन। जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, ललितपुर, नुवाकोट, मकवानपुर, सिन्धुली लगायत १२ डिभिजनले यो वर्ष रु.७ करोड ११ लाख ४८ हजार कन्टिन्जेन्सी खर्च गरेकोमा कन्टिन्जेन्सी खर्चको योजनागत अभिलेख अद्यावधिक नगरेको र सम्बन्धित ठेक्काको नापी किताबमा समेत खर्च प्रविष्टि गरेको पाइएन। कार्यविधि तयार गरी कन्टिन्जेन्सीको खर्चको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

१६. **ड्याम निर्माण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा सम्झौता कार्यान्वयनसम्बन्धी कार्ययोजना र कार्यतालिका तयार गर्ने र खरिद सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्ने व्यवस्था छ। जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, चितवनले पुंगी खोला ड्याम निर्माण कार्यको लागि २०७९।५।३१ मा सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७७।१२।८ मा रु.४ करोड १६ लाख ९९ हजारको सम्झौता गरेको छ। उक्त निर्माण कार्यको चौँथो पटक २०८२।७।३० सम्म म्याद थप भएकोमा हालसम्म रु.२ करोड ५९ लाख ११ हजार भुक्तानी भई आयोजनाको वित्तीय प्रगति ६६ प्रतिशत र भौतिक प्रगति ६८ प्रतिशत मात्र भएको देखिन्छ। निर्माण व्यवसायीले निर्माण कार्य गर्ने क्रममा फाउण्डेशन खनेको र वर्षाको समयमा अधुरो कार्य छोडेकोले कटान भई बस्ती समेत जोखिममा देखिएको कारण जनाई सोही स्थानमा ताल घेरा वाल सहित संरक्षण कार्य गराइ उपभोक्ता समितिलाई रु.१२ लाख ८१ हजार भुक्तानी गरेको छ। निर्माण व्यवसायीले समयमा काम सम्पन्न नगरेको कारण थप काम गर्नुपरेको देखिन्छ। कानुनी व्यवस्थाको पालना हुनुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा उपभोक्ताको योगदान घटी भएको, पाइप तथा फिटिङ्गको मौज्दात बाँकी रहेको, पाइप जडान भएको प्रमाण पेस नभएको, टुक्रापारी खरिद गरेको, सीमा भन्दा बढीको कार्य गरेको लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहत १७ निकायमा रु.१६ करोड १५ लाख ४१ हजार बेरुजु देखिएकोमा प्रतिक्रयाबाट रु.१५ लाख ४४ हजार फर्स्यौट गरेकोले रु.१५ करोड ९९ लाख ९७ हजार बेरुजु बाँकी रहेको छ। सो मध्ये पेस्की बेरुजु रु.५५ लाख म्याद नाघेको पेस्की बाँकी देखिएको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

# भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, प्रतिवेदन र नियमनसम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरको भौतिक पूर्वाधार, सहरी तथा ग्रामीण पूर्वाधार विकाससम्बन्धी,
- वातावरणमैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक पूर्वाधार प्रणालीको निर्माण, प्रवर्धन र विकास,
- रज्जुमार्ग, जलमार्गलगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन,
- प्रदेश लोकमार्ग, सडक, पुल, झोलुङ्गेपुल सम्बन्धी तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन तथा सडक अधिकार क्षेत्र (राइट अफ वे) को संरक्षण,
- प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी,
- प्रदेश मुख्यमन्त्री, सभामुख, मन्त्री, उपसभामुख, प्रमुख सचिव तथा सचिवहरूको आवास पूर्वाधार व्यवस्थापन,
- प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण र आवास तथा भवनसम्बन्धी,
- प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्धन र सुरक्षित बसोवास सम्बन्धी,
- प्रभावकारी, दिगो, भरपर्दो, सुरक्षित, वातावरणमैत्री र कम खर्चिलो यातायात सेवा मार्फत आर्थिक क्रियाकलाप विस्तार र सेवा प्रवाहको प्रभावकारिता बढाउने,
- प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण,
- प्रदेश र प्रदेशबीच तथा प्रदेश र स्थानीय तहबीच सम्बन्ध विस्तार गर्नु,
- व्यवस्थित बस्ती विकास गरी सबैका लागि सुलभ, सुरक्षित र वातावरणमैत्री आवासको प्रवर्धन गर्नु,
- आधारभूत सुविधायुक्त, व्यवस्थित, सुरक्षित एवं पहिचानयुक्त सहरको विकास गर्नु,
- आर्थिक अवसरहरूको सिर्जना गरी रोजगारी अभिवृद्धि गरी सहरी क्षेत्रको विकास गर्नु।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतसमेत १७ सरकारी कार्यालयको निम्नानुसार रु.१७ अर्ब ६२ करोड ३ लाख ५६ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| १५५९५२५९ | ६०७६५ | १९५५४२६ | ८९०६ | १७६२०३५६ |

२. **लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउने व्यवस्था छ। २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ को घटनाको कारण क्षति भई पेस हुन

नआएकोले यो वर्ष देहायअनुसार भौतिक पूर्वाधार विकास मन्त्रालय, पूर्वाधार विकास कार्यालय, चितवन र सहरी विकास तथा भवन कार्यालय, मकवानपुरको विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार समेत रु.२ अर्ब १३ करोड २४ लाख ५१ हजार स्रेस्ता जलेर नष्ट भएको कारण लेखापरीक्षण भएको छैन।

(रु.हजारमा)

| क्र.सं. | कार्यालयको नाम | विनियोजन | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | भौतिक पूर्वाधार विकास मन्त्रालय | ४७५५५ | ९३ | १४१० | १५५०० | ६४५५८ |
| २ | पूर्वाधार विकास कार्यालय, चितवन | ७६२६६२ | २६९४ | २४७२८७ | ० | १०१२६४३ |
| ३ | सहरी विकास तथा भवन कार्यालय, मकवानपुर | ९३८३१६ | १२१६९ | १०३७२६ | १०३९ | १०५५२५० |
| **जम्मा** | | **१७४८५३३** | **१४९५६** | **३५२४२३** | **१६५३९** | **२१३२४५१** |

३. **बजेट खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त कार्यालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| **चालु खर्च** | | | | |
| २११०० पारिश्रमिक सुविधा | २२०७३१ | २२०३०४ | १३६४५८ | ६१.९४ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | २०५९ | २०५९ | ९०४ | ४३.९३ |
| २२१०० सेवा महशुल | १०८०५ | १०८०५ | ६६६५ | ६१.६८ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन र मर्मत | ४०३८८ | ४०३८८ | ३०२३६ | ७४.८६ |
| २२३०० कार्यालय सामान तथा सेवा | २११२६ | २११२६ | १७८२३ | ८४.३६ |
| २२४०० सेवा तथा परामर्श खर्च | ७६२६८ | ७६६९५ | ६०५०५ | ७८.८९ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्च | १६८२७ | १६८२७ | ५४७४ | ३२.५३ |
| २२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | १६५०३ | १६५०३ | १२७३८ | ७७.१८ |
| २२७०० विविध खर्च | १०६४७ | १०६४७ | ९०८८ | ८५.३६ |
| २७००० सामाजिक सुरक्षा | १००० | १००० | ० | ० |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | २३३२४ | २३३२४ | १७४८० | ७४.९४ |
| **जम्मा** | **४३९६७८** | **४३९६७८** | **२९७३७१** | **६७.६३** |
| **पुँजीगत खर्च** | | | | |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | २२१७७५५१ | २२६६३९०६ | १७०४६४२१ | ७५.२१ |
| **कुल जम्मा** | **२२६१७२२९** | **२३१०३५८४** | **१७३४३७९२** | **७५.०६** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ६७.६३ प्रतिशत, पुँजीगततर्फ ७५.२१ प्रतिशत र समग्रमा ७५.०६ प्रतिशत मात्र खर्च भएको देखिन्छ।

## यातायात पूर्वाधार निर्देशनालय

४. **झोलुङ्गे पुल निर्माण** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ मा सम्झौताबमोजिम काम नगरी बीचैमा छोडेर कामको प्रगति नगरेमा पेस्की जमानत प्राप्त गर्ने, पूर्व निर्धारित क्षतिपूर्ति लगाउने, ठेक्का तोड्ने, कालो सूचीमा राख्ने लगायतका व्यवस्था रहेका छन्। यातायात पूर्वाधार निर्देशनालय, मकवानपुरले २ वटा झोलुङ्गे पुल निर्माणको लागि एक संयुक्त उपक्रमसँग १८ महिनाभित्र कार्यसम्पन्न गर्नेगरी २०७७।३।२६ मा सम्झौता गरेको छ। आपचौर सस्पेन्सन ट्रेल ब्रिज लिखु, नुवाकोटको

रु.२ करोड ९४ लाख ८६ हजारमा सम्झौता भएकोमा यो वर्षसम्म रु.२ करोड ६५ लाख ३७ हजार भुक्तानी भई १० प्रतिशत कार्य बाँकी रहेको र चैनपुर बागमती खोला ट्रेल ब्रिज, मकवानपुरको लागि रु.२ करोड ८८ लाख ९५ हजारको सम्झौता भएकोमा यो वर्षसम्म रु.२ करोड २ लाख २६ हजार भुक्तानी भई ३० प्रतिशत कार्यसम्पन्न हुन बाँकी रहेको देखिन्छ। चौथो पटक २०८२।३।२२ सम्म २३३ प्रतिशतसम्म म्याद थप हुँदा समेत कार्य सम्पन्न नभई अधुरो रहेका योजनाहरूको काम सार्वजनिक खरिद ऐनको दफा ५२(२) तथा सम्झौताको जि.सी.सी ४१ र ४२ अनुसार गुणस्तर पुरा गरेर सम्पन्न गर्नुपर्दछ।

## पूर्वाधार विकास कार्यालयहरू

५. **निर्मित संरचनाको अभिलेख** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(५) मा सार्वजनिक निकायले प्रत्येक खरिद कार्यको छुट्टै फाइल राखी भौतिक सम्पत्तिको अभिलेख व्यवस्थित रूपमा अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालयहरूले आफ्नो क्षेत्राधिकारभित्र निर्माण भएका सडक, कल्भर्ट लगायतका संरचनाहरूको लागत, सञ्चालन अवस्था तथा मर्मत सम्भारसम्बन्धी विवरण समेटिएको अद्यावधिक अभिलेख राखेको देखिएन। साथै निर्माणाधीन तथा प्रस्तावित संरचनाको अभिलेख, आवश्यकता पहिचान, सर्वेक्षण, विस्तृत डिजाइन, लागत अनुमान तथा जी.पी.एस.मा आधारित स्थान पहिचान प्रणालीसमेत विकास गरिएको पाइएन। अभिलेख व्यवस्थापन प्रणाली कमजोर हुँदा संरचना निर्माणमा दोहोरोपनाको जोखिम रहेको देखिन्छ। तसर्थ निर्मित, निर्माणाधीन तथा प्रस्तावित संरचनाको एकीकृत अभिलेख प्रणाली विकास गरी लागत तथा मर्मत अभिलेख अद्यावधिक गर्नुपर्दछ।

६. **मूल्य समायोजन** - सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५५ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बाह्र महिनाभन्दा बढी अवधिको खरिद सम्झौता कार्यान्वयन गर्ने क्रममा मूल्य समायोजन गर्न सक्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोरा देहायअनुसार छन्:

६.१. वि.पी राजमार्गको कटुन्जेदेखि खार्पाचोक लोखापाटी सुँगेरे बुढाखानी फोक्सिंगटार गोकुले तालढुङ्गा हुँदै हेटौडा जाने सडक निर्माण कार्यको यो वर्ष पूर्वाधार विकास कार्यालय, काभ्रेपलाञ्चोकले आठौँ रनिङ बिलबाट एक संयुक्त उपक्रमलाई रु.२ करोड ४९ लाख २१ हजार भुक्तानी गरेको छ। पहिलो रनिङ् बिल देखि आठौँ रनिङ बिलसम्मको मूल्य समायोजन गणना गर्दा नेपाल राष्ट्र बैङ्कले प्रकाशन गरेको इन्डेक्सअनुसार गणना गर्नुपर्नेमा फरक पारी गणना गरेबाट बढी भुक्तानी भएको रु.९ लाख ३१ हजार सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ।

६.२. पूर्वाधार विकास कार्यालय, नुवाकोटले यो वर्ष कोल्पुटार दुइपिपल झ्याङली सडकको निर्माण कार्यको एक संयुक्त उपक्रमलाई रु.३ करोड ६४ लाख ६९ हजार भुक्तानी गर्दा स्टोन मेसिनरी वालको सुरु सम्झौता अनुसारको ८ हजार ७२.६५ घन मिटर कार्य रहेकोमा भेरिएसन पश्चात्को आइटमको परिमाण ४ हजार ४७४.६५ मा नयाँ दर अनुसारको आधार दर राखी गणना गर्नुपर्नेमा नगरी सुरु सम्झौताको आधार दर राखी भुक्तानी गरेबाट रु.९ लाख २१ हजार बढी भुक्तानी गरेको छ। भेरिएसन पश्चात् नयाँ दररेट कायम गरी थप परिमाणको कार्य गरेकोमा नयाँ आधार दर कायम गरी मूल्य समायोजन गणना गर्नुपर्नेमा पुरानै आधार दर कायम गरी मूल्य समायोजन गणना गर्न मिल्ने नदेखिँदा उक्त रकम सम्बन्धित निर्माण व्यवसायीबाट असुल हुनुपर्दछ।

७. **भेरिएसन** - प्रदेश सार्वजनिक खरिद नियमावली, २०८० को नियम ८(१) मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएको सोको कारण खुलाई भेरिएसन आदेश जारी गर्न सकिने व्यवस्था छ। यससम्बन्धी देखिएका बेहोरा देहाय अनुसार छन्:

७.१. प्रदेश राजधानी पूर्वाधार, विकास विशेष आयोजना कार्यालय, मकवानपुरले कुलेखानी-सिस्नेरी-छैमले-दक्षिणकाली सडक (मकवानपुर खण्ड) निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग रु.३८ करोड १० लाख ७६ हजारमा सम्झौता गरेकोमा १२औँ आइपिसीसम्म केही आइटमहरूको परिमाण बिओक्युमा उल्लेखित परिमाणभन्दा बढी नापजाँच गरी रु.४ करोड ७ लाख ७२ हजार भुक्तानी गरेको देखियो। ठेक्का सम्झौताअन्तर्गत जिसिसीको बुँदा नं. ४५.१ अनुसार कुनै आइटमको परिमाण बिओक्युमा उल्लेखित परिमाणभन्दा २५ प्रतिशतभन्दा बढी फरक भई सम्झौता मूल्यको २ प्रतिशतभन्दा बढी भएमा दर समायोजन तथा भेरिएसन स्वीकृत गर्नुपर्ने व्यवस्था रहेकोमा आवश्यक प्राविधिक प्रतिवेदन तथा भेरिएसन आदेश स्वीकृत नगरी भुक्तानी गरेको नियमसम्मत देखिएन।

७.२. पूर्वाधार विकास कार्यालय, रसुवाले धारापानी रुप्सेपानी जिबजिवे झ्याङल्याङ लोकिल सडक, कालिका गाउँपालिकाको सडक निर्माण कार्यका लागि एक संयुक्त उपक्रमसँग सम्झौता गरेकोमा प्रोभिजनल समबापत रु.१२ लाख उल्लेख गरी सम्झौता गरेकोमा निर्माण लगायतको काममा अस्वभाविक रूपमा खर्च बढ्न गएको उल्लेख गरी भेरिएसनमार्फत प्रोभिजनल सममा रु.४० लाख ५६ हजार थप गरी लागत रु.५२ लाख ५६ हजार कायम गरी यो वर्षसम्म रु.१८ लाख २ हजार भुक्तानी गरेको छ। प्रोभिजनल समको सुरु लागत अनुमानको तुलनामा ३३८ प्रतिशतले लागत बढेको देखिन्छ। संशोधित प्रोभिजनल समबाट स्वीकृत जिल्ला दररेटमा पाइप खरिद गरेको देखिन्छ। आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तथा लागत अनुमान तयार गर्दा यस्ता प्रकृतिका सामग्री प्रतिस्पर्धा गर्ने गरी खरिद प्रक्रिया अवलम्बन नगर्दा प्रोभिजनल सममार्फत भेरिएसन गरी लागत वृद्धि गरेका उपयुक्त देखिँदैन।

८. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। यो वर्ष पूर्वाधार विकास कार्यालय काभ्रेपलाञ्चोक, सिन्धुली, ललितपुर, नुवाकोट, रामेछाप, दोलखा र रसुवा समेत ७ कार्यालयहरूले ४२ विस्तृत आयोजना प्रतिवेदनको लागि रु.३ करोड ६९ लाख ५५ हजार परामर्श सेवामा खर्च गरेका छन्। कार्यालयको जनशक्तिबाट सम्पादन हुन नसक्ने कार्यमा मात्र परामर्श सेवा लिनुपर्नेमा नियमित प्रकृतिका कार्य पनि पटकपटक परामर्शदातामार्फत गराएको छ। परामर्श सेवाको लागत अनुमानमा लाग्ने जनशक्ति, समय र आइटमको नर्म्स तयार नगरेकोले खरिद कार्य प्रतिस्पर्धी एवं मितव्ययी भएको छैन। उपलब्ध जनशक्तिबाट गराउन नसकिने कार्यहरू मात्र परामर्शदाताबाट गराउनुपर्दछ।

९. **सोझै खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले बीस लाख रुपैयाँभन्दा बढीको कुनै निर्माण कार्य गराउँदा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, सिन्धुली र मकवानपुर समेत ६ कार्यालयले एकै प्रकृतिको निर्माण कार्यको लागि पटकपटक गरी ७८ पटकमा रु.३ करोड ५७ लाख ७५ हजार टुक्रा पारी सडक निर्माण तथा मर्मतजन्य कार्यमा भुक्तानी गरेको छ। खरिद कार्यमा नियमको अनुसरण गरी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्दछ।

१०. **पूर्वनिर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम निर्माण व्यवसायीको ढिलाइको कारणले खरिद सम्झौता बमोजिमको काम तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले दश प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको शून्य दशमल शून्य पाँच प्रतिशत पूर्व निर्धारित क्षतिपूर्ति तिर्नु पर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, ललितपुरले मातातीर्थ सतुङ्गल सडक निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग २०७७।८।७ भित्र सम्पन्न गर्ने गरी २०७६।२।७ मा रु.२४ करोड ९७ लाख ७८ हजारमा सम्झौता गरेको छ। निर्माण व्यवसायीले समयमा कार्यसम्पन्न नगरी पटकपटक गरी २०८१।२।३२ सम्म पाँचौं पटकसम्म म्याद थप गरेको देखिन्छ। यसरी पटकपटक म्याद थप गर्दा समेत समयमा काम सम्पन्न गर्न नसकेको कारण २०८१।३।१ देखि पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अवधि लागु भएको जानकारी कार्यालयले २०८१।२।३१ मा गराएको देखिन्छ। म्याद समाप्त भएको ३८४ दिन व्यतित हुँदा अधिकतम रु.२ करोड ४९ लाख ७७ हजार पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नुपर्नेमा रु.१३ लाख १२ हजार मात्र कट्टा गरेको देखिँदा रु.२ करोड ३६ लाख ६५ हजार असुल हुन बाँकी रहेको छ। निर्माण सम्झौता तथा कार्यालयको निर्णयानुसार असुल गर्नुपर्ने बाँकी पूर्वनिर्धारित क्षतिपूर्ति रकम प्राप्त गर्नुपर्दछ।

११. **प्रिमिक्स कार्पेटिङ्ग** - सडक विभागबाट जारी भएको स्ट्याण्डर्ड स्पेसिफिकेशन अफ रोड एण्ड ब्रिज, २०७३ (दोस्रो संशोधन २०७८) को बुँदा नं. १३.१० ओपन तथा क्लोज ग्रेड प्रिमिक्स कार्पेटको मोटाइ २० एमएम हुने उल्लेख छ। प्रादेशिक सडक डिभिजन कार्यालय, धादिङले स्ट्याण्डर्ड स्पेसिफिकेसनभन्दा बढी मोटाइको प्रिमिक्स कार्पेटिङ गर्ने गरी खरिद सम्झौता गरी धार्के गर्दुवा खोला सडक स्तरोन्नति कार्यमा स्पेशिफिकेसन भन्दा बढी परिमाणको कार्यको रु.१ लाख २६ हजार र पाल्पाभन्ज्याङ्ग साध भन्ज्याङ्ग कार्यको रु.३२ लाख ६४ हजार समेत रु.३३ लाख ९० हजार बढी भुक्तानी गरेको छ। त्यसैगरी पूर्वाधार विकास कार्यालय, ललितपुरले वगुवा प्युटार सडक निर्माण कार्यको लागि हनुमाने भञ्ज्याङ् टुल्कु फर्पिङ सडक प्याकेज नं. ३ निर्माण कार्यको लागि लागत अनुमान तयार गर्दा प्रिमिक्स कार्पेटको मोटाइ ४० एमएम हुने गरी तयार गरेको र सम्झौता पश्चात् भेरिएसन आदेश स्वीकृत गरी ३० एमएम कायम गरी रु ६९ लाख ६३ हजार स्पेशिफिकेशन भन्दा बढी भुक्तानी भएको छ। स्वीकृत नर्म्सअनुसार लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

१२. **माइलस्टोन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०क(८) अनुसार माइलस्टोन निर्धारण भएका आयोजनामा म्याद थप गर्दा आवश्यकतानुसार माइलस्टोन समेत परिमार्जन गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, रामेछापले लिखु करिडोर साघुटार/सिरिस/बिमिरे/गेलु/करण्डा/ठाडाखोला उमातीर्थ लाहाछेवार सडक निर्माणको लागि एक संयुक्त उपक्रमसँग २०८०।३।२२ भित्र कार्यसम्पन्न गर्ने गरी २०७९।३।२३ मा रु.१४ करोड १२ लाख ८९ हजारमा सम्झौता गरेकोमा यो वर्षसम्म कार्यसम्पन्न नभई अधुरो रहेको देखिन्छ। सम्झौताको विशेष सर्तमा योजनाको कार्य अवधि १२ महिना हुने, सम्झौता रकमको १० प्रतिशत कार्य पहिलो ५ महिनामा, सम्झौता रकमको ५० प्रतिशत काम ८ महिनाभित्र र बाँकी सबै काम १२ महिनामा सम्पन्न गर्नुपर्ने र तोकिएबमोजिमको माइलस्टोन हासिल नभएमा पूर्वनिर्धारत क्षतिपूर्ति लगाउन सकिने उल्लेख छ। सम्झौतामा निर्धारित अवधिभित्र विभिन्न चरणगत प्रगति (माइलस्टोन) हासिल गर्नुपर्ने व्यवस्था रहेकोमा आयोजनाको म्याद प्रारम्भिक अवधिभन्दा करिब १८० प्रतिशत (२०८२।१२।३० सम्म) थप गरिएकोमा सो अवधिसम्म भौतिक प्रगति ५१ प्रतिशत र वित्तीय प्रगति ४४.५७ प्रतिशत

मात्र रहेको छ। सम्झौताअनुसार ८ महिनाभित्र ५० प्रतिशत कार्यसम्पन्न हुनुपर्नेमा सो अनुसार प्रगति हासिल नभएको अवस्थामा सम्झौता अनुसार पूर्व निर्धारित क्षतिपूर्ति सहित म्याद थप गर्दा माइलस्टोन परिमार्जन गरेको छैन। सम्झौतामा भएका व्यवस्थाको पालना हुनुपर्दछ।

### सहरी विकास तथा भवन कार्यालयहरू

१३. **गैर सरकारी संस्थाको भवन निर्माण -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ मा बजेट तथा कार्यक्रमसम्बन्धी विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचार गरी प्रदेश सरकारबाट त्यस्तो आयोजना स्वीकृत भएको हुनुपर्ने व्यवस्था छ। यो वर्ष सहरी विकास तथा भवन कार्यालय, काठमाडौंले रु.६ करोड २३ लाख ९० हजारको ६१ वटा, नुवाकोटले रु.६ करोड ३६ लाख ७० हजारको ४४ वटा, सिन्धुलीले रु.१ करोड ४७ लाख ९९ हजारको ९ वटा र काभ्रेपलञ्चोकले रु.१ करोड २२ लाख ९४ हजारका ६ वटा गरी रु.१५ करोड ३१ लाख ५३ हजारको १२० वटा विभिन्न उद्देश्यले स्थापित गैर सरकारी संस्थाको भवन निर्माणमा खर्च गरेको देखिन्छ। सामुदायिक भवन एवं गैर सरकारी संस्थाको भवनको प्रयोग र सञ्चालन कार्यविधि समेत नबनाई भवन निर्माणमा खर्च गरेको उपयुक्त देखिएन। विगतदेखि नै यस प्रकृतिको भवन निर्माणमा खर्च हुँदै आएकोमा सो को सामुहिक हितार्थ प्रयोग भए/नभएको अनुगमन गरेको छैन। यस प्रकारका आयोजना स्वीकृति पूर्व प्रतिफल समेतको विचार गरेर मात्र कार्यान्वयन गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा वार्षिक नीति तथा कार्यक्रम, बजेट कार्यान्वयन, रकमान्तर, न्यून प्रगति, पुर्व निर्धारित क्षतिपूर्ति, मुल्य समायोजन, परामर्श एवं, विस्तृत परियोजना प्रतिवेदनलगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण -** मन्त्रालय तथा मातहतका समेत १५ निकायमा रु.४५ करोड ७६ लाख ५६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.७ करोड ८५ लाख ९५ हजार फर्स्यौंट भई प्रतिक्रियाबाट रु.४८ हजार थप समेत रु.३७ करोड ९१ लाख ९ हजार बेरुजु देखिएको छ। सोमध्ये रु.१८ करोड ४४ लाख म्याद नाघेको पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

# वन तथा वातावरण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण,
- वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन,
- प्रदेशस्तरमा संरक्षणक्षेत्र र चरन क्षेत्रको व्यवस्थापन,
- हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन,
- प्रदेशस्तरका वनस्पति उद्यान हर्वेरीयमहरूको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्बन्धी नीति र व्यवस्थापन,
- प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन,
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास र व्यवस्थापन,
- प्रदेशभित्र भूस्खलन नियन्त्रण,
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन,
- प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छतासम्बन्धी प्रविधि विकास र व्यवस्थापन, प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा,
- प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा विद्युतीय प्रदूषणको मापदण्ड निर्धारण, कार्यान्वयन,
- प्रदेशस्तरमा जलवायु परिवर्तनको असर न्यूनीकरण र न्यून कार्बनमुखी तथा वातावरणमैत्री विकास, प्रक्रिया र हरित क्षेत्र प्रवर्धन।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष मन्त्रालय र मातहतसमेत २५ निकायको निम्नानुसार रु.३ अर्ब १७ करोड १५ लाख ३० हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| २६६४३५२ | ६२४६९ | २५८४८५ | १८६२२४ | ३१७१५३० |

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक  सङ्केत तथा वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| **चालु खर्च** | | | | |
| २११०० पारिश्रमिक/सुविधा | ७६९३२० | ७६८४०३ | ५२०२४२ | ६७.७० |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ९६९४ | ९७२३ | ५१९९ | ५३.४७ |
| २२१०० सेवा महसुल | १९६१५ | १९८१५ | १३८३० | ६९.८० |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | ५१५४३ | ५४४२३ | ४७७१७ | ८७.६८ |
| २२३०० कार्यालय सामान तथा सेवा | २१२६४ | २०८६४ | १९३१३ | ९२.५७ |
| २२४०० सेवा तथा परामर्श खर्च | १०५४९१ | १०४३११ | ९७१७९ | ९३.१६ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्च | १८००६७ | १४०२६७ | १०३२६२ | ७३.६२ |
| २२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | १३६१७ | १३३६७ | ११०६१ | ८२.७५ |
| २२७०० विविध खर्च | ९०११ | ९०११ | ८४१३ | ९३.३६ |
| २७२०० सामाजिक सहायता | १००० | ३९४९ | ३६१४ | ९१.५२ |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | १००६९ | ९८६९ | ८३२९ | ८४.३९ |
| **जम्मा** | **११९०६९१** | **११५४००२** | **८३८१५९** | **७२.६३** |
| **पुँजीगत खर्च** | | | | |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | **२०२२५९६** | **२२३५१९०** | **१८२६१९३** | **८१.७०** |
| **कुल जम्मा** | **३२१३२८७** | **३३८९१९२** | **२६६४३५२** | **७८.६१** |

उल्लिखित विवरणअनुसार चालु खर्च ७२.६३ पुँजीगत खर्च ८१.७० र समग्रमा ७८.६१ प्रतिशत खर्च भएको देखिन्छ।

३. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालयले तयार गरेको एकीकृत वित्तीय विवरणमा मन्त्रालय र अन्तर्गतका निकायको स्वामित्वमा रहेको सम्पूर्ण जिन्सी तथा सम्पत्तिको विवरण खुलाउनुपर्नेमा रु.५२ करोड ६८ लाख ६८ हजार उल्लेख गरी मातहतका कार्यालयको विवरण समावेश नगरेको, भविष्यमा भुक्तानी दिनुपर्ने प्रतिबद्धताको विवरण पेस नगरेको, पेस्की बाँकीको विवरण प्रविष्टी नगरेको र लेखा टिप्पणीसँग सम्बन्धित अनुसूची संलग्न नगरेकोले वित्तीय विवरणले यथार्थ चित्रण गरेको छैन।

४. **दिगो विकास लक्ष्य -** दिगो विकास लक्ष्य अन्तर्गत लक्ष्य नं. १५ "जमिन माथिको जीवन" सँग सम्बन्धित वनको दिगो व्यवस्थापन, मरुभूमीकरण तथा भू–क्षय नियन्त्रण, जैविक विविधताको संरक्षण, हिमाली पारिस्थितिकीय प्रणालीको क्षमता अभिवृद्धि, वन फडानी न्यूनीकरण, सिमसार, हिमाल तथा सुख्खा भू–भागको संरक्षण तथा पुनर्स्थापना लगायतका कार्यक्रमहरू कार्यान्वयन गर्ने प्रादेशिकस्तरीय जिम्मेवारी यस मन्त्रालयको रहेको छ। मन्त्रालयले यससँग सम्बन्धित कार्यक्रम तथा क्रियाकलापको सूचक निर्धारण गर्ने तथा प्रादेशिक लक्ष्य निर्धारण गरी सङ्घीय प्रतिबद्धताअनुरूप समन्वय तथा सूचना सम्प्रेषण गरेको देखिएन। दिगो विकास लक्ष्यका सूचकहरू निर्धारण गरी सो अनुरूप कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

५. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ र नियमावली, २०७६ को नियम ४१ मा रकमान्तरसम्बन्धी व्यवस्था छ। यसरी रकमान्तर गर्दा विनियोजित खर्च शीर्षकमा विनियोजित

सुरु बजेटको २० प्रतिशतभन्दा बढी रकम रकमान्तर गर्न नपाइने व्यवस्था छ। यो वर्ष रकमान्तर एवं सो पश्चात्को खर्च स्थिति देहाय अनुसार रहेको छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | रकमान्तरबाट थप | रकमान्तरबाट घट | अन्तिम बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| चालु | ११९०६९१ | १३२६५ | ४९९५४ | ११५४००२ | ८३८१५९ | ७२.६३ |
| पुँजीगत | २०२२५९६ | ४०१८६३ | १८९२६९ | २२३५१९० | १८२६१९३ | ८१.७ |
| **जम्मा** | **३२१३२८७** | **४१५१२८** | **२३९२२३** | **३३८९१९२** | **२६६४३५२** | **७८.६१** |

उल्लिखित विवरणअनुसार मन्त्रालय र मातहतमा सुरु बजेट रु.३ अर्ब २१ करोड ३२ लाख ८७ हजार रहेकोमा रु.४१ करोड ५१ लाख २८ हजार थप तथा रु.२३ करोड ९२ लाख २३ हजार घटाई खुद रु.३ अर्ब ३८ करोड ९१ लाख ९२ हजार अन्तिम बजेट कायम गरी रु.२ अर्ब ६६ करोड ४३ लाख ५२ हजार (७८.६१ प्रतिशत) खर्च भएको देखिन्छ। खर्च नहुने क्षेत्रमा रकमान्तर गरी बजेट थप गरेको उपयुक्त देखिएन। बजेट यथार्थपरक बनाई रकमान्तर तथा स्रोतान्तरबाट थप घट गर्ने पद्धतिमा न्यूनीकरण गर्दै बजेट कार्यान्वयन गर्नुपर्दछ।

६. **आवधिक योजना -** प्रदेशको प्रथम आवधिक योजना (२०७६।७७-२०८०।८१) मा मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित तपसिलका क्षेत्रहरूको अपेक्षित उपलब्धि र कार्य सम्पादनको अवस्था देहायअनुसार रहेको छः

| क्र. सं | अपेक्षित उपलब्धि | कार्य सम्पादनको अवस्था |
|---|---|---|
| १ | वन तथा जलाधारको वैज्ञानिक व्यवस्थापनसम्बन्धी कानुन नीति र मापदण्ड तर्जुमा भएको हुने। | जलाधारको व्यवस्थापनसम्बन्धी कानुन नीति र मापदण्ड तयार नभएको। |
| २ | प्राकृतिक जैविक मार्गको विकास भएको हुने। | नयाँ प्राकृतिक जैविक मार्गको पहिचान तथा विकास नभएको। |
| ३ | नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन योजना कार्यान्वयन गर्ने। | नदी प्रणालीमा आधारित एकीकृत जलाधार व्यवस्थापन कार्यक्रमहरू कार्यान्वयन नभएको। |
| ४ | जलवायु परिवर्तन सम्बन्धी दक्ष जनशक्ति सहित संस्थागत व्यवस्था भई प्रादेशिक अनुकूलन योजना तयार भएर कार्यान्वयनमा गएको हुने। | संस्थागत व्यवस्था नभएको तथा प्रादेशिक अनुकुलन योजना तयार नगरिएको। |

प्रदेशले दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) कार्यान्वयनमा ल्याएकोमा मन्त्रालयसँग सम्बन्धित लक्ष्य तथा सूचकसम्बन्धी विवरण तयार गरेको देखिएन। मन्त्रालयले लक्ष्य तथा सूचक तयार गरी आवधिक योजनाको कार्यान्वयन गर्नुपर्दछ।

७. **नीति तथा कार्यक्रम कार्यान्वयन -** मन्त्रालयसँग सम्वन्धित यो वर्षको नीति तथा कार्यक्रममा उल्लेख गरेका कार्यक्रमहरू बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्नेमा कार्यान्वयन स्थिति देहायअनुसार रहेको छः

| बुँदा नं. | नीति तथा कार्यक्रमको बेहोरा | कार्यान्वयन अवस्था |
|---|---|---|
| ७८ | प्रदेशस्थित सरकारी भवन तथा सरकारबाट अनुदान प्राप्त निकायको भवन निर्माण गर्दा स्वदेशी काठको अनिवार्य | प्रदेश मन्त्रालय तथा निकाय र स्थानीयतहमा सो व्यवस्था कार्यान्वयन गर्न पत्राचार |

| बुँदा नं. | नीति तथा कार्यक्रमको बेहोरा | कार्यान्वयन अवस्था |
|---|---|---|
| | प्रयोग गर्ने तथा सार्वजनिक निकायहरूमा स्वदेशी काठबाट निर्मित फर्निचरहरूको प्रयोग प्राथमिकताका साथ गर्ने व्यवस्था मिलाउने। | गरिएकोमा सोको कार्यान्वयन अवस्था नखुलेको। |
| ८४ | सार्वजनिक,निजी,सहकारी, सामुदायिक क्षेत्रसँगको साझेदारीमा काष्ठ सिजनिङ्ग प्लान्ट सञ्चालन गरिने। | काष्ठ सिजनिङ्ग प्लान्ट सञ्चालनमा नआएको। |
| ८९ | वन तथा वातावरण संरक्षण र सम्वर्द्धन क्षेत्रबाट रोजगारी सिर्जना गर्न, बाँझो तथा अन्य खेर गइरहेका जग्गामा वन विकास, पर्यापर्यटन, उद्यम सञ्चालन तथा वनको पत्करबाट मल बनाउने कार्यमा युवा प्रोत्साहन गर्ने कार्यक्रम सञ्चालन गर्ने। | कार्यक्रम कार्यान्वयन गर्न बजेट विनियोजन नभएको। |
| ९० | बायो इन्जिनियरिङ्ग प्रविधिको प्रयोग गर्दै जैविक, भौतिक तथा मानवीय दृष्टिले जोखिमपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण तथा व्यवस्थापन गरिने। | बायोइन्जिनियरिङ्ग प्रविधिको प्रयोग न्यून भएको। |

नीति तथा कार्यक्रममा उल्लिखित विषय विनियोजन ऐन, वार्षिक बजेट तथा कार्यक्रम मार्फत कार्यान्वयन गर्नुपर्दछ।

८. **बजेट वक्तव्यको कार्यान्वयन** - प्रदेश सरकारको यो वर्षको बजेट वक्तव्यमा सार्वजनिक-निजी-सामुदायिक साझेदारीमा काठ सिजनिङ्ग तथा ट्रिटमेन्ट प्लान्ट स्थापना गर्न विनियोजित रु.२ करोड ५० लाख खर्च नभएको, मिचाहा प्रजातिहरूको नियन्त्रण कार्यक्रम अन्तर्गत रु.१० करोड ९४ लाख बजेट विनियोजन गरेकोमा अध्ययन प्रतिवेदनमै सीमित रहेको तथा एकीकृत जलाधार व्यवस्थापन कार्यका लागि रु.७० करोड ५० लाख विनियोजन गरी बायोइन्जनियरिङ्ग प्रविधिको प्रयोगलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गर्ने उल्लेख गरेकोमा उक्त प्रविधिबाट न्यूनमात्रामा कार्य भई अधिकांश परम्परागतरुपमै ग्याबिन, प्लम वाल तथा सिमेन्ट कन्क्रीटको कार्य गरेको देखिन्छ। बजेट वक्तव्यमा समावेश भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

९. **जिम्मेवारी तथा जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४९ मा जिम्मेवारी र जवाफदेहिता अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको कार्यान्वयन गर्न मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवम् लेखा उत्तरदायी अधिकृत, विनियोजित बजेट लक्षित उद्देश्य अनुरूप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने व्यवस्था छ। यस वर्ष मन्त्रालय र मातहत २५ निकायको विनियोजित अन्तिम बजेट रु.३ अर्ब ३८ करोड ९१ लाख ९२ हजार रहेकोमा रु.२ अर्ब ६६ करोड ४३ लाख ५२ हजार (७८.६१ प्रतिशत) खर्च भएको छ। बजेट बनाउँदा कार्यान्वयनको सुनिश्चितता नहुने, सञ्चालन हुन नसक्ने कार्यक्रममा बजेट व्यवस्था गर्ने, वर्षान्तमा रकमान्तर गर्ने, समयमा बजेट समर्पण नगर्ने लगायतका स्थितिले विनियोजन भएको बजेट न्यून खर्च भएको अवस्था छ। उल्लिखित अवस्थाको आधारमा मन्त्रालयबाट वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता पूर्ण पालना भएको नदेखिएकोले तोकिएको जिम्मेवारी र जवाफदेहिताको पालना हुनेगरी विनियोजन र खर्च व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

१०. **वन पैदावारको उत्पादन तथा आपूर्ति -** प्रदेश राष्ट्रिय वन ऐन, २०७६ को दफा १८ मा काठ दाउरा बिक्री वितरण र आपूर्तिका लागि आवश्यक संरचना व्यवस्था गर्नुपर्ने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार प्रदेश अन्तर्गत विगत ३ वर्षको वन पैदावार उत्पादनको स्थिति देहायअनुसार रहेको छः

| आर्थिक वर्ष | काठ (घन फिट) | दाउरा (घन फिट) |
|---|---|---|
| २०७९।८० | २६३५४११ | १३२४५०० |
| २०८०।८१ | २४६०८९१ | १११८७३५ |
| २०८१।८२ | ४०५१५९७ | १५७६१०५ |

यो वर्ष उत्पादन भएको ४० लाख ५१ हजार ५९७ घन फिट काठमध्ये सामुदायिक वनबाट ९ लाख २५ हजार ३८८ घन फिट, सरकारद्वारा व्यवस्थित वनबाट १ लाख ८४ हजार ४६३ घन फिट र बाँकी २९ लाख ४१ हजार ७४६ घन फिट अर्थात् उत्पादनको ७२.६० प्रतिशत हिस्सा निजी आबादीबाट भएको छ। उत्पादन तथा आपूर्ति व्यवस्थापनको लागि छपान, चेकजाँच, घाटगद्दी निरीक्षण, ग्रेडिङ तथा प्लट क्लियरेन्स जस्ता कार्यहरू समयमा नै सम्पादन भएको पुष्टि हुने अभिलेख राखेको छैन। वन पैदावार उत्पादन, सङ्कलन र आपूर्ति कार्य व्यवस्थित बनाउन आवश्यक कार्य नियमितरूपमा गरी आपूर्ति प्रणाली सुदृढ गर्नुपर्दछ।

११. **वनक्षेत्रको अतिक्रमण -** प्रदेश राष्ट्रिय वन ऐन, २०७६ मा वन क्षेत्र संरक्षण तथा अतिक्रमण नियन्त्रण गर्नुपर्ने जिम्मेवारी मन्त्रालय मातहतका डिभिजन वन कार्यालयहरूको हुने उल्लेख छ। मन्त्रालयको अभिलेखअनुसार २०८१ असारसम्म प्रदेशमा कुल १० लाख ९० हजार ८७६ हेक्टर वन क्षेत्रमध्ये १३ हजार ६११.८५ हेक्टर वन अतिक्रमण भएको उल्लेख छ। जिल्लागत वन क्षेत्रको अतिक्रमण विवरण निम्नानुसार रहेको छः

| क्र सं. | जिल्ला | अतिक्रमित वनको क्षेत्रफल (हे.) |
|---|---|---|
| १ | मकवानपुर | ३५५६.९६ |
| २ | चितवन | १६८८ |
| ३ | सिन्धुली | ७०५३.२५ |
| ४ | धादिङ्ग | २४७ |
| ५ | रसुवा | ३६.२७ |
| ६ | नुवाकोट | १०४.८७ |
| ७ | काठमाडौं | १२.०७ |
| ८ | ललितपुर | २९.४५ |
| ९ | भक्तपुर | ७.४ |
| १० | काभ्रेपलाञ्चोक | २५७.७८ |
| ११ | सिन्धुपाल्चोक | ७८.९१ |
| १२ | रामेछाप | ४९५.०५ |
| १३ | दोलखा | ४४.८४ |
| | **जम्मा** | **१३६११.८५** |

प्रदेश अन्तर्गत १३ जिल्लामध्ये सिन्धुली जिल्लामा सबैभन्दा बढी वन ७ हजार ५३.२५ हेक्टर क्षेत्र अतिक्रमण भएको देखिन्छ। कानुनबमोजिम वन अतिक्रमण रोक्नुपर्दछ।

१२. **उपलब्धि मापन** - राष्ट्रिय वन नीति, २०७५ मा वन पैदावारमा आत्मनिर्भरता हासिल गर्दै मूल्य अभिबृद्धि सहित निर्यात प्रवर्धन गर्ने तथा वन क्षेत्रको विकास, विस्तार तथा जडिबुटी लगायत वनमा आधारित हरित उद्योग तथा व्यवसाय प्रवर्धन गर्ने तथा रोजगारी सिर्जना गर्ने उल्लेख छ। यस वर्ष मन्त्रालयले वन क्षेत्रमा राष्ट्रिय वन संरक्षण, जलाधार संरक्षण, पर्यटन प्रवर्धन, वातावरण संरक्षण लगायतका क्षेत्रमा पुँजीगत बजेट शीर्षकबाट रु.१ अर्ब ६५ करोड ७७ लाख २८ हजार खर्च गरेको छ। यो वर्ष डिभिजन वन कार्यालयहरूमा ५२ वटा नयाँ भेनियर तथा सःमिल, १० वटा जडिवुटी प्रशोधन र ५६ वटा नयाँ फर्निचर उद्योगहरू दर्ता भएको देखिन्छ। वन क्षेत्रमा वर्षेनी खर्च भएको एवं वनसँग सम्बन्धित उद्योगहरू दर्ता भएतापनि वन क्षेत्रबाट सिर्जित रोजगारी, आर्थिक योगदान तथा कुल गार्हस्थ उत्पादनमा परेको प्रभावको मापन तथा मूल्याङ्कन भएको देखिएन। वन क्षेत्रसँग सम्बन्धित कार्यक्रम तथा खर्चलाई रोजगारी सिर्जना, उद्योग प्रवर्धन तथा कुल गार्हस्थ उत्पादनमा योगदान जस्ता मापनयोग्य सूचकसँग आबद्ध गरी उपलब्धि मापन गर्नुपर्दछ।

१३. **बहुवर्षीय योजना** - प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी मापदण्ड, २०८१ को बुँदा ४ मा ठूला पूर्वाधार तथा पर्यटन लगायतका १२ क्षेत्रमा तोकिएको लागत सीमाभन्दा बढीका आयोजना मात्र प्रदेश नीति तथा योजना आयोगको सिफारिमा बहुवर्षीयरूपमा कार्यान्वयन गर्न सकिने उल्लेख छ। मन्त्रालयबाट प्राप्त बहुवर्षीय योजना अन्तर्गत वन निर्देशनालय, भू-तथा जलाधार व्यवस्थापन कार्यालय, मकवानपुर तथा डिभिजन वन कार्यालय काठमाडौ, सिन्धुपाल्चोक, मरिण, सिन्धुली र रासी मनहरी, मकवानपुर लगायत ६ वटा कार्यालय भवनहरू निर्माणाधीन रहेको देखिन्छ। उक्त योजनामा यो वर्ष रु.७ करोड बजेट विनियोजन भएकोमा रु.१ करोड ७६ लाख ३७ हजार खर्च भएको र २०८२।८३ को लागि रु.१३ करोड ५० लाख बजेट विनियोजन गरेको देखिन्छ। बहुवर्षीय योजना अन्तर्गत आयोजनाहरू मुख्यत: कार्यालय भवन निर्माणमा केन्द्रित रहेको र प्रतिफलमुखी पूर्वाधार एवं पर्यटनजन्य प्राथमिक क्षेत्रका आयोजना समावेश भएको देखिएन। बहुवर्षीय योजना छनोट गर्दा प्रदेशको आवधिक योजना, स्रोतको उपलब्धता तथा उच्च प्रतिफल दिने क्षेत्रलाई प्राथमिकता दिई कार्यान्वयन गर्नुपर्दछ।

१४. **स्मार्ट पेट्रोलिङ एप्लिकेशन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। वन गस्तीमा जाने कर्मचारीलाई ट्रयाक गर्न र विपद्जन्य खबर तत्काल सम्प्रेषण गरी आवश्यक कारवाही अगाडि बढाउने उद्देश्य राखी स्मार्ट पेट्रोलिङ एप्लिकेशन खरिद गर्न रु.१५ लाख ३६ हजारमा सम्झौता गरी एक सेवा प्रदायकलाई रु.१२ लाख ८८ हजार भुक्तानी गरेको छ। वन व्यवस्थापनमा खटिने प्रदेश मातहतका सबै जनशक्तिलाई उक्त प्रणालीमा आबद्ध गरी वन डढेलो नियन्त्रण तथा चोरी निकासी निगरानी गर्ने उद्देश्यअनुरूप खरिद गरिएतापनि लेखापरीक्षण अवधिसम्म उक्त प्रणालीमा १८ कर्मचारीमात्र आबद्ध भएको एवं उद्देश्य अनुरूपको कार्यमा प्रयोग भएको देखिएन। एप्लिकेशन खरिदको उद्देश्य बमोजिम कार्य सुचारु हुनुपर्दछ।

## वन निर्देशनालय

१५. **काठ दाउराको मौज्दात** - प्रदेश राष्ट्रिय वन ऐन, २०७६ को दफा ३८ मा सामुदायिक वनको कार्ययोजना अनुसार प्राप्त हुने वन पैदावर समूहले आफ्ना समूहका सदस्यहरूलाई वितरण गरेर बाँकी रहेको वन पैदावर तोकिएबमोजिम समूह बाहिर बिक्री गर्न सक्ने व्यवस्था छ। निर्देशनालयबाट प्राप्त

विवरणअनुसार गत वर्षको १ लाख ८७ हजार ३३५ क्यू फिट काठ र ९४ चट्टा दाउरा मौज्दात रहेको र यो वर्ष १५ कार्यालय अन्तर्गत सामुदायिक वन उपभोक्ता समितिबाट प्राप्त भएको ३ लाख ४० हजार ७१ क्यू फिट काठ तथा ३०५ चट्टा दाउरामध्ये ४ लाख २१ हजार ६३४ क्यू फिट काठ र ३९९ चट्टा दाउरा मौज्दात रहेको छ। लामो समयसम्म घाटगद्दी स्थलमा रहँदा काठको गुणस्तर र उपयोगितामा ह्रास आउने हुँदा समयमै लिलाम बिक्री गरी राजस्व आम्दानी गर्नुपर्दछ।

१६. **बिरुवा उत्पादन, खरिद र वितरण** - निर्देशनालयको कार्य जिम्मेवारीमा वृक्षारोपणका लागि दिगो गुणस्तरीय बिउ उत्पादन, बिउ बगैंचा स्थापना र व्यवस्थापन र वृक्षसुधार लगायतका विषयमा अनुसन्धान गर्ने रहेको छ। यो वर्षमा जिल्ला स्थित डिभिजन वन कार्यालयहरू र भू तथा जलाधार व्यवस्थापन कार्यालयले काष्ठजन्य, फलफुलजन्य र जडीबुटीजन्य गरी जम्मा ७ लाख १५ हजार ३३८ गोटा बिरुवाहरू नर्सरीमा उत्पादन गरेको एवं ४ लाख २७ हजार ५४० गोटा बिरुवाहरू खरिद भएको देखिन्छ। विगतको बाँकी बिरुवा समेत कुल ६ लाख ७६ हजार २०१ गोटा बिरुवाहरू वितरण गरेको विवरण पेस भएको छ। निश्चित् आधार एवं कार्यविधि तर्जुमा नगरी कार्यालयहरूले विभिन्न व्यक्ति तथा समूहलाई बिरुवा वितरण गरेका छन्। हरेक जिल्लाबाट विगतका वर्षहरूमा माग भएको बिरुवा प्रजाति, स्थान र स्थानीयको रूचीमा पर्ने प्रजातिहरूलाई प्राथमिकतामा राखी उत्पादन र वितरित बिरुवाको रोपण एवं संरक्षणको अनुगमन गर्नुपर्दछ।

१७. **वनभित्र संरचना निर्माण** - प्रदेश राष्ट्रिय वन ऐन, २०७६ को दफा ३४ मा सामुदायिक वनको उपभोक्ता समूहले वनको कार्ययोजना तर्जुमा गरी डिभिजन वन कार्यालयबाट स्वीकृति लिनुपर्ने र स्वीकृत कार्य योजना अन्तर्गत रहेर वन व्यवस्थापन गर्नुपर्ने उल्लेख छ। निर्देशनालयको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन, २०८२ अनुसार वन कार्ययोजनामा समावेश नगराइ चितवनको सेतीदेवी सामुदायिक वनमा पार्क निर्माण गरेको र काठमाडौं गोकर्णेश्वरमा बागमती प्रदेशस्तरीय सहिद तथा बेपत्ता स्मृति स्तम्भ निर्माण कार्य भएको उल्लेख छ। वन क्षेत्रमा भौतिक संरचना निर्माण हुँदा वनको स्वरूप नै परिवर्तन भई वन्यजन्तु मैत्री नहुने एवं पारिस्थितिकीय प्रणालीलाई समेत असर पुग्न सक्ने हुँदा वन क्षेत्रभित्र यस्ता प्रकृतिका संरचना निर्माण कार्यमा रोक लगाइनुपर्दछ।

१८. **अन्य प्रयोजनमा प्रयोग भएको वन** - वन क्षेत्रको अनुगमन मूल्याङ्कन प्रतिवेदन, २०८२ मा निर्देशनालयअन्तर्गतका १३ जिल्लाका १५ डिभिजन वन कार्यालयको २०४८।४९ देखि हालसम्म १ हजार ३९७.५८ हेक्टर वन क्षेत्र जलविद्युत उत्पादन, होटल, रिसोर्ट, पर्यटन प्रवर्धन, निजी कम्पनी तथा प्रा.लि., सिमेन्ट उद्योग, खानेपानी आयोजना, सरकारी तथा निजी सञ्चार क्षेत्रलगायतका अन्य प्रयोजनमा उपलब्ध गराएको उल्लेख छ। अन्य क्षेत्रलाई उपलब्ध गराएको वन क्षेत्र सम्झौताका सर्त अनुसार उपयोग भए/नभएको तथा सम्झौता अनुसारको समयमा निर्धारित रोयल्टी प्राप्त भएको अभिलेख राखेको देखिएन। अन्य क्षेत्रमा प्रयोग भएको वनको राजस्व सरकारी कोषमा निर्धारित समयमानै प्राप्त भएको यकिन गर्नुपर्दछ।

## डिभिजन वन कार्यालयहरू

१९. **वन पैदावार शुल्क** - प्रदेश राष्ट्रिय वन ऐन, २०७६ को दफा ३८(३) सामुदायिक वनको वन पैदावार काठ दाउरा समूहभन्दा बाहिर बिक्री वितरणबाट प्राप्त हुने रकमको १० प्रतिशत रकम सेवा शुल्क बापत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। डिभिजन वन कार्यालय, मरिण सिन्धुलीको वन पैदावार बिक्री बापतको १० प्रतिशतले हुने रु.२ करोड ३३ लाख ५९ हजार र

डिभिजन वन कार्यालय, सिन्धुलीको रु.२ करोड ३१ लाख १ हजार समेत रु.४ करोड ६४ लाख ६० हजार धरौटी खातामा जम्मा गरेको देखिएकोले प्रदेश सञ्चितकोष दाखिला गर्नुपर्दछ।

२०. **वन रोयल्टी -** खानीखोला जलविद्युत कम्पनी लिमिटेड र नेपाल सरकार मन्त्रिपरिषद्को २०७०।९।१८ को निर्णयबमोजिम भएको सम्झौताको सर्तको बुँदा नं ४ बमोजिम एक कम्पनीले ललितपुर जिल्ला अन्तर्गत प्रयोग गर्ने वनको ३.५९ हेक्टर क्षेत्रफलको पहिलो २ वर्षसम्म अनुसूचीमा तोकिएको दर र त्यसपछि २० वर्षसम्म वार्षिक १० प्रतिशत दर वृद्धि गरी रोयल्टी कायम हुने र बुँदा नं. ५ मा वार्षिक नबुझाएमा शतप्रतिशत जरिबाना असुल गर्नुपर्ने उल्लेख छ। डिभिजन वन कार्यालय, ललितपुरले उक्त कम्पनीबाट २०६९।७० देखि २०८१।८२ सम्मको रोयल्टी र जरिबाना समेत रु.५ लाख ४३ हजार असुल गर्नुपर्दछ।

साथै काठमाडौं महानगरपालिका-६ मा रहेको एक गैर सरकारी संस्था र जिल्ला वन कार्यालय, भक्तपुरबीच साविकको नगरकोट गाविस वडा नं. ८ मा पर्ने २५ रोपनी (१.२७ हेक्टर) वन क्षेत्रको भूस्वामित्व नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयमा नै रहने गरी २०६६।६।२३ को मन्त्रिपरिषद् निर्णयअनुसार वन विभाग र संस्थाबीच २०६६।७।१६ मा सम्झौता भएको देखिन्छ। ४० वर्षसम्मका लागि कबुलियत गरिएकोमा २०७०।७१ सम्म मात्र रोयल्टी बुझाएकोमा २०७१।७२ देखि यो वर्षसम्म बुझाउनुपर्ने रोयल्टी रु.३ लाख ४५ हजार बुझाएको देखिएन। सम्झौताका सर्तअनुसार बुझाउन बाँकी रहेको रोयल्टीमा जरिबानासमेत गणना गरी असुल गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आवधिक योजना, वनक्षेत्र अतिक्रमण, वन मुद्दा, रकमान्तर, काठ दाउरा मौज्दात, बिरुवा उत्पादन, जग्गा उपयोग, वृक्षारोपण तथा संरक्षण, कबुलियत र सामुदायिक वनलगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण -** मन्त्रालय तथा मातहतका १३ निकाय समेतमा रु.७ करोड ७ लाख १३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१७ लाख १ हजार फर्स्यौंट गरेकोले रु.६ करोड ९० लाख १२ हजार बेरुजु देखिएको छ। सोमध्ये रु.२ लाख ७४ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-.९** मा रहेको छ।

# श्रम, रोजगार तथा यातायात मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरको यातायात व्यवस्थापन,
- प्रदेश भित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमति र नवीकरण,
- सवारी तथा सवारी चालक अनुमतिपत्र विद्युतीय प्रणालीको विकास एवम् यातायात क्षेत्रको समग्र सुधार,
- प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर समायोजन तथा निर्धारण,
- वातावरण, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणाली,
- प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदूषण नियन्त्रण,
- श्रम तथा रोजगार प्रवर्धन,
- श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियन,
- श्रम बजार अध्ययन, अनुसन्धान, श्रमशक्ति योजना र रोजगार प्रवर्धन,
- औद्योगिक विवाद समाधान, श्रम सुधार र न्यायिक निरूपण,
- कार्यस्थल सुरक्षा, कल कारखाना निरीक्षण तथा नियमन,
- प्रदेश तहमा सडक सुरक्षा, ट्राफिक व्यवस्थापन र सिन्डीकेट तथा कार्टेलिङ्ग नियन्त्रण।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतका १० सरकारी निकायको निम्नानुसार रु.१ अर्ब ९७ करोड ५८ लाख ७१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| ५०३३७५ | १४४८३९० | २४०६३ | ४३ | १९७५८७१ |

२. **लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३(१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। कार्यालयको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ को घटनाको कारण पेस हुन नआएकोले देहायबमोजिमका ३ कार्यालयको विनियोजनतर्फ रु.७ करोड ४ लाख ११ हजार, राजस्वतर्फ रु.१ अर्ब ६७ करोड २५ लाख ६० हजार र धरौटीतर्फ रु.११ लाख ७२ हजार समेत रु.१ अर्ब ७४ करोड ४१ लाख ४३ हजारको लेखापरीक्षण गरिएको छैन।

(रु.हजारमा)

| कार्यालयको नाम | विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|---|
| यातायात व्यवस्था कार्यालय, चितवन | २११०८ | ९६१९१९ | १२८ | ० | ९८३१५५ |
| यातायात व्यवस्था कार्यालय, हेटौडा | १८२७८ | ५३३८८२ | ० | ० | ५५२१६० |
| यातायात व्यवस्था कार्यालय, चाबहिल | ३१०२५ | १७६७५९ | १०४४ | ० | २०८८२८ |
| **जम्मा** | **७०४११** | **१६७२५६०** | **११७२** | **०** | **१७४४१४३** |

३. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च | प्रतिशत |
|---|---|---|---|---|
| **चालु खर्च** | | | | |
| २११०० पारिश्रमिक/सुविधा | २६६३९३ | २६६३९३ | २०४०४९ | ७६.५९ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | २२०४ | २२०४ | ११३२ | ५१.३६ |
| २२१०० सेवा महसुल | १२७९२ | १२७९२ | १०६७५ | ८३.४५ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | २३३१४ | २३३१४ | १९६४१ | ८४.२४ |
| २२३०० कार्यालय सामान तथा सेवा | १८२४४९ | १८२४४९ | ५३५५० | २९.३५ |
| २२४०० सेवा तथा परामर्श खर्च | ५१११५ | ५१११५ | ४६३४० | ९०.६५ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्च | ५९४८५ | ५९४८५ | ३५८५७ | ६०.२७ |
| २२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | ७७९४ | ७७९४ | ५८८७ | ७५.५३ |
| २२७०० विविध खर्च | ५५५९ | ५५५९ | ५२३४ | ९४.१५ |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | २२१४० | २२१४० | १५५५८ | ७०.२६ |
| **जम्मा** | **६३३२४५** | **६३३२४५** | **३९७९२३** | **६२.८३** |
| **पुँजीगत खर्च** | | | | |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | **३१३६३६** | **३१३६३६** | १७५८६३ | ५६.०७ |
| **कुल जम्मा** | **९४६८८१** | **९४६८८१** | **५७३७८६** | **६०.५९** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ६२.८३, पुँजीगततर्फ ५६.०७ र समग्रमा ६०.५९ प्रतिशत खर्च भएको देखिन्छ।

४. **आवधिक योजना** - दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) मा मन्त्रालयसँग सम्बन्धित १४ कार्यक्रमहरू तोकीएकोमा यो वर्ष वैदेशिक रोजगारीबाट फर्केका जनशक्तिको व्यावसायिक तालिम, सार्वजनिक यातायातमा दुर्घटना न्यूनीकरण तालिम, महिला लक्षित रोजगार कार्यक्रम सञ्चालन, रोजगार मेला आयोजना, यातायात व्यवस्था कार्यालयको भवन निर्माण, विद्युतीय चार्जिङ्ग स्टेसन सहितको पार्किङ्ग स्थल निर्माण, सवारी चालक अनुमतिपत्र परीक्षाको लागि स्वचालित ट्रायल सेन्टर स्थापना र सञ्चालन लगायतका १२ कार्यक्रम सम्पादन गर्नुपर्ने उल्लेख भएकोमा यातायात व्यवस्था कार्यालयको भवन निर्माण, विद्युतीय चार्जिङ्ग स्टेसन सहितको पार्किङ्ग स्थल निर्माण, सवारी चालक अनुमतिपत्र परीक्षाको लागि स्वचालित ट्रायल सेन्टर स्थापना लगायतका कार्यक्रमहरू गरेको देखिएन। आवधिक योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

५. **नीति तथा कार्यक्रम** - प्रदेश सरकारको वार्षिक नीति तथा बजेट वक्तव्यमा भएका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ। नीति तथा बजेट वक्तव्यमा उल्लेख भएका प्रमुख कार्यहरूको कार्यान्वयन अवस्था देहायबमोजिम रहेको छ।

| बुँदा नं. | नीति तथा कार्यक्रमको संक्षिप्त बेहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|
| १०८ | यातायात कार्यालयहरूबाट प्रदान गरिने सेवालाई अनलाइन प्रवाह गर्न नगदरहित डिजिटल सेवा प्रणाली निर्माण गर्ने। | निर्माण नभएको। |
| ११० | चालक अनुमतिपत्रको स्मार्ट कार्ड छपाइ तथा वितरण कार्य प्रदेशबाटै गर्ने। | मेसिन खरिद भएका तर प्रयोगमा नआएका। |

| बुँदा नं. | नीति तथा कार्यक्रमको संक्षिप्त बेहोरा | कार्यान्वयनको अवस्था |
|---|---|---|
| ११२ | सवारी चालक अनुमतिपत्रको परीक्षालाई थप व्यवस्थित बनाउन निजी क्षेत्रको सहकार्यमा ट्रायल सेन्टरलाई आधुनिक सूचना प्रणालीमा लैजाने। | कार्यान्वयन हुन नसकेको। |
| ११६ | वैदेशिक रोजगारबाट फर्किएका युवाहरूको ज्ञान, सीप र पूँजीलाई प्रयोग गरी उत्पादनशीलता वृद्धि गर्न स्थानीय तहसँगको समन्वय र साझेदारीमा रोजगार फोरम स्थापना गर्ने। | रोजगार फोरम स्थापना नभएको। |
| ११७ | यातायात क्षेत्रमा कार्यरत मजदुर लगायत निजी क्षेत्र तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई समेत सामाजिक सुरक्षामा सहभागी हुन प्रोत्साहन गर्ने। | कुनै कार्यको सुरुवात नभएको। |

६. **भुक्तानी दायित्व सिर्जना -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ४१ (६) मा बिल भरपाइ बमोजिमको चालु वर्षको बजेटले नखामेमा आगामी वर्षमा भुक्तानी दिनुपर्ने कारण खोली तोकेको ढाँचामा भुक्तानी दिन बाँकीको कच्चावारीमा अभिलेख राखी आर्थिक विवरण तयार गरी प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराइ राख्नुपर्ने व्यवस्था छ। भुक्तानी दायित्वको कच्चाबारी प्रमाणित नगरी २०८०।८१ को परामर्श सेवा, स्क्यानर मेसिन, गति मापकयन्त्र, डिजिटल ब्रेथलाईजर खरिदमा रु.३८ लाख २० हजार भुक्तानी दिएको छ। भुक्तानी बाँकीको कच्चाबारी प्रमाणित गरेर मात्र भुक्तानी दिने व्यवस्थाको पालना हुनुपर्दछ।

७. **स्मार्ट कार्ड छपाइ उपकरण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ मा सार्वजनिक निकायले मालसामान खरिद सुरु गर्नुअघि मालसामानको प्रकार, गुणस्तर, परिमाण विवरण र मालसामान आवश्यक पर्ने समय उल्लेख गरी स्वीकृत गर्नुपर्ने र सोही नियमावलीको नियम ११(२) मा मालसामानको लागत अनुमान तयार गर्दा अघिल्ला वर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ, उद्योग वाणिज्य सङ्घले जारी गरेको दररेटको आधार लिनुपर्ने व्यवस्था छ। मन्त्रालयबाट ५ थान लेजर स्मार्ट कार्ड छपाइ उपकरण खरिद गर्न तीन सप्लायर्ससँग कोटेसन माग गरी रु.६ करोड ८५ लाखको लागत अनुमान तयार गरी ठेक्कामार्फत एक सप्लायर्ससँग २०८२।३।९ मा सम्झौता गरी रु.५ करोड ४० लाख ९७ हजारमा खरिद गरेको छ। सुरक्षण मुद्रणसम्बन्धी ऐन, २०८१ को दफा ९(१) मा सुरक्षण मुद्रणसम्बन्धी सम्पूर्ण कार्य सुरक्षण मुद्रण केन्द्रले गर्ने उल्लेख भएको र उक्त ऐनको परिभाषा (ङ) मा सवारी चालक अनुमतिपत्रसमेत सुरक्षण मुद्रण सामग्री अन्तर्गत पर्ने उल्लेख छ। छपाइ उपकरण खरिद गर्न सङ्घ सरकारसँग समन्वय गरेको पाइएन। खरिद भएका प्रिन्टरहरूको दीर्घकालीन मर्मतको सम्बन्धमा कुनै योजना तथा सम्झौता नभएको, आपूर्तिकर्ताबाट २०८२।०३।२३ मा आपूर्ति भएका प्रिन्टर जिन्सीमा दाखिला भएतापनि लेखापरीक्षण अवधिसम्म सञ्चालनमा नआएकोले लगानीको लाभ भएको छैन। खरिद भएका छपाइ उपकरण प्रयोगमा ल्याउनुपर्दछ।

८. **विद्युतीय सवारी चार्जर खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ मा सार्वजनिक निकायले मालसामान खरिद कारबाही सुरु गर्नुअघि मालसामानको प्रकार, गुणस्तर, परिमाण विवरण र मालसामान आवश्यक पर्ने समय उल्लेख गरी स्वीकृत गर्नुपर्ने उल्लेख छ। सोही नियमावलीको नियम ११(२) मा मालसामानको लागत अनुमान तयार गर्दा अघिल्ला वर्षमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ, उद्योग

वाणिज्य सङ्घले जारी गरेको दररेटको आधार लिनुपर्ने व्यवस्था छ। विद्युतीय सवारी चार्ज गर्न २४ थान चार्जर खरिद गर्न तीन सप्लायर्स सँग कोटेसन माग गरी रु.४ करोड ८३ लाख ५६ हजारको लागत अनुमान तयार गरी ठेक्का मार्फत रु.४ करोड १४ लाख २५ हजारमा एक सप्लायर्ससँग सम्झौता भएको छ। ठेक्का सम्झौताअनुसार चार्जर आपूर्ति गरी जडान र परीक्षण तथा सञ्चालन गर्नुपर्नेमा चार्जरहरू काठमाडौँमा आपूर्ति भएको तर जडान नभएको अवस्थामा भुक्तानी गरेको छ। सम्झौतामा ती चार्जरहरूको मर्मत आपूर्तिकर्ताबाट गराइने उल्लेख भएकोमा लेखापरीक्षण अवधिसम्म प्रयोगमा नआएकोले मर्मत गरिने अवधि घट्दै गएको छ। पूर्व तयारी, चार्जिङ्ग स्टेसनको स्थान पहिचान, सञ्चालन मोडालिटी लगायतका विषयमा तयारी नगरी चार्जर खरिद गरी प्रयोगमा नहुनु उपयुक्त देखिएन। सम्झौतामा भएका सर्त अनुसार आपूर्तिकर्ताबाट नै मर्मत सम्भार हुने व्यवस्था गरेर खरिद भएका चार्जरहरू जडान गरी प्रयोगमा ल्याउनुपर्दछ।

९. **ट्याबलेट खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ मा सार्वजनिक निकायले मालसामान खरिद सुरु गर्नुअघि मालसामानको प्रकार, गुणस्तर, परिमाण विवरण र मालसामान आवश्यक समय उल्लेख गरी स्वीकृत गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले सवारी चालक अनुमति पत्रको लागि अनलाईन परीक्षा प्रणाली लागु गर्न ट्याबलेट खरिदमा लागत अनुमान रु.५५ लाख ९९ हजार तयार गरी विद्युतीय सवारी चालक अनुमतिपत्र जाँच गर्ने प्रणालीजडित १४० थान ट्याबलेट खरिदको सूचना आव्हान गरेकोमा एक आपूर्तीकर्तासँग रु.५२ लाख ४८ हजारको सम्झौता भएकोमा ट्याबलेट खरिदमा हार्डवेयर र सफ्टवेयरको लागत अनुमान तयार गर्दा सोही नियमावलीको नियम ११(२) बमोजिम लिनुपर्ने आधार नलिएको, आपूर्तकले स्पष्ट स्पेसिफिकेसन खुलाई बीजक पेस नगरेको, सन् २०२१ को मोडल खरिद भएको, ट्याबलेटमा जडित प्रणालीको सुरक्षाको व्यवस्था नगरेको र उपयोगमा ल्याएको छैन। खरिद भएका ट्याबलेटहरू प्रयोगमा ल्याउनुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा नीति तथा कार्यक्रम कार्यान्वयन, बजेट कार्यान्वयन, लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय तथा मातहत ३ निकायको रु.१ करोड ४६ हजार बेरुजु देखिएकोमा रु.८५ हजार फस्यौंट गरेकोले रु.९९ लाख ६१ हजार बाँकी देखिएको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।

# संस्कृति तथा पर्यटन मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको, योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रादेशिक पर्यटन विकास नीति, कानुन, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास, प्रवर्धन र नियमन,
- पर्यटक प्रहरी समन्वय,
- पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड आदिको दर्ता, अनुमति, नवीकरण र नियमन, सङ्घीय कानुन बमोजिम क्यासिनो तथा चिट्ठा दर्ता, अनुमति र नियमन,
- भाषा, लिपी, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोगसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं कला र वास्तु कलात्मक दृष्टिकोणले महत्त्व बोकेका प्रादेशिकस्तरका दरबारहरूको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन,
- प्रादेशिकस्तरमा संग्रहालय स्थापना, सञ्चालन तथा व्यवस्थापन,
- प्रदेशस्तरका पुरातात्विव महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, गुठी, सांस्कृतिक धरोहरसम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवं संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन् तथा पुनर्निर्माण,
- धर्म, परम्परा र गुठी अन्तर्गत चली आएका विभिन्न जात्रा, पर्वहरूको सञ्चालन र व्यवस्थापन,
- संस्कृतिको विकास सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष मन्त्रालय र मातहतसमेत ५ निकायको रु.२ अर्ब २५ करोड ५६ लाख १५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

( रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| २००४४७३ | ५०६१३ | २००१०९ | ४२० | २२५५६१५ |

२. **नीति तथा कार्यक्रम -** प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा तोकिएका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ। यस वर्षको नीति तथा कार्यक्रममा उल्लिखित कार्यक्रममध्ये प्रादेशिक पर्यटन गुरुयोजना तयार गरी दीर्घकालीन रणनीतिक कार्यक्रमहरू कार्यान्वयन गर्न, सिन्धुपाल्चोक जिल्लाको जुगल हिमाल क्षेत्रलाई पर्वतीय आरोहण प्रशिक्षण स्थलको रूपमा विकास गर्न सहयोग गर्ने, बागमती प्रदेशभित्रका रैथाने खानाहरूको पहिचान, अभिलेखीकरण र पेटेन्ट दर्ता गरी प्रदेशभित्रका पर्यटकीय होटेलहरूमा रैथाने परिकारहरू खाना मेनुमा राख्ने व्यवस्था गर्ने, बागमती प्रदेशभित्र रहेका मूर्त, अमूर्त संस्कृतिहरूको संरक्षण र प्रवर्धन गर्न कानुन तर्जुमा गर्ने लगायतका घोषित कार्यक्रमहरू कार्यान्वयन हुन सकेको देखिएन। वार्षिक नीति तथा कार्यक्रमा सामवेश भएका कार्यक्रमलाई बजेट व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

३. **बजेट वक्तव्य कार्यान्वयन** - प्रदेश सरकारको बजेट वक्तव्यमा तोकिएका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ। बागमती प्रदेश सरकारको २०८१।८२ को बजेट वक्तव्यमा उल्लेख भएका यस मन्त्रालयसँग सम्बन्धित कार्यहरूको कार्यान्वयन अवस्था देहाय बमोजिम रहेको छः

| विषय | कार्यान्वयनको अवस्था |
|---|---|
| अन्तर प्रदेश समन्वयमा जनकपुर, लुम्बिनी, देवघाट र मुक्तिनाथ जोड्ने सांस्कृतिक सम्पदा परिपथ विकास गर्ने, चितवनका सौराह, मेघौली, माडी र सिराइचुली जोडेर पर्यापर्यटन परिपथ, पाटन दरबार क्षेत्र, वसन्तपुर, कीर्तिपुर, भक्तपुर र चाँगुनारायण क्षेत्र जोडेर सम्पदा परिपथ र काठमाडौंको पशुपतिनाथ, डोलेश्वर, दत्तात्रेय, सुवर्णेश्वर, अनन्त लिङ्गेश्वर, सन्तानेश्वर, महादेव पोखरी जोडेर शिव पथ विकास गर्ने। | कार्यान्वयन नभएको |
| बागमती प्रदेशमा रहेका विभिन्न जात्रा तथा पर्वहरूको संरक्षण र सञ्चालनका लागि अक्षयकोष स्थापना गर्ने, कला, संस्कृति, भाषा, लिपि, जातजाति, धर्म, बाजागाजा आदिका बारेमा अध्ययन अनुसन्धान गर्न चाहने अध्येताहरूलाई प्रोत्साहन गर्ने। | अक्षयकोषको स्थापनाको लागि रु.५ करोड बजेट विनियोजन भएकोमा कार्यक्रम सञ्चालनमा नआएको, अध्येताहरूलाई प्रोत्साहनको लागि सूचना प्रकाशन गरेकोमा प्रस्ताव नपरेकोले कार्यान्वयन हुन नसकेको। |
| चितवनका सौराहा, मेघौली, गोलाघाट, भक्तपुरको नगरकोट, दोलखाको शैलुङ क्षेत्रलाई खुला चलचित्र छायांकन क्षेत्रको रूपमा विकास गर्ने। | बजेट विनियोजन नभएको कारण कार्यान्वयन हुन नसकेको। |
| प्रदेश भ्रमण वर्ष २०२४ को निरन्तरता सहित प्रदेश भित्रका पर्यटकीय गन्तव्य तथा पर्यटन क्रियाकलापहरूको प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने, बाह्य पर्यटकको सङ्ख्या वृद्धि गर्न छिमेकी मुलुकका प्रमुख सहरहरूमा पर्यटक लक्षित रोड शो, मेला, महोत्सव जस्ता पर्यटन प्रवर्धन कार्यक्रम सञ्चालन गर्ने। | कार्यान्वयन हुन नसकेको। |
| बागमती प्रदेशलाई आकर्षक पर्यटक गन्तव्यको रूपमा विकास गरी पर्यटकको बसाइ अवधि लम्व्याउन र प्रति पर्यटक खर्च वृद्धि गर्न पर्यटन पूर्वाधार निर्माण तथा सुधार गर्ने। | पर्यटकको आगमन, बसाइ अवधि एवं प्रति पर्यटक खर्च सम्बन्धमा अभिलेख नराखेको। |

उल्लिखित विवरणअनुसार कतिपय कार्यक्रममा बजेट विनियोजन नभएकोले कार्यान्वयन हुन नसकेको देखिन्छ। कार्यान्वयनयोग्य कार्यक्रम मात्र बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **कार्यक्रम कार्यान्वयन** - आयोजना तथा कार्यक्रमहरू स्वीकृत वार्षिक कार्यक्रमअनुसार तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ। मन्त्रालयबाट प्राप्त प्रगति विवरणअनुसार यस वर्ष मन्त्रालय र मातहतका निकायको लागि तामाङ/नेपाल भाषा सम्बन्धमा विश्वविद्यालयलाई शोध अनुसन्धान सहयोग, ऐतिहासिक सांस्कृतिक तथा पर्यटकीय सम्पदाहरूको स्थलगत चित्रकला कार्यशाला तथा प्रर्दशनी, प्याराडाइज बागमती एपको स्तरीकरण तथा सञ्चालन, जुरीथुम्की पिकनिक पार्क निर्माण, महाकाली मन्दिर सत्तल निर्माण, रामवोलेदेवी मन्दिर निर्माण, देउराली ताल पूर्वाधार निर्माण लगायतका विभिन्न ४७ कार्यक्रम तथा योजनामा रु.६ करोड ७९ लाख बजेट विनियोजन भएकोमा उक्त कार्यक्रमहरू कार्यान्वयन भएका छैनन्। मन्त्रालयले स्वीकृत कार्यक्रम कार्यान्वयन गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ।

५. **टुक्रे आयोजना** - आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा ६ मा पूर्वाधार आयोजनाको हकमा सङ्घबाट रु.३ करोड र प्रदेशबाट रु.१ करोड भन्दा कम लागतका नयाँ आयोजना

कार्यान्वयन नगरिने उल्लेख छ। त्यस्तै प्रदेशको वार्षिक आयोजना छनोट कार्यविधि, २०७८ को दफा १३ मा सम्बन्धित मन्त्रालय र प्रदेश सरकारका निकायहरूलाई आयोजना छनोट गर्दा नीति तथा कार्यक्रमलाई सम्बोधन गर्ने खालका बहुवर्षीय, क्रमागत, उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना आयआर्जन र गरिबी निवारणमा योगदान गर्ने आयोजनाहरू छनोट गर्नुपर्ने र पहिलो प्राथमिकतामा परेका आयोजना कम्तीमा ५० प्रतिशत हुनुपर्ने उल्लेख छ। यो वर्ष मन्त्रायल अन्तर्गतका पर्यटन विकास आयोजना, मकवानपुर र ईकाइ कार्यालय, काठमाडौंले पर्यटन प्रवर्धन तथा पूर्वाधार विकास कार्यक्रममा १ हजार २९७ आयोजनामा रु.१ अर्ब ९९ करोड ३० लाख बजेट विनियोजन गरी रु.१ अर्ब ८० करोड ६ लाख खर्च गरेको पाइयो। मन्त्रालयबाट प्राप्त विवरणअनुसार रु.५ लाखदेखि १० लाखसम्मका ६११ योजना अर्थात् कुल योजना सङ्ख्याको ४७ प्रतिशत रहेको र रु.५० लाख भन्दा माथिको १५ योजना मात्र रहेको पाइयो। स-साना आकारका योजना सञ्चालन गर्दा सञ्चालन खर्च वृद्धि भई अपेक्षित लाभ नहुने हुँदा मापदण्ड अनुसार योजना छनोट गरी कार्यान्वयन गर्नुपर्दछ।

६. **कार्य सञ्चालनस्तरका कार्य** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० मा मन्त्रालयको कार्यक्षेत्रमा भाषा, लिपी, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोगसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र नियमन गर्ने उल्लेख छ। मन्त्रालयले यस वर्ष विभिन्न जातजातिका स्थानीय तथा रैथाने खानाहरूको महोत्सव, अपाङ्गतामैत्री पर्यटन प्रवर्धन अभिमुखीकरण, गुरुकुलमा कार्यरत कर्मचारी तथा विद्यार्थीहरूलाई धर्मग्रन्थसम्बन्धी अभिमुखीकरण, सांस्कृतिक संरक्षणका लागि संस्था/समूहहरूलाई पूजा, पाठ, यज्ञ, जप, जात्रा आदिमा सहयोग, लोपोन्मुख ऐतिहासिक सांस्कृतिक नाँच, बाजा, सङ्गीत संरक्षण/प्रवर्धन, अपाङ्गता भएका व्यक्तिहरूद्वारा पर्यटकीयस्थलको भ्रमण, भाषा प्रशिक्षण कार्यक्रम (पाली र संस्कृत), पर्यटकीय/धार्मिक स्थलमा विशेष अवसरमा स्वास्थ्य शिविर सञ्चालन, पर्यटन क्षेत्रका सरोकारवालाहरूसँग अन्तरक्रिया गोष्ठी लगायतका कार्यसञ्चालन स्तरका कार्यक्रम सञ्चालन गरी रु.२ करोड ३९ लाख खर्च गरेको छ।

## पर्यटन विकास आयोजना, मकवानपुर

७. **अधुरो योजना** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ र ६३ मा सम्झौताबमोजिम काम नगरी बीचैमा छोडेर कामको प्रगति नगरेमा पेस्की जमानत असुली गर्ने, पूर्व निर्धारित क्षतिपूर्ति लगाउने, ठेक्का तोड्ने, कालो सूचीमा राख्ने लगायतका व्यवस्था रहेका छन्। पर्यटन विकास आयोजना, मकवानपुरले रामेछापमा शिवालय हिल स्टेशन निर्माण कार्यको लागि २०७८।२।१५ मा कार्यसम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७७।६।१३ मा रु.२ करोड ९१ लाख ८२ हजारको सम्झौता गरेको छ। निर्माण व्यवसायीलाई हालसम्म रु.१ करोड ६७ लाख ५२ हजार भुक्तानी भई योजनाको वित्तीय प्रगति ५७.४१ प्रतिशत र भौतिक प्रगति ५८.०२ प्रतिशत भएको देखिन्छ। निर्माण कार्यको म्याद पटकपटक थप गरी २०८१।१०।९ सम्म पुऱ्याइएकोमा तत्पश्चात ठेक्काको म्याद थप नभई अधुरो रहेको छ। बजेट व्यवस्थापन र कार्यान्वयन पक्ष प्रभावकारी बनाई ठेक्का सम्पन्न एवं फरफारक गर्नुपर्दछ।

## पर्यटन विकास आयोजना इकाई कार्यालय, काठमाडौं

८. **योजना कार्यान्वयन** - आयोजना तथा कार्यक्रमहरू स्वीकृत वार्षिक कार्यक्रम अनुसार तोकिएको समयमा सम्पन्न गर्नुपर्दछ। यो वर्ष कार्यालयले रु.१ अर्ब १९ करोड २ लाख बजेट विनियोजन

भएका ८८५ योजनामध्ये रु.१२ करोड २६ लाख बजेटको ८९ योजना कार्यान्वयन गरेको छैन। योजना कार्यान्वयन हुन नसक्नुमा ५७ योजनामा स्थानीय/उपभोक्ता समिति अनिच्छुक देखिएको, २४ योजना कार्यान्वयन गर्न बजेट कम भएको, ४ योजनाको कार्यस्थल छनोट हुन नसकेको, ४ योजनामा वनको सहमति प्राप्त नभएको, कार्यविधि स्पष्ट नभएको लगायतका कारण रहेका छन्। योजना कार्यान्वयनको लागि जग्गा, बजेट, अन्तरनिकाय समन्वय लगायतका न्यूनतम आवश्यक पूर्वाधार नभएको अवस्थामा समेत बजेट विनियोजन गर्नु उपयुक्त देखिदैन। न्यूनतम आवश्यक तयारी पुरा भएका र कार्यान्वयन योग्य योजना छनोट गर्नुपर्दछ।

९. **अधुरा योजना -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम समयमा नसक्ने भएमा सोको जानकारी कार्यालयलाई गराउनु पर्ने र कार्यालयले आवश्यक जाँच गरी समितिसँग भएको सम्झौता तोडी बाँकी काम ऐन र नियमावली बमोजिम गराउनु पर्ने उल्लेख छ। पेमा फिल्भे राभ गेलिङ्ग गुम्बा पूर्वाधार निर्माण, गणेशमान सिंह स्मृति भवन पूर्वाधार निर्माण, श्री सिद्धिगणेश मन्दिर पूर्वाधार निर्माण लगायतका विभिन्न ६ योजनामा रु.२ करोड ९ लाख ८४ हजार बजेट विनियोजन भई रु.१ करोड ३८ लाख ३५ हजार खर्च भए तापनि निर्माण कार्य पूर्ण नभई निर्माण भएका संरचना उपयोगमा आउन सकेका छैनन्। योजनामा पर्याप्त बजेट विनियोजन नभएको, सम्झौताको सर्त अनुसार कार्य नगरेको लगायतका कारण निर्माण कार्य अधुरो रहेको देखिन्छ। बजेटको सुनिश्चतता गरी सम्झौताको सर्तहरूको पूर्ण पालनामार्फत निर्माण सम्पन्न गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा नीति तथा कार्यक्रम कार्यान्वयन, बजेट कार्यान्वय, टुक्रे योजना, योजना तथा कार्यक्रम कार्यान्वयन, अधुरा योजना लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण-** मन्त्रालय तथा मातहतका समेत ४ निकायमा रु.११ लाख ९४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि उक्त बेरुजु फर्स्यौट गरेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

# सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षा सम्बन्धी नीति, कानुन तथा मापदण्ड,
- प्रदेशस्तरमा पुस्तकालय, अभिलेखालय सम्बन्धी नीति, कानुन तथा मापदण्ड,
- प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा सर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण,
- प्रदेशस्तरको विज्ञान तथा प्रविधि सम्बन्धी नीति, कानुन तथा मापदण्ड,
- विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन,
- महिला हकसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा,
- बालबालिकाको हकहित संरक्षण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा,
- प्रदेशस्तरका लोपोन्मुख, सीमान्तकृत, गरिब, ज्येष्ठ नागरिक, अपाङ्गता भएका र अशक्त व्यक्ति, बालबालिका र महिला हक हितसम्बन्धी कार्यक्रम सञ्चालन,
- सामाजिक सुरक्षा सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको निर्माण तथा कार्यान्वयन,
- समाजकल्याण र गैरसरकारी सङ्घ संस्था सम्बन्धी कार्य,
- गरीबी निवारण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड लगायत।

१. **लेखापरीक्षण अङ्क** - यो वर्ष मन्त्रालय र मातहतसमेत ७ निकायमध्ये मातहतका ६ निकायको रु.३ अर्ब २७ करोड ८२ लाख ८७ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| २८७९२७३ | ५४९४ | ३११८९० | ८१६३० | ३२७८२८७ |

यो वर्ष १ अन्य संस्थातर्फ रु.३६ करोड ६३ लाख ६९ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

२. **लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३(१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउने व्यवस्था छ। मन्त्रालयको २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ को घटनाको कारण स्रेस्ता पेस नभएकोले विनियोजनतर्फ रु.१३ करोड ७५ लाख २३ हजार, राजस्वतर्फ रु.१ करोड ८ लाख ८२ हजार, धरौटीतर्फ रु.५ करोड ४२ लाख ५१ हजार र अन्य कारोबारतर्फ रु.३६ करोड ६२ लाख ७१ हजार समेत रु.५६ करोड ८९ लाख २७ हजारको लेखापरीक्षण गरिएको छैन।

३. **बजेट र खर्च** - महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त कार्यालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| **चालु खर्च** | | | | |
| २११०० पारिश्रमिक सुविधा | ४८८५७७ | ४८८५७७ | ३३९५१६ | ६९.१९ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ३२४६ | ३२४६ | ७९७ | २४.५७ |
| २२१०० सेवा महशुल | २१४९४ | २१८४४ | १५८२२ | ७२.४३ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन र मर्मत | २७६२८ | २८०२८ | २३८४७ | ८५.०८ |
| २२३०० कार्यालय सामान तथा सेवाहरू | ७००३७ | ७००३७ | ६१०६५ | ८७.१९ |
| २२४०० सेवा तथा परामर्श खर्च | १११७२१ | ११२३७७ | ९५५७० | ८५.०४ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्च | ८२१९४५ | ८१०२२९ | ६०७५१९ | ७४.९८ |
| २२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | १०७०९ | १०७१९ | ८९२७ | ८३.२८ |
| २२७०० विविध खर्च | ३७९० | ३७९० | ३२३२ | ८५.२९ |
| २६००० अन्य | १७५५१७२ | १८३३२४२ | १४६६५२३ | ८०.०० |
| २७००० उपदान तथा सेवा | ४९८८२ | ४८८८२ | ४२२४८ | ८६.४३ |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | १३५२६ | १३५२६ | ९३४८ | ६९.११ |
| २८२०० फिर्ता खर्च | ० | १०० | १०० | १००.०० |
| **जम्मा** | **३३७७७२७** | **३४४४५९७** | **२६७४५१५** | **७७.६४** |
| **पुँजीगत खर्च** | | | | |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | ५३८७८५ | ४९५२८५ | ३४२२८१ | ६९.११ |
| **कुल जम्मा** | **३९१६५१२** | **३९३९८८२** | **३०१६७९६** | **७६.५७** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ७७.६४ प्रतिशत, पुँजीगततर्फ ६९.११ प्रतिशत र समग्रमा ७६.५७ प्रतिशत मात्र खर्च भएको देखिन्छ।

## शिक्षा विकास निर्देशनालय

४. **अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा कार्यक्रम** - अनिवार्य तथा निःशुल्क शिक्षा घोषणा अनुदानसम्बन्धी कार्यविधि, २०८१ मा विद्यालय बाहिर रहेका बालबालिकालाई भर्ना गराइ नियमित अध्ययन सुनिश्चित गर्ने उद्देश्यले २०७९।८० देखि अनिवार्य तथा निःशुल्क शिक्षा पालिका घोषणा कार्यक्रम सञ्चालन गरेको छ। कार्यविधिको दफा ८ मा गाँउपालिकाको हकमा रु.२५ लाख र नगरपालिकाको हकमा रु.३० लाखसम्म अनुदान उपलब्ध गराउने उल्लेख छ। प्रदेशका ११९ स्थानीय तहमध्ये यो वर्ष २९ सहित ५८ पालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा पालिका घोषणा गरेको छ। कार्यक्रममा विगत ३ वर्षमा रु.१६ करोड ४३ लाख ६ हजार खर्च भएकोमा थप २ हजार ९१ बालबालिका विद्यालय भर्ना गराएको उल्लेख छ। उक्त कार्यक्रमको लागि यो वर्ष ३० स्थानीय तहलाई रु.६ करोड ७९ लाख ५३ हजार निकासा दिएकोमा आमाछोदिङमो गाउँपालिका, रसुवाको रु.६ लाख ९१ हजार कार्यक्रम सञ्चालन भई बचत रहेको देखिँदा उक्त रकम सम्बन्धित पालिकाबाट प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्दछ।

५. **विद्यालय बस खरिद** - निर्देशनालयले विद्यालय बस खरिद कार्यक्रमको लागि यो वर्ष विभिन्न ३१ विद्यालयलाई प्रति विद्यालय रु.२५ लाखका दरले रु.७ करोड ५० लाख र १ विद्यालयलाई रु.२० लाखसमेत रु.७ करोड ७० लाख निकासा दिएको छ। निर्देशनालय र सम्बन्धित विद्यालयबीचको सम्झौताको सर्तमा बस खरिद गर्ने कार्यको लागि रु.२५ लाखको ६० प्रतिशतले हुने रु.१५ लाख पहिलो किस्तामा र खरिद व्यवस्थापन बिल भरपाइ पेस गरेपश्चात् बाँकी ४० प्रतिशत अनुदान दिइने र तोकिएको कार्यसम्पन्न नगरेमा वा ढिलाई गरेमा उक्त रकम असुल गर्नुपर्ने उल्लेख छ। बागमती मा.वि., बागमती गाउँपालिका, मकवानपुरलाई रु.२५ लाख बस खरिद प्रयोजनको लागि निकासा दिएकोमा लेखापरीक्षण अवधिसम्म कार्यसम्पन्न भएको छैन।उक्त विद्यालयले तोकिए बमोजिमको कार्यसम्पन्न गरेको प्रमाण पेस गर्नुपर्दछ।

६. **विद्यालय बस सञ्चालन** - बागमती प्रदेश सरकारबाट बस खरिदका लागि अनुदान प्रदान गर्ने कार्यक्रम अन्तर्गत २०७८।७९ देखि मन्त्रालय तथा शिक्षा विकास निर्देशनालयमार्फत हालसम्म १२९ विद्यालयलाई प्रति विद्यालय रु.२५ लाखका दरले यो वर्षसम्म रु.३२ करोड २५ लाख निकासा दिएको देखियो। साथै निर्देशनालयको अनुगमन प्रतिवेदनअनुसार जलदेवी मावि, बैतेश्वर दोलखा, जनविकास मावि खानिखोला, जागृती मावि चौंरी देउराली, प्रभा मावि चौंरी देउराली, काभ्रेपलाञ्चोक, शारदा मावि गोकुलगंगा, रामेछाप ५ विद्यालयमा बस नियमितरूपमा सञ्चालनमा नरहेको र क्षेत्रवती मा.वि. वैतेश्वर दोलखामा विद्यालय बस सञ्चालन नभई बन्द अवस्थामा रहेको उल्लेख छ। प्रतिवेदनअनुसार आर्थिक स्रोत अभाव तथा विद्यालय समायोजन जस्ता कारणले बस सञ्चालन नभएको उल्लेख छ। अनुदान प्रदान गर्दा विद्यालयको विद्यार्थी सङ्ख्या, वास्तविक आवश्यकता, सञ्चालन क्षमता तथा स्थानीय तहको प्रतिबद्धता लगायतका पक्षको मूल्याङ्कन गरी बस सञ्चालनको सुनिश्चितताको आधारमा मात्र निकासा दिनुपर्दछ।

## प्रदेश प्राविधिक तथा व्यावसायिक शिक्षा एवम् तालिम परिषद्

७. **लागत अनुमान** - सीपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा ७ मा लागत अनुमान तथा स्वीकृति सार्वजनिक खरिदसम्बन्धी प्रचलित कानुनबमोजिम र लागत अनुमान अनुसूची - २ बमोजिमको ढाँचामा तयार हुने उल्लेख छ। कार्यालयले उक्त व्यवस्थाको पालना नगरी ४ वटा तालिम प्रदायकबाट १२ प्रकारका तालिमको लागत अनुमान एकमुष्ठ रूपमा माग गरी उक्त लागतमा खाजा खर्च रु.१०० तथा सीप परीक्षण शुल्क (सीप परीक्षण केन्द्र) रु.२ हजार १९० थप गरी औसत तालिम लागत तयार पारेको छ। जनशक्तिको पारिश्रमिक, मालसामान उपकरण वा सेवा लगायतका सोधभर्ना हुने खर्च, मालसामान तथा फर्निचर, मेसिनरी औजार, तालिम सामग्री गोष्ठी, कागजात छपाइ वा अनुवाद लगायतका अन्य फुटकर खर्च र प्रयोग हुने कच्चा पदार्थको विश्लेषण नगरी सबै प्रकारका तालिमको लागत अनुमान एकै कायम गरेको देखिन्छ। सबै प्रकारका तालिमको लागि लाग्ने कच्चा पदार्थको विश्लेषण गरी लागत अनुमान तयार गर्नुपर्दछ।

८. **तालिम सञ्चालन** - सीपमूलक तालिम कार्यक्रम सञ्चालन कार्यविधिको बुँदा नं. ६ मा सहभागी छनोटको लागि उमेर, पूर्व तालिम, सीमान्तकृत वर्ग, स्थानीय तहसँगको समन्वय लगायतको आधार र विधि उल्लेख छ। परिषद्ले यो वर्ष निजी क्षेत्रका ९ सेवाप्रदायक मार्फत ११ विषयका तालिममा २ हजार ६६० जना, १० स्थानीय तहको साझेदारीमा ७ विषयका तालिममा २०० जना, आङ्गिक

शिक्षालयले १० विषयका तालिम ४८० जना, परिषद् कार्यालयबाट ७ प्रकारका तालिममा २६० जना गरी जम्मा ३ हजार ६०० जनालाई १५ विषयका तालिम सञ्चालन गरी रु.१० करोड ७३ लाख ८९ हजारको खर्च गरेको छ। खर्चअनुसार रोजगारी सिर्जना, व्यवसाय प्रवर्धन तथा स्थानीय आवश्यकतामा अपेक्षित प्रतिफल प्राप्त नभएकोले मापदण्ड अनुसार परिणाममुखी तालिम सञ्चालन गर्नुपर्दछ।

९. **सीप परीक्षण -** सीपमूलक तालिम सञ्चालन कार्यविधि, २०८० को दफा १८ र २२ अनुसार सीपमूलक तालिम लिने परीक्षार्थीले तालिम प्रदायक संस्थाको समन्वयमा अनुसूची-८ बमोजिमका विषयवस्तुमा अनिवार्यरूपमा सीप परीक्षणमा सहभागी हुने व्यवस्था छ। परिषद्ले यो वर्ष ३ हजार ६०० प्रशिक्षार्थीलाई तालिम दिएकोमा ३ हजार ६७ अर्थात् ८५ प्रतिशतले सीप परीक्षणको लागि फाराम भरेको र बाँकी ५३३ ले फाराम नभरेको तथा २३६ जना सीप परीक्षणमा अनुपस्थित भएको विवरण पेस गरेको छ। सीप परीक्षणमा २ हजार ४३ जना उत्तीर्ण भएको र ७८८ जना अर्थात् २७.८३ प्रतिशत अनुत्तीर्ण भएको देखिन्छ। तालिम सेवा प्रदायक एक प्रा.लि. ले सञ्चालन गरेको ३ सिलाई कटाइ तालिमका ६० सहभागीको औसत उत्तीर्ण दर २८ प्रतिशतमात्र रहेको, विभिन्न सेवा प्रदायकले सञ्चालन गरेका १८ तालिममा ४० प्रतिशतभन्दा कम उत्तीर्ण भएको देखिएकोले परिषद्ले तालिम अनुगमन प्रभावकारी बनाई तालिम सेवा प्रदायक संस्थालाई जिम्मेवार बनाउनुपर्दछ।

## सामाजिक विकास कार्यालयहरू

१०. **कार्यक्रम कार्यान्वयन -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ मा बजेट तथा कार्यकम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले तोकेको अनुसूची-३ बमोजिमको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी तालुक निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने, नियम २६ बमोजिम चौमासिक प्रगति विवरण प्राप्त भएपछि नियम २७ बमोजिम तालुक निकायले त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गरी प्रगति कम हुनु र लक्ष्य हासिल हुन नसक्नुका प्रमुख कारण पहिचान गर्नुपर्ने उल्लेख छ। विनियोजित बजेटमध्ये सामाजिक विकास कार्यालय, ललितपुरको ७४ योजनाको लागि रु.१२ करोड ५८ लाख ६९ हजार र मकवानपुरको ४६ योजनाको रु.५ करोड ६६ लाख बजेट व्यवस्था भएकोमा कार्यान्वयन भएको देखिएन।

११. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९(१)(क) मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। यो वर्ष सामाजिक विकास कार्यालय, धादिङ र मकवानपुरले ४ परामर्श कार्यको लागि रु.५२ लाख ७० हजार खर्च गरेको छ। कार्यालयको जनशक्तिबाट सम्पादन हुन नसक्ने कार्यमा मात्र परामर्श सेवा लिनुपर्नेमा नियमित प्रकृतिका कार्य समेत पटकपटक परामर्शदातामार्फत गराएको छ। परामर्शदाताबाट हुने कार्यमाथिको निर्भरता घटाउन निर्माण कार्यसँग सम्बन्धित लागत अनुमान तयार गर्ने देखि सुपरीवेक्षण गर्ने कार्यसम्मका प्राविधिक कार्यहरू सम्भव भएसम्म विभागीय जनशक्तिबाट गराउनुपर्ने र उपलब्ध जनशक्तिबाट गराउन नसकिने कार्यहरू मात्र परामर्शदाताबाट गराउनुपर्दछ।

# अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आवधिक योजनाको कार्यान्वयन, नीति तथा कार्यक्रम, रकमान्तर, विद्यालय बस कार्यक्रम, अधुरो निर्माण कार्य, लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेत ४ निकायमा रु.१ करोड ६५ लाख ८५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.९६ लाख ५१ हजार फर्स्यौंट गरेकोले रु.६९ लाख ३४ हजार बेरुजु बाँकी देखिएको छ। सो मध्ये रु.३ लाख म्याद नाघेको पेश्की बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।
  - अन्य सस्थातर्फ १ निकायमा रु.२२ लाख ७५ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट रु.२७ हजार फर्स्यौंट गरेकोले रु.२२ लाख ४८ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१०** मा रहेको छ।

# स्वास्थ्य मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- स्वास्थ्य सेवा तथा पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा,
- प्रदेशस्तरमा आवश्यक पर्ने प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुनःस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन, प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण,
- प्रदेशस्तरीय अस्पताल तथा स्वास्थ्य प्रतिष्ठानहरूको स्थापना र सञ्चालन,
- राष्ट्रिय मापदण्डबमोजिम औषधीजन्य तथा स्वास्थ्य प्रविधिसम्बन्धी सामग्रीको उत्पादन तथा सञ्चय, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, खारेजी, सञ्चालन र अनुमति,
- राष्ट्रिय मापदण्ड अनुरूप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, खारेजी, सञ्चालन र अनुमति,
- राष्ट्रिय मापदण्डबमोजिम स्वास्थ्य बिमालगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन,
- प्रदेशस्तरमा स्वास्थ्य सेवासम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन,
- राष्ट्रिय मापदण्ड अनुरूप स्वास्थ्य सेवासम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
- आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सालगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवासम्बन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण र कार्यान्वयन,
- जनसङ्ख्या, बसाइँसराइ र परिवार नियोजन सम्बन्धी।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेत ३२ निकायको निम्नानुसार रु.४ अर्ब ८० करोड ७४ लाख ९० हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| ३२९६६४६ | ३५६४६ | ९९०८९ | १३७६१०९ | ४८०७४९० |

यो वर्ष १३ समितितर्फ रु.४ अर्ब ९८ करोड ६० लाख ७३ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

२. **लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिएबमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउने व्यवस्था छ। २०८१।८२ को स्रेस्ता

एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ को घटनाको कारण क्षति भई पेस हुन नआएकोले यो वर्ष मन्त्रालय मातहत २ समितिको रु.१ अर्ब ८५ करोड ५३ लाख ४ हजारको लेखापरीक्षण गरिएको छैन।

३. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| **चालु खर्च** | | | | |
| २११०० पारिश्रमिक/सुविधा | ६५५१५१ | ६७९६३० | ५५६८०६ | ८१.९३ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | १६४२१ | १६४२१ | ६६१० | ४०.२५ |
| २२१०० सेवा महसुल | ३६२१८ | ४९४८९ | ४६२९० | ९३.५४ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | ६३९९२ | ६६५९२ | ५६८५८ | ८५.३८ |
| २२३०० कार्यालय सामान तथा सेवाहरू | ४४६२७ | ४४८७३ | ३९९९९ | ८९.१४ |
| २२४०० सेवा तथा परामर्श खर्च | ४५७४४० | ४६३५७६ | ४१६५५९ | ८९.८६ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | १८६०८२८ | १७९७३५५ | १३६८३५१ | ७६.१३ |
| २२६०० अनुगमन मूल्याङ्कन र भ्रमण खर्च | २१४९५ | २२१८४ | १५५८४ | ७०.२५ |
| २२७०० विविध खर्च | १०१३३ | १०७९३ | १००५६ | ९३.१७ |
| २७२०० सामाजिक सहायता | २५०३६३ | १९८०६२ | १९०६२० | ९६.२४ |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | २७५९३ | २८५७८ | २३६१८ | ८२.६५ |
| **जम्मा** | **३४४४२६१** | **३३७७५५३** | **२७३१३५१** | **८०.८७** |
| **पुँजीगत खर्च** | | | | |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | **५९६२४१** | **७४३४४८** | **५६५२९५** | **७६.०४** |
| **कुल जम्मा** | **४०४०५०२** | **४१२१००१** | **३२९६६४६** | **७९.९९** |

उल्लिखित विवरणअनुसार चालु खर्च ८०.८७ पुँजीगत खर्च ७६.०४ र समग्रमा ७९.९९ प्रतिशत खर्च भएको देखिन्छ।

४. **एकीकृत वित्तीय विवरण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा २५(२) मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय समेतको प्रत्येक आर्थिक वर्षको सम्पूर्ण आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी तोकिएको अवधिभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय र महालेखापरीक्षकको कार्यालय समक्ष पेस गर्नुपर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालयले तयार गरेको एकीकृत वित्तीय विवरणमा मन्त्रालय र अन्तर्गतका निकायको स्वामित्वमा रहेको सम्पूर्ण जिन्सी तथा सम्पत्तिको विवरण खुलाउनुपर्नेमा रु.४ करोड ४४ लाख १८ हजार मात्र उल्लेख गरी मातहतका कार्यालयको विवरण समावेश नगरेको, भुक्तानी दिनुपर्ने प्रतिबद्धताको विवरण पेस नगरेको, लेखा टिप्पणीसँग सम्बन्धित अनुसूची संलग्न नगरेको र गैर बजेटरी निकायको रूपमा रहेका १३ अस्पतालको कारोबार समेटी वित्तीय विवरण तयार नगरेकोले वित्तीय विवरणले यर्थाथ चित्रण गरेको छैन। सबै कारोबार समेटी वित्तीय विवरण यथार्थपरक बनाउनुपर्दछ।

५. **आवधिक योजना कार्यान्वयन** - प्रदेशको दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) मा मन्त्रालयसँग सम्बन्धित क्षेत्रगत लक्ष्य र प्रगति स्थिति देहायअनुसार छः

| सूचक | एकाई | २०७९।८० आधार वर्ष | २०८१।८२ को उपलब्धि | दोस्रो योजनाको लक्ष्य २०८५।८६ |
|---|---|---|---|---|
| सरकारी अस्पतालको शैया | सङ्ख्या | ८३६ | - | २३९० |
| प्राथमिक स्वास्थ्य केन्द्र | सङ्ख्या | ४० | - | ४० |
| आयुर्वेद औषधालय | सङ्ख्या | ५१ | - | १०० |
| बर्थिङ सेन्टर | सङ्ख्या | ३९८ | - | ४१० |
| नागरिक आरोग्य केन्द्र | सङ्ख्या | ५१ | - | ११९ |
| पोषण पुनःस्थापना केन्द्र | सङ्ख्या | ६ | ८ | १३ |
| स्वास्थ्य बिमामा आवद्ध जनसङ्ख्या | प्रतिशत | ३० | ५० | ८० |
| मातृ मुत्युदर प्रतिलाख जीवित जन्ममा | सङ्ख्या | ९८ | ९० | ७० |
| औसत आयु | वर्ष | ७२.४ | ७३ | ७६ |
| पाँच वर्षमुनीको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | सङ्ख्या | २४ | २४ | २० |
| नवजात शिशु मृत्युदर | सङ्ख्या | १७ | १५ | १२ |
| कुल प्रजनन् दर | प्रतिशत | १.६ | १.६ | १.६ |
| स्वास्थ्य संस्थामा सुत्केरी हुने | प्रतिशत | ८८ | ९० | ९५ |
| प्रजनन उमेरका महिलामा रक्तअल्पता | प्रतिशत | ३४ | - | १० |
| विद्यालय नर्स एक माध्यमिक विद्यालय एक नर्स | सङ्ख्या | ५१९ | ८४८ | १४९८ |
| पुड्कोपन (पाँच वर्ष मुनीका बालबालिका) | प्रतिशत | १८ | १७ | १५ |

दोस्रो आवधिक योजनाको अन्त्यसम्ममा स्वास्थ्य बिमामा आबद्ध जनसङ्ख्या ८० प्रतिशत पुऱ्याउने, पाँच वर्ष मुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) २० पुऱ्याउने, दक्ष स्वास्थ्यकर्मीबाट प्रसूति सेवा लिने गर्भवती महिला ९५ प्रतिशत पुऱ्याउने, मातृ मृत्युदर प्रति लाख जीवित जन्ममा ७० पुऱ्याउने लक्ष्य लिएको छ। सूचकहरूको प्रगति अद्यावधिक गरी आवधिक योजना अनुरूप वार्षिक नीति तथा कार्यक्रममा समावेश गरेर कार्यान्वयन गर्नुपर्दछ।

६. **वार्षिक नीति तथा कार्यक्रम** – प्रदेश सरकारको २०८१।८२ को नीति तथा कार्यक्रममा स्वास्थ्य मन्त्रालयसँग सम्बन्धित कार्यक्रमहरूमध्ये प्रदेश जनसङ्ख्या नीति तर्जुमा गर्ने उल्लेख भएकोमा मस्यौदा चरणमा रहेको, विशेषज्ञ चिकित्सक परिचालन आंशिक रूपमा भएको र स्वास्थ्य बिमा विस्तार गरी कर्मचारीलाई स्वास्थ्य बिमामा आबद्ध गराउने, ७० वर्षभन्दा माथिका विपन्न ज्येष्ठ नागरिकलाई निमोनिया खोप निःशुल्क उपलब्ध गराउने र स्वास्थ्यजन्य फोहोर व्यवस्थापन लगायतका कार्यक्रम कार्यान्वयन भएका छैनन्। नीति तथा कार्यक्रममा समावेश भएका विषयहरूलाई बजेट व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

७. **बजेट वक्तव्यको कार्यान्वयन** - प्रदेश सरकारको २०८१।८२ को बजेट वक्तव्यमा मन्त्रालयसँग सम्बन्धित कार्यक्रमहरूमध्ये चितवनको माडीस्थित बघौडा अस्पताल, रामेछापको मन्थली अस्पताल, दोलखाको जिरी अस्पताल, सिन्धुपाल्चोकको मेलम्ची अस्पताल र सिन्धुलीको दुधौली अस्पताललाई क्रमशः प्रादेशिक अस्पतालमा विकास गर्ने, ७० वर्षभन्दा माथिका विपन्न ज्येष्ठ नागरिकलाई निमोनिया विरुद्धको निःशुल्क खोप कार्यक्रम तथा योग, होमियोप्याथी, अकुपन्चर लगायतका वैकल्पिक चिकित्सा उपचार पद्धतिलाई प्रवर्धन गर्ने लगायतका कार्यक्रमहरू कार्यान्वयन भएको छैन। बजेट वक्तव्यमा उल्लेखित कार्यक्रमहरू कार्यान्वयन हुनुपर्दछ।

८. **वित्तीय जिम्मेवारी र जवाफदेहिता** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४१ देखि ४९ मा जिम्मेवारी र जवाफदेहिता अनुसार योजना अनुगमन गरी जवाफदेहिता कायम गराउने व्यवस्थाको

कार्यान्वयन गर्न मन्त्रालयको हकमा विभागीय मन्त्री, बेरुजु फर्स्यौंट गर्ने गराउने उत्तरदायित्वको पालना कार्यालय प्रमुख एवम् लेखा उत्तरदायी अधिकृत, विनियोजित बजेट लक्षित उद्देश्य अनुरूप खर्च गर्न नसकेमा सोको जिम्मेवारी कार्यालय प्रमुख र मन्त्रालयमा विभागीय मन्त्री र लेखा उत्तरदायी अधिकृतले लिनुपर्ने व्यवस्था छ। यो वर्ष मन्त्रालय र मातहत कार्यालयहरूले चालु खर्च ८०.८७ प्रतिशत र पुँजीगत खर्च ७६.०४ प्रतिशत मात्र भएको, हालसम्मको बेरुजु बाँकी र फर्स्यौंट अद्यावधिक विवरण मन्त्रालयले पेस नगरेको र जिम्मेवारी तथा जवाफदेहिता पालनाको अभिलेख समेत नराखेको अवस्था छ। ऐनको व्यवस्थाअनुसार वित्तीय जिम्मेवारी र जवाफदेहिताको पालना गर्नुपर्दछ।

९. **बहुवर्षीय आयोजना** - मन्त्रालयबाट प्राप्त विवरणअनुसार मन्त्रालय अन्तर्गत सञ्चालनमा रहेका बहुवर्षीय आयोजनामध्ये बज्रबाराही चापागाउँ अस्पताल, ललितपुरको भवन निर्माणमा यो वर्षसम्म रु.१० करोड ७४ लाख खर्च भई वित्तीय प्रगति ८८.१९ प्रतिशत, आयुर्वेद स्वास्थ्य केन्द्र, मकवानपुर भवन निर्माणमा रु.७ करोड ७४ लाख खर्च भई वित्तीय प्रगति ९८.६२ प्रतिशत भएको देखिन्छ। आयुर्वेद स्वास्थ्य केन्द्र, ललितपुरको भवन निर्माणतर्फ ४ वर्षको अवधिमा रु.१ करोड ३ लाख खर्च भई वित्तीय प्रगति २५.७३ प्रतिशतमात्र भएको छ। अधुरा आयोजनाहरू तोकिएको समयसीमाभित्र सम्पन्न गर्नुपर्दछ।

१०. **रकमान्तर -** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा १७ र नियमावली, २०७६ को नियम ४१ मा रकमान्तर सम्बन्धी व्यवस्था छ। यसरी रकमान्तर गर्दा विनियोजित खर्च शीर्षकमा विनियोजित बजेटको बीस प्रतिशतभन्दा बढी रकमान्तर गर्न नपाइने व्यवस्था छ। यो वर्ष रकमान्तर एवं सो पश्चातको खर्च स्थिति देहायअनुसार रहेको छः

(रु.हजारमा)

| शीर्षक | सुरु बजेट | रकमान्तर थप | रकमान्तर घट | अन्तिम बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|---|
| चालु | ३४८४२६० | ३२५३७७ | ३९२०८४ | ३४१७५५३ | २७३१३५० | ८०.८७ |
| पुँजीगत | ५९६२४१ | २२६९२७ | ७९७२० | ७४३४४८ | ५६५२९६ | ७६.०४ |
| **जम्मा** | **४०८०५०१** | **५५२३०४** | **४७१८०४** | **४१६१००१** | **३२९६६४६** | **७९.२३** |

मन्त्रालय र मातहतका लागि सुरु बजेट रु.४ अर्ब ८ करोड ५ लाख १ हजारमा रहेकोमा रु.५५ करोड २३ लाख ४ हजार थप तथा रु.४७ करोड १८ लाख ४ हजार घटाई रु.४ अर्ब १६ करोड १० लाख १ हजार अन्तिम बजेट कायम गरेकोमा रु.३ अर्ब २९ करोड ६६ लाख ४६ हजार (७९.२३ प्रतिशत) खर्च भएको छ। खर्च नहुने क्षेत्रमा रकमान्तर गरी बजेट थप गरेको उपयुक्त देखिएन। बजेट यथार्थपरक बनाई रकमान्तर तथा स्रोतान्तरबाट थपघट गर्ने पद्धतिमा न्यूनीकरण गर्दै बजेट कार्यान्वयन गर्नुपर्दछ।

११. **स्वास्थ्य बिमा कार्यक्रम -** स्वास्थ्य बिमा नियमावली, २०७५ को नियम १२ अनुसार अति गरिब, अपाङ्ग, जटिल रोगी तथा ७० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकलाई स्वास्थ्य बिमा योगदानमा सहुलियत दिन सकिने व्यवस्था छ। मन्त्रालयले २०८१।८२ मा सीमान्तकृत, लोपोन्मुख, आश्रममा आश्रित अपाङ्गता (ख वर्गका) व्यक्ति तथा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाका २८ हजार ८९५ परिवारलाई स्वास्थ्य बिमामा आबद्ध गराइ प्रिमियम बापत रु.१० करोड २५ लाख ७० हजार स्वास्थ्य बिमा बोर्ड लाई भुक्तानी गरेको छ। नेपाल सरकार, प्रदेश तथा स्थानीय तहबाट समान लक्षित वर्गका लागि स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन भइरहेका अवस्थामा एकीकृत अभिलेख तथा

समन्वयको अभावका कारण दोहोरो सुविधा प्राप्त हुने जोखिम देखिन्छ। गोकर्णेश्वर नगरपालिका, काठमाडौंले २०८१।८२ मा पालिकाभित्रका स्थायी बासिन्दाहरूलाई नागरिकता वा मतदाता परिचयपत्रको आधारमा निःशुल्क स्वास्थ्य बिमा कार्यक्रममा २४ हजार ६७९ व्यक्तिलाई स्वास्थ्य बिमाको लागि रु.२ करोड २० लाख ३७ हजार खर्च गरेको छ। स्वास्थ्य बिमासम्बन्धी कार्यक्रमहरू एकीकृत अभिलेख तयार गर्ने र एकद्वार प्रणालीमार्फत सञ्चालन गरी स्रोतको प्रभावकारी उपयोग सुनिश्चितता गर्नुपर्दछ।

१२. **स्वःमूल्याङ्कन व्यवस्था -** प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा १९ बमोजिम सार्वजनिक स्वास्थ्य संस्थाले आफूले प्रदान गरेको सेवा तोकिएबमोजिमको गुणस्तर भए नभएको सम्बन्धमा प्रत्येक वर्ष स्वःमूल्याङ्कन गरी मन्त्रालय समक्ष प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ। प्रदेश अन्तर्गत सञ्चालित निजी, सहकारी, सामुदायिक गैर सरकारी र सार्वजनिक स्वास्थ्य संस्थाको अद्यावधिक अभिलेख राखी स्वःमूल्याङ्कनका सम्बन्धमा अनुगमन गरेको छैन। ऐनमा तोकिए अनुसार प्रतिवेदन पेस नगर्ने एवं गुणस्तर कायम नगर्ने संस्थामाथि कारबाहीको व्यवस्था भए तापनि सोको कार्यान्वयन भएको छैन। स्वास्थ्य सेवालाई गुणस्तरीय बनाउन स्वःमूल्याङ्कन प्रतिवेदन सङ्कलन गरी सेवाको गुणस्तरको अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनुपर्दछ।

१३. **स्वास्थ्य संस्था नवीकरण** - प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को दफा १५ अनुसार स्वास्थ्य सेवा प्रदान गर्न अनुमति प्राप्त स्वास्थ्य संस्थाले सेवा सञ्चालन अनुमतिको अवधि समाप्त हुनुभन्दा ६ महिना अगावै नवीकरणका लागि मन्त्रालयमा निवेदन दिनुपर्ने, निवेदन प्राप्त भएमा मन्त्रालयले तोकेबमोजिमको दस्तुर लिई ५ वर्षसम्मको लागि स्वास्थ्य संस्थालाई सेवा सञ्चालनको अनुमति नवीकरण गर्न सक्ने व्यवस्था छ। यस वर्ष १० स्वास्थ्य संस्थाको नवीकरण, ७ स्वास्थ्य संस्था दर्ताको लागि आशयपत्र, ६ स्वास्थ्य संस्थाको स्थानान्तरण र ५ स्वास्थ्यसंस्थाको स्तरोन्नतिको लागि निवेदन दिएको देखिन्छ। मन्त्रालयले नवीकरण नगरेका वा अनुमति बेगर सञ्चालन भएका स्वास्थ्य संस्थाको अनुगमन गरेको देखिएन। स्वास्थ्य सेवा सञ्चालनमा कानुनको पालना एवं गुणस्तरको लागि अनुगमन प्रणाली सुदृढ गर्नुपर्दछ।

१४. **आर्थिक सहुलियत** - मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम (परीक्षण, निदान, परामर्श र उपचार) व्यवस्थापन कार्यविधि, २०७९ अनुसार प्रदेशभित्रका नागरिकलाई स्वास्थ्य परीक्षण, उपचार तथा आर्थिक सहुलियत प्रदान गर्ने व्यवस्था छ। यो वर्ष हृदयघात भएका ७ हजार ३७३ बिरामीहरूको लागि रु.९८ लाख ६२ हजार, क्यान्सर रोग लागेका ४ हजार ८८४ बिरामीलाई रु.५० हजारसम्म थप आर्थिक सहायता बापत रु.११ करोड ६७ लाख ७ हजार र मुख्यमन्त्री स्वास्थ्य परीक्षण कार्यक्रम अन्तगर्गत रु.१५ करोड २१ लाख ४० हजार समेत रु.२७ करोड ८७ लाख ५९ हजार भुक्तानी गरेको छ। आर्थिक सहुलियत वितरण गर्दा लक्षित वर्गको पहिचान गर्ने मापदण्ड, गरिब परिचयपत्रको अनिवार्य प्रयोग तथा दोहोरो सुविधा नपर्ने सुनिश्चित गर्ने प्रणाली अवलम्बन गरिएको देखिएन। आर्थिक सहुलियत वितरण गर्दा लक्षित वर्गको पहिचान, गरिब परिचयपत्रको आधार तथा दोहोरोपन नियन्त्रण गर्ने संयन्त्र विकास गरी कार्यान्वयन गर्नुपर्दछ।

१५. **क्यान्सर उपचार खर्च** - प्रदेश सरकार मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम अन्तर्गत सङ्घीय सरकारले रु.१ लाख उपचार खर्च उपलब्ध गराएको बिरामीहरूलाई उपचारमा थप टेवा पुऱ्याउन प्रदेश

सरकारले रु.५० हजारसम्को खर्च बेहोर्ने गरी प्रादेशिक तथा अन्यसमेत १८ अस्पतालहरूमार्फत विगत ४ वर्षमा देहाय अनुसार खर्च गरेको छ।

(रु.हजारमा)

| २०७८। ७९ | | २०७९। ८० | | २०८०। ८१ | | २०८१।८२ | |
|---|---|---|---|---|---|---|---|
| **सङ्ख्या** | **खर्च** | **सङ्ख्या** | **खर्च** | **सङ्ख्या** | **खर्च** | **सङ्ख्या** | **खर्च** |
| १७१६ | ८८६९७ | ३१५८ | ९४३३६ | ३६०१ | १०४३१९ | ४८८४ | ११६७०० |

उल्लिखित विवरणअनुसार २०८१।८२ मा ४ हजार ८८४ बिरामीको लागि रु.११ करोड ६७ लाख खर्च गरेको छ। प्रत्येक वर्ष बिरामी सङ्ख्या तथा उपचार खर्च दुवैमा वृद्धि भएको देखिन्छ। कार्यक्रमको दायरा विस्तारसँगै वित्तीय दायित्व बढ्दै गएको देखिँदा आवश्यक मापदण्ड तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

## अस्पताल तथा स्वास्थ्य कार्यालयहरू

१६. **खरिदमा प्रतिस्पर्धा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। यस वर्ष त्रिशुली अस्पतालले ११ पटकमा रु.५४ लाख ८७ हजार, सिन्धुली अस्पतालले ६ पटकमा रु.४२ लाख ३ हजार र चौतारा अस्पताल सिन्धुपाल्चोकले पटकेरूपमा रु.९३ लाख २ हजार समेत रु.१ करोड ८९ लाख ९२ हजारका औषधी तथा औषधीजन्य सामग्री सोझै खरिद गरेको छ। नियमावलीअनुसार खरिद विधिको अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ।

१७. **बिमा सोधभर्ना** - स्वास्थ्य बिमा नियमावली, २०७५ को नियम २१ मा सेवा प्रदायकले ऐनबमोजिम भुक्तानी दाबी गर्दा बिमा व्यवस्थापन सूचना प्रणालीमार्फत दाबी प्रविष्ट गर्नुपर्ने व्यवस्था छ। यस वर्ष मन्त्रालय अन्तर्गतका १३ अस्पतालहरूको रु.१ अर्ब ३८ करोड ६८ लाख ७० हजार बिमा दाबी स्वीकृत गरेकोमा बिमा बोर्डबाट रु.८६ करोड ८८ हजार प्राप्त भई रु.५२ करोड ६७ लाख ८२ हजार प्राप्त गर्न बाँकी रहेकोमा उक्त रकम सोधभर्ना गर्नुपर्दछ।

१८. **स्वास्थ्य उपकरणको उपयोग -** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को परिच्छेद ६ र ७ मा सरकारी सम्पत्तिको जिम्मा, त्यसको लगत, संरक्षण र बरबुझारथ एवं लिलाम बिक्रीसम्बन्धी व्यवस्था उल्लेख छ। रसुवा अस्पतालको रु.२८ लाख २५ हजारको तरल फोहोर व्यवस्थापन प्रणाली र रु.९ लाख ६५ हजार स्वचालित अटोक्लेभ मेसिन सञ्चालनमा नआएको, त्रिशुली अस्पतालको अल्ट्रासाउण्ड मेसिन १ थान, डायलाइसिस मेसिन २ थान र भेन्टीलेटर ३ थान विगत ३ महिनादेखि बिग्रिएको, सिन्धुली अस्पतालको बायो केमेस्ट्री एनालाइजरको केमिकल बजारमा उपलब्ध नभएकोले प्रयोगमा नआएको र मेथिनकोट अस्पताल, काभ्रपलाञ्चोकको हेमोडायलाइसिस मेसिन ४ थान र एक्स रे मेसिन १ थान बिग्रिएको, सिटी स्क्यान मेसिन १ थान जडान नभएको र सेमी अटो केमेस्ट्री एनालाइजर सफ्टवेयरको समस्याले सञ्चालनमा नआएको अवस्था छ। स्वास्थ्य सेवा प्रवाहमा प्रत्यक्ष असर पार्ने उपकरणहरू जनशक्तिको व्यवस्थापन तथा मर्मत सम्भार गरी सञ्चालनमा ल्याउनुपर्दछ।

१९. **सफ्टवेयर खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा खरिद गर्दा आवश्यकता पहिचान, लागत अनुमान तथा अपेक्षित परिणाम स्पष्ट गरेर मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। जनस्वास्थ्य कार्यालय, नुवाकोटले २२ वटा स्वास्थ्य संस्थामा विद्युतीय स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली सफ्टवेयर जडान तथा सञ्चालनका लागि र एक सेवा प्रदायकलाई रु.११ लाख ९२ हजार भुक्तानी गरेको छ। सम्झौताअनुसार १ वर्षसम्म निःशुल्क मर्मत सम्भार र त्यसपश्चात प्रति संस्था वार्षिक रु.८ हजार नवीकरण शुल्क भुक्तानी गर्ने गरी सम्झौता गर्दा वार्षिक रु.१ लाख ७६ हजार दीर्घकालीन दायित्व सिर्जना हुने गरी सफ्टवेयर खरिद गरिएको, विभिन्न जिल्लामा फरक-फरक प्रणाली प्रयोग हुँदा एकीकृत विवरण व्यवस्थापनमा कठिनाइ भएको र प्रणाली सञ्चालनमा आन्तरिक जनशक्ति भन्दा बाह्य परामर्शदातामाथि निर्भरता रहेको देखिन्छ। सफ्टवेयर खरिद तथा सञ्चालनमा एकीकृत प्रणाली विकास, दीर्घकालीन दायित्वको मूल्याङ्कन, आन्तरिक जनशक्ति सुदृढीकरण तथा मर्मत सम्भार खर्चमा मितव्ययिता कायम गरी सेवा खरिद गर्नुपर्दछ।

२०. **कार्यक्रम कार्यान्वयनमा समन्वय** - सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा १५ अनुसार प्रदेश सरकारले आफ्नो क्षेत्राधिकारभित्रका नीति, योजना तथा कार्यक्रम कार्यान्वयन गर्दा सङ्घ, प्रदेश र स्थानीय तहबीच आवश्यक समन्वय कायम गरी दोहोरोपना नहुने, स्रोत साधनको प्रभावकारी उपयोग हुने तथा कार्यान्वयनमा एकरूपता सुनिश्चित हुने गरी सञ्चालन गर्नुपर्ने उल्लेख छ। बागमती प्रदेश अन्तर्गत १३ स्वास्थ्य कार्यालयहरूले ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण, प्रजनन स्वास्थ्य शिविर, पोषण कार्यक्रम, किशोरकिशोरी स्वास्थ्य सेवा, परिवार योजना, नसर्ने रोग तथा मानसिक स्वास्थ्य तालिम, डेङ्गु नियन्त्रण लगायत स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गरेको देखिन्छ। यस प्रकारका कार्यक्रमहरू स्थानीय तहबाटसमेत सञ्चालन हुने भएकाले कार्यक्रम दोहोरोपन भएको देखिन्छ। कार्यक्रममा दोहोरोपन न्यूनीकरण तथा स्रोतको प्रभावकारी उपयोग सुनिश्चित गर्न अन्तरतह समन्वय गरी वार्षिक कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आवधिक योजना कार्यान्वयन, वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन, कार्यक्रम र प्रगति, स्वास्थ्य संस्था नवीकरण लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष मन्त्रालय र मातहतसमेत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहाय अनुसार छः

  - यो वर्ष मन्त्रालय र मातहतसमेत १२ निकायमा रु.२ करोड ६६ लाख १४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.२ लाख २ हजार फर्स्यौट गरेकोले रु.२ करोड ६४ लाख १२ हजार बेरुजु बाँकी देखिएको छ।,जसमध्ये म्याद नाघेको पेस्की रु.१४ लाख ५३ हजार रहेको छ। यससम्बन्धी विस्तृत विवरण **अनुसूची-९** मा रहेको छ।
  - अन्य सस्थातर्फ १० निकायमा रु.१ करोड ९ लाख २० हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट ७ निकायले रु.७१ लाख २६ हजार फर्स्यौट गरेकोले रु.३७ लाख ९४ हजार बाँकी रहेको छ। यससम्बन्धी विस्तृत विवरण **अनुसूची-१०** मा रहेको छ।

# सहकारी तथा गरिबी निवारण मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- सहकारी संस्था, सहकारी सङ्घ तथा सहकारी बैङ्क सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
- सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन,
- सहकारी सम्बन्धमा सङ्घीय, अन्तरप्रादेशिक र स्थानीय तहका सङ्घ संस्थासँग समन्वय र सहकार्य,
- सहकारी क्षेत्रको विकास तथा प्रवर्धन, क्षमता अभिवृद्धि र परिचालन,
- प्रदेशभित्र सहकारी संस्थाको दर्ता, नियमन, प्रशिक्षण तथा अनुगमन,
- आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य,
- गरिबी निवारणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन, तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना सङ्कलन, गरिब घर परिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण,
- स्वरोजगार एवं रोजगारमूलक सीप विकास तालिम सञ्चालन।

१. **लेखापरीक्षण अङ्क** - यो वर्ष मन्त्रालय र मातहतसमेत २ निकायको रु.४ करोड ७० लाख ३४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

( रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| ४३८३४ | ३१७८ | २२ | ० | ४७०३४ |

२. **लेखापरीक्षण** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३३(१) मा प्रत्येक कार्यालयले सबै प्रकारका आयव्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउने व्यवस्था छ। सहकारी तालिम केन्द्र, भरतपुरको २०८१।८२ को श्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ को घटनाको कारण स्रेस्ता पेस नभएकोले विनियोजनतर्फ रु.१ करोड ८७ लाख ६५ हजार र धरौटीतर्फ रु.२ लाख ४५ हजार समेत रु.१ करोड ९० लाख १० हजारको लेखापरीक्षण गरिएको छैन।

३. **आवधिक योजना** - प्रदेशको दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) मा प्रदेशमा भएका सहकारी संस्थाको अध्ययन तथा सहकारी विकासको दीर्घकालीन रणनीतिक योजना तर्जुमा गर्ने, सहकारी संस्थाको विद्युतीय अभिलेखलाई व्यवस्थित र अद्यावधिक गर्ने, स्वास्थ्य, आवास, पर्यटन, बिमा, श्रम जस्ता नयाँ क्षेत्रमा सहकारी प्रवर्धन गर्ने, श्रम सहकारीको स्थापना र सञ्चालनमा सहयोग गर्ने, सहकारीद्वारा कृषिवस्तुको आन्तरिक आपूर्ति व्यवस्थापनको लागि शीतभण्डार, गोदाम, ढुवानी, थोक बिक्री केन्द्र निर्माणमा सहयोग गर्ने, जग्गा चक्लाबन्दी वा लिजमा लिई व्यवसायिक खेती गर्ने

सहकारी संस्थालाई प्रविधि बिमा र कृषि सामग्रीमा सहयोग गर्ने लगायतका कार्यक्रम कार्यान्वयन भएको पाइएन। आवधिक योजनामा उल्लेख भएका कार्यक्रमलाई नीति तथा कार्यक्रम एवं बजेट व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **नीति तथा कार्यक्रम** - प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा यस मन्त्रालयसँग सम्बन्धित तोकिएको कार्यक्रममध्ये प्रदेशको क्षेत्राधिकारमा पर्ने सहकारी संस्थाहरूमा देखिएका समस्याहरूको समाधान गर्न आवश्यक नीतिगत, कानुनी तथा संरचनागत प्रबन्धलाई थप प्रभावकारी बनाई सहकारीमा रहेको नागरिकको बचत तथा लगानी सुरक्षाको प्रत्याभूति दिलाउने र उत्पादनमूलक सहकारी सङ्गसंस्थाको उत्पादन प्रशोधन तथा बजारीकरण कार्यमा सहयोग पुऱ्याउन प्रविधि तथा सीप हस्तान्तरण र प्रोत्साहन सम्बन्धी कार्यक्रम सञ्चालन गरिने लगायतका घोषित कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन। नीति तथा कार्यक्रमलाई वार्षिक बजेटमा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

५. **बजेट वक्तव्य** - प्रदेश सरकारको २०८१।८२ को बजेट वक्तव्यमा उल्लिखित ऋण सहकारी संस्थामा देखिएका समस्याको सहजीकरण र समाधान गर्ने, सहकारीको नियमन अनुगमनका लागि सहकारी रजिष्ट्रारको कार्यालय स्थापना गर्ने र पहिचान भएका गरिब परिवारलाई कृषि पशुपालन र साना व्यवसायिक कार्यका लागि दिइने कर्जामा ब्याज अनुदान दिने कार्यक्रम कार्यान्वयन भएको पाइएन। बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन हुनुपर्दछ।

६. **कार्यक्रम कार्यान्वयन** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम २६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक निकायले तोके अनुसारको ढाँचामा चौमासिक प्रगति विवरण तयार गरी तालुक निकाय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्ने र नियम २७ मा चौमासिक प्रगति विवरण प्राप्त भएपछि तालुक निकायले त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले सो अनुसार प्रगति विवरण तयार गरी सो को समीक्षा गरेको छैन। मन्त्रालयको लागि यस वर्ष स्वीकृत कार्यक्रम मध्ये गरिबी निवारण सम्बन्धी नीति, ऐन, नियमावली, कार्यविधि तथा मापदण्ड, सहकारी सम्बन्धी नियमावली, मापदण्ड, निर्देशिका तथा कार्यविधि परिमार्जन, सहकारी सम्बन्धी उजुरी तथा तालिम, पहिचान भएका गरिब परिवारका लागि आयआर्जन कार्यक्रम लगायतका विभिन्न ८ कार्यक्रम सञ्चालन गर्न रु.१ करोड २० लाख बजेट विनियोजन भएकोमा उक्त कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन। स्वीकृत कार्यक्रम कार्यान्वयन गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ।

७. **सहकारी अनुगमन** - प्रदेश सहकारी ऐन, २०७६ को परिच्छेद १५ मा अनुगमन तथा निरीक्षण र परिच्छेद १६ मा समस्याग्रस्त सहकारी सङ्ग वा संस्थासम्बन्धी व्यवस्था छ। मन्त्रालयलयबाट प्राप्त विवरणअनुसार प्रदेशको नियमन क्षेत्राधिकारभित्र दर्ता भएका सहकारी संस्था ३ हजार २३० रहेकोमा बचत तथा ऋण सहकारी संस्था १ हजार ५३७, बहुउद्देश्यीय सहकारी संस्था १ हजार १६५, कृषि सहकारी संस्था २५६, दुग्ध सहकारी संस्था ५० अन्य (सञ्चार सहकारी समेत) २२२ रहेको देखिन्छ। दर्ता भएका सहकारी संस्थामध्ये १ हजार २६१ अर्थात् ३९ प्रतिशत मात्र नवीकरण भएको विवरण पेस भएको छ। बचत कर्ताको बचत फिर्ता नगरेको तथा बचत रकम हिनामिना गरेको लागायत विभिन्न कारणले उजुरी परेका ३५५ सहकारी संस्थामध्ये सम्पर्कमा आउन नसकेका ९३ सहकारी संस्थालाई छानबिनको लागि प्रहरी कारबाहीमा लेखि पठाएको देखिन्छ। विभिन्न ५ सहकारी

संस्थाहरूलाई समस्याग्रस्त घोषणा गरेकोमा उक्त संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्य बागमती प्रदेश समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले गर्ने उल्लेख भएकोमा सो को प्रगति पेस नभएको र मन्त्रालयले समेत अनुगमन गरी प्रतिवेदन गरेको देखिएन। मन्त्रालयले ऐनको प्रावधान अनुरूप अनुगमन निरीक्षण एवं सहकारी सङ्ग संस्थाको विवरण अद्यावधिक गरी आवश्यक प्रक्रिया अघि बढाउनु पर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा नीति तथा कार्यक्रम कार्यान्वयन, बजेटको कार्यान्वयन, सहकारीको अनुगमन लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** मन्त्रालय तथा मातहतका समेत निकायमा यो वर्ष लगती बेरुजु देखिएको छैन। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

# युवा तथा खेलकुद मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८० बमोजिम मन्त्रालयले देहायका प्रमुख कार्यहरूको नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन नियमन, निर्देशन, सुपरीवेक्षण, मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- युवा प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- खेलकुद प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन,
- खेलकुद तथा खेलकुद पूर्वाधारको विकास र प्रवर्धन,
- खेलकुद प्रशासन र खेलकुद सङ्घसंस्थाको नियमन र समन्वय,
- राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,
- प्रदेश खेलकुद विकास परिषद,
- प्रदेश युवा परिषद्, युवा तथा खेलकुद अन्य गतिविधि सञ्चालन।

१. **लेखापरीक्षण अङ्क -** मन्त्रालय र मातहतसमेत गरी ३ निकायको निम्नानुसार रु ६७ करोड ४९ लाख ८४ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| ६५०८६५ | ४१७ | २३७०२ | - | ६७४९८४ |

यो वर्ष २ अन्य संस्थातर्फ रु.७८ करोड १२ लाख ७४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | निकासा/खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| **चालु खर्च** | | | | |
| २११०० पारिश्रमिक/सुविधा | २१७७६ | २१७७६ | ९९८७ | ४५.८६ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ७८३ | ७८३ | १६४ | २०.९४ |
| २२१०० सेवा महसुल | १५६६ | १५६६ | ९१८ | ५८.६२ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | ६२४० | ६२४० | ४९३६ | ७९.१० |
| २२३०० कार्यालय सामान तथा सेवाहरू | ११९६२ | ११९६२ | ९०३३ | ७५.५१ |
| २२४०० सेवा तथा परामर्श खर्च | ९०१५ | ९०१५ | ६३३९ | ७०.३१ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्चहरू | १७४२३० | १७४२३० | १५८०२७ | ९०.६९ |
| २२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | २७६५ | २७६५ | २४८७ | ८९.९४ |
| २२७०० विविध खर्च | १९१० | १९१० | १३६६ | ७१.५१ |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | ७५२२२ | ७५२२२ | ६७६४३ | ८९.९२ |
| **जम्मा** | **३०५४६९** | **३०५४६९** | **२६०८९९** | **८५.४०** |
| **पुँजीगत खर्च** | | | | |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | **५१५३५८** | ५१५३५८ | ३८९९६६ | ७५.६६ |
| **कुल जम्मा** | **८२०८२७** | **८२०८२७** | **६५०८६५** | **७९.२९** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ८५.४०, पुँजीगततर्फ ७५.६६ र समग्रमा ७९.२९ प्रतिशत खर्च गरेको छ।

३. **आवधिक योजना -** दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) मा यो वर्ष आर्थिकरूपले सक्रिय जनसङ्ख्यामा १५-३९ वर्ष समूहको युवाको अंश ५४.९७ पुगेको, रोजगारीमा रहेका २५-४४ वर्ष उमेर समूहका युवाको साक्षरता दर ५८.३३, १५-३९ वर्ष उमेर समूहका युवा साक्षरता दर ९४.११, युवा बेरोजगारी दर ४.७८, कुल उद्यमीमा १५-३९ वर्ष उमेर समूहको युवाको हिस्सा ४९.९६, १५ देखि ३९ वर्ष उमेरको कुल जनसङ्ख्या वर्षमा ६ महिना वा सोभन्दा बढी समय आर्थिक गतिविधिमा संलग्न, सोही उमेर समूहका युवाको हिस्सा ४८.१८, उद्यमशीलता र सीप विकास तालिम लिएका युवा १ हजार ४८०, युवा नेतृत्व विकास कार्यक्रममा सहभागी युवा २ हजार ५०० जना, फरक क्षमता भएका युवाहरूको विशिष्टिकृत खेल ७ पुर्याउने लगायतका लक्ष्य रहेको छ। आवधिक योजनाले लिएको लक्ष्य प्रगति विवरण तयार नगरेकोले विश्लेषण गर्न सकिएन। लक्ष्य र प्रगति समीक्षा गर्नुपर्दछ।

४. **नीति तथा कार्यक्रम र बजेट -** वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा भएका कार्यक्रमहरूको कार्यान्वयन हुनुपर्दछ। यो वर्ष घोषणा भएका नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा हेटौंडा गौरीटारमा अन्तर्राष्ट्रिय खेलकुद पूर्वाधार निर्माण, प्रादेशिक खेलकुद प्रतियोगिता, सीप वर्ष कार्यक्रम जस्ता प्रमुख कार्यमध्ये प्रादेशिक खेलकुद प्रतियोगिता भएको देखिएन।वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश भएका कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

५. **बहुवर्षीय आयोजना -** मन्त्रालयअन्तर्गत २०८१।८२ मा रु.४७ करोड १३ लाख ८३ हजारका ६ बहुवर्षीय आयोजना रहेकोमा ४ निर्माण सम्पन्न भएका छन्। सिन्धुपाल्चोकको चौतारा रंगशाला निर्माण गर्न २०७७ असारमा रु.२० करोड ९२ लाख २६ हजारको सम्झौता गरी म्याद थप समेत २०८३ असारमा सम्पन्न गर्नुपर्नेमा भौतिक प्रगति ५० प्रतिशत र रामेछापको मन्थली कभर्ड हल निर्माणको लागि २०७७ असारमा रु.६ करोड ५७ लाख ९२ हजारमा सम्झौता गरी म्याद थप समेत २०८३ जेठमा सम्पन्न गर्नुपर्नेमा भौतिक प्रगति ५४ प्रतिशत रहेको छ। निर्माणाधीन आयोजना समयमा सम्पन्न गर्नुपर्दछ।

६. **खेलकुद अनुदान -** प्रदेश खेलकुद विकासका लागि सहयोग तथा अनुदान कार्यविधि, २०८१ को दफा ९ को उपदफा ५ मा सहयोग तथा अनुदान रकमको लेखापरीक्षण प्रतिवेदन चालु आर्थिक वर्ष समाप्त भएको ९० दिनभित्र पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष नेपाल सिटेरियो शाखा डोजो, लैनचौरलाई रु.९ लाख ६० हजार, नेपाल आइस हक्की सङ्घलाई रु.७ लाख ३८ हजार, पशुपति चौलागाई फाउण्डेशनलाई रु.९ लाख ६० हजार, चेश क्लव, हेटौडालाई रु.९ लाख ६० हजार, नेपाल स्पाइनल कर्ड इन्जुरीलाई रु.९ लाख ६० हजार गरी रु.४५ लाख ७८ हजार खेलकुद अनुदान प्रदान गरेकोमा सोको लेखापरीक्षण प्रतिवेदन पेस हुनुपर्दछ।

## प्रदेश खेलकुद विकास परिषद्, हेटौडा

७. **खेलकुद अनुदान -** खेलकुद विकासका लागि सहयोग तथा अनुदान कार्यविधि, २०८१ को दफा ८ को उपदफा ५ मा अघिल्लो वर्षमा अनुदान पाएको संस्थालाई पटकपटक अनुदान उपलब्ध नगराइने तर वार्षिक प्रतिस्पर्धात्मक खेलकुद आयोजना गर्ने संस्थालाई यो व्यवस्था लागु नहुने उल्लेख छ। परिषद्ले यो वर्ष ६७ सङ्घ/संस्था, समिति एवं क्लवलाई खेल आयोजना अनुदान अन्तर्गत रु.५ करोड ५४ लाख ५९ हजार भुक्तानी गरेको छ। गत विगतमा अनुदान प्राप्त गर्ने संस्थाको अभिलेख

अद्यावधिक नगरी अनुदान प्रदान गरेको छ। गत विगतको खेल अनुदान सँग दोहोरो नपर्ने गरी अनुदान उपलव्ध गराउनुपर्दछ।

८. **खर्चको मापदण्ड -** प्रदेश प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ मा प्रदेश सरकारले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने व्यवस्था छ। परिषद्ले मातहतका १३ जिल्ला खेलकुद विकास समितिलाई रु.६९ लाख ७० हजार र खेलकुद कार्यक्रम खर्च रु.२ करोड ८७ लाख ६३ हजार समेत रु.३ करोड ५७ लाख ३३ हजार सञ्चालन खर्च निकासा दिएको छ। दशौं राष्ट्रिय खेलकुद प्रयोजनार्थ प्रशिक्षक, खेलाडी, अम्पायर, रेफ्रि, स्कोरर किपर, सहभागी, निर्णायक, स्वयंसेवक लगायतका खाना खाजा तथा पुरस्कार जस्ता आँशिक मापदण्ड स्वीकृत गरेतापनि अन्य खेलकुद प्रतियोगिता र कार्यक्रमको मापदण्ड स्वीकृत गरेको छैन। प्रतियोगिताको मापदण्ड स्वीकृत गरी खर्च गर्नुपर्दछ।

९. **भेरिएसन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम सार्वजनिक निकायले भेरिएसन आदेश जारी गर्नुपर्ने भएमा प्रक्रिया पुरा गरी जारी गर्नुपर्ने व्यवस्था छ। गौरीटार रंगशाला हाताभित्र स्वीमिङ्ग पुल र प्याराफिट निर्माण २०८२।३।३० मा सम्पन्न गर्ने गरी मिति २०८०।१२।३० मा एक संयुक्त उपक्रमसँग रु.६ करोड १ लाख ७५ हजारको सम्झौता भएको छ। स्वीमिङ्पुलको डिजाइन परिवर्तन गर्दा पाइपको लेआउट, वाल तथा बेसको चौडाई बढेको कारण २०८१।२।३० मा भेरिएसन स्वीकृत गरी रु.६ करोड ५७ लाख १३ हजारको सम्झौता कायम भएको छ। सुरु भेरिएसनमा निर्माण व्यवसायीसँग रेट नेगोसिएसन गरी इटाको गारो लगाउने १७.४३ घनमिटरको प्रति घनमिटर रु.१३ हजार र सिपिभिसी पाइप सप्लाई एवं जडानमा १ हजार ६६० के.जी. को प्रति के.जी. मूल्य रु.५७० कायम गरेको छ। सोही इट्टाको गारो लगाउने काम र सिपिभिसि पाइप आपूर्तिमा २०८१।१२।२१ मा पहिलो भेरिएसनको दर समावेश नगरी पुनः नयाँदर कायम गरी ७.४८ प्रतिशतको भेरिएसन स्वीकृत गरेको छ। पहिलो भेरिएसनबाट कायम भएको दर फरक पारी प्रति एकाइ दर क्रमशः रु.११ हजार ५८७.६८ र रु.१ हजार २४९.२२ कायम गरी निर्माण गर्दा समग्रमा रु.१० लाख ८३ हजार बढी भुक्तानी भएको असुल हुनुपर्दछ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आवधिक योजनाको कार्यान्वयन, नीति तथा कार्यक्रम, अधुरो निर्माण कार्य लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।

- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेत १ निकायमा रु.३ लाख बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट फर्स्यौट नभएकोले रु ३ लाख बेरुजु देखिएको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

  - अन्य सस्थातर्फ २ निकायमा रु.८३ लाख ५३ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट १ निकायले रु.४९ हजार फर्स्यौट गरेकोमा रु.८३ लाख ४ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची -१०** मा रहेको छ।

# प्रदेश नीति तथा योजना आयोग

प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ बमोजिम दूरगामी सोचसहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा, आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार, जलस्रोत, ऊर्जा तथा अन्य प्राकृतिक स्रोत, मानव स्रोत व्यवस्थापन, प्रदेशमा स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक, वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणका लागि प्रदेश मापदण्ड तयार, प्रदेश तथा अन्तर्राष्ट्रिय नीति संवाद तथा लगानी मञ्चको विकास लगायतका कार्यक्षेत्र रहेको छ।

१. **लेखापरीक्षण अङ्क -** यो वर्ष आयोगको रु.२ करोड ९१ लाख १९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| २८९८३ | ९ | १०७ | २० | २९११९ |

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| **चालु खर्च** | | | | |
| २११०० पारिश्रमिक/सुविधा | १६६०१ | १६६०१ | ११११३ | ६६.९४ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | १६८ | १६८ | ५४ | ३२.१४ |
| २२१०० सेवा महशुल | ५९४ | ५९४ | २५३ | ४२.५९ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन र मर्मत | ४६५२ | ४६५२ | २४३४ | ५४.४७ |
| २२३०० कार्यालय सामान तथा सेवा | १४७२ | १६७२ | १४४० | ८६.१२ |
| २२४०० सेवा तथा परामर्श खर्च | ५८३२ | ५८३२ | ४४९९ | ७७.१४ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्च | ७७२५ | ९२२३ | ३३१२ | ३५.९१ |
| २२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | १२२४ | १२२४ | १०२९ | ८३.९९ |
| २२७०० विविध खर्च | ८४० | ८४० | ५३० | ६३.१० |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | २४०० | २४०० | २१९१ | ९१.२५ |
| **जम्मा** | **४१५०८** | **४३२०६** | **२६९५४** | **६२.३८** |
| **पुँजीगत खर्च** | | | | |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | २१४० | २९४० | २०२९ | ६९.०१ |
| **कुल जम्मा** | **४३६४८** | **४६१४६** | **२८९८३** | **६२.८१** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ६२.३८ प्रतिशत, पुँजीगततर्फ ६९.०१ प्रतिशत र समग्रमा ६२.८१ प्रतिशत खर्च भएको देखिन्छ।

३. **दिगो विकास लक्ष्य -** प्रदेशले दिगो विकासका लक्ष्यहरू सम्बन्धमा बागमती प्रदेशको अवस्था तथा मार्गचित्र (सन् २०१९-२०३०) तर्जुमा गरेको छ। मार्गचित्रमा दिगो विकासका १६ लक्ष्य अन्तर्गत विभिन्न परिलक्ष्य तथा सूचकहरूमध्ये अधिकांश सूचकहरूको विद्यमान स्थितिको सूचकाङ्क तयार गरेको छैन। आयोगले दिगो विकास लक्ष्य प्राप्तिको लागि निर्धारण गरेका सूचक अनुसार लक्ष्य हासिल

हुनेगरी कार्यक्रमहरू कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन, मूल्याङ्कन एवं अध्ययन गरी प्रगति प्रतिवेदन तयार गरेको पाइएन।

मार्गचित्रमा दिगो विकास लक्ष्यहरूलाई योजना तथा बजेट प्रणालीमा आत्मसात गर्नका लागि प्रादेशिक सरकार तथा स्थानीय सरकारलाई सहयोग गर्न तथा दिगो विकास लक्ष्यसम्बन्धी अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन गर्न प्रदेश नीति तथा योजना आयोगमा उपाध्यक्षले मनोनित गरेको प्रदेश नीति तथा योजना आयोगका सदस्यको संयोजकत्वमा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव र प्रदेश नीति तथा योजना आयोगका प्रशासकीय अधिकृत सदस्य रहने गरी ३ सदस्यीय दिगो विकास लक्ष्य अनुगमन तथा मूल्याङ्कन समिति रहने र अन्य ३ वटा दिगो विकास लक्ष्य कार्यसमिति रहने व्यवस्था भएकोमा मार्गचित्र तयार भएको ६ वर्ष व्यतित हुँदासमेत सो अनुसारका समिति गठन भएको पाइएन। आयोगले कानुनी व्यवस्थाको पालना गरी अनुगमन मूल्याङ्कनलाई प्रभावकारी बनाउनु पर्दछ।

४. **आवधिक योजना -** प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ६ मा प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोच सहितको दीर्घकालीन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गरी कार्यान्वयनको लागि सिफारिस गर्ने आयोगको जिम्मेवारी तोकेको छ। प्रदेशको पहिलो आवधिक योजना (२०७६।७७-२०८०।८१) को अवधि समाप्त भई दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) कार्यान्वयनमा रहेको देखिन्छ। पहिलो आवधिक योजनाले विभिन्न सूचकका आधारमा परिमाणात्मक लक्ष्य निर्धारण गरेको भए तापनि सो योजनाको वास्तविक उपलब्धिको मूल्याङ्कन नगरी २०८०।८१ को अनुमानित उपलब्धिलाई आधार मानी दोस्रो आवधिक योजनाको लक्ष्य निर्धारण गरेको देखियो। दोस्रो योजनामा आर्थिक वृद्धि, प्रतिव्यक्ति आय, गरिबी दर, मानव विकास सूचकाङ्क लगायतका सूचकहरू निर्धारण गरिएको भएपनि ती लक्ष्यहरूको पहिलो योजना अवधिमा भएको यथार्थ उपलब्धिको मापन तथा विश्लेषण गरेको देखिएन।

| सूचक | एकाइ | २०८०।८१ को अनुमान | दोस्रो योजनाको लक्ष्य |
|---|---|---|---|
| औसत आर्थिक वृद्धिदर | प्रतिशत | ३.६३ | ६.४ |
| कुल गार्हस्थ्य उत्पादन ( प्रचलित मूल्यमा) | रु.१० अर्बमा | २०७४.४ | ३१३५ |
| प्रति व्यक्ति आय | अमेरिकी डलर | २४८४ | ३५८० |
| गरिबीको रेखा मुनिको जनसङ्ख्या | प्रतिशत | १२.६ | ७.६ |
| मानव विकास सूचकाङ्क | | ०.६६१ | ०.६८५ |
| बेरोजगारी दर | प्रतिशत | ७ | ४ |
| सडक विस्तार | कि.मी | १०४३ | २००० |
| साक्षरता दर (५ वर्ष उमेर माथिका) | प्रतिशत | ८२.१ | १०० |

आवधिक योजना तर्जुमा गर्दा अघिल्लो योजनाको उपलब्धि मापन गरी वास्तविक प्रगतिको आधारमा मात्र अर्को योजनाको लक्ष्य निर्धारण गर्नुपर्ने तथा विषयगत नतिजा खाका योजनाकै अभिन्न अङ्ग हुनुपर्नेमा दोस्रो आवधिक योजनाको पहिलो वर्ष समाप्त हुँदासम्म पहिलो योजनाको यथार्थ प्रगति समीक्षा र मूल्याङ्कन गरेको देखिएन। साथै दोस्रो आवधिक योजनाको अन्त्यमा हासिल हुने केही मुख्य क्षेत्रहरूमा परिमाणत्मक लक्ष्य निर्धारण गरेकोमा सो को वार्षिक रूपमा लक्ष्य निर्धारण समेत गरेको पाइएन। क्रियाकलाप र परिणामबीचको तादाम्यताको लागि नतिजा खाका तर्जुमा गरी आवधिक योजनाको यथार्थ लक्ष्य निर्धारण हुनुपर्ने र तद्अनुरूप उपलब्धि मापन गर्नुपर्दछ।

५. **नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन -** प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा तोकिएका कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ। प्रदेश सरकारको २०८१।८२ मा घोषणा भएका नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित आयोगसँग सम्बन्धित कार्यहरूको कार्यान्वयन अवस्था देहाय बमोजिम रहेको छः

| बजेट वक्तव्यको व्यवस्था | कार्यान्वयन अवस्था |
|---|---|
| प्रादेशिक महत्त्वका आयोजनाहरूलाई गौरवको आयोजनाको रूपमा छनोट गरी कार्यान्वयन गर्न प्रदेश गौरव आयोजना मापदण्ड तर्जुमा गर्ने। | मापदण्ड तर्जुमा हुन नसकेको। |
| प्रदेश तथ्याङ्कलाई यथार्थपरक, भरपर्दो र विश्वसनीय बनाई प्रदेशका योजना, नीति र कानुन निर्माणको आधार बनाउन प्रदेश तथ्याङ्क ऐन र नियमावली तर्जुमा गर्ने। | प्रदेश तथ्याङ्क ऐनको मस्यौदालाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेस भएको तर पारित नभएको। |
| आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याइ प्रदेश सरकारबाट सञ्चालन हुने आयोजना छनोट प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाइने। | आयोजना बैङ्कमा केही आयोजना प्रविष्टी भएता पनि सम्बन्धित मन्त्रालयबाट स्वीकृत भई नआएकोले आयोजना बैङ्क पूर्ण कार्यान्वयनमा आउन नसकेको। |

वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश कार्यक्रमको कार्यान्वयन हुनुपर्दछ।

६. **कार्यक्रम कार्यान्वयन -** वार्षिक बजेट तथा कार्यक्रममा उल्लेख गरिएका क्रियाकलाप कार्यान्वयन गर्न यो वर्ष रु.३२ लाख ७५ हजार बजेट विनियोजन भएकोमा प्रदेशको कुल गाहृस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान सम्बन्धमा अध्ययन, प्रदेश तथ्याङ्क व्यवस्थापनसम्बन्धी कार्य, सरकारका तीन तहगत समन्वय बैठक कार्यक्रम, सरोकारवाला निकायहरूसँग नीतिगत अन्तरक्रिया लगायतका ९ कार्यक्रम कार्यान्वयन भएको देखिएन। स्वीकृत कार्यक्रम कार्यान्वयन गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ।

७. **आयोजना बैङ्क -** प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ६(क)(४) मा लाभ लागत लगायत विविध विश्लेषणका आधारमा आयोजना बैङ्क निर्माण गर्ने व्यवस्था छ। प्रदेश सरकारले आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणालीको २०७९।३।१९ मा शुभारम्भ गरी आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली सञ्चालन दिग्दर्शन, २०८० जारी गरेकोमा हालसम्म आयोजना बैङ्क पूर्ण रूपमा कार्यान्वयनमा आउन सकेको छैन। आयोगबाट प्राप्त विवरणअनुसार आयोजना बैङ्कमा ३ हजार ४ सय २२ आयोजना प्रविष्टी भएकोमा ती मध्ये ७ सय २२ आयोजना सम्बन्धित मन्त्रालयबाट स्वीकृत भएका छन् भने १ सय ९९ आयोजना कैफियत जनाएर पुनः मन्त्रालयमा पठाइएको छ। प्रदेश सरकारको योजना तर्जुमा र छनोट प्रणालीलाई पारदर्शी, व्यवस्थित, एकीकृत र तथ्यपरक बनाउन आयोगले मन्त्रालयसँग समन्वय गरी आयोजना बैङ्कको प्रभावकारी सञ्चालन गर्नुपर्दछ।

८. **प्रदेश रूपान्तरणकारी आयोजना -** दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) मा काभ्रेपलाञ्चोक, रामेछाप र सिन्धुली जिल्लाका केही पालिकाका क्षेत्रहरू समेटेर हरित क्षेत्र आयोजना, सिन्धुली, काभ्रेपलाञ्चोक, ललितपुर, काठमाडौं र मकवानपुरमा पर्ने महाभारत श्रृङ्खलाहरूको संरक्षण, पर्यापर्यटन प्रवर्धन र जडीबुटी खेती विस्तार, प्रदेश गौरवको योजनाको रूपमा पाँचपोखरी, गोसाईकुण्ड, गणेश हिमाल, जुगल हिमालको पर्यापर्यटकीय र पारिस्थितिक प्रणाली स्थापना र उपयोग योजना र कार्यान्वयन, सहकारीमार्फत कोदो उत्पादन तथा प्रशोधन विशेष आयोजना, कोदो, फापर लगायतका

उच्च मूल्यका रैथाने बालीहरूको ब्रान्डिङ लगातयका ११ योजनालाई प्रदेश रूपान्तरणकारी योजनाको रूपमा घोषणा गरेकोमा सोको पूर्व-सम्भाव्यता र सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन, प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन, लागत-लाभ विश्लेषण लगायतको कार्य गरेको पाइएन। साथै अधिकांश योजनामा यस वर्ष बजेट समेत विनियोजन भएको छैन। प्रदेश सरकारले नीति कार्यक्रम तथा बजेट बनाउँदा आवधिक योजनासँग तादाम्यता हुने गरी बनाउनु पर्दछ।

९. **अनुगमन मूल्याङ्कन -** प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा ६ मा प्रदेश विकाससम्बन्धी नीति, योजना, कार्यक्रम तथा आयोजनाको प्रतिफल तथा प्रभावको विश्वसनीय र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गर्ने, मूल्याङ्कनका लागि आवश्यक मापदण्ड र प्रक्रिया निर्धारण गरी विषय क्षेत्रगत नीति तथा प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने, गराउने आयोगको काम कर्तव्य हुने उल्लेख छ। प्रदेश सरकारको २०८१।८२ बजेट वक्तव्यको बुँदा नं. २१ मा बजेट कार्यान्वयन कार्ययोजना साउन मसान्तभित्र स्वीकृत गरी कार्यान्वयनमा ल्याउने र उक्त कार्ययोजनाको अनुगमन प्रदेश नीति तथा योजना आयोगबाट नियमितरूपमा गरिने उल्लेख छ। यस वर्ष अनुगमन तथा मूल्याङ्कनमा रु.११ लाख ३२ हजार बजेट विनियोजन भई रु.९ लाख ९७ हजार खर्च भएको छ। आयोगले कार्ययोजना कार्यान्वयन सम्बन्धमा कार्यक्रम तथा आयोजनाहरूको अनुगमन मूल्याङ्कन गरी प्रतिवेदन तयार गरेको पाइएन। अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी आयोगबाट हुने अनुगमन मूल्याङ्कनलाई प्रभावकारी बनाउनुपर्दछ।

१०. **कार्य अवधि -** प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ को दफा १३ मा मुख्यमन्त्री आफ्नो पदबाट पदमुक्त भएमा आयोगका पदाधिकारी पदमुक्त हुने उल्लेख छ। उपाध्यक्ष सहित ५ जना पदाधिकारी रहने आयोगमा ७ वर्षको अवधिमा ७ जना उपाध्यक्ष, १६ जना सदस्य र १२ जना सचिवले आयोगको कार्य जिम्मेवारी सम्हालेको देखिन्छ। प्रदेश सरकारको नयाँ मुख्यमन्त्रीले जिम्मेवारी बहन गरेपश्चात् उपाध्यक्ष एवं सदस्यहरूको पद २०८२।४।१८ मा रिक्त भएकोमा उपाध्यक्ष लगायत सदस्यको पद रिक्त रहेको छ। सरकार परिवर्तनसँगै आयोगका पदाधिकारीको समेत फेरबदल हुने व्यवस्थाले आयोगको कार्य सम्पादनमा असर पर्ने देखिन्छ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा दिगो विकास लक्ष्य, आयोजना बैङ्क स्थापना, आयोजना छनोट र प्राथमिकीकरण, विनियोजन दक्षता, आवधिक योजनाको समीक्षा लगायतका बेहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** आयोगको लेखापरीक्षणबाट यो वर्ष लगती बेरुजु देखिएको छैन।

# प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा २४४ मा प्रदेश लोक सेवा आयोग गठन हुने व्यवस्था छ। प्रदेश सरकार वा स्थानीय तहबाट निवृत्तिभरण पाउने पदको नियुक्ति, प्रदेश वा स्थानीय तहको संगठित संस्थाको सेवाका पदमा उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गरी कर्मचारीको सेवाका सर्तसम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने व्यवस्था छ।

१. **लेखापरीक्षण अङ्क -** आयोगको यो वर्ष निम्नानुसार रु.१३ करोड ५८ लाख ८१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| ७३७४० | ६१३२१ | ८२० | - | १३५८८१ |

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

| खर्च शीर्षक | अन्तिम बजेट | निकासा खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| **चालु खर्च** | | | |
| २११०० पारिश्रमिक/सुविधा | ३७५९८ | १६७९० | ४४.७ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ७४२ | १०५ | १४.२ |
| २२१०० सेवा महसुल | १२७० | ९२७ | ७३ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | ३४३४ | २६१९ | ७६.३ |
| २२३०० कार्यालय सामान तथा सेवा | ४१४० | ३१०६ | ७५ |
| २२४०० सेवा तथा परामर्श खर्च | ५१५६ | ३०९४ | ६०.० |
| २२५०० कार्यक्रम सम्बन्धी खर्च | २५०० | ७८९ | ३१.६ |
| २२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च | १८०० | १६२८ | ९०.४ |
| २२७०० विविध खर्च | ४०४५९ | ३४१०३ | ८४.३ |
| २७३०० कर्मचारी सामाजिक लाभ | २२२ | २२२ | १०० |
| २८१०० सम्पत्ति सम्बन्धी खर्च | ३९०० | ३१२५ | ८०.१ |
| **जम्मा** | **१०१२२१** | **६६५०८** | **६५.७१** |
| **पुँजीगत खर्च** | | | |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति | **९१०६** | **७२३२** | **७९.४२** |
| **कुल जम्मा** | **११०३२७** | **७३७४०** | **६६.८४** |

उल्लिखित विवरणअनुसार आयोगले चालुतर्फ ६५.७१, पुँजीगततर्फ ७९.४२ र समग्रमा ६६.८४ प्रतिशत खर्च गरेको देखिन्छ।

३. **विज्ञापन तथा सिफारिस** - आयोगबाट यस वर्ष प्रदेश निजामती सेवातर्फ विभिन्न सेवा समूह र तहको ५११ र स्थानीयतर्फ ४०२ समेत ९१३ पदका लागि सूचना प्रकाशन गरी आयोगमा ५१ हजार २७१ दरखास्त परेकोमा ५० हजार ७९६ आवेदन स्वीकृत भएकोमध्ये ३० हजार ९२१

उम्मेदवार अर्थात् ६०.८७ प्रतिशत लिखित परीक्षामा सहभागी भई २ हजार ३५ महिला र ३ हजार ६४४ पुरुष समेत ५ हजार ६७९ उम्मेदवार द्वितीय चरणको लागि छनोट भएको देखिन्छ। गत आर्थिक वर्षको सिफारिस हुन बाँकी रहेको पदहरू सहित प्रदेश सरकारतर्फ ७४६ र स्थानीय तहतर्फ ६१७ गरी कुल १ हजार ३६३ पदमा नियुक्तिका लागि सिफारिस गरेको छ।

४. **पाठ्यक्रम निर्माण र परिमार्जन** - प्रदेश निजामती सेवा ऐन, २०७९ र स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ बमोजिम निर्धारण गरिएको पद तथा तह अनुसार विगतमा स्वीकृत भएका पाठ्यक्रमहरू अद्यावधिक गरी २०८०।८१ सम्म आयोगले प्रदेश निजामती सेवा र स्थानीय सरकारी सेवातर्फका ५४ पाठ्यक्रम निर्माण गरेकोमा २०८१।८२ मा विभिन्न सेवा, समूह, उपसमूहका नवौं तहका ६ र पाँचौं तहको १ गरी जम्मा ७ वटा पदहरूको पाठ्यक्रमहरू निर्माण तथा संशोधन गरी लागु गरेको छ।

५. **समावेशी पदपूर्ति** - प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० (१) तथा स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ११ (१) अनुसार खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदहरूमध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी समावेशी समूहमा पद विभाजन गर्ने व्यवस्था रहेको छ। जसअनुरूप महिला ३८ प्रतिशत, आदिवासी/जनजाति ३५ प्रतिशत, दलित ९ प्रतिशत, मधेसी ४ प्रतिशत, अपाङ्गता भएका ३ प्रतिशत, पिछडिएको क्षेत्र ३ प्रतिशत र अल्पसङ्ख्यक समुदाय ३ प्रतिशत पद छुट्याइ सोही समूहभित्रका उम्मेदवारहरूबीच प्रतिस्पर्धा गराइ पदपूर्ति गर्ने उल्लेख छ। आयोगले २०८०।८१ मा प्रकाशित विज्ञापनबाट १ हजार ३१२ र २०८१।८२ मा प्रकाशित विज्ञापनबाट ५१ समेत कुल १ हजार ३६३ उम्मेदवार सिफारिस गरेकोमा समावेशी तर्फ ४२६ पदमा उम्मेदवार सिफारिस गरेको देखिन्छ। कुल १ हजार ३६३ सिफारिसमध्ये महिलातर्फ आन्तरिक अन्तरसेवाबाट ८, अन्तरतह ६, खुला २३९ र समावेशीतर्फ २७० गरी ५२३ महिला सिफारिस भएको देखिन्छ। जुन कुल सिफारिस सङ्ख्याको ३८.३७ प्रतिशत हुन आउँछ।

६. **अल्पसङ्ख्यक तर्फको विज्ञापन** - प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १० मा पदपूर्ति सम्बन्धी विशेष व्यवस्था रहेको छ। सोही ऐन अनुसार प्रदेश निजामती सेवालाई समावेशी बनाउन दफा ८(१) बमोजिम खुला प्रतियोगितात्मक परीक्षाद्वारा पूर्ति हुने पदमध्ये ४५ प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शतप्रतिशत मानी विभिन्न समूहमा विभाजन गरिएको र ३ प्रतिशत अल्पसङ्ख्यकको लागि पद छुट्याइएको छ। साथै दफा १०(१) को स्पष्टीकरण खण्ड (ख) मा "अल्पसङ्ख्यक समुदाय" भन्नाले तोकिएबमोजिमका समुदायलाई जनाउने उल्लेख गरिएको छ। अल्पसङ्ख्यक समुदायको सम्बन्धमा बागमती प्रदेश सरकारले आवश्यक कानुनी व्यवस्था नगरेकोले २०८१।८२ मा अल्पसङ्ख्यकतर्फ विज्ञापन प्रकाशन भएको देखिँदैन। समावेशी व्यवस्थाको पूर्ण कार्यान्वयन हुने गरी विज्ञापन हुनुपर्दछ।

७. **सफ्टवेयर सञ्चालन** - आयोगको २०८१।८२ को जिन्सी निरीक्षण प्रतिवेदनमा कर्मचारीको माग आकृति फारम सङ्कलन गर्न २०७८।७९ मा रु.१३ लाख १४ हजारको सफ्टवेयर खरिद गरेतापनि उक्त सफ्टवेयर प्रयोगमा नरहेकोले र प्रयोगमा ल्याउनुपर्ने सुझाउ उल्लेख छ। सफ्टवेयरको समस्या समाधान गरी उपयोगमा ल्याएको देखिएन। खरिद गरेको ४ वर्ष व्यतीत हुँदा समेत सफ्टवेयरको

समस्याहरू समाधान गर्न सम्बन्धित आपूर्तकलाई जिम्मेवार बनाउँन नसक्दा खर्चको सार्थकता देखिएन। सफ्टवेयरको उद्देश्य अनुरूप उपयोग गरी सेवा प्रवाह गर्नुपर्दछ।

८. **सुझाउ कार्यान्वयन -** प्रदेश लोक सेवा आयोग नियमावली, २०७६ को नियम ५४(१) अनुसार आयोगले आफ्नो वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र प्रदेश प्रमुख समक्ष पेस गर्नुपर्ने र सोही नियमको उपनियम २(ङ) मा प्रदेश निजामती सेवा, अन्य सरकारी सेवा तथा स्थानीय सेवामा सुधार गर्नुपर्ने विषयहरू समेत समावेश गर्नुपर्ने उल्लेख छ। आयोगको छैटौँ वार्षिक प्रतिवेदन, २०८१।८२ मा कतिपय स्थानीय तहहरूले आयोगको परामर्श बेगर कर्मचारी सेवा सर्तसम्बन्धी कानुन निर्माण गरेको, प्रदेश तथा स्थानीय तहका स्वीकृत स्थायी पद तथा दरबन्दीहरू प्रदेश किताबखानामा पद दर्ता नगरेको, प्रदेश सरकारले स्पष्ट आधार र मापदण्ड नतोकेको अवस्थामा स्थानीय तहहरूले सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थायी दरबन्दी वृद्धि गरेको लगायतका बेहोरा सुधारको लागि सुझाउ दिएको छ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा परामर्श, नतिजा प्रकाशन लगायतका बेहोरा औँल्याइएकोमा यो वर्ष पनि सुधार नभएकोले पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण-** प्रदेश लोकसेवा आयोगको यो वर्ष लगती बेरुजु देखिएको छैन।

# मुख्य न्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १६० मा उल्लेख भएबमोजिम प्रदेश सरकार पक्ष वा विपक्ष भएको वा प्रदेश सरकारको हक हित वा सरोकार रहेको संविधान वा कानुनको व्याख्या सम्बन्धी कुनै जटिल संवैधानिक वा कानुनी प्रश्न समावेश भएको वा प्रदेशको सन्दर्भमा सार्वजनिक महत्व वा सार्वजनिक सरोकारको मुद्दामा प्रदेश सरकारकोतर्फबाट अदालतमा उपस्थित भई बहस पैरवी गर्ने गराउने र प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीसमेतलाई कानुनी रायसल्लाह उपलब्ध गराउने उद्देश्यले यो कार्यालयको स्थापना भएको हो।

१. **लेखापरीक्षण अङ्क -** कार्यालयको यो वर्ष निम्नानुसार रु १ करोड ९७ लाख १ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छः

(रु.हजारमा)

| विनियोजन खर्च | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| १९६७७ | ० | २४ | | १९७०१ |

२. **बजेट तथा खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त कार्यालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार बजेट तथा खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

| खर्च शीर्षक | सुरु बजेट | अन्तिम बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| **चालु खर्च** | | | | |
| २११०० पारिश्रमिक/सुविधा | ८४१५ | ८४१५ | ६३२२ | ७५.१२ |
| २१२०० कर्मचारीको सामाजिक सुरक्षा | ३४ | ३४ | २३ | ६९.१४ |
| २२१०० सेवा महसुल | ४१३ | ४१३ | ३७९ | ९१.७९ |
| २२२०० पुँजीगत सम्पत्तिको सञ्चालन | १८६१ | २४६१ | २३९४ | ९७.२६ |
| २२३०० कार्यालय सामान तथा सेवा | ७८७ | ७८७ | ७५४ | ९५.७४ |
| २२४०० सेवा तथा परामर्श खर्च | २२७१ | २२७१ | २२७१ | ९९.९६ |
| २२५०० कार्यक्रम सम्बन्धी खर्च | ५५६६ | ५६३२ | ४८३४ | ८५.८१ |
| २२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च | १०९१ | १०९१ | १०३९ | ९५.२२ |
| २२७०० विविध खर्च | ४०० | ४०० | ३९६ | ९९.०० |
| **जम्मा** | **२०८३८** | **२१५०४** | **१८४१२** | **८५.६२** |
| **पुँजीगत खर्च** | | | | |
| ३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च | १३०३ | १३०३ | १२६५ | ९७.०८ |
| **कुल जम्मा** | **२२१४१** | **२२८०७** | **१९६७७** | **८६.२७** |

उल्लिखित विवरणअनुसार चालुतर्फ ८५.६२, पुँजीगततर्फ ९७.०८ र समग्रमा ८६.२७ प्रतिशत खर्च भएको छ।

३. **कानुनी राय** - नेपालको संविधानको धारा १६० को उपधारा (५) मा मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानुनी सल्लाहाकार हुने व्यवस्थाबमोजिम संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिनु मुख्य न्यायाधिवक्ताको

कर्तव्य हुने व्यवस्था छ। कार्यालयको वार्षिक प्रतिवेदन २०८१।८२ अनुसार प्रदेश सरकार र मातहतका कार्यालयबाट माग भएका ४ विषयमा कानुनी राय प्रदान गरेको छ।

४. **मुद्दा दर्ता तथा फर्स्यौंटको स्थिति -** कार्यालयको वार्षिक प्रतिवेदन २०८१।८२ अनुसार गत वर्षसम्म १४८ मुद्दा फर्स्यौंट हुन बाँकी देखिएकोमा यस वर्षको ९८ वटा गरी मुद्दा नयाँ दर्तासमेत २४६ मुद्दा रहेकोमा १६७ फर्स्यौंट भई ७९ वटा मुद्दा बाँकी छ। प्रदेश सरकारको अधिकार क्षेत्र, राजस्व, प्रदेश कानुनको न्यायिक पुनरावलोकनका मागसहितका रिट निवेदनसम्बन्धी मुद्दा पर्ने गरेको देखिन्छ।

## अनुगमन तथा बेरुजु

- **अनुगमन** – गत वर्षको प्रतिवेदनमा मुद्दाको बहस पैरवी सम्बन्धमा बेरुजु औंल्याइएकोमा सुधार भएको छैन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ।
- **बेरुजुको विवरण** – कार्यालयतर्फ प्रारम्भिक प्रतिवेदनमा रु.८ हजार बेरुजु देखिएकोमा प्रतिक्रियाबाट फर्स्यौंट गरेकोले यो वर्ष लगती बेरुजु देखिएको छैन। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

खण्ड

२

# स्थानीय तह

# स्थानीय तह

नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहका एकल अधिकार तथा अनुसूची-९ मा उल्लेखित साझा अधिकारको कार्यान्वयनका लागि स्थानीय तहहरूले आवश्यक कानुन निर्माण, आर्थिक तथा मानव स्रोतको व्यवस्थापन तथा परिचालन गर्दै सेवा प्रवाह गरिरहेका छन्। जनताको नजिकको सरकारको रूपमा स्थानीय तहले संविधानअनुसार कानुन निर्माण गर्ने, स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, स्रोत साधनको यथार्थपरक आकलन तथा प्रभावकारी उपयोग गर्ने, सहभागितामूलक विकास कार्य सञ्चालन गर्ने र स्थानीय स्तरमा स्वामित्व विकास गर्ने कार्यहरू गरिरहेका छन्। साथै शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, वन व्यवस्थापन, सरसफाइ, सार्वजनिक सम्पत्ति संरक्षण, सेवा प्रवाह र विवाद समाधान लगायतका दायित्वहरू पनि स्थानीय तहबाट सम्पादन भइरहेका छन्।

१. **संवैधानिक र कानुनी व्यवस्था** - नेपालको संविधानको धारा २१४ मा स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र सङ्घीय कानुनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित हुने तथा गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुने साथै धारा २२१ मा स्थानीय तहका व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा निहित रहने व्यवस्था छ। त्यसैगरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत तथा शासन पद्धतिलाई सुदृढ गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा रहेको छ।

२. **काम, कर्तव्य र अधिकार** - संविधानको अनुसूची-८ अनुसार स्थानीय तहले स्थानीय कर, सेवा व्यवस्थापन, विकास आयोजना सञ्चालन, आधारभूत शिक्षा, स्वास्थ्य, सरसफाइ, सडक तथा सिँचाइ, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था र एफ.एम. सञ्चालन जस्ता कार्यहरू गर्न पाउने व्यवस्था छ। यसका अतिरिक्त अनुसूची-९ अनुसार सङ्घ र प्रदेशसँग सहकार्यमा प्रयोग हुने साझा अधिकारहरू समेत स्थानीय तहलाई प्रदान गरिएको छ। आवश्यकताअनुसार सङ्घ वा प्रदेशले आफ्नो अधिकार क्षेत्रका विषय स्थानीय तहलाई हस्तान्तरण गर्न सक्ने व्यवस्था पनि रहेको छ।

३. **स्थानीय तहको संरचना -** कुल ७५३ स्थानीय तहमध्ये बागमती प्रदेशमा ११९ रहेका छन्। गाउँपालिकामा ५ देखि २१ सम्म वडा तथा नगरपालिकामा ९ देखि ३५ सम्म वडा रहने गरी स्थानीय तहको गठन हुने व्यवस्था छ। प्रदेशमा स्थानीय तहको संख्या सिमाना, जनसंख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनौटको आधारमा ३ महानगरपालिका, १ उप-महानगरपालिका, ४१ नगरपालिका र ७४ गाउँपालिका रहेका छन्।

४. **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्रभित्र ऐन, नियम, निर्देशिका तथा कार्यविधि निर्माण गरी कार्यान्वयन गर्न सक्ने व्यवस्था छ। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले उपलब्ध गराएका नमूना कानुनहरूका आधारमा केही स्थानीय तहले कानुन निर्माण गरे पनि आवश्यक सबै कानुन निर्माण भएको देखिएन। कानुन निर्माणमा कमी हुँदा सेवा प्रवाह र कार्यसम्पादनमा अपेक्षित प्रभावकारिता देखिएको छैन।

५. **आर्थिक कार्यप्रणाली** - स्थानीय तहको वित्तीय व्यवस्थापनलाई व्यवस्थित बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुरूप आवश्यक कानुन निर्माण गर्नुपर्नेमा अधिकाँश स्थानीय तहले उक्त कानुन तर्जुमा गरेका छैनन्। आर्थिक कारोबार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार सञ्चालन भइरहेको देखिन्छ। वित्तीय अनुशासन, पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्न सम्बन्धित कानुन निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्दछ।

६. **समग्र आय व्यय** - यो वर्ष लेखापरीक्षण भएका ११७ स्थानीय तहको देहायअनुसार यो वर्षको सुरु जिम्मेवारी रु.३२ अर्ब १३ करोड ६२ लाख ९१ हजार र यो वर्षको आय रु.१ खर्ब २२ अर्ब २० करोड ४२ लाख २४ हजार मध्ये रु.१ खर्ब २४ अर्ब ५३ करोड १३ लाख ४४ हजार खर्च भएको छ। कुल खर्चमध्ये चालु खर्च रु.५६ अर्ब ६९ करोड ३१ लाख ६४ हजार, पुँजीगत खर्च रु.३८ अर्ब ६९ करोड २६ लाख १९ हजार र वित्तीय तथा अन्य खर्च रु.२९ अर्ब १४ करोड ५५ लाख ६१ हजार गरी रु.२९ अर्ब ८० करोड ९१ लाख ७१ हजार आगामी वर्षको लागि जिम्मेवारी सरेको छ।

(रु.हजारमा)

| क.सं | विवरण | सङ्ख्या | लेखापरीक्षण अङ्क | बेरुजु | | मौज्दात | सङ्घीयबाट अनुदान | प्रदेशबाट अनुदान | राजस्व बाँडफाँट | आन्तरिक आय | अन्य आय | कुल आय | चालु खर्च | पुँजीगत खर्च | वित्तिय खर्च | कुल खर्च | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | रकम | प्रतिशत | | | | | | | | | | | | |
| १ | महानगरपालिका | २ | ३८९६४९९९ | ६६६६२५ | १.७१ | १६४५४९९८ | ३३४१२०१ | २४७८७८ | २६३९५६६ | ८६९७९८० | ३३२५८५३ | १८२५२४७७ | ७९६७६४१ | ९६३२४५७ | ३११२४२५ | २०७१२५२३ | १३९९४९५२ |
| २ | उपमहानगरपालिका | १ | ५५७०४०३ | ६४९८९ | १.१७ | २५६०६७ | १६९५४३० | १२४३३० | ४८९९३३ | ४०७४०० | १०१६३५ | २८१८७२९ | १५०११५७ | ५७४६४८ | ८१०७७५ | २८८६५८० | १८८२१६ |
| ३ | नगरपालिका | ४० | १०६३२७३५० | १३१४४०८ | १.२३ | १११२४६९७ | २१७८५८७० | ३२६१५४४ | ११२६३९०१ | ६५५८८२६ | १०९७४७५५ | ५३८४४८९५ | २३९४९६१५ | १६७६८८०५ | १२८५९६३० | ५३५७८०५० | ११३९१५४२ |
| ४ | गाउँपालिका | ७४ | ९४४६६९१८ | ११३९७०२ | १.२० | ४३००५२९ | २४१७८६१६ | ४०६८६६१ | ७७४७८९६ | ११५५६७८ | १०१३७२७२ | ४७२८८१२३ | २३२७४७५१ | ११७१६७०९ | १२३६२७३१ | ४७३५४१९१ | ४२३४४६१ |
| जम्मा | | ११७ | २४५३२९६७० | ३१८५७२४ | १.२९ | ३२१३६२९१ | ५१००१११७ | ७७०२४१३ | २२१४१२९६ | १६८१९८८४ | २४५३९५१५ | १२२२०४२२४ | ५६६९३१६४ | ३८६९२६१९ | २९१४५५६१ | १२४५३१३४४ | २९८०९१७१ |

उपर्युक्त सङ्घीय र प्रदेश अनुदान रकममा अन्तर सरकारी अख्तियारीको रकमसमेत समावेश छ। समग्र वित्तीय व्यवस्थापनलाई सन्तुलित बनाउन स्रोत र व्ययको यथार्थपरक अनुमान गर्नुपर्दछ।

यससम्बन्धी विस्तृत विवरण **अनुसूची -१४** मा समावेश छ।

७. **वित्तीय हस्तान्तरण** - महालेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार यो वर्ष सङ्घीय सञ्चित कोष तथा प्रदेश सञ्चितकोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ।

(रु हजारमा)

| क्र. सं. | अनुदानको किसिम | स्वीकृत बजेट रु | | | यथार्थ हस्तान्तरण रु | | |
|---|---|---|---|---|---|---|---|
| | | संघ | प्रदेश | जम्मा | सङ्घ | प्रदेश | जम्मा |
| १ | समानीकरण | १५९७१७०० | १६६२५०० | १७६३४२०० | १४६५५६३२ | १६६२५०० | १६३१८१३२ |
| २ | सशर्त | ३५१५१२८५ | ३४८१३७९ | ३८६३२६६४ | ३१२८२२७३ | २८४९५४० | ३४१३१८१३ |
| ३ | विशेष | १६२२००० | ७२१८०० | २३४३८०० | १०५२४७४ | ४६३११७ | १५१५५९१ |
| ४ | समपूरक | ११०१६०० | २४८०८५० | ३५८२४५० | ६९९९४७ | १४९१२८४ | २१९१२३२ |
| जम्मा | | **५३८४६५८५** | **८३४६५२९** | **६२१९३११४** | **४७६९०३२५** | **६४६६४४१** | **५४१५६७६७** |

स्थानीय तहका लागि स्वीकृत वित्तीय हस्तान्तरणमध्ये नेपाल सरकारबाट ८८.०६ प्रतिशत तथा प्रदेश सरकारबाट ११.९४ प्रतिशत हस्तान्तरण भएको छ । स्थानीय तहको वित्तीय निर्भरता संघीय स्रोतमा बढेको देखिन्छ ।

८. **आन्तरिक स्रोत** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि ६३ सम्म स्थानीय तहले लगाउन सक्ने कर तथा शुल्क सम्बन्धी व्यवस्था रहेको छ। यो वर्ष लेखापरीक्षण भएका ११७

स्थानीय तहको २०८१।८२ को कुल आन्तरिक आय रु.१६ अर्ब ८१ करोड ९८ लाख ८४ हजार रहेको छ। स्थानीय तहको आन्तरिक आयले चालु खर्चसमेत धान्न नसकेको अवस्था छ। कर तथा शुल्क सङ्कलनमा सुधार गरी आन्तरिक स्रोत सुदृढ बनाउन आवश्यक देखिन्छ।

९. **खर्च व्यवस्थापन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा बजेट पेस र पारित तथा दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि उल्लेख छ। बागमती प्रदेशमा रहेका ११९ स्थानीय तहको कुल खर्चमध्ये चालु खर्च रु.५६ अर्ब ६९ करोड ३१ लाख ६४ हजार, (४५.५३ प्रतिशत), पुँजीगत खर्च रु.३८ अर्ब ६९ करोड २६ लाख १९ हजार (३१.०७ प्रतिशत) र वित्तीय तथा अन्य खर्च रु.२९ अर्ब १४ करोड ५५ लाख ६१ हजार (२३.४० प्रतिशत) खर्च भएको छ। यस स्थितिले अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४) बमोजिम पालिकाले आफूले उठाएको आन्तरिक राजस्व र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजस्व तथा व्ययको अनुमान पेस गर्नु पर्ने प्रावधानको पालना हुन सकेको छैन।

१०. **अन्तर सरकारी समन्वय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा पालिकाले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँटलगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेशले स्थानीय तहको कार्यक्षेत्रमा पर्ने आयोजना आफैं सञ्चालन गर्ने गरेको राजस्व बाँडफाँटमा सन्तुलन नभएको तथा समपूरक अनुदानको व्यवस्थापनमा समस्या देखिएको छ। समन्वय परिषद्को प्रभावकारी उपयोग गरी सहकार्य सुदृढ गर्नुपर्ने देखिन्छ।

११. **बेरुजु स्थिति -** यो वर्ष लेखापरीक्षण सम्पन्न भएका ११७ पालिकाको लेखापरीक्षण सम्पन्न गरी उपलब्ध गराइएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सैद्धान्तिक ८ हजार ३३७ दफा र लगती १० हजार ४१५ दफाबाट रु.३ अर्ब ८३ करोड ७६ लाख ६६ हजार र प्रतिक्रियाबाट थप बेरुजु रु.८ करोड २७ लाख ८६ हजार गरी जम्मा रु.३ अर्ब ९२ करोड ४ लाख ५२ हजार बेरुजु कायम भएकोमा प्रतिक्रियाबाट रु.७३ करोड ४७ लाख २७ हजार बेरुजु फर्स्यौंट भई रु.३ अर्ब १८ करोड ५७ लाख २४ हजार बाँकी रहेको छ।बाँकी रहेको बेरुजुको वर्गीकरण स्थिति निम्नानुसार छ।

(रु.हजारमा)

| वर्गीकरण | बेरुजु अङ्क | कुल बेरुजुको प्रतिशत |
|---|---|---|
| **१. असुल गर्नुपर्ने** | **३३९४७८** | **१०.६६** |
| **२. नियमित गर्नुपर्ने** | **२५२७२९०** | **७९.३३** |
| २.१ अनियमित भएको | १५५९३५७ | ४८.९५ |
| २.२ प्रमाण कागज पेस नभएको | ९६७४२० | ३०.३७ |
| २.३ शोधभर्ना नलिएको | ५१३ | ०.०२ |
| **३. पेस्की** | **३१८९५६** | **१०.०१** |
| **जम्मा बेरुजु** | **३१८५७२४** | **१००** |

***द्रष्टव्यः*** *१. उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।*

लेखापरीक्षण भएका स्थानीय तहमध्ये पालिकाको किसिमअनुसार लेखापरीक्षण अङ्कमा बेरुजु अङ्क निम्न रहेको छः

(रु.हजारमा)

| क. सं. | स्थानीय तह | स्थानीय तह सङ्ख्या | लेखापरीक्षण रकम | पेस्कीसमेत बेरुजु | बेरुजुमध्ये पेस्की रकम | लेखापरीक्षणको तुलनामा बेरुजु प्रतिशत | पेस्की बाहेक बेरुजु प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | महानगरपालिका | २ | ३८९६४९९९ | ६६६६२५ | ५९३४८ | १.७१ | १.५६ |
| २. | उप-महानगरपालिका | १ | ५५७०४०३ | ६४९८९ | ५१११ | १.१७ | १.०५ |
| ३. | नगरपालिका | ४० | १०६३२७३५० | १३१४४०८ | १९००१० | १.२३ | १.०५ |
| ४. | गाउँपालिका | ७४ | ९४४६६९१८ | ११३९७०२ | ६४४८७ | १.२० | १.१४ |
| **जम्मा** | | **११७** | **२४५३२९६७०** | **३१८५७२४** | **३१८९५६** | **१.२९** | **१.१६** |

१२. **लेखापरीक्षणबाट देखिएका बेहोरा** - नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५ बमोजिम यस प्रदेशका स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षणबाट देखिएका मुख्य बेहोरा देहायअनुसार छन् :

- **कानुन निर्माण तथा परिपालना** - सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरेका नमुना कानुनअनुसार केही स्थानीय तहमा आवश्यक कानुन निर्माण हुन बाँकी रहेको, विद्यमान कानुनहरूमा एकरूपताको अभाव रहेको तथा कानुनको प्रभावकारी परिपालना नभएको अवस्था देखिएको छ।

- **वित्तीय विवरण तथा लेखापरीक्षण** - तोकिएको ढाँचामा सबै आर्थिक कारोबार समेटेर वित्तीय विवरण तयार नगरेको, स्वीकृत लेखा फारामहरूको आंशिक प्रयोग गरेको, गत वर्षको मौज्दातभन्दा फरक हुने गरी जिम्मेवारी सारेको, वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दातबीच अन्तर रहे पनि बैङ्क हिसाब मिलान विवरण तयार नगरेको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन नभएको, सबै कारोबार स्थानीय सञ्चित कोष प्रणालीमा समावेश नगरेको, आन्तरिक लेखापरीक्षण नगराएको तथा अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजु समयमै फर्स्यौट तथा सम्परीक्षण नगरेको स्थिति छ।

- **सङ्गठन संरचना तथा मानव संसाधन** - कार्यबोझ अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण नगरी दरबन्दी स्वीकृति र पदपूर्ति गरेको, दक्ष तथा तालिमप्राप्त जनशक्तिको अभावका कारण कार्यसम्पादन प्रभावकारी हुन नसकेको, समयमै लोकसेवा आयोगमा माग नपठाएको तथा दरबन्दीबाहेक करार सेवामा नियुक्ति गरेको अवस्था देखिएको छ।

- **योजना तर्जुमा, बजेट तथा कार्यक्रम** - बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कार्यविधि स्वीकृत नगरेको, आवश्यक समितिहरू गठन नभएको, बजेट एकमुष्ठ राखी पटके निर्णयबाट खर्च गर्ने प्रवृत्ति रहेको, आयोजना बैङ्क स्थापना गरी योजना प्राथमिकिकरण गर्ने अभ्यास नभएको, कर्मचारी कल्याण कोषमा एकमुष्ठ रकम स्थानान्तरण गरेको, योजना कार्यान्वयनमा न्यून प्रगति, राजस्व तथा व्ययको अनुमान यथार्थपरक नभएको, सीमाभन्दा बढी रकमान्तर गरेको तथा प्रयोजन समाप्त भएका कोषका रकम सञ्चितकोष फिर्ता नगरेको लगायतको बेहोरा देखिएका छन्।

- **खरिद व्यवस्थापन** - आवश्यकता पहिचान नगरी डीपीआर तयार गरेको तथा स्वीकृत प्रतिवेदन कार्यान्वयन नगरेको, निर्माणस्थल सुनिश्चित नगरी सम्झौता गरेको, प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै खरिद गरेको, खरिद कार्य समयमा सम्पन्न नगरेको, सीमा भन्दा बढीको कार्य उपभोक्ता समितिबाट

गराएको, उपभोक्ता समितिको योगदान सुनिश्चित नगरेको, ओभरहेड भुक्तानी गरेको, भेरिएसन स्वीकृत नगरी थप परिमाणमा भुक्तानी गरेको, पटकपटक म्याद थप गर्दासमेत कार्य सम्पन्न नभएको, केही स्थानीय तहले प्रतिस्पर्धा बेगर सोझै खरिद गरी ठूलो रकम खर्च गरेको तथा सूचकाङ्कमा फरक पारी बढी मूल्य समायोजन भुक्तानी गरेको लगायतको बेहोरा देखिएको छ।

- **आन्तरिक आय -** लक्ष्यअनुसार सम्पत्ति कर, व्यवसाय कर, बहाल करलगायतका राजस्व असुली नभएको, विभिन्न व्यक्ति वा संस्थाबाट उठ्न बाँकी बक्यौता रकम असुल नगरेको, असुल गर्न बाँकी कर तथा शुल्क बक्यौताको अभिलेख प्रमाणित गरी नराखेको, असुल भएको राजस्व तोकिएको अवधिभित्र सञ्चित कोष दाखिला नगरेको, प्रतिस्पर्धात्मक विधिबाट समयमा नै आय ठेक्का नगरेको एवम् सम्झौताअनुसारको रकम असुल नगरेको, प्रदेश कानुनअनुसार राजस्व बाँडफाँट नगरेको लगायत बेहोरा देखिएका छन्।

- **खर्च व्यवस्थापन -** आन्तरिक आयको विश्लेषण तथा कानुनी आधारबिना सुविधा र भत्ता वितरण गरेको पेस्की समयमै फर्स्यौट नगरेको, शिक्षक तलब भत्तामा बढी निकासा गरेको, मापदण्डविना अनुदान वितरण गरेको, अनुदानको नतिजा अनुगमन नगरेको, कार्यालय खर्चमा मितव्ययिता कायम नगरेको लगायतको अवस्था देखिएको छ।

- **अभिलेख तथा अनुगमन -** सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थित रूपमा नराखिएको, सफ्टवेयर प्रयोगसम्बन्धी अभिलेख अद्यावधिक नभएको, पेस्की र बेरुजुको अभिलेख अपूर्ण रहेको, लक्षित वर्गमा अनुदान पुगे नपुगेको अनुगमन नगरेको, विद्यालयको शैक्षिक गुणस्तर मूल्याङ्कन नगरेको, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नरहेको, कार्यक्षेत्रभित्रका सहकारी संस्थाको कार्यसम्पादनको न्यून अनुगमन एवं संकटग्रस्त सहकारीलाई कारबाहीको दायरामा नल्याएको लगायतका अवस्था देखिएका छन्।

- **फोहोरमैला व्यवस्थापन** - काठमाडौं, ललितपुर महानगरपालिका, शंखरापुर, महालक्ष्मी, टोखा, गोकर्णेश्वर, तारकेश्वर, मध्यपुर थिमीलगायतका नगरपालिकामा निजी संस्थाले फोहोरमैला सङ्कलन गरेकोमा पालिकासँग सम्झौता गरी अनुमति नलिएको, पालिकाहरूभित्र फोहोरको सङ्कलन, वर्गीकरण, बिसर्जन हुने परिमाण यकिन नगरेको, निजी संस्था आफैले निर्धारण गरी शुल्क उठाउने गरेको, पालिका आफैले फोहोरमैला सङ्कलन कार्य गर्न नसकेको लगायतका बेहोरा देखिएका छन् ।

१३. **बेरुजु फर्स्यौट तथा सम्परीक्षण** - लेखापरीक्षण भएका स्थानीय तहहरूको बेरुजु फर्स्यौट तथा सम्परीक्षणको अवस्था विश्लेषण गर्दा विगत वर्षको तुलनामा केही बढी फर्स्यौट भए तापनि उल्लेखनीय परिमाणमा बेरुजु अझै बाँकी रहेको छ। बागमती प्रदेशका ११९ पालिकाको गत वर्षसम्मको कुल बेरुजु रु.३१ अर्ब ८५ करोड ४६ लाख ९२ हजार रहेकोमा नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीबाट यो वर्ष समायोजन तथा सम्परीक्षणबाट रु.१ अर्ब ८३ करोड ७१ लाख ७५ हजार र २०७७।७८ भन्दा अगाडीको रु.४७ करोड ५६ लाख ९४ हजार समेत रु.२ अर्ब ३१ करोड २८ लाख ६९ हजार फर्स्यौट भई रु.२९ अर्ब ५४ करोड १८ लाख २३ हजार बाँकी रहेकोमा यो वर्षको लेखापरीक्षणबाट थप भएको रु.३ अर्ब १८ करोड ५७ लाख २४ हजार र सम्परीक्षणबाट थप भएको रु.१० करोड २१ लाख ७० हजारसमेत रु.३२ अर्ब ८२ करोड ९७ लाख १७ हजार बेरुजु बाँकी

रहेको छ। जसले वित्तीय अनुशासन तथा बेरुजु व्यवस्थापन प्रणाली अपेक्षित रूपमा प्रभावकारी हुन सकेको देखिँदैन।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० अनुसार महालेखापरीक्षकको प्रतिवेदन सम्बन्धित गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था भए पनि धेरै स्थानीय तहले यससम्बन्धी आवश्यक कानुनी व्यवस्था निर्माण नगरेका कारण प्रतिवेदन छलफल तथा बेरुजु फर्स्यौंट प्रक्रियामा स्पष्टता देखिँदैन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार लेखा समितिसहितका समितिहरू गठन गरी कार्यप्रणाली व्यवस्थित गर्नुपर्ने भएपनि सो व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भएको देखिँदैन। बेरुजु फर्स्यौंट प्रक्रियालाई प्रभावकारी बनाउन स्पष्ट कानुनी व्यवस्था, कार्यक्षेत्र निर्धारण तथा प्रक्रियागत सुधार आवश्यक देखिन्छ।

परिच्छेद

# ८



# लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

## परिच्छेद-४

# लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

१. **लेखापरीक्षण प्रतिवेदन** – नेपालको संविधानको धारा २४१ अनुसार यस प्रदेशका सबै सरकारी कार्यालय तथा कानुनद्वारा तोकिएका अन्य कार्यालयको निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको आधारमा लेखापरीक्षण गरी १९१ निकायमा लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षणबाट १८५ कार्यालयको सैद्धान्तिक दफा १ हजार ९०७ र लगती दफा १ हजार १३ बाट रु.७७ करोड २४ लाख ८८ हजार बेरुजु देखिएकोमा कार्यालयको प्रमाण तथा प्रतिक्रिया पेस भई सैद्धान्तिक दफा २८ र लगती दफा २०१ को रु.९ करोड ३८ लाख ५ हजार फर्स्यौंट भई प्रतिक्रियाबाट रु.४८ हजार थपसमेत यो वर्षको बेरुजु रु.६७ करोड ८७ लाख ३१ हजार बाँकी रहेको छ।

समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १८ निकायको सैद्धान्तिक दफा २४५ र लगती ३७६ बाट रु.२ करोड ७५ लाख ४३ हजार बेरुजु देखिएकोमा सैद्धान्तिक दफा २ र लगती दफा २८० को रु.१ करोड २४ लाख ८० हजार बेरुजु प्रतिक्रियाबाट फर्स्यौंट भई यो वर्षको रु.१ करोड ५० लाख ६३ हजार बेरुजु बाँकी रहेको छ।

२. **बेरुजुको लगत र अभिलेख** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३६ (१) मा कार्यालयस्तरमा र दफा ३६ (२) मा प्रदेशका मन्त्रालय तथा निकायले आफ्नो र मातहत सबै कार्यालयको बेरुजुको केन्द्रीय लगत राख्नुपर्ने व्यवस्था छ। दफा ३९ (४) मा फर्स्यौंट तथा सम्परीक्षण भएको बेरुजुको लगत अद्यावधिक गरी अन्तिम लेखापरीक्षण हुँदा परीक्षण गराउनुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको निकायगत बेरुजुको विवरणमा २०७४।७५ देखि २०८१ आषाढ मसान्तसम्म प्रदेश अन्तर्गत रु.३ अर्ब २४ करोड बेरुजु फर्स्यौंट हुन बाँकी उल्लेख गरेको छ। महालेखापरीक्षकको सातौं वार्षिक प्रतिवेदनमा रु.४ अर्ब ८६ करोड ८९ लाख ६६ हजार बेरुजु रहेकोमा रु.२८ करोड २२ लाख ४८ हजार सम्परीक्षण भई सम्परीक्षणबाट कायम रु.१ लाख ८२ हजारसमेत विगतको रु.४ अर्ब ५८ करोड ६९ लाख बेरुजु बाँकी रहेको देखिन्छ। प्रदेश लेखा नियन्त्रक कार्यालयले राखेको लगत र प्रतिवेदनमा उल्लिखित बेरुजु भिडान भएको देखिएन। निकायहरूले बेरुजुको लगत अद्यावधिक नगरेको तथा सम्बन्धित निकायमा बेरुजुको यथार्थ विवरण नरहेको कारण बेरुजु फस्यौट एवं सम्परीक्षणको कार्यमासमेत प्रभाव परेको छ। ऐनको व्यवस्थाबमोजिम बेरुजुको लगत व्यवस्थापन, फर्स्यौंट अभिलेख, तथा सम्परीक्षण कार्यलाई व्यवस्थित गर्नुपर्दछ।

३. **फर्स्यौंट तथा बाँकी बेरुजु** - प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३८ मा लेखापरीक्षणबाट औंल्याईएका बेरुजु प्रमाण पेस गरी, नियमित गरी वा असुल उपर गरी बेरुजु फर्स्यौंट गर्नुपर्ने व्यवस्था छ। यसरी बेरुजु फर्स्यौंट गरेपछि महालेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनु पर्ने व्यवस्थाअनुसार महालेखापरीक्षकको सातौं प्रतिवेदनसम्म प्रदेशको सरकारी कार्यालय, समिति तथा अन्य संस्थातर्फको कुल रु.४ अर्ब ८६ करोड ८९ लाख ६६ हजार बेरुजु रहेकोमा रु.२८ करोड

२२ लाख ४८ हजार सम्परीक्षण भई सम्परीक्षणबाट कायम रु.१ लाख ८२ हजारसमेत रु.४ अर्ब ५८ करोड ६९ लाख बेरुजु बाँकी रहेको छ। उक्त रकममा चालु वर्षको बेरुजु रु.६९ करोड ३७ लाख ९४ हजार थप भई यो वर्षसम्मको बाँकी बेरुजु रु.५अर्ब २८ करोड ६ लाख ९४ हजार रहेको छ।

४. **वार्षिक प्रतिवेदन छलफल** - महालेखापरीक्षकबाट संविधानको धारा २९४ को उपधारा ३ मा प्रदेश प्रमुख समक्ष पेस भएको प्रदेशको काम कारबाहीको प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (५)बमोजिम मुख्यमन्त्रीमार्फत् प्रदेश सभामा पेस हुने व्यवस्था छ। सोअनुसार महालेखापरीक्षकले गत वर्षसम्म प्रदेश प्रमुख समक्ष ७ वटा वार्षिक प्रतिवेदन पेस गरेकोमा प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छैठौ प्रतिवेदनसम्म छलफल सम्पन्न भएको छ।छलफल भएका बेरुजु सम्बन्धमा दफावार निर्णय अनुमोदन गरी दिएका निर्देशन एवं सार्वजनिक लेखापालन सम्बन्धमा भएका निर्णयको कार्यान्वयनको अभिलेख राखी अनुगमन गर्नुपर्दछ ।

५. **बेरुजु न्यूनीकरण -** महालेखापरीक्षकबाट औंल्याइएको त्रुटिलाई सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनु पर्दछ। प्रदेश कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिदलगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ।

परिच्छेद

५



# भविष्यमा गर्नुपर्ने सुधार

## परिच्छेद-५

# भविष्यमा गर्नुपर्ने सुधार

स्रोत साधनको प्राप्ति र प्रभावकारी परिचालनद्वारा तीव्र आर्थिक वृद्धि गर्दै दिगो विकास लक्ष्य हासिल गर्न आवश्यक नीति तथा कानुन तर्जुमा गरी उपयुक्त सङ्गठनात्मक संरचना, कर्मचारी व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन तथा परिचालन लगायतका कार्यहरू गर्नुपर्दछ। प्रदेश सरकारका निकायहरुमा आर्थिक र वित्तीय अनुशासन कायम गरी सार्वजनिक सेवा प्रवाह तथा विकासका क्रियाकलाप जनअपेक्षाअनुरूप सञ्चालन गर्न देहायका पक्षहरूमा सुधार गर्नुपर्ने देखिएको छः

### शासकीय प्रबन्ध

१. प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका एकल तथा साझा अधिकार सूची अनुसारका आवश्यक कानुन तर्जुमा गरी कार्य सम्पादन प्रभावकारी बनाउनुपर्दछ।

२. प्रत्यायोजित अधिकारअन्तर्गत कानुन निर्माण गर्दा सोमा समेटिएका विषय प्रत्यायोजित अधिकार क्षेत्रभित्र रहेको सुनिश्चितता हुनुपर्दछ। प्रदेश र स्थानीय तहले कानुन बनाउँदा सङ्घीय कानुनसँग सामञ्जस्ययता कायम हुने गरी बनाउनु पर्दछ।

३. मन्त्रालयहरूको संख्या र सङ्गठन संरचनामा पटक पटक थपघट हुँदा खर्चमा वृद्धि हुनुका साथै जिम्मेवारी र जवाफदेहितामासमेत असर परेकोले यसमा सुधार हुनुपर्दछ।

४. मन्त्रालयहरू नीति निर्माण, नियमन, समन्वय, अनुगमन लगायत कार्यमा केन्द्रित भई कार्य सञ्चालन स्तरका कार्यहरु मातहत निकायबाट सम्पन्न गरिनुपर्दछ।

५. सङ्घ, प्रदेश र स्थानीय तहबीच संरचना र काममा हुने दोहोरोपनालाई अन्त्य गर्दै सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

६. राजस्वबाट चालु खर्च धान्न कठिनाइ भइरहेको सन्दर्भमा सङ्गठनात्मक संरचना र मानव संसाधनको प्रयोग सम्बन्धमा मानक स्थापित गरी माग र आवश्यकतासँग आवद्ध गर्नुपर्दछ।

७. म्याद नाघेको पेस्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था मिलाई सरकारी पेस्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुनका लागि आवश्यक योग्यता सूचकसँग आवद्ध गर्नुपर्दछ।

८. सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी तथा दक्ष बनाउन सुचना प्रविधिका नवीन प्रविधि अवलम्बन गर्नुका साथै सेवा प्रवाहको स्पष्ट मापदण्ड लागू गर्नुपर्दछ।

९. आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता र पारदर्शिताका लागि कर्मचारी एवं पदाधिकारीले प्रचलित कानुनको प्रभावकारी पालना गर्ने व्यवस्था मिलाउनुपर्दछ।

### सार्वजनिक वित्त व्यवस्थापन

१०. क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था र जनसहभागिता लगायतका पक्षमा ध्यान दिई कार्यान्वयन योग्य बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

११. आवधिक योजना, मध्यमकालीन खर्च संरचना, वार्षिक नीति तथा कार्यक्रम र बजेटबीच सामञ्जस्यता कायम गरी बजेट अनुमान यथार्थपरक बनाउनुपर्दछ।

१२. पूर्वानुमान गर्न सकिने प्रयोजनका लागि समेत अर्थ विविध वा अवण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ।

१३. पूर्व तयारी सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षमा भुक्तानी सार्ने गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१४. मन्त्रालयहरूले मातहतका बजेटरी तथा गैरबजेटरी निकायहरूको कारोबार तथा सूचनालाई समेटी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

१५. संघ/प्रदेश/स्थानीय तहबीच अनुदान निकासाको सम्बन्धमा अनुदान प्राप्त गर्ने तहमा वर्षान्तमा बाँकी रहेको मौज्दात कानुन बमोजिम तोकिएको अवधिमा फिर्ता हुने व्यवस्था मिलाउनुपर्दछ।

१६. एउटै कामको लागि विभिन्न निकायबाट अनुदान वितरण नगर्ने, लाभग्राही छनौट गर्दा दोहोरोपना नहुने गरी पारदर्शी रूपमा छनौट गर्ने, अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी उत्पादन र उत्पादकत्वमा वृद्धि हुनेगरी मात्र अनुदान प्रदान गर्नुपर्दछ ।

१७. बजेट आकलन र खर्चलाई यथार्थपरक बनाई बजेट र खर्च बीचको अन्तर न्यून गर्नुपर्दछ।

१८. व्यावसायिक प्रकृतिका संस्थाहरूलाई पुँजीगत प्रकृतिको कार्यमा खर्च गर्न अनुदान दिँदा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। साथै निर्माण कार्य व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तीमा गरिनु हुँदैन।

१९. प्रदेश मन्त्रालय र अन्तर्गतका निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, पारदर्शी र व्यवस्थित गर्न कामको प्रकृति अनुसार सार्वजनिक निकायले आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी सो को कार्यान्वयन गर्नुपर्दछ।

## सार्वजनिक सम्पत्ति व्यवस्थापन

२०. प्रदेश सरकार र मातहत निकायसमेतको सम्पत्तिको एकीकृत अभिलेख राखी संरक्षणको व्यवस्था गर्न प्रदेश सरकारको सबै सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्टि गरी सम्पत्तिको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

२१. सार्वजनिक र सरकारी जग्गाको लगत एकिकृत राखी अनाधिकृत प्रयोग तथा अतिक्रमण रोक्नुपर्दछ।

२२. जिन्सी सामग्री, पाइप, फिटिङ्गस, यन्त्र उपकरण तथा औजारहरू आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोग हुने सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था यकिन गरेर मात्र खरिद गर्नुपर्दछ।

२३. मर्मत सम्भार हुन सक्ने जिन्सी सामग्री मर्मत सम्भार गरी सार्वजनिक सम्पत्तिको उच्चतम उपयोग गर्नुपर्दछ।

२४. प्रयोगमा नभएका भवन, उपकरण, सवारी साधन लगायत सम्पत्तिहरू हस्तान्तरण एवं व्यवस्थापन गर्नुपर्दछ।

## विकास व्यवस्थापन

२५. प्रदेश सरकारले आयोजना बैङ्क स्थापना गरी आयोजना बैङ्कमा राखेका आयोजनाहरूलाई मात्र बजेट विनियोजन गरी कार्यान्वयन गर्नुपर्दछ।

२६. मन्त्रालयहरूले योजना व्यवस्थापन गर्दा स-साना र टुक्रे योजना छनोट एवं सञ्चालन नगरी बढी प्रतिफल प्राप्त हुने तुलनात्मक लाभ बढी भएका योजना तथा कार्यक्रम छनोट एवं कार्यान्वयन गर्नुपर्दछ।

२७. एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

२८. उपभोक्ता समितिबाट जटिल प्रकृतिका निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य गर्ने गरेकोमा सोमा नियन्त्रण हुनुपर्दछ।

२९. सङ्घबाट प्रदेशमा हस्तान्तरण भएका र प्रदेशबाटै कार्यान्वयन सुरु गरिएका क्रमागत योजनाहरूलाई बजेट विनियोजन नगरी अधुरो राख्ने गरेको देखिएकोले ती योजनाहरूलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्नुपर्दछ।

३०. खरिद सम्झौताको म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।

३१. विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदाता माथिको निर्भरता कम गर्नुपर्दछ । कार्यालयमा उपलब्ध जनशक्तिबाट हुन नसक्ने र विशेष प्राविधिक विज्ञता आवश्यक पर्ने कार्यमामात्र परामर्श सेवा लिनुपर्दछ।

३२. उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न योजनाहरु मर्मत सम्भारको व्यवस्था सहित उपभोक्ता समितिहरुलाई हस्तान्तरण गर्नुपर्दछ।

## सूचना प्रविधि

३३. डिजिटल अभिलेख प्रणाली अनिवार्य गरी एकै प्रकारको कामको लागि निकायगतरूपमा भिन्ना भिन्नै सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

३४. अधिकांश कार्यालयहरुको वेबसाइटमा सुचना, जानकारी, तथ्याङ्क एवं विवरण लामो समयसम्म अद्यावधिक नगरेको देखिएकोले नियमित अद्यावधिक हुने व्यवस्था मिलाउनु पर्दछ।

३५. तथ्याङ्क सत्यापान गर्ने प्रणालीको विकास गर्ने तथा सार्वजनिक निकायबाट सञ्चालित सूचना प्रविधि प्रणालीको नियमितरूपमा परीक्षण गरी सूचना प्रविधिको विश्वसनियतामा अभिवृद्धि गर्नुपर्दछ।

३६. खरिद भएका सफ्टवेयरहरूको सोर्सकोड प्राप्त गरी सञ्चालनमा ल्याउनुपर्दछ।

## सार्वजनिक प्रशासन

३७. प्रदेश सरकार (कार्यविभाजन) नियमावलीबमोजिम कार्य जिम्मेवारी सम्पादन गर्न कार्ययोजना तयारी गरी आवश्यक साधन स्रोत र पूर्वाधारको व्यवस्था गर्नुपर्दछ।

३८. प्रदेशमा भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ ।

३९. प्रदेश सरकारले अस्थायी दरबन्दी सिर्जना गरी करारमा कर्मचारी भर्ना गर्ने, स्वीकृत दरबन्दीभन्दा अन्य कार्यलयमा काजमा खटाई काम गराउने, दरबन्दी अनुसारको स्थायी पदपुर्ति नगरी करारमा कर्मचारी भर्ना गरी काम गराउने प्रवृत्तिमा नियन्त्रण हुनुपर्दछ।

४०. प्रादेशिक अस्पतालहरूमा प्रयोग नभएका स्वास्थ्य उपकरण प्रयोगमा ल्याइ बिग्रिएका उपकरणहरू मर्मत सम्भार र सञ्चालन गरी स्वास्थ्य सेवालाई सुलभ र प्रभावकारी बनाउनुपर्दछ।

४१. स्वास्थ्य संस्थाको इजाजत तथा नवीकरणको अभिलेख अद्यावधिक गरी ती संस्थाहरूको नियमन गर्नुपर्दछ।

४२. विकल्प हुँदा समेत निमित्तबाट प्रशासन सञ्चालन गर्ने एवं कानुनी व्यवस्था विपरीत ३ महिना भन्दा बढी काजमा खटाउने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

४३. विशिष्टिकृत कार्यका लागि कार्य समयमा लचकता र उपयुक्त प्रोत्साहनसहित एकभन्दा बढी कार्यालयको जिम्मेवारी दिन सकिने व्यवस्था मिलाउनुपर्दछ।

४४. बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक निकायबाट वर्षभरी सञ्चालन गरेको कार्यक्रम, सम्पादन गरेको काम, लागत र प्राप्त उपलब्धिलगायतका विषयहरूको प्रगति समीक्षा गर्नुपर्दछ।

## सुशासन

४५. सार्वजनिक सेवाहरुलाई विद्युतीय माध्यमबाट उपलव्ध गराइ सेवा प्रवाह छिटो, छरितो र अनुमानयोग्य बनाउनु पर्दछ।

४६. सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ र सेवाग्राही सन्तुष्टि सर्वेक्षणको माध्यमबाट सेवालाई पारदर्शी र जवाफदेही बनाउनुपर्दछ।

४७. अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

४८. महालेखापरीक्षकको वार्षिक प्रतिवेदन सम्बन्धमा प्रदेश लेखा समितिको निर्णय एवं निर्देशनको पालना हुनुपर्दछ।

४९. प्रदेश सभाका विशेष समिति, प्रदेश मन्त्रिपरिषद्, प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।

उपर्युक्त अनुसारका नीतिगत, कानुनी, व्यवस्थापकीय र प्रक्रियागत विषयमा सुधार गरी असल वित्तीय व्यवस्थापनका माध्यमबाट सार्वजनिक जवाफदेहिता, आर्थिक सुशासन तथा पारदर्शिता प्रवर्धन एवं जीवनस्तरमा सुधार आउने गरी स्रोत साधन परिचालन गर्नुपर्दछ।



# अनुसूचीहरू

□□□□□□□□□□

अनुसूची –१
(प्रतिवेदनको परिच्छेद-१ को दफा १ सँग सम्बन्धित)

# लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरूको विवरण
## २०८१।८२

(रु.हजारमा)

| सि.नं. | मन्त्रालय/निकाय/कार्यालयको नाम | लेखापरीक्षण गरिएका कार्यालय संख्या | बेरुजु भएका कार्यालयको संख्या | बेरुजु रकम |
|---|---|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ | १ | ० |
| २. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | २ | १ | ३८८७ |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १२ | ८ | ० |
| ४. | उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय | १५ | ४ | २७७१ |
| ५. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ३७ | ७ | २०३४८ |
| ६. | खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय | २३ | १७ | १५९९९७ |
| ७. | भौतिक पूर्वाधार विकास मन्त्रालय | १७ | १५ | ३७९१०९ |
| ८. | वन तथा वातावरण मन्त्रालय | २५ | १३ | ६९०१२ |
| ९. | श्रम, रोजगार तथा यातायात मन्त्रालय | १० | ३ | ९९६१ |
| १०. | संस्कृति तथा पर्यटन मन्त्रालय | ५ | ४ | ० |
| ११. | सामाजिक विकास मन्त्रालय | ६ | ४ | ६९३४ |
| १२. | स्वास्थ्य मन्त्रालय | ३२ | १२ | २६४१२ |
| १३. | सहकारी तथा गरिबी निबारण मन्त्रालय | २ | १ | ० |
| १४. | युवा तथा खेलकुद मन्त्रालय | १ | १ | ३०० |
| १५. | प्रदेश नीति तथा योजना आयोग | १ | १ | ० |
| १६. | प्रदेश लोक सेवा आयोग | १ | १ | ० |
| १७. | मुख्य न्यायाधिवक्ताको कार्यालय | १ | १ | ० |
| | **जम्मा** | **१९१** | **९४** | **६७८७३१** |

अनुसूची – १(क)

(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

## लेखापरीक्षण गरिएका सरकारी कार्यालयहरूको विवरण

## २०८१।८२

| क्र.सं. | कार्यालय / निकायको नाम | संख्या |
|---|---|---|
| १. | **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय** | **१** |
| १.१. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | १ |
| २. | **आन्तरिक मामिला तथा कानुन मन्त्रालय** | **२** |
| २.१. | आन्तरिक मामिला तथा कानुन मन्त्रालय | १ |
| २.२. | सङ्गार रजिष्ट्रारको कार्यालय | १ |
| ३. | **आर्थिक मामिला तथा योजना मन्त्रालय** | **१२** |
| ३.१. | आर्थिक मामिला तथा योजना मन्त्रालय | १ |
| ३.२. | प्रदेश लेखा इकाई कार्यालयहरू | १० |
| ३.३. | प्रदेश लेखा नियन्त्रक कार्यालय | १ |
| ४. | **उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, बागमती प्रदेश** | **१५** |
| ४.१. | उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, बागमती प्रदेश | १ |
| ४.२. | उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय | १ |
| ४.३. | उद्योग तथा वाणिज्य कार्यालयहरू | १३ |
| ५. | **कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश** | **३७** |
| ५.१. | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश | १ |
| ५.२. | निर्देशनालयहरू | २ |
| ५.३. | कृषि विकास कार्यालयहरू | ७ |
| ५.४. | बागवानी विकास केन्द्रहरु | ५ |
| ५.५. | तालिम केन्द्रहरु | २ |
| ५.६. | व्यवसायिक किट विकास फार्महरु | ३ |
| ५.७. | पशु सेवा कार्यालयहरु | ८ |
| ५.८. | प्रदेश बिउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, हेटौडा, मकवानपुर | १ |
| ५.९. | मत्स्य विकास केन्द्रहरू | २ |
| ५.१०. | पुष्प विकास केन्द्र, गोदावरी | १ |
| ५.११. | बाख्रा विकास फार्म, चित्लाङ्ग | १ |
| ५.१२. | बाली संरक्षण प्रयोगशाला, हरिहरभवन | १ |
| ५.१३. | माटो तथा मल परीक्षण प्रयोगशाला, हेटौडा | १ |
| ५.१४. | पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना आयोजना कार्यान्वयन इकाई, बागमति प्रदेश हेटौडा | १ |
| ५.१५. | मौरीपालन विकास कार्यक्रम, भण्डारा | १ |
